# नेपाली

## खुला विद्यालय कक्षा ९ र १० सरह

## स्वाध्ययन सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# नेपाली

## खुला विद्यालय कक्षा ९ र १० सरह

### स्वाध्ययन सामग्री

लेखक

सचितानन्द घिमिरे
द्रोण दाहाल
देवीदत्त पौडेल

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०७८

# भूमिका

शिक्षाको पहुँच विस्तारका लागि खुला विद्यालय शिक्षा पद्धतिको भूमिका महत्त्वपूर्ण हुन्छ । खुला शिक्षा पद्धतिको उद्देश्य आर्थिक, सामाजिक, भौगोलिक तथा अन्य कारणबाट विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका तथा विद्यालय उमेर कटिसकेका व्यक्तिहरूलाई शिक्षाको मूल धारमा ल्याउने रहेको छ । विद्यालय शिक्षाको पाठ्यक्रममा आधारित भएर विभिन्न विषयका सामग्रीहरू विकास गरी सार्वजनिकीकरण गरिएको छ । यस वर्ष माध्यमिक तह (कक्षा ९ र १०) को समकक्षता हुने गरी दुईओटा ऐच्छिक र एकओटा अनिवार्य विषयका स्वाध्ययन सामग्री विकास गरिएको छ ।

औपचारिक शिक्षा कक्षा ९ र १० का ऐच्छिक विषयहरूमध्ये **'ऐच्छिक नेपाली'** विषयको पाठ्यक्रमको आधारमा खुला विद्यालयतर्फको एक वर्षे माध्यमिक शिक्षाका लागि यो स्वाध्ययन सामग्री विकास गरिएको छ । कक्षा ८ पास गरेका व्यक्तिहरूले दुई वर्षसम्मको स्वअध्ययन पछि कक्षा दशको परीक्षामा सहभागी हुन सक्ने प्रावधान भएकाले यस सामग्रीमा कक्षा ९ र १० का सक्षमतालाई समेट्ने गरी विषयवस्तुहरूलाई समावेश गरिएको छ । यस सामग्रीमा विद्यार्थीहरूले आफैँले पढेर सिक्नका लागि सरल र व्यावहारिक विषयवस्तु तथा सिकारुमैत्री क्रियाकलापहरू समावेश गरिएका छन् । यो सामग्री पाठ्यपुस्तकको सट्टामा नभई परिपूरक पाठ्यसामग्रीको रूपमा रहेको छ ।

यस स्वाध्ययन सामग्रीको लेखन श्री सचितानन्द घिमिरे, श्री द्रोण दाहाल र श्री देवीदत्त पौडेलबाट भएको हो । सामग्री विकास कार्यको संयोजन केन्द्रका उपमहानिर्देशक श्री केशवप्रसाद दाहाल, समन्वय तथा व्यवस्थापन पाठ्यक्रम तथा सामग्री शाखाका निर्देशक श्री सविता दङ्गाल र शाखा अधिकृत श्री भीमादेवी कोइरालाबाट भएको हो । विषयवस्तु तथा भाषा सम्पादन श्री गणेशप्रसाद भट्टराई र श्री रजनी धिमालबाट र चित्र तथा लेआउट डिजाइन श्री जयराम कुइँकेलबाट भएको हो । सामग्रीको विकास कार्यमा संलग्न सबैलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्दछ । सामग्रीलाई अझै परिष्कृत पार्नका लागि प्राप्त हुने रचनात्मक सुझाव तथा प्रतिक्रियाका लागि केन्द्र सदैव स्वागत गर्दछ ।

वैकुण्ठप्रसाद अर्याल
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची


**एकाइ १ : कथा खण्ड** **पृष्ठ सङ्ख्या**

१. कथाको सैद्धान्तिक अवधारणा १

२. कथाकार गुरुप्रसाद मैनाली र उनको 'कर्तव्य' कथा ७

३. कथाकार माया ठकुरी र उनको 'सुनको पिँजडा' कथा २७

४. कथाकार विश्वेश्वरप्रसाद कोइराला र उनको 'शत्रु' कथा ४५

५. कथाकार बदरीनाथ भट्टराई र उनको 'न्यायको पक्ष' कथा ६०

**एकाइ २ : कविता खण्ड**

१. कविताको सैद्धान्तिक अवधारणा ७५

२. महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको 'यात्री' कविता ८२

३. कवि डा. नवराज लम्साल र उनको 'फर्कन्छु साथी म त' कविता ९७

४. कवि टीका आत्रेय र उनको 'ज्ञानशाला' कविता १०७

५. कवि कलानिधि दाहाल र उनको 'पानी' कविता ११८

**एकाइ ३ : निबन्ध खण्ड**

१. निबन्धको सैद्धान्तिक अवधारणा १३०

२. निबन्धकार डा. तीर्थबहादुर श्रेष्ठ र उनको 'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्ध १३९

३. नियात्राकार युवराज नयाँघरे र उनको 'भोटेकोसीको भाले डुङ्गा' नियात्रा १५३

४. निबन्धकार भैरव अर्याल र उनको 'अलकापुरी कान्तिपुरी नगरी' निबन्ध १६६

५. निबन्धकार डा. रजनी ढकाल र उनको 'अतिरिक्त मूल्य' निबन्ध १८३

## एकाइ ४ : एकाङ्की खण्ड


१. एकाङ्कीको सैद्धान्तिक अवधारणा १९७

२. एकाङ्कीकार अशेष मल्ल र उनको 'खेलहरूको खेल' एकाङ्की २०५


## एकाइ ५ : उपन्यास खण्ड


१. उपन्यासको सैद्धान्तिक अवधारणा २२३

२. उपन्यासकार अमर न्यौपाने र उनको 'सेतो धर्ती' उपन्यास २३०


## एकाइ ६ : साहित्य सिद्धान्त खण्ड


१. रस सिद्धान्तको सैद्धान्तिक अवधारणा २६१

२. छन्द सिद्धान्तको सैद्धान्तिक अवधारणा २७०

३. अलङ्कार सिद्धान्तको सैद्धान्तिक अवधारणा २८३

# एकाइ १ : कथा खण्ड

# पाठ १ कथाको सैद्धान्तिक अवधारणा र विकासक्रम

**सक्षमता**

(क) कथा विधाको परिचय दिन

(ख) कथाका तत्त्वहरूका बारेका सामान्य परिचय दिन

(ग) कथाको विकासक्रम र प्रवृत्ति बताउन ।

## १. परिचय

कथा गद्य विधा हो । यो पात्रका जीवनका घटनामा आधारित हुन्छ । कथामा जीवनको कुनै एक मूल्यवान् घटनालाई व्यक्त गरिन्छ । कथा आदि, मध्य र अन्त्यको शृङ्खलामा रचना गरिएको हुन्छ । आकारमा सानो भए पनि कथा आफैंमा पूर्ण हुन्छ । कथामा सामाजिक, ऐतिहासिक, पौराणिक घटना र विषयवस्तुलाई कथावस्तु बनाइन्छ । समाज र सामाजिक जीवनसँग जोडिएका कथाहरू सामाजिक कथा हुन् । सामाजिक कथामा समाजका मूल्य, मान्यता, संस्कार, परम्परा, समस्या, बेथिति र तिनले सिर्जेका परिणामको चित्र कोरिएको हुन्छ । ऐतिहासिक कथा इतिहासका विषय र घटनामा आधारित हुन्छ । पुराणका घटनासँग सम्बद्ध कथा पौराणिक कथा हुन् । पात्रका असामान्य मनमा घटेका घटनालाई मनोवैज्ञानिक कथाले समेटेको हुन्छ । कथाले घटना, पात्र र परिवेश जस्ता घटकलाई कल्पनाको सहयोगले प्रस्तुत गर्दछ ।


## २. कथाका तत्त्व

कथा सिर्जनाका क्रममा प्रयोग गरिने कथावस्तु, चरित्र, परिवेश, भाषा, संवाद, भाव, उद्देश्य कथाका तत्त्व हुन् । यिनै कथाका तत्त्वहरूको योगबाट कथाको सिङ्गो संरचना निर्माण हुन्छ ।

### २.१ कथावस्तु

कथाको प्रधान तत्त्व कथावस्तु हो । कथामा हुने वा पाइने घटनाहरूको तर्कपूर्ण र रहस्यमय शृङ्खलामा कथावस्तु अगाडि बढ्दछ । यसले घटना शृङ्खला सिर्जना गरी कथाको स्पष्ट खाका तयार गर्छ । सर्वप्रथम कथामा कथावस्तु प्रारम्भ हुन्छ । घटना, पात्र, परिवेशले कथाको विकास हुँदै जान्छ । कथा पात्रहरूको द्वन्द्वको उत्कर्षमा

पुग्दछ । त्यसपछि द्वन्द्व क्रमशः घट्दै जान्छ । अन्ततः सन्देशसहित कथाको समापन हुन्छ ।




## २.२ चरित्र/पात्र

कथामा तोकिएका भूमिकामा उभिएर घटनालाई गति दिन भूमिका खेल्ने पात्र नै चरित्र हुन् । पात्र वा चरित्रले संवादमार्फत कथालाई अगाडि बढाउने काम गर्छन् । कथामा मानवीय मात्र होइन मानवेत्तर पात्र पनि चरित्रका रूपमा उपयोग गरिएको हुन्छ । कथाका पात्रहरू प्रमुख-सहायक, नायक-खलनायक हुन सक्छन् । चरित्र मूलत : व्यक्ति हुन्छ । उसले जे बोल्छ, संवाद हुन्छ र जे गर्छ, त्यो कार्य हुन्छ ।

## २.३ परिवेश

कथाका घटनालाई विश्वसनीय बनाउने काम परिवेशले गर्दछ । घटनाहरू हुने वा घट्ने स्थान, समय र त्यसको पाठकमा पर्ने मानसिक प्रभाव परिवेशभित्र पर्दछ । परिवेशले कथावस्तुलाई प्रभावपूर्ण र पात्रलाई जीवन्त बनाउन मदत गर्दछ । यसले पाठकलाई कृतिका नजिक पुऱ्याउँछ । परिवेशलाई देशकालका रूपमा पनि बुझ्न सकिन्छ ।

## २.४ भाषाशैली

अभिव्यक्तिको माध्यम भाषा हो । अभिव्यक्ति दिँदा विचार प्रस्तुत् गर्ने तरिका शैली हो । व्यक्ति भाषा हो भने व्यक्तित्व शैली हो । कथाको भाषा पात्रको प्रकृति र सामाजिक परिवेशअनुसार हुने गर्छ । कथाको शैली वाक्य गठनका आधारमा सरल र जटिल, वर्णनका आधारमा वर्णनात्मक र सङ्क्षिप्त आदि हुन्छ ।

## २. ५ दृष्टिबिन्दु

कथाको पात्र प्रथम पुरुष वा तृतीय पुरुष कुन हो भन्ने कुराको निर्धारण गर्नु दृष्टिबिन्दु हो । दृष्टिबिन्दु भनेको हेराइ पनि हो । पात्रको म वा त्यो कथामा स्वयम् कथाको पात्रले घटना र सन्दर्भको विवरण आफैँ प्रस्तुत गर्न पनि सक्छ, कथाभन्दा बाहिर रहेर अन्य व्यक्ति वा पात्रका विषयमा टिप्पणी गर्न पनि सक्छ । प्रथम वा तृतीय दृष्टिबिन्दुमा कथा विकास हुन्छ ।

## २.६ संवाद

कथावस्तुको विकास गर्न र पात्रलाई सजीव रूपमा चित्रण गर्न कथामा संवादको प्रयोग गरिन्छ । संवादले कथालाई रोचक र स्वाभाविक बनाउँछ । संवादका माध्यमबाट पात्रको चरित्र र उद्देश्य प्रस्तुत हुन्छ । कथामा प्रस्तुत संवाद पात्रअनुकूल, सरल, रोचक, सङ्क्षिप्त, अभिनयात्मक हुनुपर्छ ।

## २.७ भाव/उद्देश्य

कथामा लेखकको मुख्य विचार हुन्छ । कथामा रहेको विचार वा धारणा कथाले दिने सन्देश हो । यसलाई कथाको उद्देश्य पनि भनिन्छ । कथाका माध्यमबाट पाठकलाई ज्ञान दिन, आनन्द प्रदान गर्न, मनोरञ्जन प्रदान गर्न, समाजको यथार्थ अवस्थाको चित्रण गर्न, आदर्शको प्रतिपादन गर्न, जीवनको वास्तविकता प्रस्तुत गर्न सकिन्छ । कथामा पात्रका कार्यव्यापार, जीवनशैली, सङ्घर्ष आदि माध्यमबाट मूल भाव वा उद्देश्य प्रस्ट पार्ने गरिन्छ ।

## २.८ शीर्षक

लेख वा ग्रन्थका अगाडि विषयवस्तुको परिचय गराउन आउने शब्द वा पदावली शीर्षक हो । शीर्षकले विषयवस्तुको मुख्य विचारलाई सङ्केत गर्दछ । कथाको शीर्षक छनोट पात्रको भूमिका, कथाको उद्देश्य, घटनाको सन्दर्भ आदिमा केन्द्रित रहेर गरिन्छ । कतिपय कथाका शीर्षकले प्रतीकात्मक अर्थ बोकेका हुन्छन् ।

# ३. कथाको विकासक्रम र मूल प्रवृत्ति

## ३.१ प्राथमिक काल (वि.सं. १८२७- १९५७)

वि.सं. १८२७ देखि गोरखापत्र प्रकाशन पूर्वको समय कथाको प्राथमिक काल हो । लेखनका दृष्टिले वि.सं. १८२७ सालमा लेखिएको शक्तिवल्लभको 'महाभारत विराट पर्व' पहिलो नेपाली कथा मानिन्छ । प्राथमिक कालका कथामा अनुवाद परम्पराले प्राथमिकता पाएको थियो । पिनासको कथा, सत्यनारायण व्रत कथा, सत्रसेनको कथा आदि प्राथमिक कालमा लेखिएका कथा हुन् । यस समयमा लेखिएका कथाका मूल प्रवृत्ति निम्नानुसार रहेका छन् :

(क) परम्परा र संस्कृतिको रक्षा गर्ने सङ्केत पाइएको

(ख) मानवीय धर्म र नैतिक शिक्षामा जोड दिइएको

(ग) अलौकिक घटना र पात्रको चित्रण गरिएको

(घ) पात्रहरूबाट वीरताको बयान गरिएको

(ङ) रहस्य सिर्जना गरी मनोरञ्जन प्रदान गरिएको

(च) भाग्यवादी विचारले प्राथमिकता पाउनु ।

## ३.२ माध्यमिक काल (वि.सं. १९५८- १९९१)

गोरखापत्रको प्रकाशनदेखि 'शारदा' पत्रिकामा नासो कथा प्रकाशन हुनु पूर्वको समय कथाको माध्यमिक काल हो । यस समयमा गोरखापत्र, माधवी, गोर्खा संसार जस्ता पत्रिकामा कथाहरू प्रकाशन भए । रूपनारायण सिंहको परिवर्तन कथा, सूर्यविक्रम ज्ञवालीको देवीको वलि कथा आदि माध्यमिक कालमा लेखिएका कथाहरू हुन् । गोरखापत्रको प्रकाशनले नेपाली साहित्यमा अनुवाद एवम् मौलिक कथा लेखनको परम्परा सुरु भयो । यस समयमा लेखिएका कथाका मूल प्रवृत्ति निम्नानुसार रहेका छन् :

(क) मानवीय एवम् मानवेत्तर पात्रहरूको प्रयोग गरिएको

(ख) सामाजिक परिवेशको चित्रण गरेर अतिरञ्जित घटना, पात्र र चरित्रको वर्णन गर्न थालिएको

(ग) दैवीशक्तिप्रति असीम माया आस्था एवम् विश्वास गरिएको

(घ) निम्नवर्गका मानिसप्रति चासो र सहानुभूति

## ३.३ आधुनिक काल (वि.सं. १९९२ देखि)

शारदा पत्रिकामा नासो कथा प्रकाशन भएपछिको समय कथाको आधुनिक काल हो । विधागत सचेतता र सन्तुलन कायम गर्दै 'शारदा' मासिक पत्रिकामा गुरुप्रसाद मैनालीको 'नासो' कथा छापिएपछि नेपाली कथाले आधुनिकता पायो । आधुनिक कालमा सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक जस्ता धारातिर केन्द्रित रहेर कथा लेखिएका छन् । सामाजिक कथा लेख्ने कथाकार गुरुप्रसाद मैनाली, सूर्यविक्रम ज्ञवाली, मदनमणि दिक्षित, रमेश विकल प्रमुख मानिन्छन् । भीमनिधि तिवारी, बदरीनाथ भट्टराई ऐतिहासिक कथाकारका रूपमा चिनिन्छन् । पौराणिक कथाकारको अग्रपङ्क्तिमा बदरीनाथ भट्टराईको नाम आउँछ । विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन कथा प्रकाशित भएपछि मनोवैज्ञानिक कथा लेखन सुरु भयो । यस धारामा भवानी भिक्षु, गोविन्दबहादुर मल्ल गोठाले जस्ता कथाकारहरू रहेका छन् । आधुनिक कालका कथाका मूल प्रवृत्ति निम्नानुसार रहेको छ :

(क) नेपाली परिवेश र सामाजिक सांस्कृतिक मूल्य मान्यताको चित्रण गरिएको

(ख) मानिसको सामान्य र असामान्य मनको चित्रण गरिएको

(ग) आर्थिक अभाव, समाजका पीडा, यथार्थ घटना र समस्या प्रस्तुत गरिएको

(घ) मानवीय एवम् नारी संवेदनाको चित्रण

(ङ) अभिव्यक्तिमा सरलता र सहजता रहेको

## अभ्यास

**१. सर्वोत्कृष्ट उत्तर भन्नुहोस् :**

(क) कथा कस्तो हुन्छ ?

(अ) आकारमा सानो र आफैँमा अपूर्ण (आ) आकारमा ठुलो र आफैँमा अपूर्ण

(इ) आकारमा सानो र आफैँमा पूर्ण (ई) आकारमा ठुलो र आफैँमा पूर्ण

(ख) कथाको आधुनिक काल कहिले सुरु भयो ?

(अ) वि.सं. १९९१ (आ) वि.सं. १८२७

(इ) वि.सं. १९५८ (ई) वि.सं. १९९२

(ग) 'नासो' कथा कुन पत्रिका प्रकाशित भएको थियो ?

(अ) गोरखापत्र (आ) शारदा

(इ) कान्तिपुर (ई) आवाज

(घ) समाज र सामाजिक जीवनसँग जोडिएको कथालाई के भनिन्छ ?

(अ) ऐतिहासिक कथा (आ) मनोवैज्ञानिक कथा

(इ) पौराणिक कथा (ई) सामाजिक कथा

(ङ) पात्रको मनोदशा चित्रण गर्ने कथा कुन हो ?

(अ) सामाजिक कथा (आ) पौराणिक कथा

(इ) सामाजिक कथा (ई) मनोवैज्ञानिक कथा

(च) कथाको विकास केले गर्दै जान्छ ?

(अ) कथावस्तु र परिवेश (आ) घटना, पात्र र परिवेश

(इ) घटना, द्वन्द्व र सन्देश (ई) कथावस्तु र उद्देश्य

(छ) कथावस्तु भनेको के हो ?

(अ) कथाको सन्देश (आ) कथाको संवाद

(इ) घटनाको शृङ्खला (ई) पात्रको चरित्र

(ज) कथावस्तु कुन शृङ्खलामा अघि बढ्छ ?

(अ) प्रारम्भ, उत्कर्ष, विकास, उत्कर्ष ह्रास, समापन

(आ) विकास, प्रारम्भ, उत्कर्ष, उत्कर्ष ह्रास, समापन

(इ) प्रारम्भ, विकास, उत्कर्ष ह्रास, उत्कर्ष, समापन

(ई) प्रारम्भ, उत्कर्ष, विकास, उत्कर्ष ह्रास, समापन

(झ) कथामा तोकिएको भूमिकामा उभिनेलाई के भनिन्छ ?

(अ) संवाद (आ) द्वन्द्व (इ) पात्र (ई) सन्देश

(ञ) कथाका घटनालाई केले विश्वसनीय बनाउँछ ?

(अ) परिवेश (आ) भाषा (इ) द्वन्द्व (ई) पात्र

(ट) प्राथमिक कालका कथाको विशेषता के हो ?

(अ) अलौकिक घटना र पात्रको चित्रण (आ) निम्न वर्गप्रति सहानुभूति

(इ) नारी संवेदनाको चित्रण (ई) अभिव्यक्तिमा सरलता

(ठ) मनोवैज्ञानिक कथाकार कसलाई भनिन्छ ?

(अ) रमेश विकल (आ) बदरीनाथ भट्टराई

(इ) विश्वेश्वरप्रसाद कोइराला (ई) भीमनिधि अधिकारी

२. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) कथा भन्नाले के बुझिन्छ ? परिचय दिनुहोस् ।

(ख) कथाका तत्त्वहरूको उल्लेख गर्नुहोस् ।

(ग) आधुनिक कथाका विशेषताहरू लेख्नुहोस् ।

(घ) नेपाली कथाको प्राथमिक कालका बारेमा चर्चा गर्नुहोस् ।

## पाठ २ कथाकार गुरुप्रसाद मैनाली र उनको 'कर्तव्य' कथा

**सक्षमता**

(क) कथाकार गुरुप्रसाद मैनालीको सामान्य परिचय र कथागत प्रवृत्ति बताउन
(ख) पाठमा प्रयुक्त नयाँ/कठिन शब्द, उखान, टुक्काको पहिचान र अर्थबोध गर्न
(ग) पाठमा प्रयुक्त उखान, टुक्कालाई वाक्यमा प्रयोग गर्न
(घ) पाठलाई गति र यति मिलाई सस्वर वाचन गर्न
(ङ) कथाका पात्रहरूको परिचय दिन
(च) कथाको परिवेश पहिचान गर्न
(छ) कथाका घटनाको पूर्वानुमान र पश्च अनुमान गर्न
(ज) कथाका मुख्य मुख्य घटनाहरू बताउन
(झ) कथाको मुख्य भाव व्यक्त गर्न
(ञ) कथाको भाषाशैलीगत विशेषता बताउन
(ट) कथाका महत्त्वपूर्ण अंशको व्याख्या गर्न
(ठ) सङ्क्षिप्त र समीक्षात्मक प्रश्नको उत्तर दिन
(ड) अनुकरणात्मक र मौलिक कथा सिर्जना गर्न

### कथाकारको परिचय र कथागत प्रवृत्ति



कथाकार गुरुप्रसाद मैनालीको जन्म वि.सं. १९५७ भदौ २३ गते धनकुटामा भएको थियो । उनको पुर्ख्यौली थलो काभ्रेपलाञ्चोक जिल्लाको तिमाल कानपुर गाउँ थियो । उनले घरमै स्वाध्ययन गरेका थिए । स्वाध्ययनबाट व्यावहारिक र कानुनी ज्ञान प्राप्त गरेका मैनाली वि.सं. १९८३ मा सरकारी जागिरेका रूपमा न्यायिक सेवामा प्रवेश गरे । न्यायिक सेवाका विभिन्न तह हुँदै न्यायाधीश जस्तो गरिमामय ओहोदामा बसेर नेपाली समाजलाई न्याय प्रदान गरे । उनको मृत्यु वि.सं. २०२८ जेठ ५ गते भयो । जागिरकै क्रममा नेपालका विभिन्न भूभागको भ्रमण गरेका मैनालीले ग्रामीण समाजको यथार्थलाई जस्ताको तस्तै आफ्ना कथामा उतारेको पाइन्छ । कथाकार मैनालीको सम्मानस्वरूप वि.सं. २०३९ सालमा मैनाली पुरस्कार स्थापना गरिएको छ ।

गुरुप्रसाद मैनाली सामाजिक यथार्थवादी कथाकार हुन् । उनको कथा लेखनको सुरुवात 'शारदा' मासिक पत्रिकामा प्रकाशित 'नासो' (१९९२) कथाबाट भएको हो । नासो कथाको प्रकाशनसँगै

नेपाली कथा साहित्यमा आधुनिकता भित्रिएको मानिन्छ । त्यसैले मैनाली प्रथम आधुनिक नेपाली कथाकार हुन् ।

कथाकार मैनालीको 'नासो' कथासङ्ग्रह तारानाथ शर्माको सम्पादनमा २०२० सालमा प्रकाशित भएको छ । त्यसमा उनका नासो, छिमेकी, परालको आगो, कर्तव्य, सहित, बिदालगायत एघारओटा कथाहरू सङ्कलित छन् । यी कथाहरूमा समाजमा घट्ने यथार्थ घटनाहरूलाई आधार बनाइएको छ । कथाकार मैनालीले नेपालको ग्रामीण समाजको मूल्य र मान्यतालाई प्रस्तुत गर्दै मानवीय संवेदनालाई चट्ट मुटु छुने गरी व्यक्त गरेका छन् । कथाकार स्वयम्ले आदर्शमा विश्वास गर्ने भएकाले कथामा एक न एक पात्रलाई आदर्शवादी बनाएर असल व्यवहारतर्फ जान प्रेरित गर्दछन् । निम्न वर्गीय मानिसहरूका सुखदुःख तथा सामाजिक कुसंस्कार, कुरीति, अशिक्षा, गरिबी जस्ता सामाजिक समस्याहरूमा केन्द्रित भएर सरल भाषाशैलीमा मार्मिक कथा लेख्नु उनको विशेषता हो । लेखनीमा सुक्तिमयता, यथार्थमूलक, आदर्शको प्रतिपादन, सरलता, सरसता र रोचकता मैनालीका कथाका मुख्य विशेषता हुन् । मैनालीका कथागत प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) प्रथम सामाजिक यथार्थवादी कथाकार

(ख) नेपाली समाजको आदर्श प्रस्तुत गर्ने कथाकार

(ग) ग्रामीण परिवेशको जीवन्त चित्र प्रस्तुत गर्ने कथाकार

(घ) कथाका पात्रहरूको स्तर, तह र क्षमताअनुसारको भाषा प्रयोग गरी कथा लेख्ने कथाकार ।

लगालग नौ दिन ज्वरो आएर मुखिया गङ्गाधरले संसार छोडे । उनी एउटा महान् पुरुष थिए । आफ्नो विपुल सम्पत्तिलाई उनी सधैं 'जनताको थाती' भन्थे र आफूलाई त्यस सम्पत्तिको केवल एउटा सञ्चालक मात्र सम्झन्थे । गरिबको चुलामा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्नेबित्तिकै बोलाएर चाहिँदो अन्नपैसा दिई पठाउँथे । कसैले तिर्ने भाका सोध्यो भने "सके तिर्नू, नसके तिमीहरूकै हो" भन्ने जवाफ दिन्थे । उनको जीवनकालमा कसैको बिहाबर्तुन, किरिया–श्राद्ध, दसैँ–तिहार अड्केन । गाउँका दीनहीन गरिबहरू बिरामी परेको सुन्नासाथ ओखतीमुलो लिएर उसका भत्केका झुपडीमा पुग्थे । गाउँका गरिबहरूलाई 'मुखिया बाको जिउ छइन्जेल हामीले अन्यायमा मर्नु पर्दैन' भन्ने दृढ विश्वास थियो । उनी आँगनमा आएर नउभिदिएसम्म मानिसहरू आफ्नो चाडवाड, काजकल्याण अपूर्ण सम्झन्थे । कसैले अन्याय गऱ्यो भने वरिपरि दश गाउँका दुनियाँ उनैका ढोकामा फिराद गर्न आइपुग्थे । उनको शासनकालमा कसैलाई कसैले सताउन पाएन ।

गाउँका तालुकदार भए पनि उनी 'मुखियाबा' का नाउँले प्रसिद्ध थिए । उनी गाउँतिर झरे भने गाउँका सारा केटाकेटीहरू 'मुखियाबा मुखियाबा' भन्ने कोहोलो हाल्दै आउँथे र कोही औंला, कोही

लेबेदाको फेर, कोही उनको लट्ठी समाउँथे । केटाकेटीहरूले त्यसो गर्दा बुढा मुसुमुसु हाँसेर कसैको गाला थपथपाउँथे, कसैको चिउँडो उचालेर हाँस्थे । यस प्रकारले गाउँका युवाबृद्धा, बालवनिता सबैका निमित्त उनी अपार प्रिय थिए । उनलाई ग्रामपिता भन्नु कति अत्युक्ति थिएन ।

उनको देहावसानले गर्दा वरिपरि दश गाउँको अपार क्षति भो । भोकानाङ्गा, दुःखीदरिद्रीका बाबु मरे । बुढाबुढीको टेक्ने लट्ठी भाँचियो । न्यायको बत्ती निभ्यो । अनाथ अशक्तहरूको आशास्तम्भ ढल्यो । गाउँका 'धन्वन्तरी' अस्ताए ।

बिरामी कुर्न बसेका दश गाउँका दुनियाँ डाको छोडेर रुन लागे । एउटा ठुलो आर्तनाद दिग्दिगन्तमा व्याप्त भो । केही बेरपछि शव उठाएर खोलातिर लगे । मलामीको लर्को गाउँदेखि तल खोलासम्म पुग्यो । मानिसहरूले भने "कसैको मरण होस् त यस प्रकारको होस् ।"

गङ्गाधरका दुई छोरा थिए– जेठा मुरलीधर र कान्छा श्रीधर । मुरलीधर पण्डित थिए । सबेरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे । उनी आफ्नो धर्म र संस्कृतिका उपर असीम श्रद्धा राख्दथे । आफ्ना पिताका झैँ उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे । मानिसहरू उनलाई जिल्लाका टाढाटाढा ठाउँमा बोलाएर सप्ताह पुराण सुन्थे । उनी एउटा वास्तवमा सच्चा ब्राह्मण थिए । धोतीमाथि लामो लबेदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, ललाटमा चन्दन, उनी सधैँ यही परिधानमा हिँड्थे । जिल्लामा 'मुरली पण्डित'का नामले बिख्यात थिए । महिलाहरूको गृहकलहले गर्दा उनी बाबुसँग अघि नै छुट्टिएर बेग्लै बसेका थिए । उनका दुई जना छोरी मात्र थिए, छोरा थिएनन् ।

यता भाइ श्रीधर चाहिँ राजनीतिक पार्टीका सदस्य र ग्राम विकासका प्रधान थिए । उनले दशौँ श्रेणीसम्म अङ्ग्रेजी पढेका थिए । उनी धोक्रे सुरुवाल र कुर्ता लाउँथे । जुँगा, दारी खौरेर लामो बुलबुल पालेका थिए । कहिलेकाहीँ बुलबुलको अग्रभाग निधारतिर झर्‍यो भने टाउको झड्कारेर पछाडितिर सार्थे । आधा अङ्ग्रेजी, चौथाइ संस्कृत, चौथाइ नेपाली मिसाएर कुरा गर्थे । त्यसो हुनाले उनले गरेका कुरा अशिक्षित ग्रामीण जनताहरू चौथाइ मात्र बुझ्दथे । पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्वको चिह्न हो भन्थे । वीरगन्जको अधिवेशनमा जाँदा गोरखपुरमा 'केलनर'को होटलभित्र पसेर के के, के के खाए भनी उनका साथीहरू भन्थे । उनी आफूलाई जिल्लाभरिको प्रमुख प्रगतिवादी सम्झन्थे । हातमा चन्दा बुक लिएर चन्दा माग्दै हिँड्थे । त्रासले भनूँ या आशले भनूँ जिल्लाका सानाठुला सबै मानिसहरूमा उनको निकै धाक थियो । जिल्ला गाउँका मानिसहरू उनबाट अर्थोकमा भन्दा धनीहरूको अधियाँ बाली कब्जा गर्ने, अधीन गर्ने, साहु विर्तावालहरूको लरलहना, झाराखेताला हड्प्ने काममा विशेष सहायता पाउँथे । जिल्लामा उनी 'शर्माजी' का नाउँले प्रख्यात थिए ।

छोराहरू भिन्न हुँदा 'पिपले' भन्ने सयमुरी खेत बुढाले आफ्नो जिउनी राखेका थिए । कुलाको पानी लाग्ने, खोलापैराको डर नभएको, मानामुरी फल्ने, डोल परेको साह्रै असल खेत थियो ।

क्रिया सिद्धिएका केही दिनपछि बाबुको जिउनी खेतको विषयमा मुरलीधर र श्रीधरका बिच विवाद उठ्यो । बाबुसँग बसेकाले ऐन सवालले एकलौटी हुने भन्ने श्रीधरको र मर्ने बेलामा “मेरा दुवै छोरा बराबर हुन्, आधाआधा बाँढेर खानू” भनी बाले भनेर जानुभएकाले आधामा मेरो पनि हक लाग्ने भन्ने मुरलीधरको भनाइ थियो ।

पैंतालिस दिनको काम सिद्धिएका भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए । जुन आँगनमा दश गाउँका दुनियाँको होचीअर्घेली, न्यायअन्यायको निरोपण हुन्थ्यो, आज त्यही आँगनमा उनै न्यायाधीशका दुई सन्तानको निसाफ गर्न गाउँका मानिसहरू भेला भए । मानिसहरूको दुई मत भो । उमेर पुगेका बुढापाकाले मुरलीधरको पक्ष लिए । श्रीधरका प्रभावमा परेको नयाँ ठिटाहरूले चाहिँ श्रीधरको । सम्पत्तिका धनी बाबुले नै “दुवै छोराले आधा आधा खानू” भनेर गएपछि त्यस महाआत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ भन्ने निर्णय बुढापाकाले गरे, आधाआधा खानू भन्ने लिखत पण्डित बाजेले देखाउन नसकेपछि बाबु जुन छोरासँग बसेका हुन्, ऐनकानुनले जिउनी उसै छोराको एकलौटी हुन्छ भन्ने फैसला ठिटाहरूले गरे । बुढापाकाले धर्मको न्याय गरे, ठिटाहरूले ऐनको । भोज सम्झेर गाउँका सारा कुकुरहरू पनि त्यहीँ जम्मा भएका थिए । परस्पर ठुलो विवाद भो । हुल्लडवाज नयाँ ठिटाहरूका अगाडि बुढापाकाहरूको केही जोर चलेन । आखिर न्यायको केही टुङ्गो नलागी सभा बिसर्जन भो । भेला भएका ठिटाहरू बुढापाकाहरूलाई छेड हानेर हाँस्दै घरतिर गए । बुढापाकाहरू पनि लाखापाखा लागे ।



ग्रामसभा बिसर्जन भएका अलि दिनपछि बाबुका अन्तिम आज्ञाको आधार लिएर मुरलीधरले अदालतमा नालिस दिए । धुमधामसँग मुद्दा चल्यो ,गाउँका बुढापाका , तरुनतन्नेरी साराले बकपत्र

गर्नुपऱ्यो । साक्षी बक्दा पनि गाउँ दुई भागमा विभक्त भो । "मर्ने वेला दुवै छोराले आधाआधा बाँडेर खानू भनी बुढाले भनेको हामीले प्रत्यक्ष देखेसुनेका हौं ।" भनी बुढापाकाले बकपत्र गरे, ठिटाहरूले चाहिँ "होइन" भने । होइन भन्नेकै सङ्ख्या बर्ता भो ।

जनक्रान्तिदेखि यता श्रीधरले अड्डाखानामा पनि आफ्नो रोबरवाफ प्रशस्त जमाइराखेका थिए । भने जस्तो भएन भने बजारमा ढ्वाङ फुकेर पर्चा बाँड्दै हिँड्थे । त्यसो हुनाले अदालतका डिट्ठाविचारीहरू श्रीधरसँग अलि झस्कन्थे । उसमाथि अदालतमा मामिलाको निरोपण हुँदा बकितम्लाई भन्दा लिखितम्लाई बर्ता महत्त्व दिने रीति छ । हरेक विवादमा ऐनकानुनकै आधार लिइन्छ । कानुन श्रीधरका पक्षमा थियो । अन्त्यमा डिट्ठाविचारीले कानुनकै आज्ञा पालना गरे । जिउनी श्रीधरले पाए, मुरलीधरको हार भो ।

यता केही महिनादेखि श्रीधर बिरामी छन् । उनलाई तपनी ज्वरो आइरहन्छ, खोकी लाग्छ, छाती दुख्छ भन्छन् । बेथा आहारविहारको दोषबाट भएको भन्थे । शरीर सुकेर हाडछाला मात्र बाँकी थियो ।

यस्तै वेलामा कुटुम्बले छोरा शशीधरलाई छोरी दिन आए । कुटुम्ब धनीमानी थिए । जिल्लामा उनको ठुलो ख्याति थियो । मधेशतिर तीनचार मौजा जिमिदारी छ भन्थे । सन्तानमा केवल यिनै एउटी छोरीमात्र हुन् भन्ने सुनिन्थ्यो । शशीधर भरखर पन्ध्र वर्षमात्र लागेको थियो, आदर्श विद्यालयको दशौँ कक्षामा पढ्थ्यो । ठिटो राम्रो र बहुतै मेधावी थियो । छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन । तर एउटी छोरीमात्र भएका धनी कुटुम्बले घरै आएर छोरी दिँदा उनी बडो असमञ्जसमा परे । उता महिलाहरूले पनि बिहा गर्नै पर्छ भनेर करकर गर्न थाले । उनले महिलाको हठलाई नाइँनास्ति गर्न सकेनन् । कामकुरो छिनियो । खुब मन फुकाएर बिहाका मालसर्जाम तयार गर्न थाले ।

वैशाखको महिना थियो । मुरलीधर न्वाएर पूजाकोठामा पसेका मात्रै थिए, श्रीधरका घरमा बाजा बज्न लागेको सुनेर झ्यालबाट हेर्न लागे । आँगनमा चौकाचँदुआ गरेको, चारैतिर तोरण टाँगेको, मण्डप ध्वजापताकाले सिँगारिराखेको, निम्तामा आएका नसनाताहरू राम्रा राम्रा लुगा लाएर बाहिरभित्र गरिरहेका, अरू इष्टमित्रहरू चाहिँ दलान, फलैँचा, बैठकमा डम्माडम्मी भएर बसेका, मण्डपमा यज्ञसामग्रीहरू फिँजिराखेका, पुरोहित वेदी अगाडि बसेर यज्ञविधि गर्न लागेका, बडो अपूर्व शोभा देखिन्थ्यो । एक छिनपछि सकीनसकी मण्डपमा आएर श्रीधरले पूर्वाङ्ग कर्म गर्न लागे ।

तर घरगृहस्थीको यति ठुलो चाडउत्सवमा दुई कान्लामाथि घर भएका आफ्ना सहोदर दाज्यूभाउज्यूलाई श्रीधरले बोलाएनन् । अरूलाई नभए पनि दाज्यूका दुई जना छोरीलाई त अवश्य डाक्नुपर्थ्यो । तिनीहरूलाई पनि डाकेनन् ।

मुरलीधरको मन एक तमासको भो । घोरिएर आकाशपट्टि हेर्न लागे । अतीतका अनेक स्मृतिहरू उनका सामुन्ने साकार भएर आए । एकपटक स्वर्गीय पिताको तेजस्वी अनुहारको पनि सम्झना भो । केही बेरपछि बर्र आँसु झारेर आफ्नो नित्य कर्म गर्न थाले ।

अपराह्नतिर दुलाहा अन्माउन थाले । मुरलीधर आफ्नो पूजाकोठाको झ्यालमा उभिएर हेरिरहेका थिए । एक छिनपछि बाजाबालाहरू मङ्गलधुन बजाउँदै अघि अघि हिँडे । त्यसपछि दुलाहाको तामदान चल्यो । शशीधर बिहाका राम्रा राम्रा पोसाक लाएर ताम्दानमाथि बसेको थियो । शिरमा जरीवाल गुलाफी पगरी, काँधमा रातो दोसल्ला, गलामा फूलको माला, निधारमा पहेँलो ठाडो तिलक, कानमा उज्ज्वल टप लगाएको गन्धर्व जस्तो देखिन्थ्यो । शशीधरलाई दुलाहाका रूपमा ताम्दानमा बसेको देखेर हर्षले मुरलीधरको गहभरि आँसु भो, मनमनमा भने "कुलको जेठो सन्तान, मेरो पिण्डपानीको दाता !"

मुरलीधरले सबै बरियातीलाई एक एक गरेर हेरे । बुढोपाको एउटा थिएन, सबै अल्लारे ठिटा मात्रै । सबैका हातहातमा चुरोट थियो, बेफ्वाकसँग धुवाँ उडाइरहेका थिए । श्रीधरचाहिँ फलैँचामा ओछ्यान लाएर पल्टिरहेका थिए ।

मुरलीधरले मनमनमा भने, "खोलामा बाको कत्रो नाउँ छ । आज पनि घर घरमा बाकै यश र कीर्तिको चर्चा हुन्छ । उसमाथि त्यस्ता घरानियाँ कुटुम्बका दैलामा बरियात जानु छ । यी ठिटाहरू चुरोट फुक्न र पुङ्नपुच्छरको उट्पटाङ गफ चुट्नबाहेक अर्थोक जान्दैनन् । बाबुचाहिँ ओछ्यानमा लम्पसार परिरहेछ । यिनले बाबुबाजेको नाउँ इज्जत पखाल्न आँटे । अब आँखा चिम्लेर बस्नु भएन" भनेर मुरलीधर आफ्ना कोठामा पसे अनि लुगासुगा लाएर उनले जहानसँग भने, "कमला, मेरो दोसल्ला झिकिदेऊ ।" पतिलाई लुगासुगा लाएर हिँड्न तम्तयार भएको देखेर कमलाले भनिन्, "यस्तो टट्यानपुर घाममा कता हिँड्न लाग्नुभाको नि ?"

"जन्त ।"

"जन्त ? नबोलाईकन त कुकुर पनि नजाओस् ।"

"ठिक भन्यौ, कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफैँ पनि जानुपर्छ ।"

"अँ, नबोलाईकन पनि जानुपर्छ । दाज्यूलाई बाबुले मर्ने वेलामा दिएको खेत पनि खोसेर खाने त्यस्ता असत्तीको....."

"खाउन् आखिरमा त मेरो खाने पनि यिनै हुन् । मरेपछि खानुपर्थ्यो, जिउँदैमा खाए । त्यसको पाप धर्म उनैलाई छ ।"

"भो, म त मारे पनि जान दिन्नँ । उनलाई दाज्यूभाउजू नचाहिएपछि हामीले मात्रै किन अँगालो हाल्दै हिँड्ने ?"

"त्यसलाई अँगालो हाल्न जान लागेको होइन कमला यहाँ बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो । कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बका आँगनमा बरियाती लैजानु छ । बाबुचाहिँ फलैँचामा ओछ्यान लाएर लडिरहेको छ । जन्तीमा बुढोपाका एउटा छैनन् । खालि

ओठ निचार्दा दुध झर्ने अल्लारे ठिटा मात्र छन् । घरगृहस्थीको यति ठुलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले के भन्लान् ? स्वर्गमा बसेका पितृहरूले के भनिठान्लान् ? तिमी अर्काको घरबाट आएकी छोरी हौ कमला; कुलको मानमर्यादा भनेको कत्रो कुरो हो । त्यो तिमीलाई थाहा छैन । जन्ती बेँसीमा पुगिसके, चाँडो दोसल्ला झिकिदेऊ ।"

कमलाले झर्कंदै बाकसबाट दोसल्ला झिकेर दिइन् । दोसल्ला काँधमा हालेर लौरो टेक्दै मुरलीधर जन्त हिँडे । उनलाई यस्तो टट्यानपुर घाममा एक्लै ओह्रालो लागेको देखेर गाउँका मानिसहरू अचम्म मानेर मुख मुखमा हेर्न लागे ।

बरियात खोलापारि पुगिसकेको थियो । मुरलीधर पनि पछि पछि गए । झमक्क साँझ परेपछि दुलहीका घरमा पुगेर सुटुक्क फलैँचामा बसे । मुरलीधर पुग्दा दुलहीका बाबु वरणी गर्न लागेका रहेछन् । मानिसको घुइँचामा उनलाई कसैले चिनेनन् ।

वरणी सिद्धिएको केही बेरपछि यज्ञमण्डपको कार्य आरम्भ भो । पुरोहित वेदीमा रेखी हाल्न थाले । भित्रबाट यज्ञसामग्रीहरू आउन लागे । यज्ञ सम्पन्न भएपछि दुलाहादुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई राखे । एक छिनपछि छोरी बोकेर घरभित्रबाट दुलहीका बाबु निस्के र छोरीलाई दुलाहाका बायाँतर्फ बसाए । दुलही बसेपछि लाज माने जस्तो गरेर शशीधर अलि पर सऱ्यो । शशीधरले लाज मानेको देखेर मुरलीधर मुसुमुसु हाँस्न लागे ।

दुलाहादुलही यज्ञमा बसेपछि दुलहीका बाबुले यताउति हेरेर भने "खै, सम्धी पाल्नुभएको छैन, अब मण्डपमा आएर बसिदिनुभएहुन्थ्यो ।"

दुलहीका पिताले बोलाएको सुनेर फलैँचाबाट मुरलीधरले भने, "ज्यू म यहीँ छु, आउन लागेँ ।"

मुरलीधर उठेर मण्डपमा गए । चिनेका मानिसहरूले ढोगिदिए । जेठाबाबुलाई अचानक आफूनेर उभिएको देखेर शशीधरले पनि ढोगिदियो । मुरलीधरले छोरालाई "नानी चिरञ्जीवी भए" भनेर आशिष् दिए र उसको पछाडिपट्टि बसी उसलाई आफ्नो काखनेर ताने । बाबुको स्थानमा मुरलीधर बस्न गएको देखेर बरियातमा आएका ठिटाहरू परस्पर कानेखुसी गर्न लागे ।



मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए । उनलाई कन्यापक्षका धेरै मानिसहरू चिन्दथे । श्रीधर र मुरलीधरले जिउनीका विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो । कन्या पक्षका बुढापाकाहरूले भने, "त्यस्ता महापुरुषका सन्तानहरू आफ्नो कर्तव्य किन छोड्दथे । तब पो मानिसहरू कुलघरान भन्दछन् ।"

विवाहविधि आरम्भ भो । पुरोहितले ऋचामन्त्रहरू उच्चारण गर्दा अशुद्ध भएका ठाउँमा मुरलीधर सच्याइदिन्थे । शशीधर चाहिँ जेठा बाबुका छातीमा अडेस लागेर आनन्दसँग बसेको थियो । मुरलीधर बखतबखतमा गर्नुपर्ने कर्महरू छोरालाई सिकाइदिन्थे । एवम् प्रकारले विवाहविधि समाप्त भो ।

भोलिपल्ट दिउँसो दुलही अन्माइदिए । मुरलीधरले निहुरेर बुहारीको मुख हेरे, बुहारी महालक्ष्मी जस्ती रहिछन् । छोराबुहारीको रूप देखेर मुरलीधर गदगद भए । अनि दुलहीदुलाहाको डोली अगाडि लाएर मुरलीधर घरतिर फर्के ।

साँझ पर्ने वेलामा बरियात गाउँनेर पुग्यो । पँधेरामाथिको चौतारामा रमिता हेर्ने मानिसको घुइँचो थियो । बरियात दोबाटोनेर पुगेपछि “लौ, घर लगेर भित्र्याऊ” भनेर मुरलीधर आफ्ना घरतिर गए ।

दुलही भित्र्याए पछि दाज्यू बिहेमा गएको, सबै कार्यविधिहरू आफ्नो कुलपरम्परानुसार राम्रो प्रकारसँग सम्पन्न भएको खबर श्रीधरले सुनेर गहभरि आँसु पारेर ठिटाहरूसँग सोधे, “दाज्यूलाई खानपिन त राम्ररी गरायौ के ?”

“आज एकादशी भनेर पण्डित बाजेले केही खानुभएन, भोकै आउनुभयो ।”

बिहे सिद्धिएको एक महिनापछिको कुरो हो । एकदिन बिहान मुरलीधर आफ्नो नित्यकर्म सिध्याएर फलैँचामा बसेर भागवत हेर्न लागेर थिए, त्यस्तैमा शशीधरले विस्तार विस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो, “ठुलाबा जिउनीको पिपले खेतमा हजुरलाई जताबाट मन पर्छ, नापेर आधा खेत कमाउनुहोस् अरे, बाले भनेर पठाउनुभा को ।”

शशीधरको कुरा सुनेर मुरलीधरले उसका मुखतिर हेरेर मुसुमुसु हाँस्तै भने, “जिउनीको आधा खेत मैले कमाए तिमीहरू के खान्छौ नि बा ?”

शशीधर केही उत्तर नदिएर छिट्छिटो आफ्नो घरतिर गयो । कमला चाहिँ दैलाको आडमा उभिएर बाबुछोराको कुरा सुनिरहेकी थिइन् ।

शशीधरले खेत कमाउने कुरो सुनाएर गएको चौधपन्ध्र दिनपछि एक दिन मुरलीधर फलैँचामा बसेर नस सुँघ्दै विद्यार्थीहरूलाई रघुवंशको पाठ घोकाउँदै गर्न लागेका थिए । त्यस्तैमा श्रीधरकी सानी छोरी रमाले आएर रुन्चे मुख लाएर भनी, “ठुलाबा बालाई व्यथाले चाप्यो । हजुरलाई बोलाउन पठाउनुभएको ।”

छोरीको कुरो सुन्नेबित्तिकै पढाउन छाडेर रमाको हात समाउँदै मुरलीधर भाइका घरतिर गए । श्रीधर खाटमा कोल्टे परेर सुतिरहेका रहेछन् । दाज्यूलाई देखेर बडो कष्टसँग उठेर गहभरि आँसु झारेर ढोगिदिए । भाइका आँखामा आँसु छचल्किरहेको देखेर मुरलीधरको पनि गहभरि आँसु भो । चार वर्षपछिको यी दुई दाज्यूभाइको पुनर्मिलन सारै दुःखलाग्दो देखियो ।

मुरलीधरको गहभरि आँसु भएको देखेर उनको गोडा समाउँदै श्रीधरले रुन्चे स्वरले भने, “दाज्यू अस्तिदेखि दम बढ्न थाल्यो । मलाई अब धेरै दिन बाँचुला जस्तो लाग्दैन । मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला ।”



भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे । एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो । केही बेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने, “बिसेक हुन्छ बा हरेस नखाऊ । बाले आफ्नो जीवनमा अनन्य पुण्य गर्नुभएको छ । उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुने छैन । बरु अब यहाँका वैद्यको भर गरेर बस्नुभएन । तिमीलाई देशतिर औषधी गराउन लैजान्छु ।”

यति भनेर भाइका पथपरेजको व्यवस्था मिलाएर केही बेरपछि मुरलीधर आफ्नो घरतिर गए ।

यो घटना भएको छसात दिनपछि भाइलाई लिएर औषधी गराउन मुरलीधर देशतिर हिँडे भन्ने सुनियो ।

## शब्दार्थ

| | | |
|---|---|---|
| विपुल | : | विशाल, प्रशस्त |
| थाती | : | थमौती, नासो |
| भाका | : | म्याद, अवधी, समय |
| बिहाबर्तुन | : | विवाह, वर्तबन्ध |
| तालुकदार | : | जग्गावालसँग सरकारी कर वा तिरो उठाउने व्यक्ति |
| आर्तनाद | : | करुण क्रन्दन, पीडाले कराएको आवाज |
| दिग्दिगन्त | : | चारैतिर चारैदिशा, जताततै |
| शव | : | मुर्दा, मृत शरीर, लाश |

| | | |
|---|---|---|
| लर्को | : | लामो, ताती, लाम, लस्कर |
| ललाट | : | मस्तक, निधार, पुर्पुरो, माथ |
| परिधान | : | पहिरन |
| बुलबुल | : | अघिल्तिर लामा रौँ राखेर कपाल पाल्ने ढाँचा |
| प्रगतिवादी | : | प्रगति चाहने, उन्नति भनेपछि हुरुक्क हुने |
| अधियाँ | : | जग्गा कमाउनेले आधी बाली तिर्ने चलन, बटैया |
| लरलहना | : | लगानी, लेनदेन, कुटुम्बको सम्बन्ध |
| जिउनी | : | बाबुआमाले छोराछोरीलाई अंश दिएपछि आफ्ना लागि राखेको सम्पत्ति |
| डोल | : | दुई डाँडाका बिचको खेतीयोग्य होचो सोतो उर्वर जमिन |
| निरोपण | : | निरूपण, विवेक पुऱ्याएर गरिने निर्णय वा निक्र्योल |
| लिखित | : | लेखिएको कागज, लेखेको कुरो, लेखिएको प्रमाण |
| बकपत्र | : | साक्षीको बयान लेखिएको कागज |
| रोबरवाफ | : | धाक र ढाचाकाचा, धक्कु, तडकभडक |
| बकितम् | : | बकेको वा बोलेको कुरो, बोलेरै छिनिने कारोबार |
| लिखितम् | : | लिखित लेखोट, लेखेर गरिने कारोबार |
| तपनी ज्वरो | : | मन्द ज्वरो, हलुका तवरले आइरहने ज्वरो |
| आहारविहार | : | खानपिन, पथपरहेज, रहनसहन |
| कुटुम्ब | : | बन्धुवर्ग, नातागोता सन्तान, विवाह सम्बन्धबाट भएका आफन्तहरू |
| मौजा | : | जमिनको ठुलो भूभाग |
| जिमिदारी | : | जिम्मवालको खान्गी, पद वा मौजा, भूमिपतिको पद |
| मेधावी | : | बुद्धि भएको, प्रतिभावान् |
| वेदी | : | धार्मिक कार्यका लागि अग्लो वा सम्म पारेर बनाइएको स्थल, धार्मिक मञ्च |
| सहोदर | : | साक्खै, एउटै आमाबाट जन्मेको |
| अतीत | : | बितेको समय, गुज्रेको काल |
| तेजस्वी | : | तेज भएको, उज्ज्वल, प्रतापी, चमकदार |
| तामदान | : | मानिसले मनिसलाई बोक्ने साधन |
| बरियाती | : | जन्त, बरियाँती |
| टट्यानपुर | : | टन्टलापुर |
| वरणी | : | बेहुलीका बाबुले जन्तीसहित बेहुलालाई गरिने पूजा |

| | | |
|---|---|---|
| रेखी हाल्नु | : | शुभकार्यमा पिठोले रेखाचित्र बनाउनु |
| सम्धी | : | छोरा वा छोरीको ससुरो |
| डोली | : | बेहुलाबेहुली बोक्ने साधन |
| नस सुध्नु | : | नाकभित्र हाल्ने सुर्तीको धुलो नाकले तान्नु |
| व्यथाले च्याप्नु | : | रोगले सिकिस्त पार्नु |
| पुनर्मिलन | : | एकपल्ट विछोड भइसकेकाहरूको फेरि भेट |
| बिसेक | : | सञ्चो, रोग मत्थर भएको स्थिति |
| अनिष्ट | : | नराम्रो |

## कथा समीक्षा

### 'कर्तव्य' कथाको समीक्षा

**(क) कथासार**

गङ्गाधर सबैका प्रिय थिए । उनी गाउँतिर घुम्न निस्कँदा केटाकेटी , युवा, वृद्धवृद्धा सबै खुसी हुन्थे । न्याय माग्न आएका दश गाउँका मानिसहरूलाई उचित र चित्तबुझ्दो न्याय दिन्थे । लगातर नौ दिनसम्मको ज्वरोका कारणले गङ्गाधरको मृत्यु भयो । दश गाउँका दुनियाँ डाको छोडेर रुन थाले । मलामीको लर्को गाउँदेखि तल खोलासम्म पुग्यो । उनको मृत्युले न्यायको बत्ती निभेको गाउँलेहरूले ठाने । गङ्गाधरका दुई छोरा मध्ये जेठा मुरलीधर धर्म, संस्कृतिप्रति श्रद्धा राख्थे । कान्छो छोरा श्रीधर राजनीतिमा लागेका थिए । बाबुको मृत्युपछि जिउनी खेतका विषयमा दाजु र भाइको विवाद भयो । पैँतालिस दिनको कामपछि गङ्गाधरका घरमा गाउँलेहरू जम्मा भए । बुढापाका मुरलीधरका पक्षमा लागे भने ठिटाहरू श्रीधरका पक्षमा उभिए । मुद्धा अदालतसम्म पुग्यो र अदालतले श्रीधरका पक्षमा फैसला सुनायो । श्रीधरका छोरा शशीधरलाई छोरी दिन एक दिन कुटुम्ब श्रीधरका घरमा आए । शशीधरको विवाहको कुरा छिनियो । विवाहको तयारी सुरु भयो । श्रीधरले सबैलाई निम्ता गरे तर दुई कान्लामाथि घर भएका दाजुभाउजूलाई बोलाएनन् । विवाद भएकै दिनदेखि दाजुभाइको आवतजावत बन्द भएको थियो तैपनि कुलको जेठो सन्तानको विवाहमा नबोलाउँदा मुरलीधरको मन खिन्न भयो । बिरामी भएका कारण श्रीधर छोराको विवाहमा जान सकेनन् । जन्त जानेको सङ्ख्या आलाकाँचाकै बढी भएको देखेर बाबुबाजेको इज्जत जोगाउन नबोलाए पनि मुरलीधरले विवाहमा जाने निर्णय गरे । आफ्नो श्रीमान् नबोलाए पनि विवाहमा जान लागेको देखेर कमलाले नजान आग्रह गरिन् । श्रीमतीलाई उल्टै सम्झाएर मुरलीधर झमक्क साँझमा दुलहीका घरमा पुगे । दुलहीका बाबुले सम्धीलाई मण्डपमा आएर बसिदिन आग्रह गरेपछि मुरलीधर फलैँचाबाट उठेर मण्डपमा गए । जेठाबाबुलाई आफूनेर उभिएको देखेर शशीधर

खुसी भएका थिए । विवाह विधि सम्पन्न भई दुलही अन्माइयो । दुलहादुलहीको डोली र बरियात दोबाटोनेर पुगेपछि मुरलीधर घरतिर फर्किए । दुलही भित्र्याएपछि दाजु बिहेमा गएको श्रीधरलाई थाहा भयो । बिहे सिद्धिएको एक महिनापछि श्रीधरले छोरा शशीधरलाई दाजुको घरमा पठाए । शशीधरले ठुलोबुबाको घरमा गउर जिउनी खेत आधा कमाएर खानू अरे बाले भन्नुभएको भने । मुरलीधरले मुसुमुसु हाँस्दै मैले कमाएर खाए तिमीहरू के खान्छौ भनेर उल्टै प्रश्न गरे । श्रीधर केही महिनादेखि बिरामी थिए । उनलाई व्याथाले च्यापिसकेको थियो । श्रीधरकी कान्छी छोरी रमा रुन्चे मुख लगाउँदै ठुलोबुबालाई बोलाउन आइन् । भाइ बिरामी भएको कुरा सुन्ने बित्तिकै मुरलीधर भेट्न गए । दाजुलाई देखेर श्रीधरले आफूले गरेको अपराध क्षमा मागे । मुरलीधरले जीवनमा हरेस नखान र बाले आफ्नो जीवनमा गरेका अनन्य पुण्यको प्रभावले केही नहुने सान्त्वना दिए । छसात दिनपछि मुरलीधरले भाइलाई उपचारका लागि देशतिर लगे ।

**(ख) पात्र तथा चरित्र**

'कर्तव्य' कथाका मुख्य चरित्र मुरलीधर र श्रीधर हुन् । गङ्गाधर, शशीधर, कमला, रमा आदि कथाका सहायक चरित्र हुन् । गङ्गाधर कथाका सहायक पात्र भए पनि उनले गरेका सामाजिक कार्य प्रस्तुत गर्दै मुरलीधर र श्रीधरका भूमिकामार्फत कथा अगाडि बढेको छ ।

मुरलीधर यस कथाका आदर्श पात्र हुन् । उनी मुरली पण्डितका नामले चिनिन्छन् । धर्म र संस्कृतिप्रति उनको अपार श्रद्धा छ । आनीबानी र पहिरनमा पनि उनको शालीनता झल्किन्छ । उनले धार्मिक, सामाजिक, सांस्कृतिक एवमे पारिवारिक रूपमा आफ्ना पिताका उत्तराधिकारी बन्ने कोसिस गरेका छन् । निमन्त्रणाविना भतिजो शशीधरका बिहेमा जन्त गई पारिवारिक इज्जत र प्रतिष्ठा कायम राख्ने, त्यागको भावना देखाउने र अन्ततः आफ्नो दायित्व र कर्तव्यप्रति अटल आस्था एवम् विश्वास जस्ता गुण र विशेषताहरू मुरलीधरका चरित्रमा भेटिन्छन् । उनी यस कथाको भद्र, त्यागी र आदर्श चरित्र हुन् । उनकै माध्यमबाट कथाकारले कथाको मूल सन्देश व्यक्त गरेका छन् ।

श्रीधर यस कथाका आधुनिक विचार राख्ने पात्र हुन् । उनको सक्रियता राजनीति क्षेत्रमा बढी छ । उनी पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्वको चिह्न ठान्छन् । यिनलाई राजनीतिको मात्र नभएर अदालती प्रक्रियाको पनि राम्रो ज्ञान छ । उनले ग्राम विकासका प्रधानसम्म भएर सामाजिक सांस्कृतिक रूपमा समाज परिवर्तन गर्ने प्रयास गरेका छन् । उनीभित्र कर्तव्य, नैतिकता र मर्यादा जस्ता गुणका अभाव भएकाले पारिवारिक एकता कायम हुन सकेको छैन । यी अवगुणका कारणले उनले समाज परिवर्तनको लक्ष्य हासिल गर्न सकेनन् । श्रीधर यथार्थवादी र आधुनिक सभ्यताका अनुयायी भए पनि कर्तव्य र मर्यादालाई उपेक्षा गर्ने पात्र हुन् ।

गङ्गाधर आदर्श पात्र हुन् । उनले आफूसँग भएको सम्पत्तिलाई गाउँको सेवा, गाउँलेहरूको सहयोगमा लगाए । न्याय माग्न आउनेलाई न्याय दिलाए । कसैलाई सताउनु महापाप हो भन्ने उनको विचार थियो । उनी ज्ञानी र ठुला विद्वान् थिए । सबै गाउँलेहरूका आशाका केन्द्र बनेका गङ्गाधरको चरित्र आदर्शैआदर्शले भरिएको पाइन्छ ।

**(ग) परिवेश**

'कर्तव्य' कथा ग्रामीण नेपाली समाजमा केन्द्रित कथा हो । यस कथामा नेपालको पहाडी गाउँले समाजलाई परिवेशका रूपमा लिइएको छ । गरिबहरूले मुखियाबालाई सम्झनु, गाउँले बिरामी परेका बेला ओखतीमुलो लिएर जानु, गाउँतिर मुखियाबा झर्दा केटाकेटी हल्ला गर्दै आउनु आदि घटनाले तत्कालीन गाउँले परिवेशलाई प्रस्ट पारेको छ । धर्म र संस्कृतिप्रति मुरलीधरको श्रद्धाभाव देखाएर सांस्कृतिक परिवेश प्रस्तुत गरिएको छ । राजनीति पार्टीका सदस्य र ग्राम विकासका प्रधानका रूपमा श्रीधरको भूमिका उल्लेख गरेर २००७ सालपछिको राजनीतिक परिवेशको सङ्केत गरिएको छ । गङ्गाधरको आदर्श स्वभाव, पिपले भन्ने सय मुरी खेतको प्रसङ्ग, घरगृहस्थीमा हुने कलह, वैवाहिक परम्परा, आफन्तप्रतिको कर्तव्यसम्मका घटना शृङ्खला हेर्दा छ महिनाभन्दा बढी समय यहाँ परिवेशका रूपमा आएको छ । ग्रामीण समाज, स्थानीय रीतिथिति, पात्रहरूको स्वाभाविक जीवनशैली, अंशका नाममा हुने दाजुभाइबिचको झगडा, सम्पत्तिभन्दा नातासम्बन्ध ठुलो हो भन्ने भावना यस कथाको परिवेशका विशेषता बनेका छन् ।

**(घ) भाषाशैली**

'कर्तव्य' कथा सरल, सहज र स्वाभाविक भाषाशैलीमा लेखिएको सामाजिक कथा हो । यस कथामा व्यास शैलीको उपयोग गरेर कथावस्तु, पात्र, घटना आदिको वर्णन विस्तारपूर्वक गरिएको छ । पात्र पात्रका बिचमा वार्तालाप गराई घटनालाई रोचक र स्वाभाविक बनाइएको छ । संवादमा छोटा छोटा वाक्यहरूको संयोजन गरिएको छ । कथाका पात्रहरूको भूमिकालाई हेर्दा उनीहरूको स्तरअनुकूलको भाषाशैली कथामा प्रयोग भएको पाइन्छ ।

**(ङ) दृष्टिबिन्दु**

'कर्तव्य' कथामा तृतीय पुरुषका पात्रहरू केन्द्रीय भूमिकामा छन् । कथाकारले सबै पात्रका भावना, विचार, जीवनशैली तृतीय पुरुषमार्फत व्यक्त गरेका छन् । यस कथामा कथाभन्दा बाहिर रही अन्य व्यक्ति वा पात्रका विषयमा गरिने बाह्य दृष्टिबिन्दु प्रयोग भएको छ ।

**(च) उद्देश्य/सन्देश**

'कर्तव्य' पारिवारिक पृष्ठभूमिमा संरचित सामाजिक कथा हो । ग्रामीण समाजमा घट्न सक्ने दाजुभाइबिचको जिउनी खेतसम्बन्धी विवादलाई कथावस्तु बनाएर पारिवारिक मर्यादा, कर्तव्य

र आदर्शको भाव प्रस्तुत गरिएको छ । गङ्गाधरको चरित्रका माध्यमबाट न्याय, मानवता र सहयोगको भावना हुनुपर्ने सन्देश दिएको छ । मुरलीधरमार्फत स्नेह, उदारता, विवेक, दया जस्ता मानवीय गुणहरू सञ्चार गरिएको छ । मुरलीधरको आदर्श विचार र चरित्रका कारण लगभग टुटिसकेको दाजुभाइको सम्बन्ध सूत्र जोडिन पुगेको छ । श्रीधरले पनि आफूले गरेका गल्ती कमजोरी महसुस गरेका छन् । यस कथाले भ्रातृप्रेमको विशिष्ट उदाहरण पेस गरेको छ । कथाका अनुसार आफ्ना बाबुबाजेको कुलधर्म, संस्कार, आदर्श व्यवहारको पालना गर्दा नै समाजका हरेक परिवारमा मेलमिलाप, सुख, शान्ति, सहयोग र स्नेहको वातावरण सिर्जना हुन्छ । यस कथाले पैतृक सम्पत्तिका लागि हुने गरेको दाजुभाइबिचको मनमुटाबको सन्दर्भ प्रस्तुत गरेर कर्तव्यनिष्ठ बन्न प्रेरित गरेको छ । पारस्परिक एकता, सामाजिक मूल्य र आदर्शलाई जोगाउन समाजका हरेक सदस्यले त्याग गर्न सक्नुपर्छ भन्ने यथार्थलाई कथामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । असल बानी र व्यवहारले मानिसको मनमा सकारात्मक प्रभाव पार्ने र सम्पत्तिभन्दा मानवीय सम्बन्ध ठुलो हुने सन्देश दिएको छ ।

**(छ) शीर्षक**

प्रस्तुत कथाको शीर्षक 'कर्तव्य' शब्दले 'कुलपरम्परा, नीतिनियम तथा सामाजिक आवश्यकतानुसार गर्नुपर्ने काम वा क्रियाकलाप' भन्ने अर्थ बुझाउँछ । यस कथामा गङ्गाधरले भोकानाङ्गा, बुढाबुढी, बालबच्चाप्रतिको मानवीय कर्तव्य पूरा गरेका छन् । पितापुर्खाको परम्परा, धर्म र संस्कृतिको रक्षा गर्ने भूमिका मुरलीधरले निर्वाह गरेका छन् । उनले दाजुभाइबिच विवाद भए पनि कर्तव्यबाट भाग्न नहुने सन्देश दिएका छन् । अभिभावकले छोराछोरप्रतिको कर्तव्य पूरा गर्नुपर्ने, सम्पत्तिभन्दा नातासम्बन्धलाई ठुलो ठान्नुपर्ने भाव यसका पात्रहरूले निर्वाह गरेको भूमिकामार्फत प्रस्ट पारिएकाले प्रस्तुत कथाको शीर्षक 'कर्तव्य' अत्यन्त सार्थक रहेको छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) ................................................ करुण क्रन्दन, पीडाले कराएको आवाज

(ख) ........................................... अघिल्तिर लामा रौँ राखेर कपाल पाल्ने ढाँचा

(ग) ............... बाबुआमाले छोराछोरीलाई अंश दिएपछि आफ्ना लागि राखेको सम्पत्ति

(घ) ............................................................ साक्षीको बयान लेखिएको कागज

(ङ) .......................................................... मानिसले मनिसलाई बोक्ने साधन

(च) ....................................बेहुलीका बाबुले जन्तीसहित बेहुलालाई गरिने पूजा

(छ) ........................................................सञ्चो, रोग मत्थर भएको स्थिति

२. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| आफू भलो त जगत् भलो | के के न पाउँला भनेकामा रित्तै हात हुनु |
| जसले मह काढ्छ, उसले हात चाट्छ | निकै जिद्दी गर्नु |
| नजिकको तीर्थ हेला | परिश्रम गर्नेले फल पाउँछ |
| हात्ती आयो हात्ती आयो फुस्सा | असलसँग सबैले असल व्यवहार गर्छन् |
| मेरो गोरुको बाह्रै टक्का | सजिलै पाइने वस्तुको महत्त्व कम हुन्छ |

३. **अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

कोहोलो हाल्नु, मुसुमुसु हाँस्नु, क्षति हुनु, आँखा चिम्लेर बस्नु, गदगद हुनु, हरेस खानु, फिराद गर्नु

४. **शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

शसीधरले खेत कमाउने कुरो सुनायर गएको चौधपन्ध्र दिनपछि एक दिन मुरलीधर फलैचामा वसेर नश सुँघ्दै विधार्थीहरूलाई रघुवम्शको पाठ घोकाउँदै थिए । तेस्तैमा श्रिधरकी सानी छोरी रमाले आएर रुन्चे मुख लाएर भनी ठुलाबा वालाई व्यथाले चाप्यो । हजूरलाई बोलाउन पठाउनुभएको ।

५. **कर्तव्य कथाका अनुच्छेद हाउभाउसहित पढ्नुहोस् ।**

६. **कथाकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) कर्तव्य कथाका लेखक को हुन् ?

(ख) गुरुप्रसाद मैनालीको पहिलो कथा कुन पत्रिकामा प्रकाशित भएको थियो ?

(ग) नासो कथासङ्ग्रहमा सङ्गृहीत कुनै चारओटा कथाको नाम लेख्नुहोस् ।

(घ) गुरुप्रसाद मैनाली कस्ता कथाकार हुन् ?

(ङ) गुरुप्रसाद मैनालीको जन्म र मृत्यु कहिले भएको थियो ?

७. **कथाकार गुरुप्रसाद मैनालीका कथागत विशेषता उल्लेख गर्नुहोस् ।**

८. **एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) गङ्गाधर कुन नामले प्रसिद्ध थिए ?

(ख) गङ्गाधरको देहावसानले ककसको टेक्ने लट्ठी भाँचियो ?

(ग) मुरलीधर बाबुसँग छुट्टिएर बस्नुको कारण के थियो ?

(घ) मुरलीधरले गाउँका मानिसलाई किन बोलाए ?

(ङ) श्रीधरकी छोरीले मुरलीधरलाई भेटेर के भनिन् ?

९. **दिइएका भनाइ कसले, कुन सन्दर्भमा भनेका हुन् ? कथाको सन्दर्भ उल्लेख गर्नुहोस् :**

(क) खाउन् आखिरमा त मेरो खाने पनि यिनै हुन् । मरेपछि खानुपर्थ्यो, जिउँदैमा खाए । त्यसको पाप धर्म उनैलाई छ ।

(ख) दाज्यूलाई खानपिन त राम्ररी गरायौ के ?

(ग) ठुलाबा बालाई व्यथाले चाप्यो । हजुरलाई बोलाउन पठाउनुभएको ।

**१०. कर्तव्य कथा पढी दिइएका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :**

(क) शशीधरको बिहेमा दुई कान्लामाथि घर भएका आफ्नो सहोदर दाजुभाउजूलाई नबोलाउनु

(ख) मुरलीधर भाइलाई औषधी गराउन हिँड्नु

(ग) बाबुको पिपले भन्ने जिउनी खेतका विषयमा मुरलीधर र श्रीधरबिच विवाद हुनु

(घ) दाजुप्रति जीवनमा धेरै अत्याचार गरेको भन्दै श्रीधरले क्षमा माग्नु

(ङ) गङ्गाधरले लगातार नौ दिनको ज्वरोले संसार छाड्नु

(च) श्रीधरले दाजु बिहेमा गएको र कुलपरम्परानुसार सबै कार्य विधि सम्पन्न भएको खबर पाउनु

(छ) श्रीधरलाई व्यथाले च्यापेकाले रमा ठुलोबुबालाई बोलाउन आउनु

(ज) अदालतले जिउनी खेत श्रीधरले पाउने फैसला सुनाउनु

(झ) गाउँका बुढापाका, तरुणतन्नेरी साराले बकपत्र गर्नु

(ञ) मुरलीधर लौरो टेक्दै साँझ दुलहीका घरमा पुग्नु

**११. दिइएका बुँदाहरूका आधारमा 'कर्तव्य' कथाको मूल भाव लेख्नुहोस् :**

(क) पारिवारिक मर्यादा, कर्तव्य र आदर्शको भाव प्रस्तुत

(ख) न्याय, मानवता र सहयोगको भावनाको अपेक्षा

(ग) भ्रातृप्रेमको विशिष्ट उदाहरण

(घ) सम्पत्तिभन्दा मानवीय सम्बन्ध ठुलो हुने सन्देश

**१२. 'कर्तव्य' कथाका पात्रहरूका दुई दुईओटा विशेषता यहाँ दिइएको छ । कथा पढी हरेक पात्रका अन्य विशेषता थपेर चरित्र चित्रण गर्नुहोस् :**

(क) गङ्गाधर : ग्रामपिता, आदर्श व्यक्ति

(ख) मुरलीधर : ठुला पण्डित, भद्र

(ग) श्रीधर : राजनीति पार्टीका सदस्य, आधुनिक सभ्यताका पक्षधर

**१३. दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) गाउँलेहरूले गङ्गाधरलाई किन ग्रामपिता मान्थे ?

(ख) श्रीधरले छोराका विवाहमा दाजुभाउजूलाई नबोलाउनुको कारण के थियो ?

(ग) मुरलीधरले आफ्नो कर्तव्य कसरी निर्वाह गरे ?

(घ) कर्तव्य कथाले केकस्तो भ्रातृप्रेम देखाएको छ ?

(ङ) यस कथामा प्रस्तुत गरिएको परिवेश योजनाबारे चर्चा गर्नुहोस् ।

(च) यस कथाको कथानकको विकासमा कथाका पात्र श्रीधरले कस्तो भूमिका निर्वाह गरेको पाइन्छ ?

(छ) यस कथाको शीर्षक कसरी सार्थक छ ? कथामा प्रस्तुत सन्दर्भका आधारमा पुष्टि गर्नुहोस् ।

**१४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) अदालतमा मामिलाको निरोपण हुँदा बकितम्लाई भन्दा लिखितम्लाई बर्ता महत्त्व दिने रीति छ ।

(ख) कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफैँ पनि जानुपर्छ ।

**१५. दिइएका बुँदाका आधारमा 'कर्तव्य' कथाको भाषाशैली र दृष्टिबिन्दुको समीक्षा गर्नुहोस् :**

**भाषाशैली**

(क) व्यास शैलीको उपयोग

(ख) संवादमा छोटा छोटा वाक्यहरूको संयोजन

(ग) सरल, सहज र स्वाभाविक भाषाशैली

**दृष्टिबिन्दु**

(क) तृतीय पुरुषका पात्रहरू केन्द्रीय भूमिका

(ख) बाह्य दृष्टिबिन्दु प्रयोग

**१६. दिइएको कथन पढी उक्त कथनभन्दा पहिले र त्यसभन्दा पछाडिका कथा सन्दर्भहरू बुँदागत रूपमा टिपोट गर्नुहोस् :**

यिनले बाबुबाजेको नाउँ इज्जत पखाल्न आँटे । अब आँखा चिम्लेर बस्नु भएन" भनेर मुरलीधर आफ्ना कोठामा पसे अनि लुगासुगा लाएर उनले जहानसँग भने, "कमला, मेरो दोसल्ला झिकिदेऊ ।" पतिलाई लुगासुगा लाएर हिँड्न तम्तयार भएको देखेर कमलाले भनिन्, "यस्तो टट्यानपुर घाममा कता हिँड्न लाग्नुभाको नि ?"

**१७. 'कर्तव्य' कथा पढेर मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।**

**१८. 'कर्तव्य' कथामा कथाकारले नेपाली समाजका केकस्ता वास्तविकता देखाउन खोजेका छन् ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

**१९. 'धनसम्पत्तिभन्दा नातासम्बन्ध ठुलो कुरा हो' भन्ने भनाइप्रति तपाईंको सहमति वा असहमति के छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।**

**२०. यदि 'कर्तव्य' कथामा दाजुभाइबिच जिउनी खेतका विषयमा विवाद नभएको भए कथाको अन्त्य कसरी गरिन्थ्यो होला ? यसबारे सम्भावित घटनाको कल्पना गरी लेख्नुहोस् ।**

**२१. दिइएको कथांश पढी श्रीधरले दाजुसँग क्षमा माग्नुपर्ने कारण पुष्टि गर्नुहोस् :**

मुरलीधरको गहभरि आँसु भएको देखेर उनको गोडा समाउँदै श्रीधरले रुन्चे स्वरले भने, "दाज्यू अस्तिदेखि दम बढ्न थाल्यो । मलाई अब धेरै दिन बाँचुला जस्तो लाग्दैन । मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला ।"

**२२. 'कर्तव्य' कथाको कथासार लेख्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. तपाईंले आफूले पढेका वा सुनेका सामाजिक कथा सुनाउनुहोस् ।**

**२. दिइएका बुँदाका आधारमा सामाजिक कथा तयार गर्नुहोस् :**

मदनकृष्ण र धनपति एउटै गाउँमा बस्नु ............ माघको महिनामा हरिवंश, मदनदास र हाकुमाया घाम ताप्न चउरमा आउनु ............ मदनकृष्णले भैंसी चराउन ल्याउनु ............ मदनकृष्ण साथीहरूसँग गफमा भुल्नु ............ उसको भैंसी धनपतिको खेतको गहुँबालीमा पस्नु ............ धनपतिले फतफताउँदै खेतबाट भैंसी निकाल्नु ............ उसले गरेको गाली सुनेर मदनकृष्णले झगडा गर्नु ............ हरिवंश, मदनदास र हाकुमायाले सम्झाउनु ............ उनीहरूले नमान्नु............ दुवैबिच बोलचाल बन्द हुनु ............ मदनकृष्ण एक्कासि बिमारी पर्नु ............ धनपतिले सहयोग नगर्नु ............ मदनदास आएर उपचार गर्न लैजानु ............ एक महिनापछि धनपति दुर्घटनामा पर्नु ............ मदनकृष्णले तत्कालै अस्पताल पुऱ्याउनु ............ धनपतिले नयाँ जीवन पाउनु ............ धनपतिले मदनकृष्णसँग माफी माग्नु ............ दुवै जना एकआपसमा मिलेर बस्नु ।

**३. समाजमा घटेका कुनै एउटा घटनासँग सम्बन्धित सन्दर्भहरू जोडेर कथा तयार गर्नुहोस् ।**

**थप पाठ्यसामग्री**

## कथाको संरचना

१. शीर्षक

२. प्रारम्भ भाग

- पात्र वा परिवेशअनुकूल घटनाको थालनी
- कथावस्तुको प्रारम्भ वा कथाको बीजारोपण

३. मध्य भाग

- घटनाको स्वाभाविक विकास र कौतुहल सिर्जना
- पाठकमा संवेदना वा उत्सुकताको अत्यधिक सिर्जना

४. अन्त्य भाग

- प्रतिचरमोत्कर्ष र क्रमश : अवतरण
- सन्देशमूलक समापन
- उद्देश्य प्राप्ति

### कथा लेख्दा ध्यान दिनुपर्ने कुराहरू

(१) सर्वप्रथम घटना र उद्देश्य टिपोट गर्नुपर्छ ।

(२) घटना सुहाउँदो परिवेश र परिवेशअनुकूलका पात्रको छनोट गर्नुपर्छ ।

(३) तयार पारिएका घटना, पात्र, परिवेश र उद्देश्य कथाको संरचनाभित्र राख्दै कथा प्रारम्भ गर्नुपर्छ ।

(४) कथा आन्तरिक वा बाह्य कुन दृष्टिबिन्दुमा लेख्ने हो, निक्र्योल गर्नुपर्छ ।

(५) कथामा छोटा छोटा संवाद आयोजना गर्नुपर्छ र पात्रअनुकूल सरल भाषामा जोड दिनुपर्छ ।

(६) घटनाको क्रमिक विस्तारमा सकेसम्म पाठकमा नयाँ नयाँ जिज्ञासा र कौतुहल सिर्जना गर्नुपर्छ ।।

(७) कथाले कुनै न कुनै सन्देश दिएको हुनुपर्छ, सन्देश घटनाले पुष्टि गर्नुपर्छ ।

(८) कथाको शीर्षक राख्नुपर्छ ।

# पाठ ३ कथाकार माया ठकुरी र उनको ‘सुनको पिँजडा’ कथा

**सक्षमता**

(क) कथाकार माया ठकुरीको सामान्य परिचय र कथागत प्रवृत्ति बताउन
(ख) पाठमा प्रयुक्त नयाँ/कठिन शब्द, उखान, टुक्काको पहिचान र अर्थबोध गर्न
(ग) पाठमा प्रयुक्त उखान, टुक्कालाई वाक्यमा प्रयोग गर्न
(घ) पाठलाई गति र यति मिलाई सस्वर वाचन गर्न
(ङ) कथाका पात्रहरूको परिचय दिन
(च) कथाको परिवेश पहिचान गर्न
(छ) कथाका घटनाको पूर्वानुमान र पश्च अनुमान गर्न
(ज) कथाका मुख्य मुख्य घटनाहरू बताउन
(झ) कथाको मुख्य भाव व्यक्त गर्न
(ञ) कथाको भाषाशैलीगत विशेषता बताउन
(ट) कथाका महत्त्वपूर्ण अंशको व्याख्या गर्न
(ठ) सङ्क्षिप्त र समीक्षात्मक प्रश्नको उत्तर दिन
(ड) अनुकरणात्मक र मौलिक कथा सिर्जना गर्न

**कथाकारको परिचय र कथागत प्रवृत्ति**



कथाकार माया ठकुरीको जन्म सन् १९४६ जुलाई २ मा भारतको लखनउमा भएको थियो । उनले बिए र शास्त्रीय सङ्गीतमा जुनियर डिप्लोमासम्मको अध्ययन गरेकी थिइन् । हजुरआमाले सुनाएका दन्त्यकथाको प्रभाव र आमाको निरन्तरको हौसलाले उनी कथा लेखनतर्फ आकृष्ट भइन् ।

कथाकार ठकुरीको सन् १९५९ मा भारतको मेघालयबाट प्रकाशित हुने ‘आशा’ पत्रिकामा ‘बौलाही’ शीर्षकको पहिलो कथा प्रकाशित भएको थियो । ‘नजुरेको जोडी’ (२०३०), ‘गमलाको फूल’ (२०३३), ‘साँघु तरेपछि’ (२०३९), ‘चौतारो साक्षी छ’ (२०४६), ‘माया ठकुरीका कथाहरू’ (२०४८), ‘आमा आउनुहोस्’ (२०६४), ‘प्रियंवदा’ (२०६९) उनका प्रकाशित कथासङ्ग्रह हुन् । उनका कतिपय कथाहरू हिन्दी, बङ्गाली, तमिल, जापानी, अङ्ग्रेजी आदि भाषामा अनूदित भएका छन् । नेपाली साहित्य आकाशलाई अन्तर्राष्ट्रिय आकाशसम्म पुऱ्याउने सफल कथाकार माया ठकुरीलाई ‘रत्न श्री स्वर्ण पदक’ (२०३५), ‘मैनाली कथा पुरस्कार’ (२०४१), ‘खिल शर्मा राजीवलोचन जोशी पुरस्कार’ (२०६३), ‘दीप ज्योति सम्मान’ (२०६६), ‘नेपाली साहित्य

नारी रत्न सम्मान' (२०७३), 'पूर्णिमा साहित्य रत्न' (२०७५) बाट सम्मान गरिएको छ ।

कथाकार ठकुरी सामाजिक यथार्थवादी कथाकार हुन् । उनका कथाले मातृत्वको सच्चा भावद्वारा मानवतावादी भावना अभिप्रेरित गरेका छन् । उनका कथाभित्र प्रेम र स्नेहका कुराहरू मात्र होइन मानवीय विवशता र विद्रोहका कुराहरू पनि पाइन्छन् । आजको समय र यथार्थको गहिरो अध्ययन गरी आजको मान्छेको कथा लेख्नु कथाकारको विशेषता हो । उनका कथामा सामाजिक यथार्थभित्र मनोवैज्ञानिक अनुभूतिहरू मार्मिक रूपमा प्रस्तुत भएका छन् । माया ठकुरीका कथागत प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) नवचेतनाको युगकी सामाजिक यथार्थवादी नारी स्रष्टा

(ख) नारी संवेदना र अनुभूति प्रस्तुतकर्ता

(ग) आजका मान्छेको जीवन्त चित्र प्रस्तुत गर्ने कथाकार

(घ) कथाका पात्रहरूको स्तर, तह र क्षमताअनुसारको आलङ्कारिक भाषा प्रयोग गरी कथा लेख्ने कथाकार ।

आज पनि सदा झैँ आफ्नो तीनतले घरको बार्दलीमा सबेरै छिमेकीको आँगनमा खेलिरहेका ससाना केटाकेटीहरूलाई हेर्नमा तल्लीन छिन् दमयन्ती । दमयन्ती र सत्यव्रतले यो घर बनाएको पनि झन्डै नौ वर्ष हुन लाग्यो ।

भुँइतला बहालमा दिएर माथिको दुई तला उनीहरूले प्रयोग गरिरहेका छन् ।

उनीहरूका दुई छोराहरू उमेश र रघु अनि एउटी छोरी सुस्मिता अमेरिका गएदेखि तिनीहरूको कोठा रित्ता भएका छन् । अब ती रित्ता कोठाहरूमा दमयन्ती र सत्यव्रतका विगतका स्मृति मात्र सलबलाइरहेका छन् ।

सत्यव्रतलाई डाक्टरले बिहान बेलुका पैँदल हिँड्नुपर्छ भनेका हुनाले उनी दिन नबिराईकनै बिहान बेलुकी केही समय घरदेखि निस्किएर पैँदल हिँड्ने गर्दछन् । अरू बेला उनी कहिले टिभी हेर्ने र कहिले पत्रपत्रिका हेरेर बिताउने गर्दछन् ।

सत्यव्रतले दमयन्तीलाई पनि आफूसँगै डुल्न लैजान चाहन्छन् तर दमयन्ती घर छोड्न मान्दै मान्दिनन् । उनी प्रायः जसो एकान्तमा बसेर मनमा अनेक थरीका कुरा खेलाइरहन्छिन् । त्यस्तै गहिरो सोचाइमा डुबेको बेला अनायास उनको आँखा रसाउँछ र बारम्बार दीर्घ निश्वास लिने गर्छिन् उनी ।

माइली बिहान बेलुका आएर दमयन्तीको घरधन्दा गर्छिन् । घर सफा गर्नु, भाँडा माझ्नु, कपडा धुनु र बजार गएर धेर थोर सामान किनेर ल्याउने जिम्मा सबै माइलीलाई छ ।

माइली प्रायःजसो दमयन्तीको अघि आफ्नो दुःखेसो पोख्ने गर्छिन् । लोग्ने जड्याहा र जुवाडे भइदिएका कारणले गर्दा आफूले पाउनुसम्म दुःख पाएको कुरा भन्दै लोग्नेले गरेको व्यवहारप्रति आक्रोश व्यक्त गर्छिन् । लोग्नेले उनको शरीरमा नीलडाम बस्ने गरी कुटेको भन्दै नीलडाम बसेको शरीरको भाग देखाउँदै बरबर्ती आँसु खसालेर रुन्छिन् उनी ।

"कहिलेकाहीँ त प्रतिवाद गरूँ कि जस्तो लाग्छ मलाई ।" लोग्नेले आफूमाथि गरेको अत्याचारको कारणले गर्दा आजित भएर भन्ने गर्दछिन् उनी । दमयन्ती माइलीलाई सम्झाई बुझाई गर्छिन् । उनलाई सान्त्वना दिन्छिन् ।

दमयन्तीले पनि अब त साठी वर्ष नाघिसकिन् । उमेर बढ्नुका साथै उनको घुँडा दुख्ने रोग पनि बढ्दै छ, भएन पोहोर सालदेखि त दमको व्यथाले पनि बेला बेलामा च्याप्ने गरेको छ उनलाई ।

"हजुरहरूले आफ्नो स्वास्थ्यको ध्यान राख्नू ! राम्रो डाक्टरलाई जँचाउनू ! पैसाका लागि पिर नगर्नू, हामी पठाइदिउँला !" छोराहरू प्रायःजसो फोनमा त्यसो भन्ने गर्छन् । छोराहरूको कुरा सुनेर दमयन्तीको हृदय कटक्क खान्छ । आँखाभरि आँसु टिलपिल हुन्छ ।

कहिलेकाहीँ उमेशले फोनमा भन्ने गर्दछ, "आमा ! यहाँ हजुरका नाति हजुरसँग बोल्ने अरे । ल, उसलाई फोन दिएँ है त !"

"हेलो ग्रानी, हाऊ डू यू डू ?" उताबाट उमेशको छोरो बोल्ने गर्छ ।

नातिको स्वर सुनेर हर्ष र विषादको भुँवरीमा पर्ने गरेकी थिइन् दमयन्ती । "सुन्नुभयो हजुरको नातिको स्वर ?" उमेशले फोन लिएर धेरै पटक सोधेको थियो आमासँग ।

"सुनेँ बाबू सुनेँ । तर छोरालाई नेपाली बोल्न किन नसिकाएको ? पछि त तिमीहरू फर्केर आफ्नै देशमा आउनुपर्छ बा । सधैँभरि त्यहाँ बसेर हुँदैन । मेरो नातिलाई हाम्रो भाषा पनि बोल्न सिकाइदेऊ है बा !" दमयन्ती करुण स्वरमा भन्ने गर्छिन् छोरासँग ।

"आ, आमा नि, उसलाई नेपाली बोल्न सिकाएर यहाँ कोसँग बोल्नू ? यहाँ त जतासुकै अङ्ग्रेजी भाषा मात्र चल्छ ।" उमेश भन्ने गर्छ ।

"जे भए तापनि पछि त यहीँ आउनुपर्छ बा ! अब त हामी पनि बुढाबुढी भइसक्यौँ । छातीमा ठुलो ढुङ्गा राखेर बसेको जस्तो भएको छ यो रित्तो घर हामीलाई । बुबा पनि तिमीहरू उता गएपछि दुई पटक सिकिस्त बिरामी परेर अस्पताल भर्ना हुनु परेको थियो । छ न त यहाँ सबै आफन्तहरू छन् । परेका बेलामा सबैले मदत गर्न खोज्छन्, तर पनि बा तिमीहरू, आफ्नो सन्तान छेउमा नहुँदा साह्रै पिर लाग्दो रहेछ । हिजोआज त म पनि बिरामी परिरहन्छु । तिमीलाई थाहै छ, हामी डाँडापारिको घाम झैँ भइसकेका छौँ । प्राण जाने बेलामा कतै छोराछोरीको मुख पनि हेर्न पाइन्न कि जस्तो लाग्छ । आऊ बा आऊ ! अब धेरै बस्यौ विदेशमा । भाइ र बहिनीलाई पनि आफूसँगै लिएर आऊ !" सुँक्क सुँक्क रुने गर्छिन् दमयन्ती छोरासँग ।



“आमा पनि कस्तो ससानो कुरामा रोइहाल्ने । यहाँ मेरो र सिल्भियाको जागिर छ, छोरो स्कुल पढ्दै छ । बरु अर्को वर्ष दसैँ ताका म मात्र भए पनि आउँला नि, हुन्न ? पिर नगर्नुहोस् ! म अर्को वर्ष जसरी भए पनि आउने छु ।” उमेश प्रायःजसो त्यसै भनेर सान्त्वना दिने गर्दछ आमालाई ।

तीन वर्षअघि रघु आएको थियो । ऊ पन्ध्र दिन मात्र बस्यो घरमा । त्यही पन्ध्र दिनभित्रमा हतार हतार केटी खोजेर बिहे गरिदिएका थिए सत्यव्रत र दमयन्तीले रघुको । रघु अमेरिका फर्केको दुई महिना पनि नबित्दै आफूसँगै बोलाएको थियो रघुले आफ्नी दुलहीलाई । त्यसैबेला सुस्मिता पनि उतै दाजुहरूसँगै बस्ने पढ्ने भनेर गएकी थिई ।

त्यसबेला पनि उमेश घर आएको थिएन । कति रहर थियो सत्यव्रत र दमयन्तीलाई उमेशको बिहे पनि सजातीय केटीसँग गरिदिने, तर उनीहरूले सोचे जस्तो भएन । उमेशले त्यहाँ गएको दुई वर्षपछि नै अमेरिकी युवतीसँग बिहे गऱ्यो र अहिले ऊ एउटा छोराको बाबु पनि भइसक्यो ।

अहिले सुस्मिता दाजुहरू बसेको ठाउँबाट निकै टाढा एउटी अर्की केटी साथीसँग मिलेर भिन्दै डेरा लिएर बस्न थालेकी छ अरे । “मेरो लागि हजुरहरूले पिर नगर्नू !” प्रायःजसो फोनमा आमाबाबुसँग कुरा गर्दा भन्ने गर्दछे सुस्मिता ।

यहाँ छँदा छोरी कतै गएका बेला कुनै कारणवश बेलुका घर फर्कन अलिक ढिलो भयो भने एकदमै आत्तिने दमयन्तीको मन छोरी त्यसरी विदेशमा छुट्टै डेरा लिएर बसेकी छ अरे भन्ने सुन्दा एकदमै विचलित हुने गर्दछ । तर विवश उनी, केही गर्न सक्दिनन् ।

“तिमी अनाहकमा पिर गर्ने गर्छ्यौ । आजको युग तिम्रोहाम्रोजस्तो युग होइन । हाम्री छोरी पनि स्वावलम्बी बन्ने प्रयत्न गर्दै छे । सधैँभरि आमाबाबाको औँला समातेर कति हिँड्नू ?” पत्नीले छोरीको विषय लिएर पिर गरेको देखेर भन्ने गर्छन् सत्यव्रत ।

“कतै सुमीले पनि उमेशले जस्तै उतै बिहे गरी भने !” शङ्का पोख्छिन् दमयन्ती पतिको अघि ।

“तिमीले पनि कस्तो कुरा गरेकी ? एउटाले त्यसो गऱ्यो भन्दैमा सबैले त्यसै गर्छन् भन्ने के छ र ? खोइ त रघुले त हामीले रोजिदिएकै केटी बिहे गऱ्यो त ।” आश्वासन दिँदै भन्ने गर्छन् सत्यव्रत दमयन्तीलाई ।

“ए, किन लडेका हौं यी दुई भाइहरू यसरी ? सम्झा त बाबू यी दुवैलाई ! साँझ परेपछि हात-गोडा धोइवरी बस्नु छैन । खाली झगडा गरेका छन्, लडेका छन् । बिदाको दिन त झनै आउनै नहुने भयो । दिनभरि टाउको खान्छन् यी केटाकेटीहरूले । पल्लो घरकी बुढी माउ ठूलो स्वरले बोलेकी हुनाले दमयन्तीको तन्द्रा भङ्ग हुन्छ ।”

“ए केटा हो ! छिटो हातगोडा धोएर पढ्न बस ! बुवा आउने बेला भयो ।” बुढीको कान्छो छोरो जो त्यहीँ आँगनमा बसेर कुनै पत्रिका पढ्दै गरेको हुन्छ, उसले हप्काउँदै भन्छ भतिजाहरूतिर हेरेर ।

काकाले हकार्नासाथ दुवै केटाहरू लड्न छोडेर त्यहीँ आँगनको कुनामा भएको धारातिर दगुर्छन् ।

“सानु, आऊ बा ! आऊ ! यी दुधमाम सुरप्प गर त । हेर ! हाम्री नातिनी कति ज्ञानी छे ।” भन्दै ती बुढी महिला कचौराभरि दुधभात लिएर मुछ्दै त्यहीँ आँगनमा बसेर माटो खेल्दै गरेकी नातिनीलाई डाक्न थाल्छिन् । दमयन्तीलाई त्यो पल्लो घरको आँगनमा संसारभरिको खुसी छताछुल्ल भएको झैँ लाग्दछ । त्यता हेर्दाहेर्दै दीर्घ निश्वास लिन्छिन् दमयन्ती ।

“वृद्धावस्थामा आएर यस्तो उराठलाग्दो जीवन बिताउनुपर्ला भनेर मैले सपनामा पनि सोचेकी थिइनँ ।” कहिलेकाहीँ साह्रै नै विरक्तिएर भन्ने गर्छिन् दमयन्ती सत्यव्रतको अघि ।

“यसैलाई त जिन्दगी भनिन्छ । आफ्नो सन्तानका निम्ति हरेक आमाबाबुले कुनै न कुनै रूपमा केही त्याग गरेकै हुन्छन् । हामीले हाम्रा सन्तानहरूका निम्ति सुखको कामना गऱ्यौँ र उनीहरूको उचित इच्छा आकाङ्क्षालाई प्रोत्साहित गऱ्यौँ । आज उनीहरू आआफ्ना लक्ष्यप्राप्तिका निम्ति अघि बढिरहेका छन् । त्यसमा हामी नै फेरि किन बाधा बन्ने ? गरुन् विकास उनीहरूले जीवनमा । यही नै त चाहेका थियौँ हामीले, होइन ?” त्यसरी सम्झाउने गर्छन् सत्यव्रत पत्नीलाई ।

“व्यक्तिगत विकासका लागि त्यसरी भौँतारिएर आफ्नो देश, आमाबावु, इष्टमित्र र आफ्नो संस्कारसमेत बिर्सिनु कहाँसम्म उचित होला ? के पैसा नै जीवनमा सर्वोपरि हो त ?” पतिको कुरो सुनेपछि केही उत्तेजित भएर भन्ने गर्छिन् दमयन्ती ।

“खोइ के भन्ने ! पैसाको कुरो गर्छ्यौं भने हिजोआज पैसाले मानवीय सम्बन्धलाई समेत पङ्गु तुल्याएको छ । मैले पनि हाम्रा छोराछोरीहरू विदेशमा गएर सधैँभरिका लागि उतैको भएर बसुन् भनेर कहिल्यै इच्छा गरेको थिइनँ । सुरु सुरुमा मैले उनीहरूलाई यी सब कुरा नसम्झाएको पनि होइन, तर लाग्दछ मेरो कुराले उनीहरूलाई रत्तीभर पनि छोएन । अब त मैले केही सम्झाउन पनि छोडिसकेँ । उनीहरूले त्यो सुनको पिँजडालाई नै सर्वस्व ठानेका छन् । यसर्थ हेर, व्यर्थमा हामीले मात्र पिर गरेर केही हुने होइन । बरु हामी जे जस्तो अवस्थामा  छौँ त्यसैमा सन्तुष्ट हुने प्रयास गर्नुपर्छ । आखिर रोएर केही प्राप्त हुने होइन, बुझ्यौ ?” सत्यव्रत त्यसै भन्ने गर्छन् पत्नीको अघि ।

सत्यव्रतले मुखले जे जस्तो भन्ने गरेको भए तापनि उनीभित्र लुकेको व्यथालाई सहजै अनुमान गर्न सक्छिन् दमयन्ती ।

हरेक सानाठुला चाडपर्वले विगतको उल्लासमय क्षणहरूलाई सम्झनाको डोरीले बाँधेर सत्यव्रत र दमयन्तीको आँखाअघि ल्याउने गर्दछ । ती छुटेका दृश्यहरूले दमयन्तीको मात्र होइन सत्यव्रतको आँखामा पनि विषादको बादल देखा पर्दछ, तर आफ्ना हृदयको व्यथालाई मौनताको बर्को ओढाउने विफल प्रयत्न गर्ने गर्छन् सत्यव्रत ।

आज जीवनको सन्ध्याकालमा नितान्त नीरस जीवन बिताइरहेका छन् उनीहरू । कहाँसम्म भने कहिलेकाहीँ त उनीहरूमाझ बोल्ने शब्दहरू पनि सकिएको झैँ हुन्छ । असाध्यै पट्यारलाग्दा भइदिएका छन् दिनहरू उनीहरूका निम्ति ।

सत्यव्रत र दमयन्तीका आफन्तहरू र परिचितहरू उनीहरूलाई भेट्दा प्रायःजसो भन्ने गर्छन्- “तपाईँहरू त कस्तो भाग्यमानी ! छोराछोरी सबै विदेशमा बसेर कमाइरहेका छन् । दुई बुढाबुढीलाई केको दुःख ?”

त्यस्तो कुरा सुनेर उनीहरू दुवैको ओठमा रुन्चे मुस्कान फैलन्छ । “भन्नु जति सजिलो छ, भोग्नु त्योभन्दा सयौँ गुना गाह्रो हुन्छ ।” उनीहरू सोच्छन् ।

“नमस्कार मुमा ! सन्चै हुनुहुन्छ ?” कसैले तल बाटोबाट बोलाएको स्वरले दमयन्ती झस्किन्छिन् र तल हेर्छिन् ।

“ए, शोभा पो रहिछौ ? माइत आएकी ? सन्चै छयौ ?” पल्लो घरकी छोरी आफ्ना ससाना छोराछोरीलाई डोऱ्याउँदै माइत आएको देखेर सोध्छिन् दमयन्ती ।

“हो मुमा, माइत आएकी । भोलि आमाको मुख हेर्ने दिन, त्यै भएर आजै आएकी ।” अनुहार उज्यालो पारेर भन्छिन् शोभा ।

“ए, हो त नि , भोलि आमाको मुख हेर्ने दिन !” अडिँदै बोल्छिन् दमयन्ती ।

"ल, तिमी अहिलेसम्म पनि यहीँ बसिराखेकी ? हेर ! साँझ पर्न लागिसक्यो । बत्ती पनि नबालेर किन यसरी अँध्यारोमा बसिरहेकी ?" केही बेरपछि डुलेर घर फर्केपछि सोझै दमयन्तीको नजिक गएर बोल्छन् सत्यव्रत । "भोलि आमाको मुख हेर्ने दिन भएकाले पल्लो घरकी शोभा छोराछोरी लिएर माइत आएकी रहिछन् ।" मानौँ आफैँसँग बोले झैँ गरेर भन्छिन् दमयन्ती ।

"ए" भन्दै दीर्घ निश्वास लिन्छन् सत्यव्रत ।

अर्को दिन बिहानै माइली आइन् र घरधन्दा गर्न लागिन् । "मुमा मलाई आज अलि चाँडो जान दिनुस् है ! बजार जानु छ ।" काम गर्दा गर्दै भनिन् माइलीले । "अँ, अलिकता पैसा पनि चाहिएको थियो । पछि मेरो तलबबाट काट्नुहोला ।" माइलीले फेरि कुरो थप्छिन् ।

केही बेरपछि दमयन्तीसँग पैसा लिइवरी माइली जान्छिन् ।

दमयन्तीको मन आज एकतमासले पिरोलिरहेको छ । उनीभित्रको शून्यताले उनी भित्रभित्रै निस्सासिएको जस्ती भएकी छिन् ।

बैठक कोठामा सोफामा बसेर सत्यव्रत टिभी हेरिरहेका छन् । दमयन्ती पनि त्यहीँ गइन् र चुपचापै सत्यव्रतको नजिकै बसिन् ।

सत्यव्रतले एकपटक पुलुक्क पत्नीको अनुहारमा हेरे । त्यहाँ विषादका रेखा स्पष्ट देखिएका थिए ।

उनीहरू दुवैका आँखा टिभीमा गडेको भए तापनि मस्तिष्कमा अरू नै कुरा खेलिरहेको थियो ।

"मुमा ! ए मुमा ! म त आएँ ।" भन्दै केही बेरपछि माइली आएर ढोकामा उभिइन् । उनी अर्को लुगा फेरेर नाडीभरि काँचका राता चुरामा सजिएर आएकी थिइन् । उनको हातमा एउटा सानो झोला पनि थियो ।

"ए, कता जान लाग्यौ ?" अनायास सोधिन् दमयन्तीले माइलीसँग ।



"ल, कहाँ जाने र ? म त यहीँ हजुरकहाँ आएकी नि आमाको मुख हेर्न भनी । आफ्नो त बाआमा कोही पनि छैनन् । हजुरलाई नै आमा ठानेर आएकी । हजुर पनि एक्लै, म पनि एक्लै । यी, यहाँ अलिकता फलफूल र मिठाई लिएर आएकी छु । राख्नुहोस् !" माइलीले एकै सासमा भनिन् ।

दमयन्ती बिस्तारै उठिन् ।

"ल छोरी त आइहाली नि, आमाको मुख हेर्न । अँ के के पकाएर ल्याएकी छ कुन्नि ? मलाई पनि दिनू नि, एक्लै नखानू !" भन्दै मजासँग हाँसे सत्यव्रत ।

"आमाको मुख हेर्ने दिनमा मात्र होइन, बाउको मुख हेर्ने दिनमा पनि आउनुपर्छ नि !" सत्यव्रतले फेरि भने ।

उता ढोकामा माइलीलाई अँगालोमा बाँधेर हुँक्कहुँक्क गर्दै रोइरहेकी थिइन् दमयन्ती ।

## शब्दार्थ

| | | |
|---|---|---|
| बहाल | : | भाडा, किराया |
| स्मृति | : | सम्झना |
| अनायास | : | अचानक, एकाएक |
| निश्वास | : | लामो सास, सुस्केरा |
| नीलडाम | : | पिटिएर वा चोटपटक लाग्दा रगत बाहिर निस्कन नसकी शरीर भित्रभित्रै पर्ने निलो दाग |
| बरबर्ती | : | लगातार आँसुका ढिका खस्ने |
| आजित | : | हैरान, दिक्क |
| विवश | : | बाध्य |
| विषादी | : | खिन्नता, दिग्दारी |
| भुँवरी | : | पानी, हावा आदि घुमीघुमी बनेको चक्राकार ठाउँ |
| करुण | : | दयाको भाव |
| सजातीय | : | एकै जात वा वर्गको |
| विचलित | : | तर्सेको, आत्तिएको |
| स्वावलम्बी | : | आफ्नै खुट्टामा उभिएको |
| छताछुल्ल | : | चारैतिर पोखिने वा छरिने गरी |
| बिरक्तिनु | : | दिक्दार हुनु |

| | | |
|---|---|---|
| आकाङ्क्षा | : | इच्छा, अभिलाषा |
| प्रोत्साहित | : | हौसला बढाइदिने काम, उत्साह |
| सर्वोपरि | : | सबैभन्दा बढी |
| उत्तेजित | : | उचालिएको, रुष्ट |
| आश्वासन | : | भरोसा |
| तन्द्रा | : | निद्राको पहिलो अवस्था, उँघ |
| संस्कार | : | मर्यादा, रहनसहन आदिका कारणले पर्ने प्रभाव |
| पङ्गु | : | विनाकामको |
| रत्तीभर | : | अत्यन्त थोरै |
| सर्वस्व | : | भएभरको पूरै सम्पत्ति |
| व्यर्थ | : | कुनै अर्थ नभएको, बिनसित्ति |
| क्षण | : | अवसर, मौका |
| व्यथा | : | पिर, चिन्ता |
| मौनता | : | नबोल्ने नियम, चुप |
| नीरस | : | नरमाइलो, खल्लो |
| एकतमास | : | एकोहोरोपन |

## कथा समीक्षा

### 'सुनको पिँजडा' कथाको समीक्षा

**(क) कथासार**

सत्यव्रत र दमयन्ती नौ वर्ष अगाडि बनाएको घरमा एक्लै बस्छन् । छोरा उमेश र रघु अनि एउटी छोरी सुस्मिता अमेरिका गएपछि उनहिरूको घर र घरका कोठाहरू रित्ता भएका छन् । सत्यव्रत बिहान बेलुका पैदल हिँड्ने, टिभी हेर्ने, पत्रपत्रिका पढ्ने गरेर समय बिताउँछन् भने दमयन्ती भने प्रायः एकान्तमा बसेर मनमा कुरा खेलाइरहन्छिन् । सत्यव्रत र दमयन्तीका मनमा विगतका स्मृति सलबलाउँछन् । माइली दमयन्तीको घरमा घरधन्दा गर्न आउँछिन् । घरका पीडा दमयन्तीलाई सुनाएर सान्त्वना पाउँदा माइलीको मन हल्का हुन्छ । सत्यव्रत र दमयन्तीसँग बेला बेलामा छोराछोरीको फोन सम्पर्क हुने गरेको छ । जेठो छोरा उमेशले

अमेरिकामा बिहे गरेको र कान्छो छोरा रघुले नेपालमै बिहे गरे पनि श्रीमतीलाई लिएर अमेरिका गएपछि उनीहरू एक्ला भएका छन् । उमेशको छोराले हेल्लो ग्रानी भनेर अङ्ग्रेजी बोल्दा उमेशलाई आफ्नो मातृभाषा छोरालाई सिकाउन सल्लाह दिन्छिन् । दमयन्ती आफ्ना छोराछोरीलाई नेपाल फर्किन आग्रह पनि गर्छिन् तर उनीहरूबाट आश्वासनबाहेक केही पाउँदिनन् । छोरी सुस्मिता दाजुहरूभन्दा टाढा बस्ने गरेको सुनेर दमयन्तीको मन आत्तिएको छ । उमेशको सजातीय केटीसँग बिहे गरिदिने इच्छा पूरा नभए पनि सुस्मिताको बिहे सजातीय केटासँग गरिदिने उनीहरूको रहर छ । छिमेकीका घरमा केटाकेटी खेल्दा, पाहुना आउँदा र चाडपर्वका बेला दमयन्तीलाई छोराछोरीको सम्झना धेरै आउँछ । छोराछोरीले आफ्नो देश, आमाबाबु, इष्टमित्र र आफ्ना संस्कार बिर्सन नहुने विचार राख्छिन् । पैसाले मानवीय सम्बन्धलाई पङ्गु बनाएको जस्तो लागेको छ । आफन्त र परिचितहरूले विदेशमा पैसा कमाइरहेका छोराछोरीको भाग्यमानी आमाबुबाभन्दा दमयन्ती र सत्यव्रतको रुन्चे हाँसो देखिन्छ । सत्यव्रत र दमयन्तीको पीडा र एक्लोपन नजिकबाट माइलीले बुझेकी हुन्छिन् । आमाको मुख हेर्न छिमेकी घरमा शोभा आउँदा दमयन्तीको आँखाभरि आँसु भरिएको माइलीले देखेकी हुन्छिन् । माइली घरधन्दा छिट्टै सकेर अलिकता पैसा लिएर जान्छिन् । केही बेरपछि मुमा, ए मुमा भन्दै नाडीभरि काँचका राता चुराले सजिएर फलफूल र मिठाई बोकी माइली दमयन्तीको घरमा आउँछिन् । त्यसपछि दमयन्ती आमाको मुख हेर्न आएकी माइलीलाई ढोकामा अङ्गालोमा बाँधेर हुँक्कहुँक्क गर्दै रुन्छिन् । उता सत्यव्रतले पनि आमाको मुख हेर्ने दिन मात्र होइन बाउको मुख हेर्ने दिनमा पनि आउनुपर्छ है भन्छन् ।

**(ख) पात्र तथा चरित्र**

'सुनको पिँजडा' सामाजिक कथाका मुख्य पात्र वा चरित्र सत्यव्रत र दमयन्ती हुन् । बिहान बेलुका पैदल हिँड्ने, टिभी हेर्ने, पत्रपत्रिका पढ्ने, दमयन्तीलाई आडभरोसा दिने दैनिकी सत्यव्रतको छ । उनी शालीन र भद्र स्वभावका छन् । हाँसीमज्जा गर्न रुचाउँछन् । जीवनको उत्तरार्द्धमा पनि सन्तानसँग सँगै बस्न नपाउँदा भित्रभित्र छट्पटिन्छन् । सत्यव्रतले जिन्दगी बुझेका छन् । आफ्ना सन्तानको खुसीका लागि आमाबाबुले कुनै न कुनै रूपमा त्याग गर्नुपर्ने दृढ विचार सत्यव्रतको रहेको छ । उनी व्यक्तिगत स्वार्थभन्दा माथि उठेका पात्र हुन् ।

दमयन्ती यस कथाकी गतिशील पात्र हुन् । उमेरले साठी नाघेकी दमयन्ती बुढेसकालमा आफ्ना वरिपरि छोराछोरी नहुँदा निसासिएकी छिन् । उनी एकान्तमा बसेर मनमा कुरा खेलाउने, विगतको स्मृतिमा हराउने गर्छिन् । छोराछोरीसँग फोनमा कुराकानी गर्दा नेपाल फर्कन आग्रह गर्छिन् । नातिले अङ्ग्रजीमा कुराकानी गर्दा आफ्नो भाषा, संस्कृति सिकाउन छोरालाई सल्लाह दिन्छिन् । आफ्नो मातृभूमि र संस्कृतिप्रति दमयन्तीको अपार श्रद्धा छ । उनी व्यक्तिगत विकासका लागि देश, आमाबाबु, इष्टमित्र र आफ्नो संस्कार बिर्सन नहुने मत राख्छिन् । छरछिमेकमा छोराछोरी, नातिनातिना र आफन्तहरूको चहलपहल हुँदा दमयन्तीलाई

छोराछोरीको असाध्यै याद आउँछ । एकाएक उनमा मातृवात्सल्य छछल्किन्छ । दमयन्तीभित्र कर्तव्य, मर्यादा, पारिवारिक एकता र सांस्कृतिक मूल्यबोध छ । उनी सन्तान परदेश गएपछि छोराछोरीको यादमा छट्पटाएर बस्ने आम आमाहरूकी प्रतिनिधि पात्र हुन् ।

यस कथाकी सहायक पात्र माइली हुन् । श्रीमान्को अविवेकी स्वभावले उनलाई थप पीडाबोध हुने गरेको छ । उनी गरिब भए पनि स्वभिमानी पात्र हुन् । आमाको मुख हेर्ने दिन सन्तानको यादमा छट्पटाइरहेकी दमयन्तीलाई आमाको मुख हेरेर क्षणिक खुसी फर्काइदिएकी छिन् । उमेश, रघु, सुस्मिता, सिल्भिया, शोभा, रघुकी श्रीमती, छिमेकी, आफन्तहरू यस कथाका सहयोगी पात्र हुन् ।

**(ग) परिवेश**

'सुनको पिँजडा' कथा छोराछोरी विदेश गएपछि एक्ला भएका आमाबुबाको कथा हो । यस कथाले नेपालको सहरी क्षेत्र र अमेरिकालाई स्थानगत परिवेशका रूपमा लिएको छ । अमेरिकामा फोन सम्पर्क हुनु, घर भाडामा लगाउनु जस्ता प्रसङ्गले सहरी क्षेत्रको प्रतिनिधित्व गरेका छन् । उमेश, रघु र सुस्मिता अमेरिका बसेको प्रसङ्ग, उमेशले अमेरिकन नागरिक सिल्भियासँग गरेको विवाह, उमेशको छोराले दमयन्तीसँग अङ्ग्रेजीमा गरेको कुराकानीले मुलुक बाहिरको परिवेश जोडिएको छ । लगभग नौ वर्षको अवधिका प्रतिनिधिमूलक घटनाहरू कथामा जोडिएका छन् । ससाना केटाकेटीको हल्लीखल्ली, छिमेकी घरमा भएका गतिविधि आदि सामाजिक पारिवारिक परिवेशका रूपमा आएका छन् । चाडपर्वको प्रसङ्ग, आमाको मुख हेर्ने दिन फलफूल, मिठाई आदि लिएर शोभा र माइलीको माइतीघरमा भएको आगमनले कथामा सांस्कृतिक परिवेश झल्काएको छ ।

**(घ) भाषाशैली**

'सुनको पिँजडा' कथा सरल र सरस भाषाशैलीमा लेखिएको सामाजिक कथा हो । लेखन शैलीका कारण यस कथाले पाठकवर्गमा जिज्ञासा सिर्जना गरेको छ । हृदयलाई चस्स छोएर कथाको अन्त्य हुनुले जीवनका सामाजिक यथार्थ र अनुभवको प्रस्तुति मार्मिक रूपमा प्रस्तुत भएको छ । नारी संवेदना केन्द्रित भएकाले कथा पठनीय र मननीय पनि छ । कथाको परिवेश अनुसारको पात्र छनोट र पात्रको स्तरअनुसारको भाषाशैलीको प्रयोगले यस कथालाई उत्कृष्ट बनाएको छ । तत्सम, तत्भव र आगन्तुक शब्दको सचेत प्रयोगले कथा सरल र मिठासपूर्ण बनेको छ ।

**(ङ) दृष्टिबिन्दु**

'सुनको पिँजडा' कथामा कथाकारको उद्देश्यलाई पाठकका सामु सोझै प्रस्तुत नगरी पात्र र परिवेशका माध्यमबाट प्रस्तुत गरिएको छ । पात्रका भावना, विचार, जीवनशैली तृतीय

पुरुषमार्फत् व्यक्त भएका छन् । सत्यव्रत, दमयन्ती, माइली, उमेश, शोभा आदि पात्रका भावनाहरू कथामा तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दुको माध्यमबाट अगाडि बढेको छ ।

**(च) उद्देश्य/सन्देश**

'सुनको पिँजडा' कथा नारी संवेदनामा केन्द्रित सामाजिक कथा हो । यस कथामा जीवनका सामाजिक यथार्थ र अनुभूतिहरूलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । नेपाली युवाहरूको विदेश पलायन हुने प्रवृत्तिले उब्जाएका मानवीय समस्याको उठान यस कथामा गरिएको पाइन्छ । बुढेसकालमा छोराछोरीको सहारा र सामीप्यता नहुँदा गरिने एक्लोपनको अनुभूति कथामा सत्यव्रत र दमयन्तीले गरेका छन् । नेपालमा बसेका बाबुआमाको पीडा नबुभ्ने विदेशी भूमिका ती छोराछोरीहरूको मनोविज्ञानबाट उत्पन्न भएको जटिल समस्याका परिणामलाई कथाले प्रस्ट पार्ने प्रयास गरेको छ । स्वास्थ्यप्रति सजक हुनुपर्ने, भाषा संस्कृतिलाई संरक्षण गर्नुपर्ने भावना कथाका पात्र सत्यव्रत र दमयन्तीको देखिन्छ । सजातीय विवाहका प्रसङ्गमार्फत सामाजिक सांस्कृतिक चलनलाई संवर्द्धन गर्न जोड दिइएको छ । दमयन्ती र उनका छोराछोरीबिचको संवादले 'आमाबुबाको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामुढामाथि' भन्ने लोकउक्तिलाई चरितार्थ गरेको छ । सुस्मितामार्फत् स्वावलम्बी बन्ने सन्देश पनि कथामा पाइन्छ । त्यसैले यस कथाले आमाबुबाले सन्तानका निम्ति त्याग गर्नुपर्ने र सन्तानले पनि देश, आमाबाबु, इष्टमित्र र आफ्नो संस्कारलाई बिर्सन नहुने सन्देश दिएको छ ।

**(छ) शीर्षक**

यस कथाका पात्र सत्यव्रत र दमयन्तीका छोरा, छोरी, बुहारी, नाति विदेशमा छन् । उनीहरू पैसा नै जीवनमा सर्वोपरि हो भन्ने ठानेर आफ्नो मातृभूमि र जन्मदिने मातापिता भन्दा टाढा हुन पुग्छन् । दमयन्तीको बारम्बारको स्वदेश फर्किने आग्रह पनि उनीहरूले मानेका छैनन् । विदेशमा पारिवारिक सद्भाव, ममता, सम्बन्ध स्वदेशमा जस्तो छैन । पैसाका लागि सबैकुरा बिर्सिएका छन् । उमेश, रघु, सुस्मिता, आदिले देखेको स्वर्ग धनसम्पति र ऐसआरामसँग मात्र सम्बन्धित छ । अमेरिका उनीहरूका लागि सुनको सहर बनेको छ । त्यस सहरलाई दमयन्तीले सुनको पिँजडा भनेकी छन् । छोराछोरीहरू पैसालाई सबैथोक सम्झेर मातृभूमि फर्किएनन् । खुला आकाशभन्दा विदेशको सुनको पिँजडा उनीहरूका लागि प्रिय बन्यो । यी घटना शृङ्खलालाई हेर्ने हो भने यस कथाको शीर्षक 'सुनको पिँजडा' उपयुक्त देखिन्छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

| | |
|---|---|
| (क) ............................... | अचानक, एकाएक |
| (ख) ............................... | खिन्नता, दिग्दारी |
| (ग) ............................... | पानी, हावा आदि घुमीघुमी बनेको चक्राकार ठाउँ |
| (घ) ............................... | एकै जात वा वर्गको |
| (ङ) ............................... | भरोसा |
| (च) ............................... | विनाकामको |
| (छ) ............................... | नरमाइलो, खल्लो |

**२. दिइएका उखान र तिनका अर्थबिच जोडा मिलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| | |
|---|---|
| एक कान दुई कान मैदान | सहयोग दोहोरो हुनुपर्छ |
| एक हातले ताली बज्दैन | आवश्यक परेका बेला अन्य वस्तुले काम चलाउनु |
| अड्को फड्को तेलको धूप | कमजोर भएपछि सबैले हेप्छन् |
| मुखमा रामराम बगलीमा छुरा | कुरा फैँलिँदै जान्छ |
| ओराले लागेको मृगलाई बाच्छाले पनि खेद्छ | बाहिर ठिक्क पार्ने तर भित्र षड्यन्त्र गर्ने |

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

पिर मानन्, डाँडापारिको घाम झैँ हुनु, विचलित हुनु, आश्वासन दिनु, छताछुल्ल हुनु, अनुमान गर्नु, पुलुक्क हेर्नु, कटक्क खानु

**४. शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

आज जिवनको सन्ध्या कालमा नितान्त नीरश जिवन बिताइरहेका छन उनीहरू । कहाँ सम्म भने कहिलेकाहीँ त उनीहरूमाझ बोल्ने शव्दहरू पनि सकियको झैँहुन्छ । असाध्यै पट्यारलाग्दा भईदिएका छन दिनहरू उनीहरूका नीम्ति ।

**५. 'सुनको पिँजडा' कथाका अनुच्छेद हाउभाउसहित पढ्नुहोस् ।**

**६. कथाकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) 'सुनको पिँजडा' कथाका रचयिता को हुन् ?

(ख) माया ठकुरीको साहित्यिक यात्रा कुन विधाबाट प्रारम्भ भएको थियो ?

(ग) माया ठकुरीका कथाहरू कुन कुन भाषामा अनुवाद भएका छन् ?

(घ) माया ठकुराका प्रकाशित कुनै चारओटा कथासङ्ग्रहको नाम लेख्नुहोस् ।

(ङ) कथाकार माया ठकुरीले पाएका मानसम्मानको सूची तयार पार्नुहोस् ।

**७. कथाकार माया ठकुरीका कथागत विशेषता उल्लेख गर्नुहोस् ।**

**८. एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) दमयन्ती र सत्यव्रतको घरको कोठा किन रित्ता भए ?

(ख) माइली कसका घरमा काम गर्न आउँछिन् ?

(ग) उमेशको छोराले हजुरआमालाई के भन्यो ?

(घ) शोभा कहिले माइत आइन् ?

(ङ) रघु स्वदेश आएर कति दिन बस्यो ?

(च) दमयन्तीको तन्द्रा कुन कुराले भङ्ग भयो ?

(छ) माइलीले दमयन्तीसँग किन पैसा मागिन् ?

**९. दिइएका भनाइ कसले, कुन सन्दर्भमा भनेका हुन् ? कथाको सन्दर्भ उल्लेख गर्नुहोस् :**

(क) कतै सुमीले पनि उमेशले जस्तै उतै बिहे गरी भने !

(ख) मेरो नातिलाई हाम्रो भाषा पनि बोल्न सिकाइदेऊ है बा !

(ग) सानु, आऊ बा ! आऊ ! यी दुधमाम सुरप्प गर त । हेर ! हाम्री नातिनी कति ज्ञानी छे ।

(घ) मलाई आज अलि चाँडो जान दिनुस् है ! बजार जानु छ ।

(ङ) आमाको मुख हेर्ने दिनमा मात्र होइन, बाउको मुख हेर्ने दिनमा पनि आउनुपर्छ नि !

**१०. 'सुनको पिँजडा' कथा पढी दिइएका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :**

(क) छोराछोरीले पैसालाई सर्वोपरि ठानेर स्वदेश नफर्किँदा दमयन्तीको चित्त दुख्नु

(ख) माइली बिहान बेलुका आएर दमयन्तीको घरधन्दा गरिदिनु

(ग) दमयन्तीले ढोकामा माइलीलाई अँगालोमा बाँधेर हुँक्कहुँक्क गर्दै रुनु

(घ) घरधन्दा छिट्टै सकेर दमयन्तीसँग पैसा लिइवरी माइली फर्किनु

(ङ) रित्ता कोठाहरूमा दमयन्ती र सत्यव्रतका विगतका स्मृति मात्र सलबलाउनु

(च) आमाको मुख हेर्ने दिन माइली फलफूल र मिठाई बोकेर दमयन्तीको घर आउनु

(छ) आफन्त र परिचितहरूले भाग्यमानी भन्दा सत्यव्रत र दमयन्तीको ओठमा रुन्चे मुस्कान फैलनु

(ज) सत्यव्रतले माइलीलाई बाबुको मुख हुर्ने दिन पनि आउन अनुरोध गर्नु

(झ) वृद्धावस्थामा उराठलाग्दो जीवन बिताउनु

(ञ) दमयन्ती र उमेशका बिच कुराकानी हुनु

**११. दिइएका बुँदाहरूका आधारमा 'सुनको पिँजडा' कथाकी पात्र दमयन्तीको चरित्र चित्रण गर्नुहोस् :**

(क) कथाकी गतिशील पात्र

(ख) मातृभूमि र संस्कृतिप्रति अपार श्रद्धा

(ग) कर्तव्य, मर्यादा, पारिवारिक एकताका पक्षधर

(घ) परदेश गएका छोराछोरीको यादमा छट्पटाएर बस्ने आम आमाहरूकी प्रतिनिधि पात्र ।

**१२. दिइएका बुँदाहरूका आधारमा 'सुनको पिँजडा' कथाको सन्देश लेख्नुहोस् :**

(क) 'सुनको पिँजडा' कथाले जीवनका सामाजिक यथार्थ र अनुभूतिको मार्मिक प्रस्तुति

(ख) विदेशी भूमिका बसेका छोराछोरीहरूको मनोविज्ञानबाट उत्पन्न सामाजिक र पारिवारिकको उद्घाटन

(ग) सामाजिक सांस्कृतिक चलनको संरक्षण

(घ) सन्तानले पनि देश, आमाबाबु, इष्टमित्र र आफ्नो संस्कारलाई बिर्सन नहुने सन्देश

**१३. दिइएको कथाको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

"यसैलाई त जिन्दगी भनिन्छ । आफ्नो सन्तानका निम्ति हरेक आमाबाबुले कुनै न कुनै रूपमा केही त्याग गरेकै हुन्छन् । हामीले हाम्रा सन्तानहरूका निम्ति सुखको कामना गऱ्यौँ र उनीहरूको उचित इच्छा आकाङ्क्षालाई प्रोत्साहित गऱ्यौँ । आज उनीहरू आआफ्ना लक्ष्यप्राप्तिका निम्ति अघि बढिरहेका छन् । त्यसमा हामी नै फेरि किन बाधा बन्ने ? गरुन् विकास उनीहरूले जीवनमा । यही नै त चाहेका थियौँ हामीले, होइन ?" त्यसरी सम्झाउने गर्छन् सत्यव्रत पत्नीलाई ।

**प्रश्नहरू :**

(क) जिन्दगी भनेको के हो ?

(ख) माथिको गद्यांशमा व्यक्त विचारप्रति तपाईंको सहमति वा असहमति के छ ?

**१४. दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) उमेश र उसका भाइबहिनी स्वदेश नफर्किनुका कारण के हो ?

(ख) सत्यव्रतले दमयन्तीलाई किन सम्झाए ?

(ग) माइलीले आमाको मुख कसरी हेरिन् ?

(घ) कथाकी पात्र माइलीको चरित्र चित्रण गर्नुहोस् ।

(ङ) यस कथामा सामाजिक, आर्थिक र स्थानगत परिवेशको चित्रण कसरी गरिएको छ ?

(च) कथामा पाइने भाषाशैलीगत विशेषता के के हुन् ?

(छ) 'सुनको पिँजडा' कथाको शीर्षक कसरी सार्थक छ ? कथामा प्रस्तुत सन्दर्भका आधारमा पुष्टि गर्नुहोस् ।

**१५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) आफ्नो सन्तानको निम्ति हरेक आमाबाबुले कुनै न कुनै रूपमा केही त्याग गरेकै हुन्छन् ।

(ख) हिजोआज पैसाले मानवीय सम्बन्धलाई समेत पङ्गु तुल्याएको छ ।

**१६. दिइएको कथन पढी उक्त कथनभन्दा पहिले र त्यसभन्दा पछाडिका कथा सन्दर्भहरू बुँदागत रूपमा टिपोट गर्नुहोस् :**

सत्यव्रत र दमयन्तीका आफन्तहरू र परिचितहरू उनीहरूलाई भेट्दा प्रायःजसो भन्ने गर्छन्- "तपाईंहरू त कस्तो भाग्यमानी ! छोराछोरी सबै विदेशमा बसेर कमाइरहेका छन् । दुई बुढाबुढीलाई केको दुःख ?"

त्यस्तो कुरा सुनेर उनीहरू दुवैको ओठमा रुन्चे मुस्कान फैलन्छ । "भन्नु जति सजिलो छ, भोग्नु त्योभन्दा सयौँ गुना गाह्रो हुन्छ ।" उनीहरू सोच्छन् ।

**१७. 'सुनको पिँजडा' कथा पढेर मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।**

**१८. नेपाली युवाहरूको विदेश पलायन हुने प्रवृत्तिले उब्जाएका मानवीय समस्यालाई 'सुनको पिँजडा' कथामा कसरी प्रस्तुत गरिएको छ ? समीक्षा गर्नुहोस् ।**

**१९. "व्यक्तिगत विकासका लागि त्यसरी भौँतारिएर आफ्नो देश, आमाबावु, इष्टमित्र र आफ्नो संस्कारसमेत बिर्सिनु कहाँसम्म उचित होला ? के पैसा नै जीवनमा सर्वोपरि हो त ?" दमयन्तीले आफ्ना पतिसँग गरेका यी प्रश्नहरू तपाईंलाई कस्तो लाग्छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।**

**२०. दिइएको कथांश पढी दमयन्तीले छोराछोरीलाई स्वदेश फर्किन आग्रह गर्नुका कारणहरू लेख्नुहोस् :**

"जे भए तापनि पछि त यहीँ आउनुपर्छ बा ! अब त हामी पनि बुढाबुढी भइसक्यौँ । छातीमा ठुलो ढुङ्गा राखेर बसेको जस्तो भएको छ यो रित्तो घर हामीलाई । बुबा पनि तिमीहरू उता गएपछि दुई पटक सिकिस्त बिरामी परेर अस्पताल भर्ना हुनु परेको थियो । छ न त यहाँ सबै आफन्तहरू छन् । परेका बेलामा सबैले मदत गर्न खोज्छन्, तर पनि बा तिमीहरू, आफ्नो सन्तान छेउमा नहुँदा साह्रै पिर लाग्दो रहेछ । हिजोआज त म पनि बिरामी परिरहन्छु । तिमीलाई थाहै छ, हामी डाँडापारिको घाम झैँ भइसकेका छौँ । प्राण जाने बेलामा कतै छोराछोरीको मुख पनि हेर्न पाइन्न कि जस्तो लाग्छ । आऊ बा आऊ ! अब धेरै बस्यौ विदेशमा । भाइ र बहिनीलाई पनि आफूसँगै लिएर आऊ !" सुँक्क सुँक्क रुने गर्छिन् दमयन्ती छोरासँग ।

**२१ 'सुनको पिँजडा' कथाको कथासार लेख्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. तपाईंले आफूले पढेका वा सुनेका घटनाप्रधान वा चरित्रप्रधान सामाजिक कथा सुनाउनुहोस् ।**

**२. दिइएका बुँदाका आधारमा सामाजिक कथा तयार गर्नुहोस् :**

सन्तमान आफूलाई चाहिएको सामान किन्न सुपर मार्केट छिर्नु ...................... त्यहाँ सामानहरू सजाएको देख्नु ...................... जति घुम्दै गयो उसलाई उति धेरै सामान किन्न मन लाग्नु ...................... आफ्नो खल्ती विचार गर्नु ...................... उसले धेरै सामान किन्नु ...................... पैसा सिद्धिए पनि सामान किन्ने इच्छा रहिरहनु ...................... उसको मनमा पैसा नै सबैथोक रहेछ जस्तो पर्नु ...................... ऊ पैसाको पछाडि दौडिनु ...................... उसले नातासम्बन्ध तोड्दै जानु ...................... एक दिन उसलाई आपत् पर्नु ...................... पैसाले केही गर्न नसक्नु ...................... सम्पत्तिभन्दा नातासम्बन्ध ठुलो हुने सन्देश ।

**३. समाजमा रहेको विपन्न वर्गले भोग्ने सामाजिक र आर्थिक समस्या र त्यसबाट सिर्जित अवस्थालाई जोडेर कथा तयार गर्नुहोस् ।**

## थप पाठ्यसामग्री

### चरित्र चित्रण गर्ने विधि

**(क) वर्णनात्मक विधि**

पात्रको विशेषता, गुणदोष, वेशभूषाको परिचय दिने विधि वर्णनात्मक विधि हो । यसमा पात्रको हाउभाउ, टीका टिप्पणी र साधारण प्रतिक्रियाको वर्णन भएको हुन्छ । यो लेखकद्वारा वर्णन गरिने प्रत्यक्ष विधि हो ।


**(ख) नाटकीय विधि**

पात्रले गर्ने संवाद, वादविवाद, विभिन्न घटना र त्यसबाट उत्पन्न क्रियाप्रतिक्रियाका माध्यमबाट चरित्र चित्रण गर्ने विधि नाटकीय विधि हो । यसमा कथाकार तटस्थ बस्नुपर्छ ।

**(ग) आत्मकथात्मक विधि**

आत्मकथात्मक विधिमा पात्रले स्वयम् आफ्नो विचार र अनुभव आत्मकथाका माध्यमबाट व्यक्त गर्दछ ।

### चरित्रका प्रकार



# पाठ ४ कथाकार विश्वेश्वरप्रसाद कोइराला र उनको 'शत्रु' कथा

**सक्षमता**

(क) कथाकार विश्वेश्वरप्रसाद कोइरालाको सामान्य परिचय र कथागत प्रवृत्ति बताउन
(ख) पाठमा प्रयुक्त नयाँ/कठिन शब्द, उखान, टुक्काको पहिचान र अर्थबोध गर्न
(ग) पाठमा प्रयुक्त उखान, टुक्कालाई वाक्यमा प्रयोग गर्न
(घ) पाठलाई गति र यति मिलाई सस्वर वाचन गर्न
(ङ) कथाका पात्रहरूको परिचय दिन
(च) कथाको परिवेश पहिचान गर्न
(छ) कथाका घटनाको पूर्वानुमान र पश्च अनुमान गर्न
(ज) कथाका मुख्य मुख्य घटनाहरू बताउन
(झ) कथाको मुख्य भाव व्यक्त गर्न
(ञ) कथाको भाषाशैलीगत विशेषता बताउन
(ट) कथाका महत्त्वपूर्ण अंशको व्याख्या गर्न
(ठ) सङ्क्षिप्त र समीक्षात्मक प्रश्नको उत्तर दिन
(ड) अनुकरणात्मक र मौलिक कथा सिर्जना गर्न

## कथाकारको परिचय र कथागत प्रवृत्ति



कथाकार विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ भदौ २४ गते भारतको वनारसमा भएको थियो । उनको न्वारनको नाम चूडामणि कोइराला हो । उनले बिए, बिएलसम्मको अध्यनन गरेका थिए । उनका पिता कृष्णप्रसाद कोइरालालाई राणाहरूले सर्वस्वसहित निर्वासित गराएकाले भारतको वनारसमा उसको बाल्यकाल बित्यो । नेपालका प्रथम प्रजातान्त्रिक निर्वाचित प्रधानमन्त्रीसमेत बनेका कोइरालाको मृत्यु वि.सं. २०३९ श्रावण ६ गते काठमाडौँमा भएको थियो ।

विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली कथाको परम्परामा मानिसका मनका भावना, व्यवहारलाई केलाउने मनोवैज्ञानिक धाराका थालनीकर्ता हुन् । बिए, बिएलसम्मको अध्ययन पूरा गरेका कोइरालाले साहित्य र राजनीतिका क्षेत्रमा प्रसिद्धि पाएका छन् । वि.सं. १९९२ मा 'शारदा' पत्रिकामा 'चन्द्रवदन' कथा प्रकाशित गरेर नेपाली साहित्यका फाँटमा प्रवेश गरेका कोइरालाले त्यसअघि नै बनारसमा रहँदा हिन्दी भाषाका चारओटा कथाहरू लेखेका छन् । कथाकार कोइरालाको हिन्दी भाषाको पहिलो कथा भने 'वहाँ' (१९८९) हो ।

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले उपन्यास, कथा, कविता, निबन्ध र आत्मजीवनी लेखेका छन् । दोषी चस्मा (२००६) र श्वेतभैरवी (२०३९) गरी दुईओटा कथासङ्ग्रह प्रकाशित भएका छन् । तीनघुम्ती (२०२५), नरेन्द्र दाइ (२०२६), सुम्निमा (२०२७), मोदिआइन (२०३६), हिटलर र यहुदी (२०४०) र बाबु, आमा र छोरा (२०४५) उनका उपन्यासहरू हुन् । कथाकार कोइरालाले आधुनिक मनोवैज्ञानिक सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तको अनुसरण गरेर कथा लेखेका छन् । त्यसैले उनलाई फ्रायडवादी कथाकार भनिन्छ । मानव मनको चेतन र अवचेतन अवस्थाको चित्रण उनका कथामा पाइन्छ । उनले मानसिक द्वन्द्वलाई प्राथमिकता दिएर कथा लेखेका छन् । कोइरालाका कथागत प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) प्रथम मनोवैज्ञानिक कथाकार

(ख) सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तबाट प्रभावित कथाकार

(ग) मानिसको असामान्य मनको चित्रण गर्ने कथाकार

(घ) पात्रका मानसिक द्वन्द्वको चित्रण गर्ने कथाकार


(ङ) कथाका पात्रहरूको स्तरअनुकूलको भाषा प्रयोग गरी कथा लेख्ने कथाकार ।

'आँखामा राखे पनि नबिझाउने' भन्ने उखान कसैका निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायको निमित्त हुन्थ्यो । पैँतालिस वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए । तिनले यता दशबाह्र वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन् । यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । तिनका मतअनुसार कर्जामा गएको रुपियाँ आफू आउँदा झगडा बोकी ल्याउँछ तर दुःख परेको बखतमा 'राजद्वारे श्मशाने च' तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे । जनककुमारीको एक्लो छोरो मर्दा जनककुमारीको पिरभन्दा तिनको सान्त्वनाले त्यहाँ मान्छेहरूको आँखामा आँसु ल्यायो । गाउँलेहरूमा झगडा पर्‍यो भने तिनी नै मध्यस्थ हुन्थे । तिनले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिँदैनथ्यो । आफ्नो घरबाट तिनी कम निस्कन्थे र निस्केको दिन कि त कसैकहाँ मृत्यु भएछ कि झगडा भएछ भनी ठान्नुपर्थ्यो । सडकमा सबै जना अदबसँग तिनको अभिवादन गर्थे ।

कृष्ण रायलाई सबै प्रकारको सुख थियो - धनको, यशको र सम्मानको । तिनका सन्तान थिएनन् तर यस अभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजोलाई पाली पूर्ति गरेका थिए ।

एक रात तिनी खाई पिई सुत्ने यत्न गरिरहेका थिए । तिनका मनमा धेरै प्रकारका विचार आउन थाले । तिनको जीवन कसैले असफल भन्न सक्दैन । सानोतिनो पुँजी पनि कमाइहालेका थिए । रुपियाँ जम्मा गर्दा अरूहरूले गरे जस्तो रैतीहरूलाई पिर पनि पारेनन् । तिनको कोही वैरी थिएन, यही तिनको सन्तोषको ठुलो कारण थियो । पैतालिस वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई

आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेका बेलामा तिनीमाथि लट्ठीको प्रहार पऱ्यो । संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि - यो छुट्याउन गाह्रो थियो ।



कृष्ण राय जुरमुरिँदै उठे, तबसम्म आक्रमणकारी भागिसकेको थियो । "मलाई कसले यसरी आक्रमण गऱ्यो होला ?" तिनी विचार गर्न थाले । "यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइनँ, झगडा फसादमा रहिनँ ।" कृष्ण रायलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा विश्वास भएन, सब तन्द्रा अवस्थामा भ्रम जस्तो लाग्यो तर भित्तामा लागेर भाँचिएको लट्ठी त भ्रम हुन सक्दैन । कृष्ण रायले बिछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, हेरेर गम्न थाले, "को मेरो शत्रु हुन सक्छ ?"

धेरै घोरिँदा तिनलाई यस रहस्यको सुइँको पाएको जस्तो लाग्यो । आजै बिहान एउटा काम बिगार्दा रामे भन्ने नोकरमाथि रिसाएका थिए । नोकरको के ठेगान ! झोँक उठ्यो होला र मालिकलाई हान्न हिँड्यो होला । नोकरसित झर्कदा तिनले उसको मुख रातो भएको देखेका थिए । उनलाई के थाहा;

रिसले रातो भएको रहेछ तर ऊ केही अचाक्ली गरी रिसाएको थिएन । यत्रो पुरानो नोकरले त्यति हप्की पाउँदा मालिकलाई मार्न नहिँड्नुपर्ने । रामेले योभन्दा ठुल्ठुलो गाली सहेको थियो र आजको झटनीले त्यसको धैर्यको अन्त्य नगर्नुपर्ने । तर मनुष्यको स्वभाव कसले जान्न सक्छ र ? रामे नभए अरू को मेरो शत्रु होला ? हो न हो यो रामेको काम हैन बलभद्रको काम हो । कारण, अस्ति हिसाब गोलमाल गरेर मालिकलाई ठग्न खोज्दा कृष्ण रायले तिनलाई फेला पारी लज्जित पारेका थिए । आखिर बलभद्रको समाजमा आदर थियो, गाउँलेहरू तिनलाई इज्जत गर्थे । कृष्ण रायले तिनलाई बेइज्जत गरेको तिनले सहन सकेनन् होला र आज राती बदला लिन आएका होलान् । कृष्ण राय विचार गर्दै थिए । अस्तिको नोकरी खोज्दै आएको युवकको ध्यान तिनलाई आउन थाल्यो । बिचरा खान नपाएर तिनकहाँ आएको थियो । काममा लाउन छोडेर तिनले उसलाई उपदेश दिन थाले । कुरामा कुरा चल्दा कृष्ण रायले उसलाई अप्रिय शब्द भने । त्यस युवकले यो निश्चय नै मन पराएन होला । त्यो बढो स्वाभिमानी होला जस्तो थियो, त्यस्तालाई कठोर शब्द असाध्य बिझ्छ र धेरै दिनसम्म इख लिइरहन्छ । कृष्ण रायको एउटा अत्यन्त नराम्रो बानी थियो; आफूलाई अकलुषित र दुर्गुणरहित भनी ठान्ने । कृष्ण रायलाई आफ्नो एउटा ठुलो दोषको सम्झना भयो । समय असमयमा तिनी अर्कालाई आदेश र सल्लाह दिइरहन्छन् । नाहक कृष्ण राय यस दुर्गुणलाई गुण ठानेर अङ्कमाल गरिरहेका थिए ।

कृष्ण राय झगडाका मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो; गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे । यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो तर निश्चय नै यस कामले तिनलाई धेरैको मन नपरेको बनाएको होला । एक दिनको घटना उदाहरणस्वरूप तिनको सामुन्ने आउन थाल्यो । गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन । कृष्ण राय सदाको जस्तै मध्यस्थ भए र बानीले प्रेरित भए झैँ ती झगडियाहरूलाई झगडाको दुष्परिणाम बुझाउन थाले, “हेर गोविन्द पण्डित, हेर गोरे जमदार, झगडा गरेर के लाभ ? आपत्मा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर ।” यति उपदेशमै तिनीहरू झगडा गर्न छोड्ने भए तिनीहरू कहिल्यै पनि झगडा गर्ने थिएनन् । तिनीहरू मिल्न मानेनन् र बिचरा मध्यस्थलाई कर लागेर जमदारका पक्षमा न्याय दिनुपर्‍यो । यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्द पण्डितलाई आफ्नो शत्रु बनाए होलान् । फेरि एउटा मास्टर र कैयाँको झगडामा न्याय कैयाँको पक्षमा हुँदा मास्टरले रिसाएर भनेका थिए, “हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन्, काम लाग्ने छैनन् ।” एउटा झगडामा सबभन्दा निर्दोष काम हो त्यो झगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन । मध्यस्थले एउटा न एउटाको शत्रु हुनैपर्छ । कृष्ण रायले बिउँझे झैँ यो ज्ञान आर्जन गरे ।

विचार गर्दागर्दै कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झे । हाटमा तिनीद्वारा धक्का खाई लडेको एउटा मान्छेलाई सम्झे । तिनले निकालिदिएका नोकरहरूलाई सम्झे, गरिब तर ईर्ष्यालु दाजुभाइलाई, जो तिनको उन्नति देखिसहँदैनथे । अरूको त के कुरा, आफ्नै पोष्य पुत्रमाथि पनि

उनलाई भरोसा थिएन । चाँडै नै सम्पत्तिको मालिक हुन उसले जे पनि गर्न सक्छ, आखिर आफैँले जन्माएको छोरो त...!

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बङ्ङ लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै वैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानेँ, अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन्, तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप वैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म निर्दोष कुरामा पनि विषालु साँपजस्तो वैरी बनाउने साधन लुकिरहेको देखिन्छ !

भोलिपल्ट यो घटनाको जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनलाई सोध्यो, "तपाईंलाई कसैमाथि शङ्का छ ?" कृष्ण रायले गम्भीर भएर उत्तर दिए– "रामे, केदार, युवक, गोविन्द, पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली...।"

## शब्दार्थ

निमित्त : लागि, निम्ति

भद्र : सभ्य, शिष्ट, राम्रो, असल

सिद्धान्त : विचार, तर्क र अनुभवद्वारा स्थापित मत

बखत : समय, बेला

राजद्वारे श्मशाने च : दरबारको ढोकामा पनि मसानघाटमा पनि

सान्त्वना : सम्झाउनेबुझाउने काम, ढाढस

मध्यस्थ : कसैको पक्षमा नलाग्ने, तटस्थ

अदब : आफूभन्दा ठुलाबडा वा मान्यजनप्रतिको आदर भाव

यश : प्रशंसा, तारिफ

पूर्ति : सुरु गरिएको कामको समाप्ति

यत्न : प्रयास

पुँजी : रुपियाँ पैसा, बचत धन

रैती : दुनियाँ

वैरी : कुभलो चिताउने व्यक्ति, शत्रु

| | | |
|---|---|---|
| तन्द्रा | : | निदाउनुभन्दा पहिलेको अवस्था |
| फसाद | : | असजिलो अवस्था |
| भ्रम | : | शङ्का, भुल |
| सुइँको | : | पत्तो |
| झोक | : | कडा रिस, आवेग |
| अचाक्ली | : | हुनुपर्नेभन्दा ज्यादै बढी |
| झटनी | : | हप्काउने वा झाट्ने काम |
| गोलमाल | : | जथाभाबी, भद्रगोल |
| स्वाभिमानी | : | आफ्नो प्रतिष्ठामाथि गौरव गर्ने |
| असाध्य | : | ज्यादा, धेरै |
| इख | : | रिस, इबी |
| अकलुषित | : | कुनै प्रकारको खराब भावना नभएको |
| दुर्गुणरहित | : | खराब स्वभाव नभएको |
| नाहक | : | कुनै मतलवबिना, बिनासित्ति |
| आपस्त | : | आफन्त |
| अङ्कमाल | : | अँगालो हाल्ने काम |
| प्रेरित | : | कुनै काम गर्ने इच्छा जागेको |
| दुष्परिणाम | : | खराब नतिजा |
| कैयाँ | : | प्रायः व्यापारको काम गर्ने एक वर्ग |
| पोष्य पुत्र | : | छोरासमान गरी पालनपोषण गरिएको व्यक्ति, धर्मपुत्र |

## कथा समीक्षा

### 'शत्रु' कथाको समीक्षा

**(क) कथासार**

उमेरले पैँतालिस वर्ष पुगेका कृष्ण राय भद्र व्यक्ति थिए । उनी कसैलाई कर्जा दिनु झगडा निम्त्याउनु हो ठान्थे । आपत् परेका बेलामा भने गाउँलेलाई सहयोग गर्न पछि पर्दैनथे । दुःखमा सान्त्वना दिने र झगडामा मध्यस्थता गरी सबैलाई सन्तुष्ट पार्ने खुबी भएका कृष्ण राय घरबाट कमै बाहिर निस्कन्थे । धन, यश, सम्मान सबै किसिमको सुख भए पनि सन्तान नभएका कारण उनले टाढाको भतिजोलाई धर्मपुत्र बनाएर राखेका थिए । एकरात खाई पिई सुत्न लाग्दा उनका मनमा धेरै प्रकारका विचार आउन थाले । उनले आफूले पाएको ख्याति एवम् आफू शत्रुविहीन रहेको सम्झेर खुसी हुँदा एक्कासि उनीमाथि लट्ठी प्रहार भयो । संयोगवश लट्ठीको प्रहार भित्तामा परेकाले उनी सकुशल भए । आफूमाथिको यस्तो अकल्पनीय आक्रमण उनलाई भ्रम जस्तो लाग्यो । जब उनले बिछ्यौनाबाट लट्ठीको टुक्रो टिपे, तब उनी विश्वस्त भए । धेरैबेर घोरिएपछि उनलाई आफूमाथिको आक्रमणकारी पत्ता लागे जस्तो लाग्यो । रामे, बलभद्र, नोकरी खोज्दै आएको युवक आदि उनको शङ्काको घेरामा आए । उनलाई त्यतिखेर झगडाको मध्यस्थता गर्दा कैयाँ घटनामा एउटाको पक्षमा निर्णय गर्दा  अर्को पक्ष चिढिएको घटनाको बोध भयो । हुँदाहुँदा आफ्ना सम्पर्कमा आएका सबैलाई उनी शत्रु देख्न पुगे र पोष्यपुत्रसमेतले सम्पत्ति हत्याउने उद्देश्यले आफूमाथि आक्रमण गरेको हुन सक्ने शङ्का उनले गरे । घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय बङ्ङ बिछ्यौनामा लडे । भोलिपल्ट जाँचका क्रममा पुलिसको इन्स्पेक्टरले शङ्कास्पद व्यक्तिका बारेमा सोध्दा उनले गम्भीर भएर रामे, केदार, युवक, गोविन्द, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज रामचन्द्र पराजुली भनी आफ्ना सम्पर्कमा आएका सबैको नाम लिए ।

**(ख) पात्र तथा चरित्र**

नेपाली साहित्यका सुप्रसिद्ध मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'शत्रु' कथामा मुख्य पात्र कृष्ण राय हुन् । उमेरले पैँतालिस वर्षका कृष्ण राय 'शत्रु' कथामा प्रमुख भूमिकामा देखा परेका छन् । गाउँमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल उनी सम्पन्न र सुखी व्यक्तिका रूपमा चिनिन्छन् । धन, यश, इज्जत, प्रतिष्ठा, मानसम्मान आदि सबै कुराले सम्पन्न कृष्ण रायका सन्तान भने थिएनन् । सन्तानको अभावलाई पूर्ति गर्न उनले टाढाको भतिजोलाई पालेका थिए । समाजसेवाका क्षेत्रमा पनि ठुलो ख्याति कमाएका कृष्ण राय हत्तपत्त कसैलाई ऋण भने दिँदैनथे तर आपत्‌विपत्‌मा परेकालाई सहयोग गर्थे । उनमा थुप्रै कमजोरीहरू देखिन्छन् । आफूलाई अजात शत्रु ठान्नु उनको ठुलो भुल हो । उनी

शङ्कालु स्वभावका पनि देखिन्छन् । एक दिन उनीमाथि लट्ठी प्रहार भएपछि आफूलाई शत्रुरहित ठान्ने कृष्ण राय असामान्य अवस्थामा पुगी सम्पर्कमा आएका सबैलाई शत्रु देख्न पुग्छन् । झैझगडा मुद्दा मामिला आदिमा सहभागी भई एउटाका पक्षमा फैसला गर्दा अर्को पक्ष असन्तुष्ट भई आफ्ना विरुद्धमा जान सक्छ भन्ने बुझ्न नसक्नु उनको ठुलै कमजोरी हो । शत्रुताका वैरभावका निम्ति ठुलो कारण चाहिँदैन, सानातिना मनमुटाव र तिक्ततामा नै यसको बीज लुकेको हुन्छ भने शाश्वत पक्षलाई कृष्ण रायले बुझ्न सकेका छैनन् । उनी शङ्कालु मनोवृत्ति भएका पात्र हुन् । कृष्ण रायका चेतन अवचेतन मनका बिच द्वन्द्व पाइन्छ । उनमा थुप्रै मानसिक संवेगहरू पनि उत्पन्न भएका छन् । मानसिक कमजोरीका कारण मनरोगी बनेका कृष्ण रायको चरित्रले मानवीय स्वभाव र व्यक्तिगत कमजोरीहरूलाई उद्घाटन गर्ने हुनाले उनी वैयक्तिक चरित्र हुन् । समग्रमा कृष्ण रायलाई गतिशील, उच्च वर्गीय र मानसिक कमजोरीयुक्त पात्रका रूपमा लिन सकिन्छ ।

**(ग) परिवेश**

मनोवैज्ञानिक कथाहरू व्यक्ति मनको चित्रणमा केन्द्रित हुन्छन् । यस्ता कथामा बाह्य परिवेशलाईभन्दा आन्तरिक परिवेशलाई महत्त्व दिइएको हुन्छ । 'शत्रु' कथा कृष्ण रायको मनको विश्लेषणमा आधारित रहेको छ । यसमा बाह्य परिवेशको स्पष्ट चित्रण देखिँदैन तापनि यो ग्रामीण परिवेशमा लेखिएको कथा हो भन्ने आधार भने पाइन्छ । कृष्ण राय झैझगडा तथा मुद्दा मामिलाको मध्यस्थतामा सहभागी भएका प्रसङ्ग, दशबार वर्षदेखि गाउँबाट बाहिर नगएको तथा परिआएको बेलामा गाउँलेहरूलाई सहयोग गर्न पछि नपर्ने कृष्ण रायको स्वभावको वर्णनबाट प्रस्तुत कथामा स्थानगत परिवेशका रूपमा ग्रामीण नेपाली समाज आएको छ भन्न सकिन्छ । करिब दुई दिनको घटना यस कथामा समेटिएको छ भने यसले समग्रमा २००७ सालअघिको ग्रामीण सामाजिक जीवनको झल्को दिन्छ ।

**(घ) भाषाशैली**

'शत्रु' कथामा प्रयोग गरिएको भाषामा सरलता, सहजता र स्वाभाविकता भेटिन्छ । यस कथामा तत्सम शब्दको अधिक प्रयोग भएको पाइन्छ । ग्रामीण जनजीवन र परिवेशमा कथा अघि बढेकाले पात्रअनुकूलको भाषा प्रयोग भएको छ । यस कथामा सरल र संयुक्त वाक्यगठन भएका वाक्य प्रशस्त पाइन्छ । उखानटुक्काको प्रयोगले यस कथाको भाषामा मिठास थपिएको छ । यस कथाको भाषा पात्रको प्रकृति र सामाजिक परिवेश अनुकूल छ ।

**(ङ) दृष्टिबिन्दु**

कथाका पात्र कृष्ण रायको जीवनमा घटेका घटना र सन्दर्भको विवरण तथा उनको स्वभावजन्य क्रियाकलाप कथाभन्दा बाहिर रहेर अन्य व्यक्तिले भनेका छन् । कृष्ण राय स्वयम्ले भनेका कुरा पनि तृतीय पुरुषमार्फत व्यक्त गरिएको छ । यो कथा तृतीय

दृष्टिबिन्दुमा विकास भएको छ ।

**(च) उद्देश्य/सन्देश**

'शत्रु' मनोवैज्ञानिक कथा हो । व्यक्ति मनको चिरफार गर्दै मानवीय स्वभाव, कमजोरी, संवेग आदिको खोजी र तिनको विश्लेषण गर्नु यस कथाको उद्देश्य हो । यस कथामा कथाका मुख्य पात्र कृष्ण रायका माध्यमबाट मानवीय मनका विभिन्न पक्षहरूको उद्घाटन गरिएको छ । मानिसमा थुप्रै कमजोरीहरूकै कारण व्यक्ति मानसिकता बिथोलिएर असामान्य अवस्थामा पुगी मनरोगी हुन सक्छ भन्ने कुरालाई कृष्ण रायको चरित्रले राम्ररी चरितार्थ गरेको छ । शत्रुरहित ठान्ने कृष्ण राय मानवीय गम्भीर भुलका कारण आफूमाथि लट्ठी प्रहार हुँदा अत्तालिन्छन् । उनको मानसिकता बिथोलिएर आफ्नो सम्पर्कमा आएका सबैलाई शत्रु ठान्न पुग्छन् । यस कथामा अजात शत्रु कोही हुँदैन भन्दै निर्दोष कुरामा पनि विषालु साँप जस्तै बैरी बनाउने साधन लुकिरहेको हुन्छ भन्ने विचार व्यक्त गरिएको छ । ससाना कुरामा पनि मानिस मानिसका बिच शत्रुता पैदा हुने कुराको सङ्केत गर्दै यस कथाले सबैलाई विश्वास गरेर आफू शत्रुमुक्त छु भन्ने ठान्नु मानिसको भ्रम हो भन्ने कुरालाई स्पष्ट पारेको छ । यसका साथै मानिसको अचेतन मनमा थुप्रै संवेग एवम् कुण्ठाहरू दबिएर रहेका हुन्छन् । तिनले उपयुक्त अवसर पाउने बित्तिकै बाह्य रूपमा प्रकट भएर मानिसलाई असामान्य व्यवहार गर्न उद्यत् गराउँछन् भन्ने कुरालाई पनि यस कथामा कृष्ण रायको चरित्रका माध्यमबाट प्रस्ट पारिएको छ ।

यस कथाले कथाका पात्र कृष्ण रायको असामान्य मनमा सिर्जना भएका संवेगमार्फत व्यक्तिको मानवीय स्वभाव र कमजोरीको खोजी र विश्लेषण गरेको छ । समाजमा राम्रा र नराम्रा सबैखाले मानिस हुन्छन् । सज्जनले दुर्जनलाई, ज्ञानीले मूर्खलाई, साधुले चोरलाई राम्रो नमान्नु स्वभाविक हो तैपनि असल मानिसलाई परिस्थितिले अरूको अप्रिय बनाउन सक्छ । कहिलेकाहीँ परिवेश, वातावरण र घटना सामान्य भए पनि असामान्य र रहस्यमय बन्न सक्छ भन्ने सन्देश दिएको छ ।

**(छ) शीर्षक**

यस कथाको शीर्षक जम्मा एक शब्द 'शत्रु' राखिएको छ । शत्रु नामवाची शब्द हो । यसको अर्थ विरोध पक्ष, दुस्मन आदि हो । यस कथाको प्रमुख पात्रको मनमा शत्रुरूपी लट्ठी प्रवेश गरेपछि उत्पन्न मानसिक सङ्कटलाई यस कथामा प्रस्तुत गरिएको छ । कृष्ण रायको मेरो शत्रु कोही छैनन् भन्ने सामाजिक मन बिग्रिएर अवचेतन मन सक्रिय भई सबैलाई शत्रुको रूपमा प्रतिबिम्बित गरेको छ । मानिसले ख्यालै नगरेका ससाना कुराबाट नै शत्रुता वा वैरभाव उत्पन्न हुन्छ भन्ने सन्देश प्रस्तुत कथामा पाइने हुनाले पनि यस कथाको शीर्षक उचित छ भन्न सकिन्छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) .............................. विचार, तर्क र अनुभवद्वारा स्थापित मत

(ख) .............................. कसैको पक्षमा नलाग्ने, तटस्थ

(ग) .............................. आफूभन्दा ठुलाबडा वा मान्यजनप्रतिको आदर भाव

(घ) .............................. निदाउनुभन्दा पहिलेको अवस्था

(ङ) .............................. हप्काउने वा झाट्ने काम

(च) .............................. कुनै प्रकारको खराब भावना नभएको

(छ) .............................. कुनै मतलबबिना, बिनसित्ति

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| मुख रातो हुनु | पत्तो लगाउनु |
| अङ्कमाल गर्नु | मान्नु |
| सुइँको पाउनु | रिस राख्नु |
| इख लिनु | लज्जित हुनु |
| शिरमा राख्नु | मिल्नु |

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

आँखामा राखे पनि नबिझाउने, बाप बैर साध्नु, धैर्य गर्नु, मुख रातो पार्नु, इख लिनु

**४. शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

मास्टरले रिसायर भनेका थिए हेर्नुहोस कृष्ण रायजी फैसलालाई त म आफ्नो सिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन्, काम लाग्ने छैनन् । एउटा झगडामा सब भन्दा निर्दोश काम हो त्यो झगडाको मध्यस्त हुनु तर कुनै पनि मध्यस्त दुवै पक्छको समर्थक हुन सक्दैन मध्यस्तले एउटा न एउटाको शत्रु हुनैपर्छ । कृष्ण रायले विउँझे झैँ यो ग्यान आर्जन गरे ।

**५. 'शत्रु' कथाका अनुच्छेद हाउभाउसहित पढ्नुहोस् ।**

**६. कथाकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) 'शत्रु' कथाका रचयिता को हुन् ?

(ख) विश्वेश्वरप्रसाद कोइरालाको जन्म र मृत्यु कहिले भएको थियो ??

(ग) विश्वेश्वरप्रसाद कोइरालाका प्रकाशित कृतिहरूको नाम लेख्नुहोस् ।

(घ) विश्वेश्वरप्रसाद कोइराला कुन धाराका कथाकार हुन् ?

(ङ) विश्वेश्वरप्रसाद कोइरालालाई किन फ्रायडवादी कथाकार भनिएको हो ?

**७. कथाकार विश्वेश्वरप्रसाद कोइरालाकाका कथागत विशेषता उल्लेख गर्नुहोस् ।**

**८. एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कृष्ण रायको शान्त स्वभावको परिचय केले दिन्छ ?

(ख) कृष्ण रायका लागि कुन कार्य सिद्धान्त विपरीत थियो ?

(ग) कृष्ण रायलाई सबै शत्रु हुन्छन् भन्ने किन लागेको हो ?

(घ) शत्रु हुनका लागि के चाहिन्छ ?

(ङ) कृष्ण रायले शत्रुका सम्बन्धमा कस्तो दृष्टिकोण लिएका छन् ?

(च) कथामा कृष्ण रायको कस्तो मानसिकताको चित्रण गरिएको छ ?

**९. दिइएका भनाइ कसले, कुन सन्दर्भमा भनेका हुन् ? कथाको सन्दर्भ उल्लेख गर्नुहोस् :**

(क) हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन्, काम लाग्ने छैनन् ।

(ख) को मेरो शत्रु हुन सक्छ ?

(ग) चाँडै नै सम्पत्तिको मालिक हुन उसले जे पनि गर्न सक्छ, आखिर आफैँले जन्माएको छोरो त...!

**१०. 'शत्रु' कथा पढी दिइएका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :**

(क) नोकरी खोज्न आएको युवकलाई कृष्ण रायले उपदेश दिनु

(ख) कन्हैयाको पक्षमा न्याय हुँदा मास्टर रिसाउनु

(ग) इस्पेक्टरले सोध्दा रामे, केदार आदिको नाम लिनु

(घ) कृष्ण रायमाथि लट्ठी प्रहार हुनु

(ङ) कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झनु

(च) कृष्ण रायले को मेरो शत्रु हुन सक्छ भन्दै सोच्न थाल्नु

(छ) गोविन्द पण्डित र गोरे जमदारको झगडा मिलाइदिनु

(ज) हिसाब गोलमाल गरेर ठग्न खोज्ने बलभद्रमाथि शङ्का गर्नु

(झ) आफ्नै पोष्यपुत्रमाथि भरोसा नगर्नु

**११. दिइएका बुँदाहरूका आधारमा 'शत्रु' कथाको परिवेश पहिल्याउनुहोस् :**

(क) ग्रामीण परिवेशमा लेखिएको कथा

(ख) दशबार वर्षदेखि गाउँबाट बाहिर नगएको

(ग) स्थानगत परिवेशका रूपमा ग्रामीण नेपाली समाज आएको

**१२. शत्रु कथाका पात्रहरूका नाम टिपी प्रत्येक पात्रका कार्य र स्वभावको सूची बनाउनुहोस् ।**

**१३. दिइएको कथांश पढी प्रश्नका उत्तर दिनुहोस् :**

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बङ्ङ लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै वैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानेँ, अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन्, तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप वैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म निर्दोष कुरामा पनि विषालु साँपजस्तो वैरी बनाउने साधन लुकिरहेको देखिन्छ !

**प्रश्नहरू**

(क) कृष्ण रायलाई सबै शत्रु हुन्छन् भन्ने किन लागेको छ ?

(ख) शत्रुताको सम्बन्ध व्यापक छ' भन्ने भनाइप्रति तपाईं सहमत हुनुहुन्छ ?

(ग) निर्दोष कुरामा पनि विशालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ' भन्नाको तात्पर्य के हो ?

(घ) उपर्युक्त अनुच्छेदमा कृष्ण रायको कस्तो मानसिकताको चित्रण गरिएको छ ?

(ङ) शत्रु नै नहुन मानिसले के गर्नु पर्ला ?

**१४. दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) 'शत्रु' कथाका पात्र कृष्ण रायको चरित्र चित्रण गर्नुहोस् ।

(ख) कृष्ण रायको मन असामान्य हुनुको कारण के हो ?

(ग) 'शत्रु' कथामा कृष्ण रायको कस्तो मानसिक द्वन्द्व पाइन्छ ?

(घ) 'शत्रु' कथाको शीर्षकको सार्थकता पुष्टि गर्नुहोस् ।

(ङ) 'शत्रु' कथाको मुख्य आशय के हो ?

(च) 'शत्रु' कथाको शीर्षक कसरी सार्थक छ ? कथामा प्रस्तुत सन्दर्भका आधारमा पुष्टि गर्नुहोस् ।

**१५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

एउटा झगडामा सबभन्दा निर्दोष काम हो त्यो झगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन ।

**१६. दिइएको कथन पढी उक्त कथनभन्दा पहिले र त्यसभन्दा पछाडिका कथा सन्दर्भहरू बुँदागत रूपमा टिपोट गर्नुहोस् :**

गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन । कृष्ण राय सदाको जस्तै मध्यस्थ भए र बानीले प्रेरित भए झैँ ती झगडियाहरूलाई झगडाको दुष्परिणाम बुझाउन थाले, "हेर गोविन्द पण्डित, हेर गोरे जमदार, झगडा गरेर के लाभ ? आपत्मा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर ।"

**१७. दिइएको कथांश पढी 'शत्रु' कथामा कृष्ण रायको कस्तो मनोविज्ञानको चित्रण गरिएको छ ? लेख्नुहोस् :**

भोलिपल्ट यो घटनाको जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनलाई सोध्यो, "तपाईंलाई कसैमाथि शङ्का छ ?" कृष्ण रायले गम्भीर भएर उत्तर दिए– "रामे, केदार, युवक, गोविन्द, पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली...।"

**१८. 'शत्रु' कथा पढेर मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।**

**१९. समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) शत्रु हुँदै नभएको मानिस हुन्छ कि हुँदैन ? निष्कर्ष दिनुहोस् ।

(ख) आफ्ना कुनै शत्रु छैनन् भनी सन्तोष लिने कृष्ण रायले आक्रमणको घटनापछि आफूमा कस्तो दुर्गुण रहेको निचोड निकाले ?

**२०. 'दुनियाँमा कोही पनि मित्र हुँदैनन्, सबै शत्रु सबै बैरी नै हुन्छन् ।' यस भनाइप्रति तपाईंको प्रतिक्रिया लेख्नुहोस् ।**

**२१. 'शत्रु' कथाको कथासार लेख्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. तपाईंले आफूले पढेका वा सुनेका मनोवैज्ञानिक कथा सुनाउनुहोस् ।**

**२. दिइएका बुँदाका आधारमा मनोवैज्ञानिक कथा तयार गर्नुहोस् :**

इलाम जान लागेको म पात्रसँग बाटामा सिपाहीको भेट हुनु ............... सिपाहीको फौजी पोसाक देखेर म पात्र तर्कन खोज्नु ............... सिपाहीको जोससँग पनि ठट्टा गर्ने र परिचित जस्तो व्यवहार गर्ने बानीले म पात्र प्रभावित हुनु ............... सिपाही गाउँमा परिवार भेट्न नभएर युद्धका लागि सिपाहीमा भर्ती हुने मानिसहरू तयार पार्न आएको उसको भनाइबाट बुझिनु ............... म पात्रको मनमा ठुलो भएपछि युद्ध कि शान्तिका लागि काम गर्ने भन्ने कुरा खेल्नु ............... म पात्रले देशको स्वाभिमान र अखण्डता रक्षा गर्न सिपाही बन्ने मनमा तर्क गर्नु ............... बुद्धको देश भएकाले शान्तिकै पक्षमा लाग्ने कि भन्ने सोचाइ पुनः जागृत हुनु ............... ऊ दुविधामा पर्नु ............... हरेक मानिस बिनाबर्दीका सिपाही भएकाले राष्ट्रसेवाका लागि तयार हुने प्रतिबद्धता व्यक्त गर्नु ............... भोलिपल्ट बिहानै सिपाहीले म पात्रसँग बिदा मागेर आफ्नो बाटो लाग्नु ।

**३. मोबाइल र इन्टरनेटबिना आफ्नो जीवन अधुरो सोच्ने पात्रको मनको अवस्थालाई प्रस्तुत गर्दै मनोवैज्ञानिक कथा तयार गर्नुहोस् ।**

## थप पाठ्यसामग्री

### समीक्षात्मक प्रतिक्रिया लेखन

**(क) समीक्षात्मक प्रतिक्रिया लेखनका विधि र प्रक्रिया**

१. पाठलाई दोहोऱ्याई तेहेऱ्याई पढ्ने र मनन् गर्ने

२. मनमा तरङ्गित विचारलाई शृङ्खलित पार्ने

३.	आफूलाई प्रभाव पारेको पङ्क्ति वा वाक्य वाक्यांश रेखाङ्कन गर्ने

४.	रेखाङ्कित अंश र आफ्ना मनमा आएका विचार तरङ्गलाई मिलाएर बुँदाका रूपमा टिप्ने

५.	आफूले टिपेका बुँदाका आधारमा भाषिक शुद्धता, अभिव्यक्तिगत स्पष्टता, प्रस्तुतीकरणमा रोचकता र विषयमा प्रभावकारिता सिर्जना गर्ने गरी अनुच्छेदहरू तयार गर्ने

**(ख) समीक्षात्मक प्रतिक्रियाको नमुना**

प्रश्न : **'शत्रु हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन ?' शत्रु कथाका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।**

'शत्रु' विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको मनोवैज्ञानिक कथा हो । यस कथामा शत्रुतासम्बन्धी विषयलाई मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरिएको छ । जसले आफूसँग वैरभाव वा वैमनस्यता राख्छ त्यही शत्रु हो । संसारमा अजात शत्रु कोही हुन्छ भन्ने लाग्दैन । झन् व्यावहारिक जीवनमा त कोही न कोही, कसै न कसैको शत्रु बनेकै हुन्छ ।

कुरा ठुलो र सानोको मात्र हो । शत्रुता कमाउन कुनै ठुलै झगडा गर्नै पर्दैन । सानातिना कुराले पनि कसै कसैलाई चिढ्याएको हुन सक्छ । अन्जानमै कोही कसैको शत्रु बनेको हुन सक्छ । महाभारतका नायक युधिष्ठिर जसको नाम नै अजात शत्रु थियो । उनले पनि भयङ्कर युद्ध लड्नु पर्‍यो । भारतका महात्मा गान्धी अहिंसावादी थिए उनलाई पनि गोड्सेले मार्‍यो । अतः शत्रु हुँदै नभएको मान्छे नै हुँदैन । 'शत्रु' कथाका नायक कृष्ण राय पनि आफूलाई आजात शत्रु सम्झन्थे । उनले जानेर कसैसँग शत्रुता राखेका थिएनन् । उल्टो टोलसमाजमा वैरभाव राख्ने दुवै पक्षलाई मान्य हुने गरी फैसला गरेर सबैलाई मिलाउँथे । त्यसैले गाउँमा उनी पूज्य थिए, आदरणीय थिए । एक दिन तिनै कृष्ण रायलाई कसैले झट्टी हान्यो । उनले आफ्नो शत्रुको कल्पना गर्न थाले । आफ्नै नोकर रामे, आफैँले पालेको भतिजो, नोकरी खोज्दै आएको युवक, बलभद्र, गोविन्द पण्डित, मास्टर, केदार, कन्हैया, बुधे, लीला, पुष्पराज, रामचन्द्र आदि अनेकौंलाई आफ्ना शत्रु देख्न थाले । यथार्थ के थियो भने यिनैमध्ये वा अर्को कोहीले कृष्ण रायलाई लट्ठी हानेका थिए । यस घटनाबाट पनि शत्रु नभएको व्यक्ति हुँदैन भन्ने पुष्टि हुन्छ ।

मेरा विचारमा संसारमा शत्रु हुँदै नभएको व्यक्ति हुँदैहुँदैन । कसैले आफूलाई अजात शत्रु ठान्छ भने त्यो उसको गम्भीर भूल हो । उसको आत्मरति मात्र हो ।

# पाठ ५ कथाकार बदरीनाथ भट्टराई र उनको 'न्यायको पक्ष' कथा

**सक्षमता**

(क) कथाकार बदरीनाथ भट्टराईको सामान्य परिचय र कथागत प्रवृत्ति बताउन
(ख) पाठमा प्रयुक्त नयाँ/कठिन शब्द, उखान, टुक्काको पहिचान र अर्थबोध गर्न
(ग) पाठमा प्रयुक्त उखान, टुक्कालाई वाक्यमा प्रयोग गर्न
(घ) पाठलाई गति र यति मिलाई सस्वर वाचन गर्न
(ङ) कथाका पात्रहरूको परिचय दिन
(च) कथाको परिवेश पहिचान गर्न
(छ) कथाका घटनाको पूर्वानुमान र पश्च अनुमान गर्न
(ज) कथाका मुख्य मुख्य घटनाहरू बताउन
(झ) कथाको मुख्य भाव व्यक्त गर्न
(ञ) कथाको भाषाशैलीगत विशेषता बताउन
(ट) कथाका महत्त्वपूर्ण अंशको व्याख्या गर्न
(ठ) सङ्क्षिप्त र समीक्षात्मक प्रश्नको उत्तर दिन
(ड) अनुकरणात्मक र मौलिक कथा सिर्जना गर्न

## कथाकारको परिचय र कथागत प्रवृत्ति



कथाकार बदरीनाथ भट्टराइको जन्म वि.स. १९६५ कात्तिकमा काठमाडौँको इन्द्रचोकमा भएको भएको थियो । साहित्यमा शास्त्री र धर्मशात्रमा आचार्यसम्मको शिक्षा प्राप्त गरेका थिए । उनी नेपाली भाषा प्रकाशिनी समितिको मुख्य पण्डित पनि थिए । त्रिभुवन विश्वविद्यालय र वाल्मीकि क्याम्पसमा नेपाली र धर्मशास्त्रका प्राध्यापक भई कार्य गरे । उनको मृत्यु वि.स. २०५२ माघ ४ गते काठमाडौँमा भएको थियो ।

कथाकार भट्टराईको साहित्यिक यात्रा वि.स. १९९८ तिर 'शारदा' पत्रिकामा अनुवाद प्रकाशित भएपछि सुरु भयो । पच्चिस प्रबन्ध', 'पन्ध्र निबन्ध', 'ईश्वर किन मान्ने ?', 'नेपालका तारा' उनका प्रकाशित निबन्ध सङ्ग्रह हुन् । कथा सङ्ग्रहअन्र्तगत 'पौराणिक कहानी', 'वैदिक कहानी', 'ऐतिहासिक कहानी', 'पौराणिक कथा' प्रकाशित छन् । 'सिन्धुलीको झलक' (खण्डकाव्य), 'कादम्बरी' (नाटक), पनि उनका प्रकाशित कृति हुन् । नेपाली साहित्यमा आफ्नो छुट्टै पहिचान भएका

भट्टराईलाई 'वेदनिधि पुरस्कार' (२०४५), 'गुणराज पुरस्कार', 'आदिकवि भानुभक्त स्मृति पुरस्कार' (२०५१) बाट विभूषित गरिएको छ ।

नेपाली कथाजगतमा इतिहास, पुराण र वेदका कथालाई फरक शैलीमा प्रस्तुत गर्ने कथाकारका रूपमा बदरीनाथ भट्टराई चिनिन्छन् । विगतका घटना, चरित्र र प्रवृत्तिलाई समसामयिक समाजमा प्रेरणदायी बनाउन कथाकारले विगतका यथार्थभित्रका अमूल्य र रोचक तथ्यमाथि प्रकाश पारेका छन् । उनका कथाभित्र सामाजिक नीतिचेतना, सच्चारित्रता , देशप्रेम, मानवतावादको भाव पाइन्छन् । उनका कथागत प्रवृत्तिहरू निम्नानुसार रहेका छन् :

(क) प्रसिद्ध ऐतिहासिक, पौराणिक र वैदिक कथाकार

(ख) प्राचीन विषयवस्तुलाई यथार्थतासँग जोड्ने कथाकार

(ग) सत्य, न्याय र धर्मका पक्षपाती कथाकार

(घ) प्राकृतिक द्वन्द्व प्रस्तुतकर्ता

(ङ) सरल र सहज भाषा शैलीको प्रयोक्ता

सरस्वती नदीको किनार प्रकृतिको भण्डार भने हुन्छ । एक त लहलहाउँदो काम्यक वनको अपूर्व शोभा, उसमाथि चराचुरुङ्गीको मिठो तान, झन् त्यसमाथि बगिरहेको स्वच्छ पानीको कलकलले स्वर्गलाई समेत गिज्याइरहेको थियो ।

पाण्डवका पुरोहित धौम्य ऋषि पनि मध्याह्नस्नान गर्न भनेर त्यहीँ आइपुगे । विधिमुताबिक नुहाएर धोती फेर्न लाग्दा उनले खुब लम्कँदै आएका विदुरलाई देखे । "यस्तो शान्त स्थानमा आएर पनि यिनी किन हड्बडाए जस्ता छन्, ए !" भन्ने धौम्यको मनमा लाग्यो । राजनीतिको गहिराइसम्म पत्ता लगाइसकेका यस्ता गम्भीर मानिस एउटा कारण नपरी किन यसरी हाम्फाल्दै आउँथे भन्ठानी "ए विदुरजी यता ! यता ! !" धौम्यले बोलाएर हातले इसारा पनि गरे ।

हस्याङफस्याङ गर्दै अलि वर आएर विदुरले भने, "ओहो ! ढुङ्गा खोज्दा देउता भेट्टाएँ । तपाईंकै आश्रम नभेट्टाएर घुम्दा घुम्दा कत्रो हैरान ! खै, पाण्डवहरू कहाँ छन् ?"

धौम्य : उनीहरू त आश्रममा नै छन् । एकै छिन बसेर पसिना ओबाउनोस्, अनि सँगसँगै जाऔँला ।

विदुर : हैन, मलाई ज्यादै हतपत छ । बरु बाटो बताइदिनुहोस्, हिँडिहाल्छु ।

धौम्य : तपाईं जस्तो धीर मानिस आज यसरी आत्तिएको देख्ता अचम्म लाग्यो । फेरि मुख पनि ज्यादै निन्याउरो छ, के भयो ? भन्न हुने भए भन्नुहोस् ।


विदुर : म त द्वापरयुग अझ बाँकी नै छ भन्ठान्थेँ तर कलियुगले छोपिसकेछ, बुझ्नुभो ?

धौम्य :	किन, के भो र ?

विदुर :	यहाँभन्दा के हुनु !

धौम्य :	धृतराष्ट्रले के पछुतो मानेनन् ? पाण्डवहरूलाई लिन तपाईंलाई पठाएका हुन् कि भन्ने पो ठानेको थिएँ ।

विदुर :	त्यस्ता जालीले पछुतो मान्लान् क्या अब ?



धौम्य :	त्यसो भए तपाईं यहाँ किन आउनुभा'को ?

विदुर :	हरे शिव ! के भनौँ, छोरा दुर्योधनका हातमा सारा राज्य परिहाल्यो, अब उनलाई मसँगको के मतलब ! कुरा बुझ्नुभो ?

धौम्य :	के उसो भए मक्ख परेर बसेका छन् ?

विदुर : किन पर्दैनथे भन्या ! मुसुमुसु हासेको देखेर मैले त साफसँग भनिदिएँ, “के तपाईंलाई मर्नुपर्दैन ?” अनि उनले भने, “जन्मेपछि मर्नु त अवश्य पर्छ तर मर्नुपर्छ भन्दैमा शासकले नीति त्याग्नुहुन्न ।”

धौम्य : तपाईंले त्यसको के जबाफ दिनुभो त ?

विदुर : यस्ता चाललाई त पिशाचनीति भन्छन् बुझ्नु भो ? यदि नीति छाड्नुहुन्न भने युधिष्ठिरलाई ल्याएर राजगद्दीमा राख्नोस् अनि अरू सारा भाइहरूलाई उनका अनुयायी बनाउनोस् भनेर मैले भनेपछि उनले भने , “तिमीले त धर्मनीतिको पो कुरा गऱ्यौ । हो, तिम्रो चित्त शुद्ध छ, सके युधिष्ठिर पनि त्यस्तै होलान्, तर के भीमसेन र अर्जुन पनि त्यस्तै छन् ? जानीजानी आफ्नो छोराको तालु म आफैं कसरी खुइल्याऊँ ? तिमी नै भन न ।”

“धृतराष्ट्र त भित्र पनि बाहिर पनि आँखा नदेख्ने रहेछन्” भनेर धौम्यले रातो मुख लगाए ।

आँखीभौं खुम्च्याएर विदुरले भने, “बुझ्नु भो धौम्य , त्यसपछि मैले साफ साफ भनिदिएँ, “हिउँले पोल्ला कि भन्ने शङ्का गर्नु कहाँसम्मको मुर्खता हो । हुन त तपाईं जस्ताले बेलीको माला छुँदा सर्प भनेर तर्सिएको मैले देखेको छु ।” मेरो कुरा सुन्नासाथ त दाजु आगो भइहाले, अनि उनले भने, “फटाहा कहाँको ! मेरो अन्न खाएर तँ यत्रो भइस् । आज मलाई उल्टै मनपरी भन्ने तँ नै हैनस् के ? तँलाई मैले खास आफ्नो भाइ ठानेर मनपेट दिएको थिएँ तर तँ ब्वाँसाको बाजे रै’छस्, दुध खाएर विष निकाल्ने सर्प रै’छस् । आज पाण्डवहरूतिर लागेर मेरो सन्तानको सत्यानाश गर्न खोज्ने तँ कहाँसम्मको घुसघुसे ।”

विदुरले राता राता आँखा लगाउँदै हात लम्काएर धृतराष्ट्रको भाउ लाएको देखेर धौम्यले भने, “दाजुको प्रचण्ड आकार देखी तपाईं जागेर आउनुभा’को हो कि कसो ?”

“तिनीसँग मलाई केको डर ?” मैले झन् कड्केर भनिदिएँ, “बुझ्नुभो दाइ, म न पाण्डवसँग लाग्छु, न त कौरवतर्फ । म त न्यायको पक्ष लिन्छु, न्याय ! अहिले निर्धो देखियोस् या बलियो । परिणाममा न्यायीको नै जय हुन्छ भन्ने मलाई दृढ निश्चय छ । बुझ्नुभो, मुला काटिएझैं तपाईंका छोराहरू काटिने छन् अनि स्वाद पाउनुहोला” भनेर मैले धृतराष्ट्रलाई जवाफ दिएँ भनी विदुर चुप लागे ।

उत्सुकताका साथ धौम्यले भने, “तपाईंका कुरा सुनेर धृतराष्ट्रले के भने त ?”

मुखबाट थुकका छिटा निकाल्दै अलि छिटोछिटो विदुरले भने, “कहाँ भन्नुहुन्छ, त्यत्तिकैमा दुर्योधन आइपुग्यो, अनि धृतराष्ट्रतिर फर्केर भन्यो, “अब त विदुरलाई चिन्नुभो कि ! पाण्डवका गुप्त दूत हुन् भनेर त उहिल्यै मैले बिन्ती गरेको हुं । कसो रे’छ ! अब पनि मेरो ज्ञानी भाइ भनेर ओड ढाक्नु भो भने त हाम्रो सत्य नाश हुन्छ ।” अनि मेरा कन्सिरी तातिहाले, त्यसपछि गर्जेर दुर्योधनलाई भनेँ “के कुरा गर्छस् कुलाङ्गार ! आफ्नो आङको भैंसी नदेख्ने, फेरि अर्काको आङमा भने नभएको जुम्रो पनि

छ कि भन्ने शङ्का गर्ने ! हेर् यदि तँ नजन्मेको भए अथवा जन्मनासाथ मरेकै भए ज्यादै बेस हुन्थ्यो किनभने तँ अहिलेसम्म बाँचिरहेकै हुनाले नै यो प्रलयाग्नि धुवाँइरहेको हो । हेर् तँ कस्तो कस्तो कुकर्ममा पनि पछि हटिनस् आफैँ सम्झी ।"

निर्दोष भीमसेनलाई विष खुवाएर खोलामा बगाइदिएको कुरा तैँले बिर्सिस् होला । लाहाको घरमा आगो लगाइदिएर पाण्डवहरूलाई स्वाहा पार्न आँटेको कुरा याद छ ? यस्ता अपराध त तैँले हजारौँ गरेको छस् । साँच्चिकै भनौँ भने प्रायश्चितका निम्ति बाह्र वर्षसम्म वनवास त तँलाई पो पठाउनुपर्ने !

भन्नसम्म भन्नुभएछ भनेर धौम्य खित्त हाँसे ।

"त्यस्ता उल्लुलाई म किन बाँकी राख्थेँ भनी विदुरले फेरि उही वृत्तान्त सुरु गरे, "दुर्योधनले भन्यो वाह ! आज हाम्रो राज्यमा बसेर हामीलाई नै जथाभावी भन्ने ? म काकासाका भन्ने हैन । मिति पुऱ्याइदिउँला ।"

मैले भनेँ, "तैँले मलाई के गर्न सक्छस् र ? खुब गरे जा भन्लास्, त्यत्ति न हो । म अब तेरो घरमा त के तेरो राज्यैमा बस्दिनँ । बुझिस्, बरु ज्यान गए जाला अन्यायतिर त म लाग्दिनँ ।"

"क्याबात् । खुब हुनुहुँदोरहेछ । जन्मभरमा यसरी रन्केको पहिला दिन नै यही हो कि कसो ?" भनेर धौम्यले विदुरको मुख पुलुपलु हेरे ।

खिसिक्क हाँसेर विदुरले भने कि त्यसपछि लम्कीझम्की गर्दै दुर्योधनले दाह्रा किटेको सुनेर मतिर फर्की धृतराष्ट्रले भने, "तँलाई मैले निकै बुद्धिमान् ठहराएको थिएँ, तर यहाँसम्मको धूर्त रहिछस् । पाण्डवहरूको पक्ष लाग्ने हो भने ऐले नै निक्ली जा, उनीहरूकै पछिपछि लाग् ।" अनि त के खोज्छस् भने झै भइहाल्यो मलाई, सरासर यता आएँ ।

लामो सुस्केरा हालेर धौम्यले भने, "न्यायको पक्षको फल त तपाईंले देशनिकाला पो पाउनुभएछ, तर हिँड्नुहोस् सँगसँगै जाऔँ ।"

मनको बह धौम्यसँग पोखेपछि विदुरको आवेश अलिअलि शान्त भयो अनि सन्ध्यास्नान सिध्याएर धौम्यसँग गुनगुन कुरा गर्दै आश्रमतिर हिँडे ।

## शब्दार्थ

कास्यक : सरस्वती नदीको किनारमा रहेको एउटा ठुलो वन, पाण्डवहरू दोस्रोपटक वनवास जाँदा वास बसेको ठाउँ

धौम्य : पाण्डवहरूका पुरोहित

मध्याह्नस्नान : मध्य दिनमा नुहाउने काम

विधिमुताबिक : नियमअनुसार

विदुर : कृष्णद्वैपायनका पुत्र, कौरवहरूका मन्त्री, राजनीति, धर्मनीति र अर्थनीतिमा निपुण व्यक्ति

आश्रम : कुटी, जङ्गलमा बनाइएको आवास

पाण्डव : महाराज पाण्डुका रानीहरू कुन्ती र माद्रीको कोखबाट जन्मेका युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव

धीर : जस्तोसुकै विपद्मा पनि एक समान रहने, सहनशील

द्वापरयुग : पुराणअनुसार ४ युगमध्ये तेस्रो युग जुन ८६४००० वर्षको हुन्छ ।

कलियुग : पुराणअनुसार चार युगमध्ये अन्तिम युग जुन भगवान् कृष्णको स्वर्गारोहणपछि आरम्भ भएको भन्ने कथन छ ।

पिशाचनीति : अरूलाई दुःख दिने नीति वा काम, राक्षसी प्रवृत्ति

अनुयायी : अनुसरण गर्ने

धर्मनीति : व्यक्ति वा समाजको भलो हुने नीति

रातो मुख लगाउनु : रिसाएको अनुहार पार्नु

बेली : मसिनो पात भएको एक किसिमको लहरा

आगो हुनु : रिसाउनु

मनपेट दिनु : मनका कुरा कत्ति पनि नलुकाई भन्नु

घुसघुसे : बोल्दै नबोली भित्रभित्रै काम बिगार्ने

भाउ लाउनु : अभिनय गर्नु

कौरव : चन्द्रवंशी राजा कुरुका वंशज, धृतराष्ट्रका १०० पुत्र

गुप्त दूत : गोप्य रूपमा कुरा ओसार्ने व्यक्ति

ओड ढाक्नु : छोपछाप पार्नु, पक्ष लिनु

कुलाङ्गार : कुलको कलङ्क

प्रलयाग्नि : विनाशको आगो

स्वाहा पार्नु : खतम पार्नु

प्रायश्चित : पाप वा अपराधको दोष मेट्ने गरिने कृत्य

वृत्तान्त : विवरण, बेलीबिस्तार

मिति पुऱ्याइदिनु : खत्तम पारिदिनु, मार्नु

रन्कनु : रिसाउनु

लम्कीझम्की गर्नु : लमकझमक गर्नु

दाह्रा किट्नु : रिसाउनु

वह : पिर

सन्ध्यास्नान : साँझमा नुहाउने कार्य

## कथा समीक्षा

### 'न्यायको पक्ष' कथाको समीक्षा

**(क) कथासार**

सरस्वती नदीको किनारमा काम्यक वन थियो । त्यहाँको प्राकृतिक वातावरण ज्यादै स्वच्छ र सुन्दर थियो । सरस्वती नदीमा पाण्डवका पुरोहित दिउँसोको स्नान गर्न भनी आएका थिए । नियमानुसार नुहाइसकेर धोती फेर्न लागेका बेला विदुर आफैँतिर आउँदै गरेको उनले देखे । विदुर निकै आत्तिएका देखिन्थे । राजनीतिका ज्ञाता विदुरलाई देखेर धौम्यले आफूतिर आउन इसारा गरे । धौम्यलाई भेट्टाएर विदुर निकै खुसी भए । उनले पाण्डवहरू कहाँ छन् भनी धौम्यलाई सोधे । धौम्यले पाण्डवहरू आश्रममै भएको बताई केहीछिनपछि आरामसाथ जाऔँला भने । विदुरले आफूलाई हतार भएकाले चाँडै भेट्न जाने कुरा गरेपछि तपाइँजस्तो सहनशील मानिसले यस्तो अधैर्य गर्नुको कारण के हो बताउनुहोस् भनी धौम्यले अनुरोध गरे । विदुरले कलियुगले छोपेकाले अनर्थ भयो भनी बताए । धौम्यले धृतराष्ट्रले पछुतो गरेर पाण्डवलाई लिन पठाएका पो हुन् कि भन्ने शङ्का व्यक्त गर्दा त्यस्ता जालीले पछुतो मान्ने र लिन पठाउने त कुरै छैन नि भने । त्यसपछि धौम्यले वनमा आउनुको कारण सोधे । दुर्योधनका हातमा सारा राज्य परेपछि आफूलाई वास्ता गर्न छाडेको, धृतराष्ट्र मख्ख परेर बसेको, मुसुमुसु हाँसेको देखेर विदुरले धृतराष्ट्रलाई तपाइँले मर्नु पर्दैन भनी सोधेको कुरा बताए । त्यसको जबाफमा मर्नुपरे पनि शासकले राजनीति गर्न छोड्न नहुने कुरा धृतराष्ट्रले बताए । धृतराष्ट्रका यस्ता कुरा सुनेर यस्तो चाललाई पिसाचनीति भनिन्छ । राजनीतिमा चल्न चाहनुहुन्छ भने युधिष्ठिरलाई ल्याएर राजगद्दीमा बसाउनुहोस् भन्दा धृतराष्ट्रले धर्मनीतिका कुरा गरेको बताए । साथै उनले पाण्डवहरूलाई राज्य सुम्पिएर आफैँ छोराको

अहित कसरी गरूँ भनी बताए । यस्तो कुरा सुनेर धौम्यले धृतराष्ट्रप्रतिको सकारात्मक सोचाइ बदले । विदुरले धृतराष्ट्रलाई तपाइँ जस्ताले शङ्का गर्नु स्वाभाविक हो भन्दा धृतराष्ट्रले गाली गरेको कुरा गरे । पाण्डवको पक्ष लागेर मेरो सन्तानको सत्यानाश गर्ने घुसघुसे भनी दोष लागाएको कुरा पनि उनले बताए । धृतराष्ट्र रिसाएकै कारण तपाइँ आउनुभएको हो कि भनी विदुरलाई धौम्यले सोधे । उनले नडराएको र पाण्डवको पक्षमा वा न्यायको पक्षमा लागेको साथै आखिरमा गएर न्यायकै विजय हुन्छ भनेर धृतराष्ट्रलाई जबाफ दिए । त्यसैबेला दुर्योधन विदुरलाई पाण्डवको दूत भएको कुरा बतायो । विदुरले दुर्योधनलाई कुलाङ्गार भनी गाली गरे । पाण्डवहरूप्रति गरेको दुर्व्यवहारका कारण तँलाई नै वनवास पठाउनुपर्ने कुरा विदुरले दुर्योधनलाई भने । विदुरका कुरा सुनेर दुर्योधनले विदुरलाई सिध्याउने धम्की दियो । त्यसपछि तेरो राज्यमै बस्दिनँ, न्यायको खातिर ज्यान दिन पनि तयार छु भनेर विदुरले प्रतिउत्तर फर्काए । त्यसपछि दुर्योधनले दाह्रा किटेको, धृतराष्ट्रले पाण्डवको पक्ष लाग्ने धूर्त भनेर गाली गर्दै निस्केर जा भनेकोले यतैतिर आएको कुरा विदुरले धौम्यलाई जानकारी गराए । आफ्ना मनका सारा बह पोखेपछि विदुरको आवेश केही शान्त भयो र केही समयपछि दुवै आश्रमतिर लागे ।

**(ख) पात्र तथा चरित्र**

'न्यायको पक्ष' पौराणिक कथाका मुख्य पात्र तथा चरित्र विदुर हुन् । धौम्य, धृतराष्ट्र, दुर्योधन यस कथाका सहायक चरित्र हुन् । कथाका सन्दर्भमा युधिष्ठिर, भीमसेन, अर्जुन जस्ता पात्रहरू जोडिएका छन् । यी कथाका गौण पात्र हुन् ।

'न्यायको पक्ष' कथा विदुर र धौम्य ऋषि बिचको संवादबाट अगाडि बढेको छ । कथाको संवादात्मक शृङ्खलाका क्रममा धृतराष्ट्रको उपस्थिति भएको छ । धृतराष्ट्र अन्याय र अधर्मका पक्षमा उभिएका छन् । आफ्नो छोरो दुर्योधनको लहैलहैमा लागेर पाण्डवहरूप्रति ठुलो अन्याय गर्ने, बन्धुबान्धवको मतलब नराख्ने चरित्र धृतराष्ट्रमा देखिन्छ । उनीभित्र स्वार्थ, लोभ र दम्भ भएका कारणले विदुर देशनिकाला भएका छन् ।

विदुर यस कथाका गतिशील चरित्र तथा पौराणिक पात्र हुन् । उनी व्यासपुत्र र कौरवहरूका मन्त्री पनि थिए । विदुरमा राजनीति, धर्मनीति र अर्थनीतिको ज्ञान थियो । उनी अत्यन्त दूरदर्शी पात्र हुन् । न्याय र धर्मको पक्षपाती विदुरले यस कथामा भविष्यमा न्यायको जित सुनिश्चित हुन्छ भन्ने बुझेर देश छोडेर हिँडेका छन् । कथामा उनले खेलेको भूमिका मनन गर्दा विदुरलाई न्यायको पक्ष लिने एक कुशल राजनीतिज्ञ र बौद्धिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

**(ग) परिवेश**

'न्यायको पक्ष' कथा महाभारतको वनपर्वमा आधारित कथा हो । पाण्डवहरू वनवास गइसकेपछि धृतराष्ट्रले विदुरलाई सल्लाहका लागि दरबारमा बोलाउँछन् । उनीहरूबिच

कुराकानी नमिलेपछि विदुर पाण्डवको आश्रम खोज्दै सरस्वती नदीको किनारमा पुग्दछन् । यस कथामा धृतराष्ट्रको दरबार र वनवासमा रहेका पाण्डवहरूको आश्रम रहेको जङ्गलको परिवेश उल्लेख भएको छ । काम्यक वन, चराचुरुङ्गीको तान, सरस्वती नदीमा बगिरहेको स्वच्छ पानीको कलकलले प्राकृतिक परिवेशलाई प्रस्ट पारेको छ । कौरव र पाण्डवबिचको द्वन्द्वले राजनीतिक परिवेश पनि कथामा जोडिएको छ । धौम्य ऋषिले गर्ने मध्याह्न स्नानको प्रसङ्गले सांस्कृतिक परिवेशको सङ्केत गरिएको छ । सत्य-असत्य, धर्म-अधर्म, न्याय-अन्याय जस्ता प्राकृतिक द्वन्द्वको परिवेशले कथाका घटना शृङ्खला विकसित भएका छन् ।

**(घ) भाषाशैली**

'न्यायको पक्ष' कथा सरल र स्वाभाविक भाषाशैलीमा लेखिएको पौराणिक कथा हो । यस कथामा विदुर र धौम्य ऋषिबिचमा बार्तालाप गराई घटनालाई रोचक र स्वाभाविक बनाइएको छ । उखान र टुक्काको प्रयोगले यो कथा जीवन्त बनेको छ । धृतराष्ट्र र दुर्योधनका संवादात्मक अभिव्यक्तिमार्फत कथालाई उत्कर्षतिर पुऱ्याइएको छ । यस कथामा पात्रको स्तरअनुकूलको भाषाशैली प्रयोग भएको पाइन्छ ।

**(ङ) दृष्टिबिन्दु**

'न्यायको पक्ष' कथामा विदुर र धौम्यले प्रथम पुरुषको रूपमा संवादात्मक अभिव्यक्ति दिएका छन् । यस कथामा कथाभन्दा बाहिर रही अन्य व्यक्ति वा पात्रका विषयमा पनि छलफल भएको छ । कथाकारले कथामा सबै पात्रका भावना, विचार र जीवनशैली तृतीय पुरुषमार्फत व्यक्त गरेका छन् । त्यसैले कथामा तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दु प्रयोग भएको छ ।

**(च) उद्देश्य/सन्देश**

'न्यायको पक्ष' कथा महाभारतको वनपर्वका समयमा पुराणहरूमा वर्णित कथालाई मुख्य विषयवस्तु बनाई रचना गरिएको पौराणिक कथा हो । यस कथाले सत् सदैव न्यायको पक्षमा हुन्छ भन्ने सर्वस्वीकार्य मान्यतालाई अगाडि सारेको छ । मानव इतिहास आफैँमा द्वन्द्वको इतिहास भएकाले प्राकृतिक द्वन्द्वको नियमलाई यस कथामा सत् र असत्‌बिचको द्वन्द्वका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा असत्‌माथि सत्‌ले विजय गरेको शाश्वत नियम भेटिन्छ । राजनीति गर्नेले केही गर्नैपर्ने विश्वासका साथ अगाडि बढ्नुपर्छ । उससँग त्याग र निःस्वार्थ भावना हुनुपर्छ । यस कथाले अन्याय सहन नहुने, कसैप्रति छलकपट गर्न नहुने, सामाजिक मर्यादालाई पालना गर्नुपर्ने जस्ता भाव व्यक्त गरेको छ । यस कथाले विदुर जस्ता सत्यवादी पात्रमार्फत सत्य र न्यायका पक्षमा उभिन प्रेरित गरेको छ । धृतराष्ट्र र दुर्योधनका व्यवहारमार्फत् स्वार्थ, लोभ र दम्भले अनिष्ट निम्त्याउने सन्देश दिएको छ । मानिस निर्धो वा बलियो जे देखिए पनि परिणाममा न्यायको नै जय हुने विश्वास कथामा विदुरले व्यक्त गरेका छन् । पाण्डवहरूलाई जालमा पार्ने, द्रौपतीको बेइज्जत गर्ने , विष खुवाएर भीमलाई खोलामा बगाउने, लाहाको घरमा आगो लगाइदिने जस्ता जघन्य अपराधले न्यायलाई हराउन सकेको

छैन । त्यसैले कथाकारले सत्‌का पक्षधर विदुरप्रति झुकाव राख्दै सत् नै न्याय हो भन्ने सन्देश दिएका छन् ।

**(छ) शीर्षक**

'न्याय' शब्दले 'उचित कुरो वा इन्साफ' भन्ने अर्थ बुझाउँछ । यस कथाका मुख्य पात्र विदुर न्यायका पक्षमा उभिएका छन् । पाण्डवहरूमाथि षड्यन्त्र हुँदा पाण्डवका पक्षमा उभिनु, धृतराष्ट्रले गरेका अन्यायलाई प्रतिवाद गर्नु, न्यायका लागि देशनिकाला हुन पनि तयार हुनु जस्ता घटनाले सत् सदैव न्यायका पक्षमा हुन्छ भन्ने पुष्टि गरेको छ । धृतराष्ट्रले रिसाएर मनपरी भन्दा र दुर्योधनले मिति पुऱ्याइदिने धम्की दिँदा पनि विदुरले बरु ज्यान गए जाला अन्यायतिर त म लाग्दिनँ भनेर आफ्नो दृढता व्यक्त गरेका छन् । यी घटना शृङ्खलालाई आधार मान्ने हो भने यस कथाको शीर्षक 'न्यायको पक्ष' उपयुक्त देखिन्छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) ............................. नियमअनुसार

(ख) ............................. जस्तोसुकै विपद्‌मा पनि एक समान रहने, सहनशील

(ग) ............................. अरूलाई दुःख दिने नीति वा काम, राक्षसी प्रवृत्ति

(घ) ............................. अनुसरण गर्ने

(ङ) ............................. मसिनो पात भएको एक किसिमको लहरा

(च) ............................. बोल्दै नबोली भित्रभित्रै काम बिगार्ने

(छ) ............................. विनाशको आगो

(ज) ............................. विवरण, बेलीबिस्तार

**२. दिइएका उखानको तात्पर्य लेख्नुहोस् :**

(क) आफू भलो त जगत् भलो : .......................................

(ख) एक हातले ताली बज्दैन : .......................................

(ग) घोडा चढ्न लड्छ : .......................................

(घ) ढुङ्गा खोज्दा देउता मिल्नु : .......................................

(ङ) मेरो गोरुको बाह्रै टक्का : .......................................

३. **अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

रातो मुख लगाउनु, मनपेट दिनु, ओड ढाक्नु, स्वाहा पार्नु, मिति पुऱ्याइदिनु, लम्कीझम्की गर्नु, दाह्रा किट्नु, मुसुमुसु हाँस्नु

४. **शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

निर्दोश भिमसेनलाई विस खुबाएर खोलामा वगाइदिएको कुरा तैले विर्सिस् होला । लाहाको घरमा आगो लगाइदियर पान्डवहरूलाई स्वाहा पार्न आँटेको कुरा याद छ ? एस्ता अपराध त तैले हजारौँ गरेको छस । साँच्चिकै भनौँ भने प्रायश्चीतका निम्ती वार बर्षसम्म वनबास त तँलाइ पोपठाउनुपर्ने ।

५. **'न्यायको पक्ष' कथाका अनुच्छेद हाउभाउसहित पढ्नुहोस् ।**

६. **कथाकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) 'न्यायको पक्ष' कथा कसले लेखेका हुन् ?

(ख) बदरीनाथ भट्टराईले पाएका पुरस्कारहरू कुन कुन हुन् ?

(ग) बदरीनाथ भट्टराईका कथाका विषय क्षेत्र के के हुन् ?

(घ) बदरीनाथ भट्टराई कस्ता कथाकार हुन् ?

(ङ) बदरीनाथ भट्टराईको जन्म र मृत्यु कहिले भएको थियो ?

७. **कथाकार बदरीनाथ भट्टराईका कथागत विशेषताहरू के के हुन् ?**

८. **एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) पाण्डवका पुरोहित को थिए ?

(ख) ढुङ्गा खोज्दा देउता भेट्टाउनु भनेको के हो ?

(ग) धृतराष्ट्रले विदुरलाई कस्तो आरोप लगाए ?

(घ) 'म न्यायको पक्ष लिन्छु' भनेर कसले कसलाई भनेको हो ?

(ङ) विदुर किन दरबारबाट निस्किए ?

**९. पाठका आधारमा दिइएका भनाइको सन्दर्भ उल्लेख गर्नुहोस् :**

(क) एकै छिन बसेर पसिना ओबाउनोस्, अनि सँगसँगै जाऔँला ।

(ख) तिमीले त धर्मनीतिको पो कुरा गऱ्यौ । हो, तिम्रो चित्त शुद्ध छ, सके युधिष्ठिर पनि त्यस्तै होलान्, तर के भीमसेन र अर्जुन पनि त्यस्तै छन् ?

(ग) आज पाण्डवहरूतिर लागेर मेरो सन्तानको सत्यानाश गर्न खोज्ने तँ कहाँसम्मको घुसघुसे ।

(घ) म अब तेरो घरमा त के तेरो राज्यैमा बस्दिनँ । बुझिस्, बरु ज्यान गए जाला अन्यायतिर त म लाग्दिनँ ।

**१०. 'न्यायको पक्ष' कथा पढी दिइएका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :**

(क) आज मलाई उल्टै मनपरी भन्ने भनेर धृतराष्ट्र कड्किनु

(ख) धृतराष्ट्रले विदुरलाई दरबारबाट निकाल्नु

(ग) विदुर हस्याङफस्याङ गर्दै धौम्य ऋषिका नजिक जानु

(घ) दुर्योधनले विदुरलाई मिति पुऱ्याइदिउँला भनेर धम्की दिनु

(ङ) धृतराष्ट्रलाई हिँउले पोल्ला कि भन्ने शङ्का गर्नु मुर्खता हो भनेको प्रसङ्ग विदुरले धौम्यलाई सुनाउनु

(च) विदुरले ज्यान गए पनि अन्यायतिर नलाग्ने प्रतिबद्धता व्यक्त गर्नु

(छ) विदुर र धौम्य ऋषिका बिच संवाद हुनु

(ज) दुर्योधनले पाण्डवका दूतका रूपमा विदुरलाई चित्रण गर्नु

**११. दिइएका बुँदाहरूका आधारमा 'न्यायको पक्ष' कथाको शीर्षकको सार्थकता पुष्टि गर्नुहोस् :**

(क) विदुरले पाण्डवहरूमाथि षड्यन्त्र हुँदा उनीहरूका पक्षमा उभिएर अन्यायलाई प्रतिवाद गर्नु

(ख) न्यायका लागि देशनिकाला हुन पनि तयार हुनु

(ग) विदुरले बरु ज्यान गए जाला अन्यायतिर त म लाग्दिनँ भन्नु

**१२. दिइएका बुँदाका आधारमा 'न्यायको पक्ष' कथाका पात्र विदुर र धृतराष्ट्रको चरित्र चित्रण गर्नुहोस् :**

**(क) धृतराष्ट्र**

(अ) विदुरका दाजु, दुर्योधनका पिता

(आ) शङ्कालु, रिसाहा र अविवेकी स्वभाव

(इ) स्वार्थी, लोभी र दम्भी प्रवृत्ति

(ई) अन्याय र अधर्मका पक्षधर

**(ख) विदुर**

(अ) व्यासपुत्र र कौरवहरूका मन्त्री

(ख) राजनीति, धर्मनीति र अर्थनीतिका ज्ञाता

(इ) न्याय र धर्मको पक्षपाती

(ई) दूरदर्शी, बौद्धिक व्यक्तित्व

**१३. दिइएको कथांश पढी प्रश्नका उत्तर दिनुहोस् :**

अलि छिटोछिटो विदुरले भने, "कहाँ भन्नुहुन्छ, त्यत्तिकैमा दुर्योधन आइपुग्यो, अनि धृतराष्ट्रतिर फर्केर भन्यो, "अब त विदुरलाई चिन्नुभो कि ! पाण्डवका गुप्त दूत हुन् भनेर त उहिल्यै मैले बिन्ती गरेको हुँ । कसो रे'छ ! अब पनि मेरो ज्ञानी भाइ भनेर ओड ढाक्नु भो भने त हाम्रो सत्य नाश हुन्छ ।" अनि मेरा कन्सिरी तातिहाले, त्यसपछि गर्जेर दुर्योधनलाई भनें "के कुरा गर्छस् कुलाङ्गार ! आफ्नो आङको भैंसी नदेख्ने, फेरि अर्काको आङमा भने नभएको जुम्रो पनि छ कि भन्ने शङ्का गर्ने ! हेर् यदि तँ नजन्मेको भए अथवा जन्मनासाथ मरेकै भए ज्यादै बेस हुन्थ्यो किनभने तँ अहिलेसम्म बाँचिरहेकै हुनाले नै यो प्रलयाग्नि धुवाँइरहेको हो । हेर् तँ कस्तो कस्तो कुकर्ममा पनि पछि हटिनस् आफैं सम्झी ।"

**प्रश्नहरू**

(क) दुर्योधनको चरित्र चित्रण गर्नुहोस् ?

(ख) विदुरलाई पाण्डवका गुप्त दूतको आरोप लाग्नुको कारण के थियो ?

**१४. दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) विदुर र धृतराष्ट्रबिच विवाद हुनुको मुख्य कारण के थियो ?

(ख) विदुरले दुर्योधनलाई के भनेर गाली गरे ?

(ग) 'न्यायको पक्ष' कथाले कस्तो सन्देश दिएको छ ?

(घ) 'न्यायको पक्ष' कथाको परिवेश चित्रण गर्नुहोस् ।

(ङ) कथामा प्रयोग भएको भाषाशैलीका बारेमा चर्चा गर्नुहोस् ।

**१५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) अहिले निर्धो देखियोस् या बलियो, परिणाममा न्यायीको नै जय हुन्छ भन्ने मलाई दृढ निश्चय छ ।

(ख) बरु ज्यान गए जाला अन्यायतिर त म लाग्दिनँ ।

**१६. दिइएको कथन पढी उक्त कथनभन्दा पहिले र त्यसभन्दा पछाडिका कथा सन्दर्भहरू बुँदागत रूपमा टिपोट गर्नुहोस् :**

निर्दोष भीमसेनलाई विष खुवाएर खोलामा बगाइदिएको कुरा तैँले बिर्सिस् होला । लाहाको घरमा आगो लगाइदिएर पाण्डवहरूलाई स्वाहा पार्न आँटेको कुरा याद छ ? यस्ता अपराध त तैँले हजारौँ गरेको छस् । साँच्चिकै भनौँ भने प्रायश्चितका निम्ति बाह्र वर्षसम्म वनवास त तँलाई पो पठाउनुपर्ने !

**१७. 'न्यायको पक्ष' कथा पढेर मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।**

**१८. विदुर न्यायको पक्ष लिने कुशल राजनीतिज्ञ हुन् । यस भनाइलाई कथाका आधारमा पुष्टि गर्नुहोस् ।**

**१९. 'सत्य सदैव न्यायको पक्षमा हुन्छ ।' यस भनाइप्रति तपाईंको प्रतिक्रिया लेख्नुहोस् ।**

**२०. 'न्यायको पक्ष' कथाको कथासार लेख्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. तपाईंले आफूले पढेका वा सुनेका पौराणिक वा नीतिकथा कथा सुनाउनुहोस् ।**

**२. दिइएका बुँदाका आधारमा पौराणिक कथा तयार गर्नुहोस् :**

भारद्वाज ऋषिका छोरा यवक्रितलाई नपढी विद्या आर्जन गर्ने विचार आउनु ............... नदी किनारमा गएर तपस्या गर्न थाल्नु ............... तपस्याको कारण बुझ्न इन्द्र देवता आउनु ............... इन्द्रले उनको कुरा सुन्नु ............... इन्द्रले तपस्याबाट विद्या हुँदैन, पढेर विद्या आर्जन गर्नुपर्छ भन्ने सल्लाह दिनु ............... इन्द्रको सल्लाह यवक्रितले नमान्नु ............... तपस्यालाई निरन्तरता दिनु ............... बाह्मणको भेष लिएर इन्द्र फेरि यवक्रितले तपस्या गरेको नदी किनारमा आउनु ............... बाह्मण भेषधारी इन्द्रले किनारको बालुवा खन्दै नदीमा बगाउँदै गर्नु ............... यवक्रित ब्राह्मणको छेउमा जानु ............... बालुवा नदीमा बगाउनुको कारण सोध्नु ............... नदीमा पुल बनाउन त्यसो

गरेको जबाफ पाउनु ............... त्यसरी पुल बन्दैन भनेर यवक्रितले भन्नु ............... तपाईंले तपस्याबाट विद्या आर्जन गर्न सक्नुहुन्छ भने यसरी चाहिँ किन पुल बन्न सक्दैन भनेर जबाफ पाउनु ............... यवक्रितका आँखा खुल्नु ............... यवक्रित पढ्न थाल्नु ............... छिटै विद्वान् बन्नु ।

**३. रामायण, महाभारत वा अन्य पौराणिक घटनामा आधारित भएर कथा तयार गर्नुहोस् ।**

## थप पाठ्यसामग्री

### कथाका प्रकार

कथा गद्य विधामध्ये एउटा ज्यादै प्रभावकारी विधा हो । यो पात्र, शृङ्खलित कथावस्तु, परिवेश, भाषाशैली, उद्देश्य आदि तत्त्वगत संरचनामा उनिएको हुन्छ । यसलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ :

**संगठनका आधारमा**
- जटिल कथा
- सरल कथा

**आकारका आधारमा**
- लामा कथा
- छोटा कथा

**दृष्टिबिन्दुका आधारमा**
- प्रथम पुरुषात्मक कथा
- तृतीय पुरुषात्मक कथा

**विषयका आधारमा**
- ऐतिहासिक कथा
- सामाजिक कथा
- मनोवैज्ञानिक कथा
- पौराणिक कथा
- लोक कथा

# एकाइ २ : कविता खण्ड

## पाठ १ कविता विधाको सैद्धान्तिक अवधारणा

**सक्षमता**

१. कविताको परिचय प्रस्तुत गर्न

३. कविताका विशेषताहरू बताउन

४. कविताका तत्त्वहरूका बारेमा बताउन

### १. कविताको परिचय

'कविता' साहित्यको प्राचीन विधा हो । कवि शब्दमा 'तल्' र 'टाप्' प्रत्यय लागेर कविता शब्द बन्छ । कविका भावनाहरूको कलात्मक अभिव्यक्ति नै कविता हो । विशेष शब्द वा पदावलीहरूको संयोजन गरेर कविले कविताको सिर्जना गर्दछ । नेपाली बृहत शब्दकोशले कविता र काव्य शब्दलाई उही अर्थमा लिएको छ । संस्कृत साहित्यमा पनि कविता र काव्य उही अर्थमा प्रयोग भएका छन् । नेपाली साहित्यमा भने फुटकर रचनालाई कविता र आख्यानयुक्त कवितालाई काव्य भन्ने गरिएको छ । कविताको शृङ्खलामा मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्यहरू पर्छन् । कविताहरू गेयात्मक र वर्णनात्मक दुवै प्रकृतिका हुन्छन् । यसअनुसार पद्य र गद्यका रूपमा पनि कविताको विभाजन हुन्छ । कविताका लागि छन्द अनिवार्य तत्त्व होइन, गद्यमय शैलीमा पनि कविताहरू लेखिन्छ ।

### २. कविताका गुण वा विशेषता

(क) कविता साहित्य वा भाषाका विभिन्न तत्त्वहरू मिलेर बनेको सिङ्गो संरचना हो ।

(ख) साहित्यका अन्य विधासरह कविता पनि वाणि वा विचारमय कला हो ।

(ग) कविताको भाषा साङ्गीतिक र शैली लयात्मक हुन्छ ।

(घ) कविताको सिङ्गो स्वरूप, पदावली, पङ्क्ति, अनुच्छेद आदि अनेक खण्डमा विभाजित हुन सक्छ ।

(ङ) कविताका तत्त्वहरूलाई आन्तरिक र बाह्य घटकका रूपमा हेर्न सकिन्छ ।

(च) कविता शब्द, अर्थ, छन्द, लय, कल्पना, उद्देश्य आदिको समाहित स्वरूप हो ।

(छ) कविताको भाषा घुमाउरो, व्यङ्ग्यात्मक तथा अतिरञ्जनात्मक पनि हुन सक्दछ ।

(ज) कविता हृदय र मस्तिष्कका सिर्जनाहरू हुन् ।

## ३. कविताका तत्त्व

कविता अनेक तत्त्वहरू मिलेर बनेको साहित्यिक संरचना हो । साहित्यका सबै तत्त्वहरू एउटै कवितामा नसमेटिने हुन्छन् । अतः सबै जसो कविताहरूमा पाइने साहित्यिक तत्त्वहरूलाई यहाँ कविताका अनिवार्य तत्त्वहरू भनेर वर्णन गरिएको छ । काव्य वा कविताका यिनै अनिवार्य तत्त्वहरूको संयोजनबाट कविता बन्छ र गतिशील हुन्छ ।

### ३.१ शीर्षक

शीर्षक कविताको अनिवार्य अङ्ग हो । यसको कवितासँग अभिन्न सम्बन्ध हुन्छ । शीर्षक वस्तुपरक वा प्रतीकात्मक हुन सक्छ । यसले कविताको वास्तविकतालाई सङ्केत गर्छ । विना शीर्षकको कविता हुन सक्तैन ।

### ३.२ संरचना

कविताको विस्तार नै कविताको संरचना हो । यो यति, गति, पदावली, पङ्क्ति, श्लोक वा अनुच्छेद आदिका आधारमा रचना भएको हुन्छ । यसका आन्तरिक र बाह्य घटकहरू हुन्छन् । कवितालाई गद्यमय संरचना र पद्यमय संरचनाको रूपमा पनि लिन सकिन्छ ।

### ३.३ विषयवस्तु

विषयवस्तु कविताको धरातल हो । यो वस्तुपरक वा आत्मपरक हुन्छ । कविता रचनाका लागि विषयवस्तु उपयुक्त र सशक्त हुनुपर्छ । विषयवस्तुले पनि कवितालाई प्रभाव पार्छ । विषयवस्तुलाई कविताको रूप प्रदान गर्नु कविको महत्त्वपूर्ण कसी हो । अतः कविताका अनिवार्य तत्त्वहरूमा विषयवस्तु पनि पर्छ ।

### ३.४ लय

कवितामा हुने आरोह, अवरोहको क्रम लय हो । शब्दहरूको विशेष किसिमको संयोजनबाट लयको सिर्जना हुन्छ । कवितालाई अन्य विधाबाट पृथक गर्ने मुख्य माध्यम लय हो । कवितामा लय सिर्जना गर्न छन्द, अनुप्रास र भावले भूमिका खेलेको हुन्छ । लय कविताको अनिवार्य तत्त्व हो । गद्य कवितामा पनि लय हुन्छ । कविता साहित्यमा लयलाई शास्त्रीय लय, लोकलय, गीतिलय र मुक्तलय भनेर उल्लेख गरेको हुन्छ । कविता विशिष्ट कथन भएकाले 'लय' पनि कविताको अनिवार्य तत्त्व हो ।

### ३.५ भाव

भाव भनेको संवेग वा चिन्तनका सन्दर्भमा उत्पन्न विचार हो । यसलाई वस्तुको अस्तित्त्व वा विचारको सार भनिन्छ । यो कविताको आन्तरिक संरचना हो । संवेग, भाव, रस कवितासँग सम्बद्ध सहधर्मी शब्दहरूहुन् । यसर्थ भावलाई कविताको मूल आधारका रूपमा लिन सकिन्छ । भावलाई अर्को शब्दमा अनुभूति पनि भन्ने गरेको पाइन्छ । अनुभूति भनेको भावसँगको एक किसिमको तादात्म्यता हो । अनुभूति बेगर कविता निर्माण नै हुन सक्तैन ।

### ३.६ भाषाशैली

भाषाशैली भन्नु अभिव्यक्तिको प्रकार हो । कविता भाषाका माध्यमबाट हुने अभिव्यक्ति हो । भाषाशैली भाषिक पद्धति हो । यसका अभावमा कविताको परिकल्पना हुँदैन । भाषा र शैलीका माध्यमले नै कविता लयात्मक हुन्छ । भाषाशैलीअन्तर्गत पद, पदावली, वाक्य, अनुच्छेद तथा सर्गविधान आदिको संयोजन हुन्छ । कवितामा प्रयोग हुने भाषा सरल, कोमल र सरस हुनु आवश्यक छ । शब्दशक्तिका आधारमा कविताको भाषालाई अभिधामूलक लाक्षणिक र व्यञ्जनार्थक भनी विभाजन गर्न सकिन्छ । कवि वा कविता विशेषका आधारमा भाषाशैलीमा विविधता आउन सक्छ ।

### ३.७ कथनोपकथन

कथनोपकथन कवितामा भाव संप्रेषण गर्ने तरिका हो । यसलाई प्रत्यक्ष कथन र परोक्ष कथनका रूपमा हेर्न सकिन्छ । आत्मपरक कथन र वस्तुपरक कथन भनेर विभाजन गर्नु पनि सान्दर्भिक हुन आउँछ । कवितालाई गतिशील बनाउने तत्त्व नै कथनोपकथन हो ।

### ३.८ बिम्ब

'बिम्ब' लाई प्रतिमा, प्रतिबिम्ब वा प्रतीक भनिन्छ । लाक्षणिक अर्थमा बिम्बको प्रयोग हुन्छ । कविले आफ्ना भावना सम्प्रेषण गर्न वातावरणबाट सङ्कलन गरेका सामग्रीहरू वा वस्तुहरू नै बिम्ब हुन् । बिम्ब प्रयोगले कविता रमणीय र आकर्षक हुनुका साथै सौन्दर्यको सिर्जना हुन्छ ।

### ३.९. कल्पना

कल्पना भनेको प्रतिभा हो । कविताको सिर्जना र विकासमा कल्पनाको भूमिका हुन्छ । कल्पनाले भावना वा संवेगमा तीव्रता ल्याउँछ । कविताका अन्य तत्त्वहरूलाई संयोजन गर्ने र कवितालाई वास्तविक रूप दिने तत्त्व नै कल्पना हो । यसलाई काव्य योजना पनि भन्ने गरिन्छ ।

## ४. नेपाली कविताको विकासक्रम

साहित्य क्षेत्रमा कविता सबैभन्दा पुरानो विधा हो । नेपाली साहित्यको विकास पनि कविताबाट नै सुरु हुन्छ । नेपाली साहित्यका पहिला कवि सुवानन्द दास हुन् । उनको 'पृथ्वीनारायण' शीर्षकको कविता आजसम्मको अनुसन्धानमा जेठो सावित भएको छ । नेपाली कविताको परम्परा यहीँबाट प्रारम्भ हुन्छ । यस परम्परालाई तीन कालमा विभाजन गर्नु उपयुक्त हुन आउँछ :

१. प्राथमिक काल (१८२५-१९४०)

२. माध्यमिक काल (१९४१-१९७२)

३. आधुनकि काल (१९७३- आजसम्म)

### ४.१ प्राथमिक काल

प्राथमिक कालका कवि वा कविताहरू वीर धारा र भक्ति धारामा विभाजित छन् । वीर धारामा कविता लेख्ने कविहरूमा सुवानन्द दास, शक्ति वल्लभ, उदयानन्द र गुमानी मुख्य मानिएका छन् । उनीहरूले लेखेका कविताहरूमा 'पृथ्वीनारयाण,' 'स्तुतिपध' र 'तनहूँ भकुण्डो' प्रतिनिधि कविता हुन् । यस वीरधाराको अवधि वि.सं.१८७२ सम्म कायम रहेको थियो । वीरधाराका कविता स्तुतिपरक छन् । सुगौली सन्धिपछि नेपाली कविता परम्परामा वीरधाराको अन्त र भक्ति धाराको सुरुवात हुन्छ ।

भक्ति धारालाई पनि कृष्णभक्ति, रामभक्ति र निर्गुणभक्ति भनी तीन धारामा विभाजन गर्न सकिन्छ । कृष्णभक्ति धाराका कविहरूले श्रीमद्भागवत्लाई आधार मानेर भगवान् श्रीकृष्णका बारेमा कविता लेखेका छन् । यस धाराका प्रमुख कविहरू इन्दिरस, विद्यारण्य केसरी, पतञ्जली, वसन्त शर्मा आदिहुन् । रामभक्ति धाराका कविहरूको आस्थाका केन्द्र राम हुन् । यस धाराका कविहरूले रामको गाथा गाएका छन् । यस धाराका कविहरूको आधार बाल्मीकिको अध्यात्म रामायण हो । यसै रामायणलाई आधार मानेर आदिकवि भानुभक्त आचार्यले भानुभक्तीय रामयणको रचना गरे । यो नेपाली साहित्यको पहिलो मौलिक महाकाव्य हो । निर्गुण भक्तिधारा जोसमनी सन्तहरूका रचनामा आधारित छ । यिनीहरूका दृष्टिमा ईश्वरको रुप निराकार हुन्छ । यिनीहरू ईश्वरलाई मनले साक्षात्कार गर्ने कुरामा जोड दिन्छन् । निर्गुण भक्ति धाराका कविहरूमा ज्ञान दिलदास बढी चर्चित छन् । उनले 'उदयलहरी' र भजन सङ्ग्रह रचना गरेका छन् । प्राथमिक कालका कवितामा निम्न विशेषता पाइन्छन् :

(क) वीर धारा र भक्ति धारासँग सम्बद्ध कविताको रचना

(ख) अनुवाद र मौलिकतालाई उत्तिकै महत्त्व दिइएको

(ग) कविताहरूमा भाषाको शुद्ध रूप कायम भइनसकेको तर काव्यगुण भने क्रमश बढेर गएको

(घ) शास्त्रीय छन्दका अतिरिक्त झ्याउरे छन्द र सवाई छन्दमा पनि कविताहरू लेखिएका

## ४.२ माध्यमिक काल

नेपाली कविता विधामा वि.सं.१९४० पछि माध्यमिक कालको प्रारम्भ हुन्छ । यस अवधिलाई नेपाली कविताको शृङ्गार काल पनि भनिन्छ । यस कालका प्रवर्तक कवि मोतीराम भट्ट हुन् । यिनले शृङ्गार धारालाई समृद्ध बनाएका थिए । यिनले कविता विधामा गीत-गजलको परम्परा पनि बसालेका छन् । माध्यमिक कालमा कवि मण्डलीको स्थापना भयो । यस कालमा समस्यापूर्तिका रुपमा कविता लेख्ने अभियान चल्यो । यस कालमा कृति प्रकाशनले पनि बढी महत्त्व पाएको थियो । सूक्ति सिन्धु' को प्रकाशन शृङ्गार धाराको महत्त्वपूर्ण उपलब्धि हो ।

माध्यमिक कालका अन्य कविहरूमा राजीवलोचन जोशी, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, होमनाथ-केदारनाथ खतिवडा, नरेन्द्रदेव पाण्डे, शम्भुप्रसाद ढुङ्गेल देखा पर्छन् । आशुकवि शम्भुप्रसाद ढुङ्गेल शृङ्गार धारालाई सबल वा सशक्त बनाउने भट्ट पछिका अर्का विशेष प्रतिभा हुन् । यस कालका कविहरूले शृङ्गार धाराका अतिरिक्त रीति र नीतिपरक कविताहरू पनि रचना गरेका छन् । माध्यमिक कालका कवितामा निम्न विशेषता पाइन्छन् :

(क) शृङ्गार धाराको सुरुवात भएको

(ख) अनुवाद गर्ने परम्परा पनि कायमै रहेको

(ग) कविताहरू निकै परिस्कृत र परिमार्जित हुँदै गएका

(घ) रीति र नीतिपरक कविताहरू पनि रचना भएका

## ४.३ आधुनिक काल

नेपाली कवितामा आधुनिक कालको थालनी गर्ने कवि लेखनाथ पौडेल हुन् । उनको 'ऋतुविचार' खण्डकाव्य (वि.सं.१९७३) को प्रकाशन नै आधुनिकालको सुरुवात हो । नेपाली कवितामा आधुनिकीकरण गर्न शारदा पत्रिका (१९९१) ले पनि विशेष भूमिका खेलेको छ । कवि शिरोमणि लेखनाथ पौडेल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाट्यसम्राट बालकृष्ण सम, आधुनिक कवि गोपालप्रसाद रिमाल, युगकवि सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधवप्रसाद घिमिरे आदि कविका कविताहरूले नेपाली कविताको

आधुनिकीकरणमा टेवा पुग्न गएको छ । उनीहरूले नेपाली कविता विधालाई सशक्त, सबल र समृद्ध पनि बनाएका छन् । यस कालका कविताहरूमा परिस्कृत भाषा, गहन भाव, रोचक शैली, विविध प्रबिधिहरूको प्रयोग, सैद्धान्तिक मान्यता, बौद्धिक चिन्तन, आत्मपरक तथा प्रेमपरक अभिव्यक्ति आदि लक्षणहरू छन् । यिनै विविधता वा विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) कवितामा आलङ्कारिक भाषा, पूर्वीय काव्य मान्यता, बौद्धिक अभ्यास, रहस्मय प्रस्तुति पाइनु

(ख) आत्मपरक अभिव्यक्ति, मानवीय संवेदना, प्रेमपरक रहस्य कवितामा प्रकट हुनु

(ग) कवितामा मार्क्सवादी सिद्धान्त प्रस्तुत गरिनु

(घ) बिम्ब वा प्रतीकहरूको अधिक प्रयोग गर्नु

(ङ) व्यक्ति वा समुदायले भोगेका कुराहरू नै कविताका अन्तर्वस्तु बनाइनु

(च) कविताले मानवीय हित वा कल्याणमा ध्यान दिनु

(छ) कविताको संरचना सरल, अभिव्यक्तिहरू घतलाग्दा, भाषा पाठकले बुझ्ने र भावअनुसार शैलीको प्रयोग

## अभ्यास

**१. उपयुक्त उत्तर भन्नुहोस् :**

(क) कविता विधाभित्र कुन पर्दैन ?

(आ) मुक्तक (आ) खण्डकाव्य

(इ) महाकाव्य (ई) एकाङ्की

(ख) कवितालाई गतिशील केले बनाउँछ ?

(अ) तत्त्व (आ) परिभाषा

(इ) विशेषता (ई) छन्द

(ग) गद्य कवितालाई कुन लयले प्रतिनिधित्व गर्दछ ?

(अ) शास्त्रीय लय (आ) मुक्त लय

(इ) लोक लय (ई) गीति लय

(घ) संवेग र चिन्तनका सन्दर्भमा उत्पन्न विचारलाई के भनिन्छ ?

(अ) भाषाशैली (आ) संवाद

(इ) भाव (ई) विषयवस्तु

(ङ) कविताको तत्त्व कुन होइन ?

(अ) भाव (आ) कल्पना

(इ) बिम्ब (ई) संरचना

**२. कविताको सैद्धान्तिक अवधारणाका आधारमा ठिक बेठिक छुट्याउनुहोस् :.**

(क) कविताका लागि छन्द अनिवार्य हुन्छ ।

(ख) 'भाव' कविताको बाह्य तत्त्व हो ।

(ग) कवितामा आख्यान अनिवार्य हुन्छ ।

(घ) विषयवस्तुले कवितालाई मूर्त रुप प्रदान गर्छ ।

(ङ) कवितामा 'संवाद' अनिवार्य हुन्छ ।

**३. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) कविता भनेको के हो ?

(ख) कविताका विशेषताहरू लेख्नुहोस् ।

(ग) कविताका तत्त्वहरू के के हुन् ?

(घ) कवितामा बिम्बको प्रयोग किन गरिन्छ ?

(ङ) कविताको शैली कस्तो हुनु राम्रो मानिन्छ ?

(च) कविताको आधुनिक कालका प्रवृत्तिहरू लेख्नुहोस् ।

**पाठ २**

# महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको 'यात्री' कविता

**सक्षमता**

(क) महाकवि लक्ष्मीप्रसाद देवकोटाको सामान्य परिचय र काव्यगत विशेषता बताउन

(ख) 'यात्री' कविताको स्वरूप र शैली पहिचान गर्न

(ग) कवितामा प्रयोग भएका विशेष शब्दको अर्थ बताई प्रयोग गर्न

(घ) अभ्यासका भाषिक क्रियाकलाप सम्पादन गर्न

(ङ) कवितालाई गद्यमा रूपान्तरण गर्न

(च) कविताका विशिष्ट पङ्क्तिहरूको व्याख्या वा सप्रसङ्ग व्याख्या गर्न

(छ) पाठमा आधारित अति सङ्क्षिप्त, सङ्क्षिप्त प्रश्नको उत्तर दिन

(ज) संरचना, अन्तर्वस्तु, भाव वा लय, भाषाशैली, बिम्ब तथा कल्पनाका आधारमा समीक्षा गर्न

(च) कविता सिर्जनामा अभिरुचि देखाउन

## कविको परिचय र काव्यगत प्रवृत्ति



महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका केन्द्रीय प्रतिभा हुन् । उनको जन्म वि.सं.१९६६ कार्तिक २० गते काठमाडौंको धोबीधारामा भएको हो । उनी तिलमाधव देवकोटा तथा अमरराज्यलक्ष्मी देवकोटाका साहिँला छोरा हुन् । देवकोटाले अङ्ग्रेजीमा एम.ए. र कानुनमा भने बी.एलसम्म अध्ययन गरेका थिए । उनी नेपालको शिक्षा मन्त्री पनि भए । वि.सं. २०१६ भदौ २९ गते काठमाडौँको पशुपति आर्यघाटमा यिनको देहावसान भयो । उनी नेपाली साहित्यको इतिहासमा महाकविका रूपमा अमर छन् ।

लक्ष्मीप्रसाद देवकोटा बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । उनले दश वर्षको कलिलो उमेरदेखि कविता लेख्न प्रारम्भ गरे । उनको प्रथम प्रकाशित कविता 'पूर्णिमाको जलधि' (१९९१) हो । उनका कविताहरू 'पुतली' 'भिखारी' 'सुनको बिहान', 'मनोरञ्जन' एवं लक्ष्मी कवितासङ्ग्रह प्रकाशित छन् । 'मुनामदन' उनको लोकप्रिय खण्डकाव्य हो । उनका अन्य खण्डकाव्यहरू पनि उत्तिकै लोकप्रिय छन् । उनका खण्ड काव्यहरूमा 'कञ्जिनी' लुनी, म्हेन्दु बासन्ती विशेष उल्लेखनीय छन् । शाकुन्तल,

सुलोचना, प्रमिथस, महाराणा प्रताप, वनकुसुम आदि महाकाव्यहरूले उनको विशेष प्रतिभाको परिचय दिएका छन् । 'लक्ष्मी निबन्ध सङ्ग्रह' र 'दारिमको रुखनेर' यी निबन्ध सङ्ग्रहले देवकोटालाई निबन्धकारका रूपमा स्थापित गरेका छन् । लक्ष्मी कथासङ्ग्रह र सावित्री सत्यवान् नाटक पनि उनका उल्लेखनीय कृति हुन् ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा स्वच्छन्दतावादी धारा विकास गर्ने केन्द्रीय प्रतिभा हुन् । उनका कवितामा हार्दिकता र भावावेगको प्रधानता हुन्छ । देवकोटाका कविताले मानवता र विश्वबन्धुत्वको सन्देश दिन्छन् । ईश्वर, प्रकृति र मानवलाई विषयवस्तु बनाएर कविता लेख्ने देवकोटा कल्पनामा रमाउने विराट् प्रतिभा भएका कवि हुन् । उनका कविताले प्रकृतिप्रेम, मानवतावाद र राष्ट्रियतालाई प्राथमिकता दिएका छन् । वर्णमात्रिक, मात्रिक, लोकलय, मुक्तलय गरी चारैथरि लयको उपयोग गर्दै कविताको रचना गरेका छन् । देवकोटाका काव्यगत प्रवृत्ति निम्नानुसार रहेका छन् :

(क) स्वच्छन्दवादी धाराका केन्द्रीय प्रतिभा

(ख) प्राकृतिकतामा रमाउने कवि

(ग) राष्ट्रप्रेम र मानवतावादी चिन्तनबाट प्रभावित कवि

(घ) वर्णमात्रिक, मात्रिक, लोकलय, मुक्तलयमा कविताको रचना गर्ने कवि

(ङ) बिम्बर प्रतीकहरूको सहज र स्वतस्फूर्त चयन गर्न सफल कवि ।

कुन मन्दिरमा जान्छौ यात्री,
कुन मन्दिरमा जाने हो ?
कुन सामग्री पूजा गर्ने,
साथ कसोरी लाने हो ?
मानिसहरूको काँध-चढी
कुन देवपुरीमा जाने हो ?

हाडहरूका सुन्दर खम्बा
मांस-पिण्डका दीवार ।
मस्तिष्कको यो सुनको छाना
इन्द्रियहरूका द्वार ॥
नसा-नदीका तरल तरङ्ग

मन्दिर आफू अपार ।
कुन मन्दिरमा जान्छौ यात्री
कुन मन्दिरको द्वार ॥

मनको सुन्दर सिंहासनमा
जगदीश्वरको राज ।
चेतनाको यो ज्योति हिरण्मय
उसको शिरको ताज ।
शरीरको यो सुन्दर मन्दिर
विश्वक्षेत्रको माज ॥

भित्र छ ईश्वर बाहिर आँखा
खोजी हिँड्छौ कुन पुर ?
ईश्वर वस्दछ गहिराइमा
सतह बहन्छौ कति दूर
खोजी गर्छौ ? हृदय लगाऊ
बत्ति बाली तेज प्रचुर ॥

साथी यात्री बीच सडकमा
ईश्वर हिँडदछ साथ ।
चुम्दछ ईश्वर काम सुनौला
गरिरहेका हात ।
छुन्छ तिलस्मी करले उसले
सेवकहरूको माथ ॥

सडक किनारा गाउँछ ईश्वर
चराहरूको तानामा
बोल्दछ ईश्वर मानिसहरूको
पीडा, दुखको गानामा
दर्शन किन्तु कहीँ दिदैंन
चर्म-चक्षुले कानामा

कुन मन्दिरमा जाने यात्री
कुन नवदेश विरानामा ?

फर्क फर्क हे ! जाऊ समाऊ
मानिसहरूको पाउ
मलम लगाऊ आर्तहरूको
चहराइरहेको घाउ
मानिसहरू भै ईश्वरको त्यो
दिव्य मुहार हँसाऊ ।

## शब्दार्थ

मन्दिर : देवालय, देवीदेवतासम्बन्धी भवन

यात्री : यात्रा गर्ने व्यक्ति, तीर्थयात्री

सामग्री : सामान, चिजबिज

काँध : कुम वा गर्धननेरको भाग, स्कन्ध

देवपुरी : स्वर्ग, देवताहरूको सहर

खम्बा : खाँबो, थेग्ने वा अड्याउने चिज

मांस-पिण्ड : मासुको डल्लो

दीवार : भित्तो

मस्तिष्क : बुद्धि, प्रतिभा

इन्द्रिय : मानवीय अङ्ग

द्वार : ढोका, दैलो

तरल : चञ्चल, अस्थिर

तरङ्ग : लहर , छाल

सिंहासन : सिंहको चित्र अङ्कित आसन

| | | |
|---|---|---|
| जगदीश्वर | : | जगतका ईश्वर, संसारका मालिक |
| चेतन | : | चेतना, चैतन्य |
| ज्योति | : | प्रकाश, किरण |
| हिरण्मय | : | स्वर्णमय, सुनौलो |
| ताज | : | मुकुट, श्रीपेच |
| पुर | : | सहर, नगर |
| हृदय | : | मन, विचार |
| तेज | : | उज्यालो, तेजिलो |
| प्रचुर | : | प्रशस्त, धेरै |
| सुनौलो | : | असल, राम्रो |
| सतह | : | जमिनको माथिल्लो भाग |
| तिलस्मी | : | जादुगरी, चटकी |
| कर | : | हात |
| सेवक | : | सेवा गर्ने व्यक्ति, भक्त |
| ताना | : | स्वर, आवाज वा बोली |
| पीडा | : | दुःख, कष्ट |
| किन्तु | : | तर, तापनि |
| दर्शन | : | देखा पर्ने काम, हेराइ |
| चर्म-चक्षु | : | बाहिरी आँखा, छालाका आँखा |
| कानो | : | भित्री आँखा नभएको, एक आँखे |
| नवदेश | : | नयाँ देश, नौलो देश वा ठाउँ |
| विरानो | : | नौलो, नदेखेको वा नपुगेको |
| मलम | : | घाउमा लगाउने लेसिलो ओखती |

आर्त : अस्वस्थ, दुःखी

दिव्य : अलौकिक, ईश्वरीय

मुहार : अनुहार, चेहरा

## कविताको समीक्षा

### यात्री कविताको समीक्षा

**(क) संरचना**

'यात्री' कविता नेपाली साहित्यको महत्त्वपूर्ण उपलब्धि मानिएको छ । यसका रचयिता महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् । यो कविता भिखारी कवितासङ्ग्रहमा छ । देवकोटाले यस कवितामा आफ्ना विचारहरूलाई सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् । 'यात्री' कविता आदि, मध्य र अन्त्य भागमा संरचित छ । आदि भाग कविताको प्रस्तुति हो । यस भागमा कविले यात्रीलाई यात्राका बारेमा केही प्रश्नहरू गरेका छन् । मध्य भागमा कविले कवितासँग सम्बन्धित विचारहरूको वर्णन गरेका छन् । यस भागमा शरीर र मन्दिरका बिचको तुलना छ । कवि शरीर र मन्दिरका बिचमा समानता स्थापित गर्छन् । यसै भागमा कवितालाई विस्तार गर्न ईश्वर र मानवका बिचको वास्तविक वा यथार्थ सम्बन्धको पनि उल्लेख छ । कविले ईश्वर आफैंभित्र भएको पुष्टि गरेका छन् । अनि अन्त्यको भाग कविताको निष्कर्ष हो । यस भागमा कविले ईश्वर प्राप्त गर्ने उपायहरू बताएका छन् । प्रश्नबाट प्रारम्भ भएको यो कविता आग्रहमा गएर अन्त्य भएको छ ।

**(ख) विषयवस्तु**

मानिसका काँधमा चढेर गरिने यात्रा आडम्बर हो । यसले कुनै अर्थ राख्दैन । ईश्वर त मानिस नै हो । उसको शरीर मन्दिर हो । शरीरभित्र हृदयमा रहने विश्ववन्धुत्वको भावना नै वास्तविक ईश्वर हो । ईश्वर यात्रामा आफ्नै साथमा हुन्छ । ईश्वर प्राप्त गर्न कतै धाउनु पर्दैन । यसका लागि विशेष सामग्रीहरूको पनि आवश्यकता पर्दैन । ईश्वर प्राप्त गर्न त आफ्नै चेतनाले काम गर्छ । त्यसका लागि त केवल भावना चाहिन्छ । ईश्वर कर्मशील व्यक्तिहरूलाई परोक्ष ढङ्गले माया गर्छ । ऊ सेवा गर्ने वा परोपकारमा लाग्ने व्यक्तिहरूलाई आशीर्वाद प्रदान गर्छ । ईश्वर रहस्यमय छ, त्यसलाई हामी सतही ढङ्गले जान्न सक्तैनौँ । ईश्वर चराहरूको स्वरमा प्रकट हुन्छ । ऊ दुखीहरूको बोलीमा व्यक्त हुन्छ । त्यस्तो बोली वा स्वरलाई नै आत्मसात गर्न सक्नुपर्छ । बाहिरी आँखा वा चर्मचक्षुले ईश्वरको दर्शन हुँदैन । यसका साथै हामीले ईश्वर प्राप्त गर्ने दृष्टकोणलाई समेत बदल्नु आवश्यक छ । ईश्वरलाई

हामीले हृदयले खोज्नुपर्छ, यसका लागि उदार भावनाको आवश्यकता पर्छ । सेवाको भावना नै ईश्वर प्राप्त गर्ने प्रमुख माध्यम हो । हामी मानिस भएर मानिसको दुखमा सहभागी हुन सक्नुपर्छ । यिनै विषयवस्तुहरूलाई कविले कवितामा सुन्दर ढङ्गले व्यक्त गरेका छन् । यो कविता शब्द सौन्दर्यको कलात्मक चित्र हो ।

**(ग) भाव तथा लय**

देवकोटाको प्रस्तुत 'यात्री' कविताको मूलभाव पनि मानवतावादी दृष्टिकोण नै हो । यस कवितामा देवकोटाले शरीर र मन्दिरमा पाइने समानताहरू बताउँदै मनको सिंहासनमां जगदीश्वरको राज हुन्छ भनेका छन् । देवताको दर्शन गर्न कुनै देवपुरीमा जानु पर्दैन, ईश्वरलाई पाउन त हृदय लगाउनु पर्छ भन्ने यस कविताको आशय हो । ईश्वर गहिऱ्याइमा हुन्छ । ईश्वर दुःखीहरूको आत्मामा रहन्छ । चराहरूको बोलीमा ईश्वर बोल्छ । यसर्थ प्राणीहरूको आत्मा नै ईश्वर हो भन्ने धारणा यस कवितामा उल्लेख छ । यो पद्य कविता हो, शास्त्रीय मात्रिक छन्दमा लेखिएको छ । मात्राका आधारमा सुर वा लय सिर्जना गरी यसलाई सङ्गीत बद्ध पनि गर्न सकिन्छ । यो कविता भावमय छ । यस कविताको वाचनमा पनि हार्दिकताको आवश्यकता पर्छ ।

**(घ) भाषाशैली**

यस कवितामा प्रचलित शब्द र पदावलीहरूको नै प्रयोग छ । रचना पनि सरल छ । पठनबोधको दृष्टिले यो कविता निकै सरल मानिन्छ । यस कवितामा कविले आत्मपरक शैलीमा विषयवस्तुको वर्णन गरेका छन् । कविताको बिच बिचमा यात्रीलाई सम्बोधन गरी आफ्नो विचारको प्रस्तुतिमा जोड दिनाले कविताको शैली बढी रोचक भएको छ । प्रश्नका आधार प्रतिप्रश्नको अपेक्षा नगरी उत्तरको अभिव्यक्ति छ । यात्रीलाई सम्बोधन गरे पनि कविले यो सबै मानिसका लागि व्यक्त गरेको सन्देश हो । यस कवितामा कविले आफ्ना विचारहरूलाई उपदेशका रूपमा होइन, आग्रहका रूपमा व्यक्त गरेका छन् ।

**(ङ) बिम्ब तथा कल्पना**

कविले विश्वव्यापी मान्यतालाई नै यस कवितामा प्रस्तुत गरेका छन् । त्यसका लागि बिम्ब वा प्रतीकका रूपमा ईश्वर, मन्दिर मानव, चरा, सडक, आदिको उल्लेख छ । यस कवितामा मानिसको काँधमा चढेर यात्रा गर्न जान लागेको वा हिँडेको यात्रीको परिकल्पना गरिएको छ । यसै परिकल्पनाका आधारमा कविका भावनाहरू वा मान्यताहरू सबैका समक्ष दृष्टिगोचर भएका छन् ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) .............................. खाँबो, थेग्ने वा अड्याउने चिज

(ख) .............................. मासुको डल्लो

(ग) .............................. बुद्धि, प्रतिभा

(घ) .............................. लहर , छाल

(ङ) .............................. जगतका ईश्वर, संसारका मालिक

(च) .............................. जमिनको माथिल्लो भाग

(छ) .............................. जादुगरी, चटकी

(ज) .............................. देखा पर्ने काम, हेराइ

(झ) .............................. अलौकिक, ईश्वरीय

**२. दिइएका शब्दहरूको पर्याय अर्थ लेख्नुहोस् :**

| | |
|---|---|
| विश्व | दिव्य |
| ज्योति | मुहार |
| शिर | पाउ |
| ईश्वर | विरानो |
| सुन्दर | किन्तु |

**३. दिइएका शब्दहरूको वाक्यमा प्रयोग गर्नुहोस् :**

मस्तिष्क, तरङ्ग, ताज, कर, प्रचुर चर्म, चथु, क्षेत्र दिव्य ।

**४. तलका शब्दहरू सच्याएर लेख्नुहोस् :**

यात्रि, मन्दीर, पुजा, शुन्दर, देव पुरी, मांश, मशितष्क, ज्योती, आखाँ, कीनारा, चछु

**५. पाठमा खोजेर दिइएका शब्दको विपरीत अर्थ लेख्नुहोस् :**

भित्र, गहिराइ, किनारा, पार, शिर

**६. यात्री कविता लय, यति, गति मिलाई वाचन गर्नुहोस् ।**

७. **कविको परिचय पढी उत्तर दिनुहोस् :**

(क) यात्री कविताका रचयिता को हुन् ?

(ख) लक्ष्मीप्रसाद देपकोटाका प्रकाशित खण्डकाव्य र महाकाव्यका नाम लेख्नुहोस् ।

(ग) लक्ष्मीप्रसाद देवकोटालाई किन बहुमुखी प्रतिभाका धनी भनिएको हो ?

(घ) लक्ष्मीप्रसाद देवकोटा कस्ता कवि हुन् ?

(ङ) लक्ष्मीप्रसाद देपकोटाको जन्म र मृत्यु कहिले भएको थियो ?

८. **लक्ष्मीप्रसाद देवकोटाका काव्यगत विशेषता उल्लेख गर्नुहोस् ।**

९. **एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) यात्री मन्दिरमा किन जान्छ ?

(ख) पूजा गर्ने सामाग्रीहरू के के हुन सक्छन् ?

(ग) मानव शरीर र मन्दिरसँग मिल्ने समानताहरू के हुन् ?

(घ) यात्री कविताका आधारमा ईश्वर कहाँ हुन्छ ?

(ङ) ईश्वर पाउन हामीले के गर्नुपर्छ ?

(च) यात्री कविताको मुख्य निष्कर्ष के हो ?

१०. **यात्री कविताका आधारमा ठिक वेठिक छुट्याउनुहोस् :**

(क) ईश्वर पाउन देवपुरीमा जानुपर्छ ।

(ख) मन्दिर आफैँमा अपार छ ।

(ग) ईश्वर प्राप्त गर्न हृदय लगाउनु पर्छ ।

(घ) ईश्वर सतहमा रहन्छ ।

(ङ) ईश्वरले सबैलाई माया गर्छ ।

११ **दिइएका कवितांश गद्यमा रूपान्तरण गर्नुहोस् :**

(क) कुन मन्दिरमा जान्छौ यात्री,
कुन मन्दिरमा जाने हो ?

(ख) भित्र छ ईश्वर बाहिर आँखा
खोजी हिँड्छौ कुन पुर ?

**१२. दिइएका कवितांशको आशय प्रस्ट पार्नुहोस् :**

(क) मनको सुन्दर सिंहासनमा
जगदीश्वरको राज ।

(ख) ईश्वर बस्दछ गहिराइमा
सतह बहन्छौ कति दूर ।

(ग) साथी यात्री बीच सडकमा
ईश्वर हिंडँछ साथ ।

**१३. दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) कवितामा यात्रीलाई कस्तो सल्लाह दिइएको छ ?

(ख) ईश्वर हामीहरूको सामुन्नेमा कुन रुपमा देखापर्छ ?

(ग) यात्री कविताको संरचना कस्तो छ ?

**१४. दिइएका बुँदाका आधारमा यात्री कविताको भाषाशैली लेख्नुहोस् :**

(क) कवितामा प्रचलित शब्द र पदावलीहरूको प्रयोग

(ख) आत्मपरक शैलीमा विषयवस्तुको वर्णन

(ग) प्रश्नका आधार प्रतिप्रश्नको अपेक्षा नगरी उत्तरको अभिव्यक्ति

**१५. बुँदाका आधारमा कविताको भाव प्रस्ट पार्नुहोस् :**

(क) मनको सिंहासनमां ईश्वरको बास हुने

(ख) देवताको दर्शन गर्न कुनै मठमन्दिर जानु नपर्ने

(ग) ईश्वर दुःखीहरूको आत्मामा रहने

(घ) मानवताको भावना सबैमा हुनुपर्ने

**१६. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

सडक किनारा गाउँछ ईश्वर
चराहरूको तानामा
बोल्दछ ईश्वर मानिसहरूको
पीडा, दुखको गानामा
दर्शन किन्तु कहीँ दिदैँन

चर्म-चक्षुले कानामा

कुन मन्दिरमा जाने यात्री

कुन नवदेश विरानामा ?

**प्रश्नहरू**

(क) ईश्वर कहाँ पाइन्छन् ?

(ख) माथिको कवितांशको मूल आशय के हो ?

**१७. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) चेतनाको यो ज्योति हिरण्मय

उसको शिरको ताज ।

शरीरको यो सुन्दर मन्दिर

विश्वक्षेत्रको माझ ॥

(ख) मलम लगाऊ आर्तहरूको

चहराइरहेको घाउ ।

मानिसहरू भै ईश्वरको त्यो

दिव्य मुहार हसाँऊ ॥

**१८. कवितामा कविले व्यक्त गरेका ईश्वरका विशेषता उल्लेख गरी यात्री कविताले पारेको प्रभाव प्रस्तुत गर्नुहोस् ।**

**१९. यात्री कविताको मुख्य मुख्य विषयवस्तु टिपोट गर्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. कुनै एक शीर्षकमा कविता लेखेर देखाउनुहोस् :**

(क) मन्दिर (ख) झण्डा

(ग) स्वदेश (घ) नदी

(ङ) हिमाल आदि ।

## थप पाठ्यसामग्री

### लययुक्त शब्द

लय सिर्जना गर्ने युगल शब्दहरू लययुक्त शब्द हुन् । यिनीहरू समान ध्वनि वा समान अक्षरका हुन्छन् । लययुक्त शब्दलाई अनुप्रासका रूपमा प्रयोग गर्नुपर्छ । यस्ता शब्दले कवितालाई सङ्गीतात्मक बनाउन मदत गर्छन् ।

### लययुक्त केही शब्दहरू

| | | |
|---|---|---|
| धर्म - कर्म | वसन्त - बसन्त | ठाउँ - गाउँ |
| भक्त - रक्त | चित्र - विचित्र | झगडा - तगडा |
| सार - हार | सर्ग - विसर्ग | सहर - रहर |
| जब - तब | कल - मकल | समाऊ - रमाऊ |
| गाऊँ - पाऊँ | वन - भुवन | सामान - विमान |
| झट्ट - पट्ट | सुधा - बसुधा | मलम - कलम |
| गति - मिति | मन - सुमन | विहार - संहार |
| यात्री - रात्री | मल - कमल | साहारा - आहारा |
| वन - धन | हार - विहार | नवीन - प्राचीन |
| लय - तय | योग - वियोग | विकास - आकाश |
| खात - पात | हर - रहर | चरण - शरण |
| मेल - भेल | सार - असार | सपना - विपना |
| तन - मन | लय - विलय | माधुर्य - सौन्दर्य |
| फल - फूल | देश - प्रदेश | रसिलो - धमिलो |
| अल्छी - बल्छी | चरो - विचरा | कालिका - राधिका |

**लययुक्त शब्दहरूको प्रयोजन**

(क) शब्दभण्डारको विकास हुन्छ ।

(ख) कविता सिर्जनामा मदत मिल्छ ।

(ग) अभिव्यक्तिलाई आकर्षक बनाउँछ ।

**लययुक्त शब्दको प्रयोग**

हातको मैला सुनका थैला के गर्नु धनले

साग र सिस्नु खाएको वेश आनन्दी मनले

- लक्ष्मीप्रसाद देवकोटा

पाठ ३

# कवि नवराज लम्साल र उनको 'फर्कन्छु साथी म त' कविता

**सक्षमता**

(क) कवि नवराज लम्सालको सामान्य परिचय र काव्यगत विशेषता बताउन

(ख) 'फर्कन्छु साथी म त' कविताको स्वरूप र शैली पहिचान गर्न

(ग) कवितामा प्रयोग भएका विशेष शब्दको अर्थ बताई प्रयोग गर्न

(घ) अभ्यासका भाषिक क्रियाकलाप सम्पादन गर्न

(ङ) कवितालाई गद्यमा रूपान्तरण गर्न

(च) कविताका विशिष्ट पङ्क्तिहरूको व्याख्या वा सप्रसङ्ग व्याख्या गर्न

(छ) पाठमा आधारित अति सङ्क्षिप्त र सङ्क्षिप्त प्रश्नको उत्तर दिन

(ज) संरचना, अन्तर्वस्तु, भाव वा लय, भाषाशैली, बिम्ब तथा कल्पनाका आधारमा समीक्षा गर्न

(च) कविता सिर्जनामा अभिरुचि देखाउन

## कविको परिचय र काव्यगत प्रवृत्ति



कवि नवराज लम्साल २०२६ साउन ८ गते धादिङको ज्यामरुङमा जन्मेका हुन् । उनका मातापिता हेमकुमारी र टङ्कप्रसाद लम्साल हुन् । उनको विशेष अभिरुचि साहित्यिक क्षेत्रमा छ । उनी पत्रकारितामा पनि त्यत्तिकै चासो राख्छन् । नेपाली भाषा तथा साहित्यको अध्ययनका सिलसिलामा उनले विद्यावारिधीको उपाधि हासिल गरेका छन् । उनी विद्यार्थी अवस्थादेखि नै कविता लेखनमा विशेष अभिरुचि राख्थे । 'वन्दना' शीर्षकको कविता २०४१ मा 'अरुणोदय' पत्रिकामा छापिएपछिको थियो । उनको सबभन्दा पहिले प्रकाशित कविता यही नै हो ।

कवि नवराज लम्साल नवस्वच्छन्दतावादी धाराका कवि हुन् । तीनओटा कविता सङ्ग्रह, दुईओटा गीति सङ्ग्रह अनि दुई ओटा महाकाव्य गरी उनका आधा दर्जनभन्दा बढी काव्य कृतिहरू पाठहरूका समक्ष पुगेका छन् । यिनमा 'पाइलैपिच्छे सगरमाथा' (२०६१), 'आगो छोपेर कतिञ्जेल' (२०६२) र क्रमश एक्लै एक्लै' (२०७४) कविता सङ्ग्रह हुन् । त्यस्तै 'धुनभित्र धुनबाहिर' (२०६२) र 'उडूँ उँडू लाग्छ' (२०७२) गीति सङ्ग्रह हुन् । 'कर्ण' (२०६६) र धारा' (२०७३) भने महाकाव्य

हुन् । उनको 'कर्ण' महाकाव्यले नेपाली साहित्यमा निकै ख्याति हासिल गरेको छ ।

कवि नवराज लम्साल पूर्वीय काव्य सिद्धान्तमा बढी आस्था राख्छन् । उनका कृतिहरू विषयवस्तुका दृष्टिले विविध, भाषाका दृष्टिले सरल र भावका दृष्टिले गहन छन् । उनका कविताहरू समसामयिक युग जीवनका अभिव्यक्ति हुन् । उनका काव्य कृतिमा प्रेमपरक भाव पाइन्छ । कवि लम्साल काव्य सौन्दर्यका पूजारी मानिएका छन् । कवि नवराज लम्सालका काव्यगत प्रवृत्ति निम्नानुसार रहेका छन् :

(क) प्रकृति र संस्कृतिको संयोजनकर्ता

(ख) पूर्वीय दर्शनको प्रभाव

(ग) सांस्कृतिक, जातीय र धार्मिक बहुलताको स्वर

(घ) सिमान्तकृत पात्र /चरित्र र स्थानको उल्लेख

(ङ) पौराणिक मिथकको प्रभाव

(च) राष्ट्रिवादी चिन्तन

(छ) सरल बिम्ब र प्रतीकको प्रयोग

जो भेट्यो उसकै कथा छ तगडा ऊ भन्छ फर्की नजा
यो स्वर्गीय सदा सदा सुख दिने छोडेर तर्की नजा ।
पैसा टिप्नु टपक्क टक्टक नयाँ पैसा न हो इज्जत
भन्ने ज्ञान अटेन यो मन भरी फर्कन्छु साथी म त ।१।

'कोही नम्र भएर भन्छ सजिलै साथी तिमी मूर्ख हौ
मौका आउँछ पर्खंदैन कहिले फर्की यहाँ आउँछौ ।
पैसा सम्झ नसम्झ देश दुनियाँ पैसै लगाऊ लत'
यो सल्लाह नमान भन्छ मनले फर्कन्छु साथी म त ।२।

मीठो छैन उता यतै छ भरिलो नेपाल बिर्सी बस
भन्नेको मनमा अझै छ रसिलो आमा चुसेको रस ।

आमा छिन् घर गाउँमा बगरमा माटो खरानी सित
आफू मात्र रमाउने सहर यो फर्कन्छु साथी म त ।३।

पैसा छैन र छैन रिस झगडा माया छ साँचो भर
साँच्चै सभ्य सुसभ्य शान्त रसको स्वर्गीय मेरो घर ।
जस्का निम्ति म बाँच्छु बाँच्नु छ तिनै मेरा सबै चिन्तित
यो टाढा कसरी बसी दिन गर्नु फर्कन्छु साथी म त ।४।



खाने छैन र छैन बास सुखको सन्तान भोकै तर
हारेको इतिहास छैन श्रमले चम्काउँला त्यो घर ।
साँच्चै हो सुख छैन किन्तु सुकिलो आशा छ भोलिसित
बाँझो हो तर व्यर्थ छैन धरती फर्कन्छु साथी म त ।५।

जो बस्छौ बस बस्नुको लहरमा आफू भएरै बस
आफ्नो निम्ति छ जिन्दगी यदि भने आफू रहेरै बस ।
सक्छौ मेट्न भने बसेर सुखले तिर्खा र त्यस्को खत
आफ्नो देश नबिर्स दुनियाँ फर्कन्छु साथी म त ।६।

## शब्दार्थ

| | | |
|---|---|---|
| कथा | : | गुनासो, कहानी |
| स्वर्गीय | : | स्वर्गको जस्तो |
| सदा | : | सधैँ, नित्य |
| तर्की | : | तर्केर, छलिएर |
| इज्जत | : | मान, सम्मान |
| टकटक | : | सुकिलो |

ज्ञान : बुद्धि

नम्र : शिष्ट, विनम्र

मूर्ख : बुद्धि नभएको

मौका : अवसर, समय

दुनियाँ : संसार, मानिस

लत : बानी, स्वभाव

सल्लाह : कुरा, विचार

भरिलो : भर भएको, पोटिलो

रस : झोल, भाव

बगर : बगेर जम्मा भएको जमिन

सभ्य : शिष्ट, राम्रो

सुसभ्य : अति सभ्य, विशेष सभ्य

चिन्तित : चिन्ता वा तापमा परेको

टाढा : पर, दूर

बास : बस्ने घर, आश्रय स्थल

सन्तान : सन्तति, छोराछोरी

इतिहास : विगत, पुर्ख्यौली

बाँझो : कमाइ नलगाएको, विना उत्पादनको

धरती : पृथ्वी, जमिन

व्यर्थ : बेकार, काम नलाग्ने

आशा : अभिलाषा, चाहना

लहर : हार, पङ्क्ति, ताँत

खत : दाग, असर

## कविताको समीक्षा

### 'फर्कन्छु साथी म त' कविताको समीक्षा

### (क) संरचना

'फर्कन्छु साथी म त' यस कविताका कवि नवराज लम्साल हुन् । यस कवितामा कविले देशप्रेमलाई कलात्मक पाराले बयान गरेका छन् । कामको सिलसिलामा विदेश पुगेका नेपालीहरूको सन्दर्भमा कविले यो कविता लेखेका हुन् । यस कवितामा कविले आफ्नो देश सम्झेर फर्कन खोज्ने नेपालीहरूको प्रतिनिधित्व गरेका छन् । यस अर्थमा कविताको शीर्षक 'फर्कन्छु साथी म त' निकै सार्थक हुन आउँछ । प्रस्तुत कविता छन्दोबद्ध कविता हो । यो कविता शार्दूलविक्रीडित छन्दमा छ । यस कवितामा छ ओटा श्लोकहरू छन् । ती श्लोकहरूको प्रत्येक चरणमा उन्नाइस अक्षरहरू समावेश छ । सात र बार अक्षरमा विश्राम हुन्छ । 'फर्कन्छु साथी म त' यो पदावली सबै श्लोकको चौथो चरणमा समावेश छ । यसले कविताको भावलाई बलियो बनाएको छ ।

### (ख) विषयवस्तु

स्वदेश र विदेशका सम्बन्धमा कामका सिलसिलामा विदेश पुगेका नेपालीहरूका आआफ्ना बलिया तर्कहरू छन् । उनीहरूमध्ये कतिपय नेपाल नफर्कने पक्षमा छन् । उनीहरू कविलाई समेत आफ्नो देश नफर्कन सल्लाह दिन्छन् । आफ्नो देश फर्कने कविको विचार बुझेर कतिपय साथीहरू कविलाई मूर्ख मान्छन् । नेपाल बिर्सन पनि आग्रह गर्छन् । उनीहरूको भनाइमा नेपाल फर्केर आएपछि फेरि विदेश जाने भनेको कुरा सजिलो छैन । उनीहरूका भनाइमा हाम्रा लागि विदेश त स्वर्ग हो । विदेशमा सधैँ सुख छ । यहाँ विदेशमा पैसा कमाउन सकिन्छ । पैसा नै सबथोक हो । त्यसैमा मान मर्यादा र इज्जत छ जस्ता भाव झल्किन्छन् । कविका कतिपय साथीहरूले विदेशको बसाइलाई अवसर ठानेका छन् । उनीहरू कविलाई पैसा सम्झ, देश नसम्झ दुनियाँभरका कुराहरू छाड केवल पैसाको फिक्री गर भन्ने सल्लाह दिन्छन् । तर कविको मन साथीहरूका विचारमा सहमत हुँदैन । अतः कवि 'फर्कन्छु साथी म त' भनेर साथीहरूसँग आफ्नो देश नेपाल फर्कने विचारलाई पटक-पटक दोहोऱ्याउँछन् ।

कवि आफ्नो देशप्रतिको भावना विशेष रूपमा व्यक्त गर्छन् । उनले यस कवितामा नेपाल र नेपालीको सम्बन्धलाई पनि प्रस्ट पारेका छन् । नेपाल भएकाले नै हामी नेपाली बनेका हौँ भन्ने कविको भनाइ छ । आमालाई गाउँमा छाडेर कवि विदेशको सहरमा बस्न मन पराउँदैनन् । कविले गाउँका विशेषताहरूलाई कवितामा उल्लेख गरेका छन् । नेपाल शान्त छ,

त्यहाँ पवित्र माया छ । कविका साथीहरू विदेशलाई स्वर्ग ठान्छन्, पैसा नै सब थोक हो भन्छन् । कवि भने आफ्नै देश नेपाललाई स्वर्ग मान्छन् । आफ्नो देश नेपाल सभ्य, सुसभ्य र शान्त भएको कुरामा कवि विश्वस्त छन् । कवि देशबाट टाढा विदेशमा बस्न मन पराउँदैनन् । कवि आफन्तहरूप्रति माया ममता व्यक्त गर्दछन् । आफन्तहरूबाट टाढा पट्यार लाग्दो सहरमा दिन गनेर बस्ने कविको विचार छैन । कवि त आफ्नै देशमा श्रम गरेर आफ्नो देशको विकास गर्ने विचार राख्छन् । कविको यसमा विश्वास पनि छ । कवि भविष्यप्रति आशावादी पनि छन् । कवि साथीहरूसँग आफू फर्कने कुरा अन्तिमसम्म पनि व्यक्त गर्छन् र साथीहरूलाई पनि आफ्नो देश नबिर्सन आग्रह गर्छन् ।

**(ग) भाव र लय**

यस कविताको मुख्य भाव देशप्रेम नै हो । आफ्नो देशलाई कुनै अवस्थामा पनि विर्सनु हुन्न भन्ने कविको भनाइ छ । जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी अर्थात् जन्मदिने आमा र जन्मभूमि स्वर्गसमान हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । कवितामा देशप्रेम र संस्कृतिप्रेमको भाव पाइन्छ । यो कविता शास्त्रीय लयमा लेखिएको कविता हो । यस कवितालाई गति र यतिका आधारमा वाचन गर्नुपर्छ ।

**(घ) भाषाशैली**

कविताको भाषा सरल छ । कवितामा बोलचालका सरल शब्दहरू प्रयोग भएका छन् । कवितामा दुई वा तीन अक्षरले बनेका शब्दहरूको मात्र प्रयोग छ । अतः पठन बोधका दृष्टिले पनि यो कविता सरल हुन आउँछ । कोमल शब्दहरूको प्रयोगले र गहन भावले कविता कलात्मक बनेको छ । आत्मपरक शैलीमा लेखिएको यो कविता समसामयिक कविताका रूपमा निकै महत्त्वपूर्ण मानिन्छ । यस कविताको मुख्य विशेषता नै लयात्मक र गेयात्मकता हो ।

**(ङ) बिम्ब तथा कल्पना**

कविले देशप्रेमका भावनाहरूलाई व्यक्त गर्न देशविदेशको वातावरणलाई बिम्बका रूपमा उल्लेख गरेका छन् । कविका साथीहरू नै यस कविताका बिम्ब हुन् । कविको कल्पना विदेशका सहरसम्म फैलिएको छ । त्यहाँका नेपालीहरूको विचारलाई कविले यस कवितामा व्यक्त गरेका छन् । यसका साथै कविले नेपालको गाउँघर र नेपालीको भविष्यको पनि अनुमान गरेको पाइन्छ । अतः कविको कल्पना शक्तिले यो कविता निकै प्रभावपूर्ण बनेको छ ।

## अभ्यास

१. **पाठमा खोजेर अर्थ मिल्ने शब्द लेख्नुहोस् :**

(क) .................................. मित्र

(ख) .................................. सँग

(ग) .................................. धन

(घ) .................................. बलियो

(ङ) .................................. मिहिनेत

२. **दिएका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

ज्ञान, देश, दुनियाँ, खरानी, माटो, शान्त, सुख, घर ।

३. **'फर्कन्छु साथी म त' कविता नमुनाका रूपमा वाचन गर्नुहोस् :**

४. **कविको परिचय पढी उत्तर दिनुहोस् :**

(क) कवि नवराज लम्सालको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) कवि नवराज लम्सालको साहित्यिक यात्रा कहिले प्रारम्भ भयो ?

(ग) कवि नवराज लम्सालका कृतिहरूको सूची तयार पार्नुहोस् ।

(घ) कवि नवराज लम्साल कस्ता कवि हुन् ?

(ङ) कवि केका पूजारी मानिएका छन् ?

५. **कवि नवराज लम्सालका काव्यगत विशेषता उल्लेख गर्नुहोस् ।**

६. **खाली ठाउँमा उपयुक्त शब्द भरी पूरा गर्नुहोस्:**

(क) पैसा टिप्ने .................... पैसा न हो इज्जत ।

(ख) .................... कहिले फर्की यहाँ आउँछौ ।

(ग) मीठो छैन उता यतै छ भरिलो .................... ।

(घ) साँच्चै .................... स्वर्गीय मेरो घर ।

(ङ) .................... चम्काउँला त्यो घर ।

(च) आफ्नो देश नबिर्स दुनियाँ .................... ।

**७. एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) साथीहरूका कथाहरू कस्ता छन् ?

(ख) साथीहरूले के नसम्झनु भनेका छन् ?

(ग) आमा अहिले कसरी कहाँ छिन् ?

(घ) आफन्तहरू कस्ता देखिन्छन् ?

(ङ) कविले कस्तो आशा गरेका छन् ?

(च) एक शब्दमा कविले गरेको आग्रह के हो ?

**८. दिइएका कवितांशलाई गद्यमा रूपान्तरण गर्नुहोस् :**

(क) आमा छिन् घर गाउँमा बगरमा माटो खरानी सित
आफू मात्र रमाउने सहर यो फर्कन्छु साथी म त ।

(ख) पैसा छैन र छैन रिस झगडा माया छ साँचो भर
साँच्चै सभ्य सुसभ्य शान्त रसको स्वर्गीय मेरो घर ।

**९. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

खाने छैन र छैन बास सुखको सन्तान भोकै तर
हारेको इतिहास छैन श्रमले चम्काउँला त्यो घर ।
साँच्चै हो सुख छैन किन्तु सुकिलो आशा छ भोलिसित
बाँझो हो तर व्यर्थ छैन धरती फर्कन्छु साथी म त ।

**प्रश्नहरू**

(क) माथिको कवितांशमा श्रमका सम्बन्धमा कस्तो विचार व्यक्त गरिएको छ ?

(ख) माथिको कवितांशको मूल भाव लेख्नुहोस् ।

**१०. दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) कविका मनमा साथीहरूले भनेका के कस्ता कुराहरू अटेनन् ?

(ख) कवि साथीहरूको सल्लाह किन मन पराउँदैनन् ?

(ग) कविलाई बसिरहेको सहर किन मन पर्दैन ?

(घ) कविले आफ्नो घरलाई कसरी बयान गरेका छन् ?

(ङ) कवि केका लागि किन आशावादी देखिन्छन् ?

(च) कविले साथीलाई केकस्ता सल्लाहरू दिएका छन् ?

**११. 'फर्किन्छु साथी म त' कविताको संरचना उल्लेख गर्नुहोस् ।**

**१२. बुँदाका आधारमा कविताको भाषाशैली उल्लेख गर्नुहोस् :**

(क) कविताको भाषा सरल र शब्द बोलचालका प्रयोग

(ख) आत्मपरक शैलीमा लेखिएको

(ग) लयात्मक र गेयात्मकता

**१३. दिइएका बुँदाका आधारमा कविताको भाव लेख्नुहोस् :**

(क) नेपाल र नेपालीको सम्बन्धलाई पनि प्रस्ट

(ख) नेपाल सभ्य, सुसभ्य र शान्त भएको

(ग) श्रम गरेर आफ्नो देशको विकास गर्ने विचार

(घ) आफ्नो देशलाई बिर्सनु हुन्न भन्ने भाव

(ङ) जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी

(च) देशप्रेम र संस्कृतिप्रेमको भाव

**१४. दिइएका पङ्क्तिहरूको भाव विस्तार गर्नुहोस् :**

(क) पैसा सम्झ नसम्झ देश दुनियाँ पैसै लगाऊ लत
यो सल्लाह नमान भन्छ मनले फर्कन्छु साथी म त ।

(ख) मीठो छैन उता यतै छ भरिलो नेपाल बिर्सी बस
भन्नेको मनमा अझै छ रसिलो आमा चुसेको रस

**१५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) जस्का निम्ति म बाँच्छु बाँच्नु छ तिनै मेरा सबै चिन्तित

यो टाढा कसरी बसी दिन गनूँ फर्कन्छु साथी म त ॥

(ख) सक्छौ मेट्न भने बसेर सुखले तिर्खा र त्यसको खत

आफ्नो देश नबिर्स दुनियाँ फर्कन्छु साथी म त ।

**१६. कवि र साथीका बिचमा मत भिन्नता हुने कारणहरू खोजी गर्नुहोस् ।**

**१७. 'कविताको शीर्षक नै यस कविताको सार हो' छलफल गर्नुहोस् ।**

**१८. यस कविताको कुन श्लोक तपाईंलाई बढी राम्रो लाग्यो ? कारणहरू लेख्नुहोस् ।**

**१९. कविले 'फर्कन्छु साथी म त' कवितामार्फत कस्तो विचार सम्प्रेषण गर्न खोजेका छन् ? समीक्षा गर्नुहोस् ।**

## सिर्जनात्मक कार्य

१. 'फर्कन्छु साथी म त' यस कविताका आधारमा विदेशमा रहेका आफन्तहरूको विचार फोनबाट सङ्कलन गर्नुहोस् ।

२. 'शार्दूलविक्रीडित' छन्दको लक्षण र उदाहरण लेखेर देखाउनुहोस् ।

३. आफूलाई मन पर्ने कुनै विषयमा 'शार्दूलविक्रीडित' छन्दमा कविता रचना गर्नुहोस् ।

## थप पाठ्यसामग्री

### सप्रसङ्ग व्याख्या

**सप्रसङ्ग व्याख्या गर्ने तरिका :**

सप्रसङ्ग व्याख्यामा दिएको गद्यांश वा पद्यांशको भावलाई प्रसङ्गसहित वर्णन गरिन्छ । यसबाट विद्यार्थीहरूमा भाव वा विषयवस्तुलाई विस्तृत रूपमा व्यक्त गर्ने क्षमता विकास हुन्छ । यसमा प्रसङ्ग, व्याख्या र निष्कर्ष गरी तीन अनुच्छेद हुन्छन् । सप्रसङ्ग व्याख्या गर्ने तरिकाहरू निम्नानुसार छन् :

(क) **पहिलो अनुच्छेद वा प्रसङ्ग :**

- सम्बन्धित पद्यांश वा गद्यांशको स्रोत उल्लेख गर्नुपर्ने
- सम्बन्धित कृतिका लेखकको नाम र कृतिगत प्रवृत्ति लेख्नुपर्ने
- सम्बन्धित पद्यांश वा गद्यांशको सन्दर्भ वा पूर्व कथनको उल्लेख गर्नुपर्ने
- सम्बन्धित पद्यांश वा गद्यांशको आशय प्रकट गर्नुपर्ने

(ख) **दोस्रो अनुच्छेद वा व्याख्या :**

- पद्यांश वा गद्यांशसँग सम्बन्धित तथ्यपूर्ण कुराहरू उल्लेख गर्नुपर्ने
- तर्क, विश्लेषण, आदिद्वारा व्याख्यालाई विस्तार गर्नुपर्ने
- उदाहरण, दृष्टान्त आदिद्वारा वर्णनलाई प्रस्ट पार्नुपर्ने

(ग) **तेस्रो अनुच्छेद वा निष्कर्ष :**

- उपसंहारका रूपमा व्याख्याको सार लेख्नुपर्ने
- सम्बन्धित पद्यांश वा गद्यांशका सम्बन्धमा आफ्ना अनुभव प्रस्तुत गर्नुपर्ने

**सप्रसङ्ग व्याख्याको नमुना**

**पैसा छैन र छैन रिस झगडा माया छ साँचो भर**
**साँच्चै सभ्य सुसभ्य शान्त रसको स्वर्गीय मेरो घर ।**

प्रस्तुत पद्यांश 'फर्कन्छु साथी म त' कविताबाट उद्धृत गरिएको हो । यसका रचयिता डा. नवराज लम्साल हुन् । कविको हृदय देशप्रेमको भावनाले भरिएको छ । विदेशबाट नेपाल फर्कने सन्दर्भमा कविले यी पङ्क्तिहरूमा आफ्नो देशको महिमा वर्णन गरेका छन् र देशलाई स्वर्गका रूपमा उल्लेख गरेका छन् ।

नेपाल र नेपालीको सम्बन्ध अभिन्न किसिमको छ । देशकै स्रोत-साधनले हामी देशविदेशसम्म पुग्न सक्ने भएका छौँ । अतः विदेशका केही दिनका सुखसुविधामा आफ्नो देशलाई हामी कदापि बिर्सन सक्तैनौँ । हाम्रो देश नेपालका आफ्नै विशेषता वा महिमाहरू छन्, जुन विशेषता र महिमाहरू हामी नेपालीहरूका लागि ज्यादै मूल्यवान् छन् । भौतिक सम्पत्ति हामीसँग कम होला तर हामी मेलमिलाप वा पवित्र मायाको भने धनी छौँ । वस्तुतः अन्य देशका तुलनामा हाम्रो देश सभ्य, सुसभ्य र शान्त छ । आफ्नो देश आफ्नो घर हो । हामी नेपालीहरूले हाम्रो देश नेपाललाई आफ्नो घर जस्तै माया गर्नुपर्छ । विदेशमा रहे पनि आफ्नो देशलाई बिर्सनु हुँदैन । देशप्रतिको आस्था, श्रद्धा र सम्मान सुखदायक हुन्छ । यसर्थ कविले 'स्वर्गीय मेरो घर' भनेर नेपाललाई स्वर्गको रूपमा उल्लेख गरेका छन् । जननी र जन्मभूमि अतुलनीय हुन्छन् । यिनीहरूको महत्त्व स्वर्गभन्दा पनि ठुलो छ । नेपालका तुलनामा विदेशका सुख र सुविधा तुच्छ हुन जान्छन् र क्षणिक हुन्छन् । स्वदेशमा रहँदाको आनन्द

विदेशमा कदापि प्राप्त हुँदैन । विदेशमा आफ्नो देशको जस्तो स्वतन्त्रता र शान्तिको अनुभूति पनि हुँदैन ।

विदेश भनेको परदेश हो, स्वदेश भनेको आफ्नो घर हो । नेपालमा त हामी सबै नेपालीहरूकी आमा हुन् । नेपालप्रतिको दायित्व हामीले बिर्सन हुँदैन । सुनमा सुगन्ध भने जस्तै अभावहरूलाई पूरा गरेर सबैका दृष्टिमा नेपाललाई स्वर्ग बनाउन सक्नु हामी नेपालीहरूको कर्तव्य हो । यस कविताका कविको सदीक्षा वा भावना पनि यही हो ।

## पाठ ४ कवि टीका आत्रेय र उनको 'ज्ञानशाला' कविता

-

**सक्षमता**

(क) कवि टीका आत्रेयको सामान्य परिचय र काव्यगत विशेषता बताउन

(ख) 'ज्ञानशाला' कविताको स्वरूप र शैली पहिचान गर्न

(ग) कवितामा प्रयोग भएका विशेष शब्दको अर्थ बताई प्रयोग गर्न

(घ) अभ्यासका भाषिक क्रियाकलाप सम्पादन गर्न

(ङ) कवितालाई गद्यमा रूपान्तरण गर्न

(च) कविताका विशिष्ट पङ्क्तिहरूको व्याख्या वा सप्रसङ्ग व्याख्या गर्न

(छ) पाठमा आधारित अति सङ्क्षिप्त, सङ्क्षिप्त प्रश्नको उत्तर दिन

(ज) संरचना, अन्तर्वस्तु, भाव वा लय, भाषाशैली, बिम्ब तथा कल्पनाका आधारमा समीक्षा गर्न

(च) कविता सिर्जनामा अभिरुचि देखाउन

**कविको परिचय र काव्यगत प्रवृत्ति**



कवि टीका आत्रेयको जन्म वि.सं. २०३१ साल वैशाख १५ गते इलामको फाकफोकथुममा भएको हो । उनले नेपाली भाषा तथा साहित्यमा एम.ए. र शिक्षा शास्त्रमा एम.एड. सम्मको उपाधि हासिल गरेकी छिन् । उनको रुचि भाव सौन्दर्य र कला सौन्दर्यमा उत्तिकै महत्त्व दिएर कविता सिर्जना गर्नेतर्फ बढी देखिन्छ । उनी प्राध्यापन सेवामा संलग्न छिन् ।

कवि आत्रेयका 'मनको क्षितिज' र 'युगको सङ्घार' यी दुई गजल सङ्ग्रहहरू प्रकाशित भएका छन् । अर्को 'भ्रूण प्रश्न' कवितासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा छ । उनी आधुनिक नेपाली कविताको समसामयिक धाराका कविता लेख्नमा गतिशील वा क्रियाशील छिन् । उनी गीत-गजलका साथै विशेष रूपमा छन्दोवद्ध कविता लेख्छिन् । उनी कविताका माध्यमद्वारा समतामूलक समाजको अपेक्षा राख्छिन् । उनका छन्दोबद्ध कवितामा सशक्त विचार र नौलो प्रस्तुति पाइन्छ । यस कविताका आधारमा कवि टीका आत्रेयका काव्यगत प्रवृत्ति निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| (क) | आधुनिक नेपाली कविताको समसामयिक धाराका कविता लेख्नमा गतिशील वा क्रियाशील स्रष्टा |
| (ख) | भौतिक संसार वा बाह्य स्थुल जगतको सूक्ष्म विश्लेषणकर्ता |
| (ग) | सामाजिक नीतिचेतना र मानवतावादी चिन्तनबाट प्रभावित कवि |
| (घ) | छन्दोबद्ध कविता र गजल रचना गर्ने कवि |
| (ङ) | बिम्ब र प्रतीकहरूको सहज प्रयोगकर्ता । |

फूलको चेहरा हेर्छु काँडाको त्याग हेर्दछु
निःस्वार्थ प्रेमको नाता यसमै धेर पाउँछु ।
गौँथली कमिला मौरी नमुना श्रमका घर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ॥



आमाको ममताभित्र काव्य लाख अटाउँछ
बाबाको श्रममा अग्लो आत्मविश्वास धाउँछ ।
घर मन्दिर हो बुझ्नू बाआमा देव ईश्वर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ॥

अँध्यारो छ र नै हुन्छ महत्त्व दिनको सुन
हार्नेको त्यागले जित्छ जित्नेले युद्ध शासन ।
अग्लो हुन कुनै होचो चाहिन्छ तुलना गर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ॥

थाहा जीवनको अन्त्य हुनाले प्राणमोह छ
बिहानी शीतको छोटो आयु सौन्दर्य प्यार छ ।
मृत्यु भयमा फूल छोड्दैन फुल्न आखिर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ॥

स्वाभिमानी उँचो व्यक्ति मर्छ दुस्मनका अघि
तथापि झुक्न जान्दैन पर्दैन शरणागति ।
हाँस्दैन खहरे भेल रुँदैन शान्त सागर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ॥

आगोभित्र पसी आफ्नो सुनले रूप खार्दछ
हजारौँ चोटले ढुङ्गा मूर्ति ऐश्वर्य बन्दछ ।
आफैँ तय गरी पुग्छ खोलाको गति सागर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ॥

## शब्दार्थ

चेहरा : अनुहार, रूप
निःस्वार्थ : विना-स्वार्थ
नाला : सम्बन्ध
निरन्तर : सदा, लगातार
श्रम : मिहिनेत
ममता : माया, हार्दिकता
आत्मविश्वास : भित्रदेखिको विश्वास
त्याग : छुट्कारा, दान
तुलना : तौलने काम
शासन : नियम, शक्ति
प्राणमोह : आत्माप्रति आशक्ति
महत्त्व : महिमा, गौरव
मृत्यु : मरण, काल
भय : डर, त्रास

| | | |
|---|---|---|
| आखिर | : | अन्त वा अन्त्य |
| आयु | : | उमेर, जिन्दगी |
| सौन्दर्य | : | सुरन्दरता, रमाइलोपन |
| स्वाभिमानी | : | गौरबशाली |
| तथापि | : | तैपनि, तरपनि |
| झुक्न | : | लत्रन, निहुरन |
| शरणागति | : | अधिन, भर |
| सागर | : | समुद्र |
| खहरे | : | भिरालो खोलो |
| भेल | : | बाढी, पानीको मुस्लो |
| खार्नु | : | परिष्कार वा परिमार्जन गर्नु |
| ऐश्वर्य | : | मूल्यावानु, महत्त्वपूर्ण |
| तय | : | निश्चय, निर्णय |
| गति | : | बेग, हिंडाइ |

## कविताको समीक्षा

### 'ज्ञानशाला' कविताको समीक्षा

**(क) संरचना**

'ज्ञानशाला' पद्य कविता हो, यो अनुष्टुप छन्दमा छ । 'ज्ञानशाला' कवितामा चार पङ्क्तिका छ ओटा श्लोकहरू समावेश छन् । अनुप्रास मिलेका पङ्क्तिहरूले कविताको सौन्दर्यलाई बढाएका छन् । कवितामा शब्द वा पदावलीको संयोजन सुन्दर छ । कवितामा श्लोकको अन्तिम पङ्क्ति प्रत्येक श्लोकमा उही दोहोरिएको छ । यसले कविताका एकअर्का श्लोकहरूलाई आपसमा वा एउटा शृङ्खलामा जोड्छ । यस कविताका प्रत्येक श्लोकमा नैतिक दृष्टान्तका रूपमा पृथक सन्देशको उल्लेख छ ।  कवितामा ज्ञानका स्रोत अनेक भएको सन्दर्भले कविताको शीर्षक 'ज्ञानशाला' निकै सार्थक बनेको छ ।

**(ख) विषयवस्तु**

यस कवितामा मानवीय गुणहरूको चर्चा पाइन्छ । कवितामा काँडा र फूलको त्याग तथा

प्रेमको सम्बन्ध उल्लेख गरिएको छ । गौंथली, कमिला र मौरी श्रमका घर हुन् । प्राकृतिक तत्त्वहरूबाट पनि त्याग, प्रेम र श्रम सम्बद्ध ज्ञान हासिल गर्न सकिन्छ । आमा ममताकी प्रतीक र बाबा आत्मविश्वासको प्रतीक हुन् । घर मन्दिर हो र बाबा-आमा ईश्वर हुन् । कवितामा सामाजिक विषमताका कुराहरू उल्लेख भएका छन् । अँध्यारो-उज्यालो, हार्ने-जित्ने, अग्लो-होचो यिनलाई स्वाभाविक मान्न सकिन्छ । एक अर्कालाई उपेक्षा गर्न मिल्दैन । यिनीहरूबाट धैर्यता वा सहनशीलताका गुणहरू सिक्नुपर्छ भन्ने कविको मान्यता हो । कविताले जीवनको रहस्यलाई उद्घाटन गरेको छ । जीवन विहानको शीत जस्तै क्षणिक छ, जीवनप्रति बढी आशक्ति हुनाका कारण पनि यही हो । ओइलाउनु वा झर्नुपर्छ भन्ने भयले फूल फुल्न छोड्दैन । सृष्टिको क्रम पनि त्यस्तै हो । यहाँ कुनै कुराहरू स्थायी छैनन्, तर पनि तिनीहरूले निरन्तरता पाइरहन्छन् । यही मान्यता यस यस कवितामा व्यक्त गरिएको छ । कविताले अभिमान र स्वाभिमान दृष्टान्त प्रस्तुत गरेको छ । खहरे अभिमानी हुन्छ र सागर स्वाभिमानी हुन्छ ।  स्वाभिमानी कोहीसँग पनि लत्रँदैन । हामीले जीवनको लक्ष्य आफैंले निर्धारण गर्नुपर्छ । लक्ष्य प्राप्तिमा अनेक दुख-कष्ट आउन सक्छन् तर तिनीहरूलाई सकारात्मक रुपमा लिनुपर्छ भन्ने कुरालाई सुन र ढुङ्गाको मूर्तिको उदाहरणले प्रमाणित गर्न खोजिएको छ ।

### (ग) भाव तथा लय

ज्ञानको स्रोत प्रकृति हो । सिकाइ हासिल गर्ने ठाउँ प्रकृति, घर, पाठशाला आदि हो । भौतिक वा प्राकृतिक संसार पनि हाम्रा ज्ञानशाला हुन् । बोध तथा अभिव्यक्ति शिक्षण सिकाइका दुईओटा पाटाहरू हुन् । बोध सुनाइ र पढाइका अतिरिक्त हेराइबाट पनि हुन सक्छ । देखेर पनि धेरै कुराहरू सिक्न सकिन्छ भन्ने यस कविताको मान्यता हो । भौतिक संसार वा बाह्य स्थूल जगत्बाट सिक्न सकिने कुराहरू अनगिन्ती हुन्छन् । कविले यस ज्ञानशाला कवितामा उल्लेख गरेका विवरणहरू त केवल नमुनाका लागि  मात्र हुन् । यस ज्ञानशाला कवितामा प्रस्तुत गरिएका विवरणहरू पनि हाम्रा लागि ज्यादै महत्त्वपूर्ण र जीवनोपयोगी हुन सक्छन् । यो ज्ञानशाला कविता सशक्त विचारको कलात्मक अभिव्यक्ति हो । प्रकृति, पदार्थ, परिवार, समाज आदि विभिन्न तत्त्वबाट दिनानुदिन सिकिरहेका हुन्छौं । यिनीहरूमा ज्ञान रहस्यमय ढङ्गले लुकेको हुन्छ । ती रहस्यमय ज्ञानहरू हासिल गर्न सकेमा ज्ञानको भण्डार लाग्छ । यही नै यस कविताको भाव वा सार हो । ज्ञानशाला कविता शास्त्रीय लयमा आधारित छ । अनुष्टुप छन्दको मान्यता अनुसार कविता वाचन गर्दा प्रत्येक पङ्क्ति आठ-आठ अक्षरमा विश्राम गर्नुपर्छ । शब्द वा पदावलीलाई ख्याल गरेर वाचनको गतिलाई तीव्र बनाउन श्सकिन्छ । यो कविता उपदेश मूलको हो, वाचन गर्दा कोमल स्वर होइन कठोर स्वरलाई नै अवलम्बन गर्नुपर्छ । तर कविता शान्त रसमा छ, वाचन गर्दा धैर्य हुनुपर्छ ।

**(घ) भाषाशैली**

'ज्ञानशाला' कवितामा सरल, सहज र स्वाभाविक भाषा प्रयोग भएको छ । अभिव्यक्तिमा कृत्रिमता र बनावटीपन छैन । बोली चालीमा प्रयोग हुने शब्दहरू नै यसमा प्रयोग भएका छन् । यो वस्तुपरक शैलीमा लेखिएको वर्णनात्मक कविता हो । पठनबोधका दृष्टिले पनि यो कविता सरल छ । यस कवितामा शब्द वा पदावलीहरूको अन्वय पनि विशेष गरी नेपाली भाषाको वाक्य संरचनामा नै आधारित छ । अतः यो कविता भाषिक दृष्टिले सरल र शैलीका दृष्टिले रोचक मानिन्छ ।

**(ङ) बिम्ब तथा कल्पना**

यस कवितामा आफ्ना भावना व्यक्त गर्न प्राकृतिक वातावरण, भौतिक जगत् र सामाजिक जीवनलाई उपयोग गरिएको छ । यस कवितामा बिम्बका रूपमा फूल, गौंथली, कमिला, मौरी, बाआमा, घर, मन्दिर, जीवन, शीत, ढुकुटी, खहरे, सागर, सुन, मूर्ति आदिको उल्लेख छ । कविको कल्पना पनि सशक्त छ । अतः उनका भावना वा विचार यस कवितामा प्रभावपूर्ण रूपमा व्यक्त भएका छन् ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क)................................... विद्यालय

(ख)................................... काव्य

(ग)................................... देवालय

(घ)................................... अनेक हजार

(ङ)................................... निवास

(च)................................... भण्डार

(छ)................................... महिमा

**२. पाठबाट विपरीतार्थक शब्द खोजेर लेख्नुहोस् :**

स्वार्थ, अग्लो, अँध्यारो, हार्ने, मृत्यु, अशान्त, निर्भय, आदि, बेलुकी

**३. यति-गति ख्याल गरेर ज्ञानशाला कविता लयमा वाचन गर्नुहोस् :**

**४. कविको परिचय पढी उत्तर दिनुहोस् :**

(क) ज्ञानशाला कविताका रचयिता को हुन् ?

(ख) टीका आत्रेयका प्रकाशित कृतिहरूको नाम लेख्नुहोस् ।

(ग) टीका आत्रेय कस्ती कवि हुन् ?

(घ) कवयित्री कुन पेसामा संलग्न छिन् ?

**५. टीका आत्रेयका काव्यगत विशेषता उल्लेख गर्नुहोस् ।**

**६. कविताका पङ्क्तिहरू पूरा गर्नुहोस् :**

(क) आमाको ममताभित्र ............... अटाउँछ

............... अग्लो आत्मविश्वास धाउँछ

घर मन्दिर हो बुझ्नू ...............

ज्ञानको ढुकुटी ............... निरन्तर

(ख) स्वाभिमानी............... मर्छ दुस्मनका अघि

तथापि झुक्न जान्दैन ...............

............... रुँदैन शान्त सागर

ज्ञानको ढुकुटी हुन्छ .....................

**७. एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) फूल र काँडाको सम्बन्ध कस्तो हुन्छ ?

(ख) घरका देवता को हुन् ?

(ग) हार्नेको त्यागले केलाई जित्छ ?

(घ) स्वाभिमानी व्यक्ति के गर्न जान्दैन ?

(ङ) मृत्युको भयमा पनि फूल के गर्न छाड्दैन ?

(च) खोलाको गति कसले तय गर्छ ?

**८. दिइएका कवितांशलाई गद्यमा रूपान्तरण गर्नुहोस् :**

(क) फूलको चेहरा हेर्छु काँडाको त्याग हेर्दछु
निःस्वार्थ प्रेमको नाता यसमै धेर पाउँछु ।

(ख) आफैँ तय गरी पुग्छ खोलाको गति सागर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ।

**९. बुँदाका आधारमा 'ज्ञानशाला' कविताको संरचना पक्ष उल्लेख गर्नुहोस् :**

(क) कवितामा चार पङ्क्तिका छओटा श्लोकहरू

(ख) अनुप्रास मिलेका, शब्द वा पदावलीको सुन्दर संयोजन

(ग) अनुष्टुप छन्दमा संरचित

**१०. दिइएका बुँदाका आधारमा 'ज्ञानशाला' कविताको बिम्ब र कल्पनाको चर्चा गर्नुहोस् :**

(क) फूल, गौँथली, कमिला, मौरी, बाआमा, घर, मन्दिर, जीवन, शीत, ढुकुटी, खहरे, सागर, सुन, मूर्ति आदि बिम्बका रूपमा आएको

(ख) सशक्त र प्रभावपूर्ण विचार र कल्पना

**११. दिइएका कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

अँध्यारो छ र नै हुन्छ महत्त्व दिनको सुन
हार्नेको त्यागले जित्छ जित्नेले युद्ध शासन ।
अग्लो हुन कुनै होचो चाहिन्छ तुलना गर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ॥

**प्रश्नहरू :**

(क) ज्ञानको ढुकुटी कसरी बढ्दछ ?

(ख) माथिको कवितांशको मूल भाव के हो ?

**१२. दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) मानिसले प्रकृतिबाट केकस्ता ज्ञान पाउन सक्छ ?

(ख) घरलाई ज्ञानको स्रोतका रूपमा कसरी हेर्न सकिन्छ ?

(ग) कवितामा केकस्ता नैतिक दृष्टान्तहरूको उल्लेख छ ।

(घ) मानवीय विकास कुन रूपमा कसरी हुन्छ ?

(ङ) कविताको भाषाशैली उल्लेख गर्नुहोस् ।

(च) कविताको मूल भाव के हो ?

**१३. दिइएका पङ्क्तिहरूको भाव विस्तार गर्नुहोस् :**

(क) गौंथली कमिला मौरी नमुना श्रमका घर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ।

(ख) आगोभित्र पसी आफ्नो सुनले रूप खार्दछ
हजारौं चोटले ढुङ्गा मूर्ति ऐश्वर्य बन्दछ ।

**१४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) घर मन्दिर हो बुझ्नू बाआमा देव ईश्वर
ज्ञानको ढुकुटी हुन्छ खोज्न जाने निरन्तर ।

(ख) स्वाभिमानी उँचो व्यक्ति मर्छ दुस्मनका अघि
तथापि झुक्न जान्दैन पर्दैन शरणागति

**१५. ज्ञानशाला कवितामा व्यक्त जीवनोपयोगी विचारलाई समीक्षा गर्नुहोस् ।**

## सिर्जनात्मक कार्य

१. 'ज्ञानशाला' कविताको अनुकरण गरी पाठशाला' शीर्षकमा कविता लेख्नुहोस् ।

२. अनुष्टुप छन्दको लक्षण र उदाहरणअनुसार 'ज्ञानशाला' कविताका पङ्क्तिलाई गण सङ्केतमा देखाउनुहोस् ।

## थप पाठ्यसामग्री

**छन्दमा कविता रचना गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

(क) लघु र गुरुसम्बन्धी नियममा स्पष्ट हुनुपर्छ ।

(ख) गणसुत्रमा स्पष्ट हुनुपर्छ ।

(ग) कविता रचना गर्न लागिएको छन्दका बारेमा स्पष्ट हुनुपर्छ ।

(घ) सम्बन्धित छन्दको गण, गति र यति व्यवस्थाका बारेमा स्पष्ट हुनुपर्छ ।

(ङ) कविताको संरचनाबारे स्पष्ट हुनुपर्छ ।

(च) कविताको विषयवस्तु र भावभूमिलाई खेस्रामा लेख्नुपर्छ ।

(छ) कवितालाई अनुप्रासयुक्त र सङ्गीतात्मक बनाउनुपर्छ ।

(ज) विषयवस्तुलाई समेटेर उपयुक्त शीर्षक लेख्नुपर्छ ।

(झ) सुरूमा खेस्रा लेखन र त्यसपछि साफी लेखन गर्नुपर्छ ।

(ञ) बिम्ब र प्रतीकको उचित प्रयोग गर्नुपर्छ ।

### नमुना

**क. मन्दाक्रान्ता छन्द**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण : | म | भ | न | त | त | गु | गु |
| गण चिह्न : | sss | s॥ | ॥। | ssl | ssl | s | s |

यति विधान : चौथो, दशौँ र सत्रौँ वर्णमा

यो मट्टीमा अकुशल  कलाकारको मुर्ति रुन्छ ।
हाँसी हिँड्छन् पथिक अरुको दर्द को आज सुन्छ ?
मेरो शिल्पी यस सकलमा स्वस्थ आकार देऊ
यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ ॥

- माधव घिमिरे : कालीगण्डकी

**ख.　चौपाइ छन्द**

वर्णको मात्रा गणना गर्दा लघु वर्णलाई एक मात्रा र गुरु वर्णलाई दुई मात्राका रूपमा गणना गरिन्छ । उदाहरणका लागि :

छन्द : चौपाई

मात्रा : १६

मानिस रुपियाँ जपिजपि मर्छन्

रुपियाँ छिनछिन डेरा सर्छन् ।

उपियाँको झैँ सरुवा बानी

यिनको सम्झनु पर्छ नानी ॥

-लेखनाथ पौड्याल : गौँथलीको चिरिबिरी-२

## पाठ ५ कवि कलानिधि दाहाल र उनको 'पानी' कविता

**सक्षमता**

(क) कवि कलानिधि दाहालको सामान्य परिचय र काव्यगत विशेषता बताउन

(ख) 'पानी' कविताको स्वरूप र शैली पहिचान गर्न

(ग) कवितामा प्रयोग भएका विशेष शब्दको अर्थ बताई प्रयोग गर्न

(घ) अभ्यासका भाषिक क्रियाकलाप सम्पादन गर्न

(ङ) कवितालाई गद्यमा रूपान्तरण गर्न

(च) कविताका विशिष्ट पङ्क्तिहरूको व्याख्या वा सप्रसङ्ग व्याख्या गर्न

(छ) पाठमा आधारित अति सङ्क्षिप्त, सङ्क्षिप्त प्रश्नको उत्तर दिन

(ज) संरचना, अन्तर्वस्तु, भाव वा लय, भाषाशैली, बिम्ब तथा कल्पनाका आधारमा समीक्षा गर्न

(च) कविता सिर्जनामा अभिरुचि देखाउन

### कविको परिचय र काव्यगत प्रवृत्ति



कवि कलानिधि दाहालको जन्म वि.सं.२०१६ फागुन ८ गते ओखलढुङ्गा, बिगुटारमा भएको हो । उनको बाल्यकाल ओखलढुङ्गाको प्राकृतिक वातावरणमा बिताएका कवि दाहालले स्नातकोत्तर तहको शिक्षा हासिल गरेका छन् । उनी लामो समयसम्म शिक्षण पेसामा संलग्न भए ।

कलानिधि दाहाल मूलतः कवि हुन् । गौरवमय नेपाल (कवितासङ्ग्रह), केही कवि, केही कविता (कवितासङ्ग्रह), सीमा-वासु (खण्डकाव्य), विभाजित विश्व (महाकाव्य), अरस्तुदेखि वङ्करसम्म (उपन्यास), कलानिधिका चुनिएका कविता (कवितासङ्ग्रह), शिखर यात्रा (निबन्धसङ्ग्रह) उनका प्रकाशित कृति हुन् । कवि कलानिधि कवितामा जीवन र जीवनमा कविता देख्छन् । उनले नेपाली साहित्यको नवस्वच्छन्दतावादी प्रवृत्तिलाई अङ्गालेका छन् । उनी समसामयिक यथार्थवादी कविका रूपमा चिनिएका छन् । उनका कविता प्रकृति, स्वतन्त्रता र सत्यान्वेषणका सम्मिश्रणहरू हुन् । ती कविताहरू कलापूर्ण छन् ।

प्रस्तुत 'पानी' कविता 'कलानिधिका चुनिएका कविताहरू' (कविता सङ्ग्रह) मध्येको एक हो । यस कविताले पानीका विविध अवस्था तथा गतिविधिहरूलाई प्रस्ट पारेको छ । अर्थात यस कवितामा कविले पानी सम्बन्धी आफ्नो गहन अनुभूति प्रस्तुत गरेका छन् । यी अनुभूतिहरू पानीको

वर्चस्वसँग मिल्दाजुल्दा र विश्वसनीय छन् । यस कवितामा कविले आफ्नो अभिप्रायलाई पटक-पटक दोहोऱ्याएका छन् । यसले कवितालाई झन् सुन्दर र श्रव्य बनाएको छ । यस कविताका अन्य विशेषताहरू निम्नानुसारका हुन सक्छन् :

(क) कलात्मक भाषाशैली
(ख) मानवीय मूल्यको खोजी
(ग) विश्वव्यापी अस्तित्त्व
(घ) वैचारिक चिन्तन
(ङ) वस्तुपरक वर्णन

अविरल-
अग्लो पहाडबाट झरेर होचो पहाडबाट झरेर
दरो पहरोबाट झरेर समथर सग्बगाएर बिस्तारै
अनन्त यात्रा एकतमास अनन्त ताकिरहेछ



मेरो यात्रामा म निश्चिन्त छु
म मेरो यात्रामा निर्बाध छु
कोही मलाई बिचबाटामा थुन्न खोज, थुनिन्छु
कोही मलाई बिचबाटामा रोक्न खोज, रोकिन्छु
कोही मलाई जमिनमा डोऱ्याऊ, डोरिन्छु
कोही मलाई मरुभूमिमा तान, तानिन्छु
जहाँ जताबाट जसले जसरी ताने तन्काए पनि
म सिर्फ पानी हुँ, म केवल पानी हुँ
आकारहीन रूपहीन रङ्गहीन पानी
विद्रोहको एक विस्फोटक अग्निज्वाला विध्वंशको मुहान ।

अविरल-
अग्लो पहाडबाट झरेर पत्थरबाट झरेर
होचो पहाडबाट झरेर पर्वतबाट झरेर
दरो पहराबाट झरेर समथर सग्बगाएर बिस्तारै
अनन्त यात्रा एकतमास अनन्त आकाश अग्लिरहेको
अनन्त यात्रा एकतमास अनन्त ताकिरहेको ।
लोटाले उघाऊ, ठिकै छ

गाग्री खड्कुलाले उघाऊ, ठिकै छ
अञ्जुलीले उघाऊ, ठिकै छ
सिर्फ औँलाका टुप्पाले उचाल, त्यो पनि ठिकै छ
थोपामा छिटा बाटिछामा हेर्नेहरूले मलाई जताबाट हेरे पनि
– म हुरी-हुन्नरी बीज
– म तुफान बीज
– म उल्का-आतङ्क बीज

अविरल-
अग्लो पहराबाट झरेर होचो पहाडबाट झरेर
कुलो कुलेसी हिँडेर खोलो खहरे दौडेर
नदी भँगाला ढाँड भासिएर उत्तप्त बालुबगर छासिएर
दरो पहरो फोरेर समथर सग्बगाएर विस्तारै
अनन्त यात्रा : अनन्त सागर ताकिरहेछु
अनन्त सागर : एकतमास अनन्त उद्देश्य ताकिरहेछु ।

म मान्छेको प्राणवान् पखेटा खेतबारीमा पटाऊ
सिस्नो घारी र सिरु बारीमा पटाऊ, बीज अँकुराउन तत्पर
गोड हुर्काऊ खाऊ रसाऊ, जरा फैलाउन तत्पर
लोभ मोहहीन स्वार्थ-ईर्ष्याहीन तरल सञ्जीवनी
म सिर्फ पानी हुँ
केवल पानी हुँ आकार-रूप- रङ्गहीन पानी ।

पोखरीमा जमाऊ, म पोखरी हुँ
तराई छाड, म नागबेली हुँ
पहाड पठाऊ, म शीत हुँ
आगो पठाऊ, म वाष्पीकृत बाफ हुँ
चिसो बनाऊ, म सिङ्गो हिमाल टल्कने हिउँ हुँ
आँखामा अटाऊ, म औषधी हुँ
पेट पोल्दो पिरोमा पठाऊ, म शान्तिको सौदामिनी हुँ
जहाँ जताबाट जोकोहीले ओल्टाऊ पल्टाऊ

लोभ/मोह/स्वार्थ ईर्ष्याहीन तरल सञ्जीवनी
म सिर्फ पानी हुँ
केवल पानी हुँ आकार रूपरङ्गहीन पानी ।

नानी उठाऊ, म नानीखेल तप्केनी हुँ सँघारको
तोक्मा टेकेको जवान नुनतेल किन्न पठाऊ
म बलियो बग्दो कुस्ती हुँ जँघारको
चम्केको चुस्ती हुँ युवती अनुहारको
आकार रूपरङ्गहीन पानी
म आदि हुँ अनादि हुँ
सनातनको जवानी हुँ
अनन्त उद्देश्य उठ्न आतुर
अविरल-
अग्लो पहाडबाट झरेर
होचो पहाडबाट झरेर
दरो पहाडबाट झरेर
समथर सग्बगाएर बिस्तारै
अव्यक्त उत्ताल अस्तित्त्व उक्लन आतुर
म सिर्फ पानी हुँ
केवल पानी हुँ
आकार रूपरङ्गहीन पानी ।

## शब्दार्थ

| | | |
|---|---|---|
| अविरल | : | लगातार, निरन्तर |
| समथर | : | सम्म परेको, समतल |
| अनन्त | : | विना अन्तको, अन्त रहित |
| एकतमास | : | एकसुर, एकोहोरोपन |
| निर्बाध | : | बाधा बेगरको, कुनै बाधा नभएको |

मरुभूमि : मरुस्थल, ज्यादै सुख्खा जमिन

आकारहीन : आकार नभएको, विना आकारको

विद्रोह : उपद्रो, झैझगडा

विस्फोटक : पड्कने वा फुट्ने

अग्निज्वाला : आगाको ज्वाला वा लप्को

विध्वंसक : ध्वंस गर्ने, विनाशक

बाछिटा : हावाले ल्याएको पानीका छिटा

हुरी : हावा, बतास

हुन्नरी : हावाको मुस्लो

बीज : विउ, बिजन

तुफान हुन्नरी, आँधीबेरी

कलेसी : कुलेसो

खहरे : वर्षायामको भेल, खोल्सो

भँगालो : नदी वा खोलाबाट छुटिएर बगेको पानीको भाग

ढाँड : ढुङ्गैढुङ्गा भएको जमिन, ढुँड्यान

भासिएर : दबिएर

उत्तप्त : ज्यादै तातेको, पोल्ने

बालुबगर : बालुको बगर

छासिनु : होमिनु

अँकुराउन : टुसाउन, उम्रन

ईर्ष्याहीन : मनमा डाह नभएको

सञ्जीवनी : पुनर्जीवन दिने एक बुटी

नागबेली : नागको जस्तो आकार परेको नदी

बाष्पीकृत : बाफ बनाउने काम

सौदामिनी : आकाशमा चम्कने बिजुली

नानीखेल : बालबालिका फकाउने खेल

जँघार : नदी वा खोलो फैलिएको ठाउँ

सँघार : दैलाको वा ढोकाको ठेलो

तोक्मा : ढाकर अड्याउने लट्ठी

कुस्ती : लाप्पा, लडन्त

अनादि : सुरु थाहा नभएको

आतुर : अत्तालिएको, हतारिएको

अव्यक्त : व्यक्त नभएको, अथाह

उत्ताल : धेरै अग्लो, ज्यादै उँचो

अस्तित्त्व : कुनै वस्तु वा व्यक्ति हुनाको भाव वा अवस्था

## कविताको समीक्षा

### 'पानी' कविताको समीक्षा

**(क) संरचना**

'पानी' मुक्तलयको गद्य कविता हो । कवितामा अनुप्रासयुक्त शब्द वा पदावलीहरूको संयोजन गरिएको छ । कविताको सौन्दर्य बढाउन कविले शब्द चयनमा विशेष ध्यान दिएको देखिन्छ । कवितामा शब्द वा पदावलीहरूलाई विशेष रूपमा व्यवस्थित गरिएको छ । विचारलाई प्रभावपूर्ण बनाउन कविताका मूलभूत पङ्क्तिहरू आवश्यकता अनुसार बिच-बिचमा दोहोरिएकाछन् । यसले कविताको सौन्दर्य बढाएको छ र कविता प्रभावशाली बनेको छ । कवितामा पानीका विविध पक्षहरूको कलात्मक वर्णन गरेका छन् । अतः यस कविताको शीर्षक पानी रहन गएको हो । यस शीर्षकले कविताको अन्तर्वस्तुलाई सङ्केत गर्छ । यसर्थ कविताको शीर्षक सार्थक हुन गएको छ । यस 'पानी' शीर्षकले कविताका बारेमा एक किसिमको कौतुहलता सिर्जना गरेको छ । कविता आत्मपरक शैलीमा लेखिएको हुनाले

प्रतीकात्मक र लाक्षणिक अर्थ बहन गरेको छ ।

**(ख) विषयवस्तु**

पानी विभिन्न पहाडबाट झरेर समथर जमिनमा कतै सग्बगाउँछ । तर उसको यात्रा अन्तरहित अनन्त हुन्छ । पानीको यात्रा सागर तथा आकाससम्म पुगेर पनि टुङ्गिँदैन । यो वाधारहित प्राकृतिक तत्त्व हो , यसको सम्बन्ध जमिन वा ठोस वस्तुसँग हुन्छ । यसको कुनै आफ्नो रूप, रङ, आकार हुँदैन । यसमा रहस्यमय शक्ति लुकेको हुन्छ । पानी अग्नि तथा वायुको स्रोत पनि हो । यसले ध्वंश पनि गर्छ ।

पानी अनेक अप्ठ्याराहरू पार गरेर अगाडि बढ्छ । शीतदेखि सागरसम्म यसका अनेक मात्राहरू हुन्छन् । खोलो, खहरे, पोखरी, शीत, हिउँ, बाफ तप्केनी, जँघार, सागर, थोपा, छिटा, कुलेसो, भँगालो आदि पानीसँग नै सम्बन्धित प्राकृतिक तत्त्वहरू हुन् । यी सबै पानीका नै विविधता हुन् । पानी केवल पानी हो, तर यसलाई अग्लो अस्तित्त्व कायम गर्न सधैं हतार हुन्छ, सधैं आतुर हुन्छ ।

पानी मान्छेका लागि प्राण हो । मानिसले यसलाई विविध रूपमा अनेक प्रयोजनका लागि उपयोग गर्ने गरेको छ । यो पानी मात्र नभएर वस्तुतः मानिसका लागि अमृत हो । यसले औषधीको काम गर्छ । यसले सञ्जीवनीका रूपमा मानिसलाई बचाउँछ । पानी मान्छेका लागि मात्र नभएर सम्पूर्ण जीवजन्तु, वनस्पति सबैका लागि उत्तिकै महत्त्वपूर्ण छ । पानी सबैको प्राण हो, प्रकृतिको सार हो । यसर्थ पानीको भूमिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण हुन आउँछ ।

**(ग) भाव तथा लय**

यस कविताको भाव पानीको अस्तित्त्वलाई स्वीकार गर्नु हो । पानीको धर्म तरल, गतिशील र चिसो हुन्छ । यसको आफ्नो आकार, रूप र रङ हुँदैन । यसलाई जे जस्तो अवस्थामा लग्यो त्यस्तै बन्छ, तर यसले आफ्नो धर्मलाई भने बिर्सेको हुँदैन । यही नै यस कविताको भाव हो । ‘पानी’ गद्य कविता हो । यसको लय शब्दको प्रकृतिमा निर्भर गर्छ । गद्य कविताको लयलाई मुक्तलय भनिन्छ । ब्यक्ति विशेषअनुसार वाचनमा भिन्नता आउन सक्छ । वाचनमा गति र यतिलाई ख्याल गरेर भावअनुसारको लयलाई अनुसरण गर्नुपर्ने हुन्छ । प्रभावपूर्ण अभिव्यक्ति नै यसको वास्तविक लय हो ।

**(घ) भाषाशैली**

‘पानी’ कविताको भाषाशैली सरल छ । आत्मापरक शैलीमा लेखिए पनि यो सबैका अनुभवभित्रको विषय भएकाले पठनबोधमा कुनै समस्या आउँदैन । विषयवस्तु कविताको शैलीमा व्यक्त भएकाले यसले काव्यात्मक आनन्द भने अवश्य प्रदान गर्छ । शब्द चयन,

संयोजन र प्रस्तुतिमा कविले विशेष ध्यान दिएका छन् । यसले कविताको सौन्दर्यलाई बढाएको छ । बोलीचालीका शब्दहरू नै यस कवितामा बढी छन् । नेपाली भाषाको संरचनाअनुसार शब्दहरूको अन्वय मिलेको छ। यसले गर्दा पनि कविता जीवन्त बनेको छ।

**(ङ) बिम्ब तथा कल्पना**

कविले आफ्ना भावनाहरूलाई यस कवितामा व्यक्त गर्न बिम्बका रूपमा पानी, पहाड, समथर जमिन, मरुभूमि, आकाश, पानी, उघाउने उपकरण, पानीका विविध रूप, औषधी आदिको सहारा लिएका छन् । कविको कल्पना शक्ति पनि हिमालयदेखि मरुभूमिसम्म, पहाडदेखि तराईसम्म धेरैतिर छरिएको छ । विषयवस्तुलाई व्यापक र विस्तृत रूपमा समेट्ने प्रयास भएको छ। कविको कल्पनाशक्ति सशक्त छ। यसले गर्दा कविता प्रभावपूर्ण बनेको छ।

## अभ्यास

**१. पाठमा खोजेर अर्थ मिल्ने शब्द लेख्नुहोस् :**

(क) .................................. ज्यादै तातेको, पोल्ने

(ख) .................................. टुसाउन, उम्रन

(ग) .................................. पुनर्जीवन दिने एक बुटी

(घ) .................................. बाफ बनाउने काम

(ङ) .................................. आकाशमा चम्कने बिजुली

(च) .................................. ढाकर अड्याउने लट्ठी

(छ) .................................. अत्तालिएको, हतारिएको

**२. विपरीत अर्थ पाठमा खोज्नुहोस् :**

| | |
|---|---|
| अग्लो- | आदि- |
| अन्त- | कमलो- |
| उक्लेर- | धर्ती- |
| अनिश्चित- | व्यक्त- |
| बेठिक- | ओर्लन- |

**३. पर्याय अर्थ लेख्नुहोस् :**

| | |
|---|---|
| पहाड- | तराई- |
| जमिन- | केवल- |
| बीज- | तत्पर- |
| सागर- | प्राण- |
| पोखरी- | युवती- |

**४. 'पानी' कविता लय, गति, यति मिलाई वाचन गर्नुहोस् :**

**५. कविको परिचय पढी उत्तर दिनुहोस् :**

(क) कवि कलानिधि दाहालको जन्म कहिले र कहाँ भएको थियो ?

(ग) कवि कलानिधि दाहालका कृतिहरूको सूची तयार पार्नुहोस् ।

(घ) कवि कलानिधि दाहाल कस्ता कवि हुन् ?

(घ) कवि कुन पेसामा संलग्न रहेका थिए ?

**६. कवि कलानिधि दाहालका काव्यगत विशेषता उल्लेख गर्नुहोस् ।**

**७. 'पानी प्राकृतिको सार हो' यस भनाइको भवार्थ बताउनुहोस् ।**

**८. दिइएका बुँदाका आधारमा पानी कविताको भाषाशैली उल्लेख गर्नुहोस् :**

(क) 'पानी' सरल भाषाशैलीमा संरचित गद्य कविता

(ख) शब्द चयन, संयोजन र प्रस्तुतिमा नवीनता

(ग) आत्मपरक शैलीको प्रयोग

**१०. दिइएका बुँदा विस्तार गरी कविताको भाव लेख्नुहोस् :**

(क) पानीको धर्म तरल, गतिशील र चिसो हुने

(ख) पानीको आफ्नो आकार, रूप र रङ नहुने

(ग) पानीले आफ्नो धर्म नबिर्सने

(घ) पानी सबैको प्राण र प्रकृतिको सार भएको

**११. प्रकृति र पुरुषको सम्बन्धलाई लिएर मनोवादका रूपमा तर्क-वितर्क गर्नुहोस् ।**

**१२. दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) आफ्ना यात्राका बारेमा पानी किन ढुक्क छ ?

(ख) पानीको धर्मलाई कविले कसरी व्यक्त गरेका छन् ?

(ग) कविले पानीलाई विध्वंसको मुहान भन्नाका कारणहरू के हुन् ?

(घ) कविताभित्र प्रस्तुत लयका बारेमा सङ्क्षिप्त चर्चा गर्नुहोस् ।

(ङ) कवितामा पानी र उसको परिवेश वातावरणसँगको सम्बन्ध कुन रूपमा उल्लेख छ ?

(च) कवितामा प्रयोग भएका बिम्ब र प्रतीक उल्लेख गर्नुहोस् ।

**१३. अनुप्रासयुक्त शब्दहरू पाठबाट सङ्कलन गर्नुहोस् :**

उदाहरण -

थुनिन्छु - रोकिन्छु छिटा - बाछिटा आकारहीन - रुपहीन

**१४. 'पानी मान्छेको प्राणवान पखेटा' हो, यस उक्तिलाई प्रस्टसँग व्याख्या गर्नुहोस्**

**१५. दिइएका कवितांशको भाव विस्तार गर्नुहोस् :**

(क) आकार रूपरङ्गहीन पानी
म आदि हुँ अनादि हुँ
सनातनको जवानी हुँ ।

(ख) समथर सग्बगाएर बिस्तारै
अव्यक्त उत्ताल अस्तित्त्व उक्लन आतुर
म सिर्फ पानी हुँ ।

**१६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) आकारहीन रूपहीन रङ्गहीन पानी
विद्रोहको एक विस्फोट अग्निज्वाला विध्वंसको मुहान ।

(ख) लोभ/मोह/स्वार्थ ईर्ष्याहीन तरल सञ्जीवनी

म सिर्फ पानी हुँ

केवल पानी हुँ आकार

रूपरङ्गहीन पानी ।

**१७. दिइएका बुँदाहरूलाई आधारमा 'पानी' कविताको समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) पानीको व्यावहारिक उपयोगिता

(ख) पानी प्राकृतिक शक्तिको स्रोत र प्रतीक भएको

(ग) विविधतामा एकरूपताको सन्देश

(घ) कविताको लय

(ङ) प्रयोग गरिएका बिम्ब र संरचना

## सिर्जनात्मक कार्य

**१. दिइएका शब्दहरू प्रयोग गरेर 'नदी' का बारेमा गद्य कविता लेख्नुहोस् :**

पहाड, यात्रा, अविरल, पानी, अनन्त, सागर, जमिन, नागबेली, उद्देश्य, आतुर, उत्ताल, तरल, हिमाल, कुलो, आदि ।

**२. दिइएका शीर्षकमा कविता रचना गर्नुहोस् :**

(क) मातृभूमि

(ख) हावा

(ग) आकाश

(घ) विद्युत्

## थप पाठ्यसामग्री

### मुक्त लय वा गद्य कविता रचना गर्दा ध्यान दिनुपर्ने कुराहरू

(क) विषयवस्तु र भावभूमि छनोट गर्नुपर्छ ।

(ख) बिम्ब र प्रतीकको प्रयोग गर्नुपर्छ ।

(ग) कवितालाई लयात्मक बनाउन उपयुक्त शब्दभण्डारको प्रयोग गर्नुपर्छ ।

(घ) विषयवस्तु र अभिव्यक्तिबिच सन्तुलन मिलाउनुपर्छ ।

(ङ) विषयवस्तुलाई समेट्ने किसिमको शीर्षक लेख्नुपर्छ ।

**असार**

दूरु लाहुरबाट
लामो याद
र छोटो बिदा बोकेर
प्रत्येक वर्ष
दसैंमा घर फर्कने लाहुरेझैँ
हृदयभरि साथीसङ्गीको लागि प्यार बोकेर
झोलाभरि दिदीबहिनीहरुका लागि उपहार बोकेर
खल्तीभरि सोल्टिनीका लागि इन्द्रेनीको हार बोकेर
गुन्टा बोकने भरिया बादललाई
फकाएर फुल्याएर
अघि अघि
छिटो छिटो पठाएर
पछि पछि आफू
झुम्दै झाम्दै
नाच्दै गाउँदै
बाटोभरि मादल बजाउँदै
बुटको आवाजले
आकाश धन्काउँदै
हतार हतार
चुहाउँदै पसिनाको धार
प्रत्येक वर्ष आउँछ असार

*- भूपि शेरचन*

# एकाइ ३ : निबन्ध खण्ड

## पाठ १ निबन्धको सैद्धान्तिक अवधारणा

**सक्षमता**

(क) निबन्धको विधागत परिचय बोध गर्न
(ख) निबन्धका अनिवार्य तत्त्व पहिचान र बोध गर्न
(ग) निबन्धको विकासक्रम बताउन
(घ) निबन्धको कालगत विभाजनअनुसार मुख्य प्रवृत्ति पहिचान गर्न
(ङ) विषयवस्तुको मौखिक तथा लिखित अभिव्यक्ति दिन

### १. परिचय

'निबन्ध' शब्द संस्कृतको 'बन्ध' शब्दमा 'नि' उपसर्ग लागेर बनेको शब्द हो । निबन्धको शाब्दिक अर्थ बाँध्नु, सङ्ग्रह गर्नु वा जुटाउनु भन्ने हुन्छ । अङ्ग्रेजी भाषामा निबन्धलाई 'एस्से' (Essay) भनिन्छ । 'एस्से' शब्द फेन्च भाषाको 'एस्सी' (Essai) बाट बनेको शब्द हो । 'एस्सी'को अर्थचाहिँ प्रयास गर्नु भन्ने हुन्छ ।

निबन्ध साहित्यको एक स्थापित विधाका रूपमा परिचित छ । सर्वप्रथम निबन्धको प्रयोग गर्ने व्यक्ति फ्रान्सेली साहित्यकार मिसल द मोन्तेन हुन् । उनले सोह्रौँ शताब्दीमा निबन्ध लेखेका थिए । मोन्तेनले आफ्ना निबन्धमा आफैँलाई विषयवस्तु बनाएका छन् । उनले निबन्धको चर्चा गर्दै भनेका छन्– "म नै मेरा निबन्धको विषयवस्तु हुँ किनभने मलाई सबैभन्दा राम्ररी चिन्ने व्यक्ति म स्वयम् नै हुँ ।" मोन्तेनको भनाइबाट यो स्पष्ट हुन्छ कि उनले आफ्ना निबन्धमा व्यक्तिगत अनुभव, घटना र भावनाको अभिव्यक्ति दिएका छन् । मूलतः मोन्तेनले आत्मपरक निबन्धलाई स्थान दिएका छन् ।

मोन्तेनपछि निबन्ध विधामा बेलायती साहित्यकार फ्रान्सिस बेकनले सत्रौँ शताब्दीको प्रारम्भमा कलम चलाएको देखिन्छ । बेकनबाट वस्तुपरक निबन्ध लेखन परम्पराको सुरुवात भएको हो । उनका निबन्धमा वस्तु र विचारको प्रधानता पाइन्छ । उनका निबन्ध, ज्ञान, सिद्धान्त र शास्त्रीय विषयवस्तुले भरिपूर्ण छन् । त्यसैले उनका निबन्ध सामान्य पाठकले बुझ्दैनन् । निबन्धका बारेमा बेकनले भनेका छन्, "कुनै क्रम र नियममा नबाँधिएको मनोजगत्को थाकेको बुद्धिविलास वा उन्मुक्त विचरण निबन्ध हो ।" यसरी बेकनले निबन्धलाई छरिएर रहेका विचारलाई जोड्ने विधाका रूपमा स्थापित गरेका छन् ।

निबन्धलाई विशेषतः आत्मपरक र वस्तुपरक गरी दुई भागमा वर्गीकरण गरिन्छ । यसको आयाम मझौला किसिमको हुन्छ । यो विषय केन्द्रित विधा हो । निबन्धको विषय सीमित मात्र नभई व्यापक पनि हुन सक्छ । निबन्धलाई विषयवस्तु र कलात्मक भाषाशैलीले साहित्यिक गरिमा बढाउँछ । सङ्क्षिप्त आयाम तथा स्वयम्मा परिपूर्णता नै निबन्ध विधाको पहिचान हो । समग्रमा निबन्धका विशेषताहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) निबन्ध गद्य भाषामा लेखिन्छ ।

(ख) निबन्धमा विषयवस्तुलाई सुव्यवस्थित वितरण गरिन्छ ।

(ग) निबन्ध मझौला आयाममा संरचित हुन्छ ।

(घ) निबन्धमा लेखकका व्यक्तिगत विचार प्रस्तुत गरिन्छ ।

(ङ) निबन्धको विषय चयन स्वतन्त्र किसिमको हुन्छ ।

(च) निबन्धमा भाषाशैलीले रोचकता प्रदान गर्छ ।

(छ) सामान्यतया निबन्धमा कथावस्तुको प्रयोग हुँदैन ।

(ज) निबन्धमा लेखकको व्यक्तिगत छाप परेको हुन्छ ।

(झ) निबन्ध स्वच्छन्द विधा हो ।

(ञ) निबन्धमा शैलीगत विविधता हुन्छ ।

## २. निबन्धका प्रकार

निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई भागमा विभाजन गर्ने गरिएको छ । आत्मपरक निबन्धलाई निजात्मक र वस्तुपरक निबन्धलाई परात्मक निबन्ध पनि भन्ने गरिएको छ । निबन्धका प्रकारका बारेमा निम्नानुसार चर्चा गरिन्छ :

### २.१. आत्मपरक/निजात्मक निबन्ध

कुनै पनि विषयवस्तुबारे लेखकको आफ्नो अनुभूति व्यक्त भएको निबन्ध नै आत्मपरक निबन्ध हो । यस किसिमका निबन्धमा लेखकको आत्मप्रकाशन भएको हुन्छ । आत्मपरक/निजात्मक निबन्धमा लेखक स्वयम्ले भाव, कल्पना, सोचाइ आदिलाई प्रस्तुत गरेको हुन्छ । त्यसैले आत्मपरक/निजात्मक निबन्धमा प्रथम पुरुष शैलीका माध्यमबाट प्रस्तुत गरिन्छ ।

### २.२. वस्तुपरक/परात्मक निबन्ध

कुनै पनि व्यक्ति, वस्तु, स्थान आदि मुल विषयवस्तुका रूपमा समेटिएको निबन्ध नै वस्तुपरक निबन्ध हो । वस्तुपरक/परात्मक निबन्धमा कुनै विषयवस्तुलाई जस्ताको तस्तै चित्रण गर्ने गरिन्छ । यस किसिमका निबन्धमा गुण, दोष, आवश्यकता, विशेषता, उपयोगिता आदि पक्षको वर्णन गरिन्छ । वस्तुपरक/परात्मक निबन्धमा लेखकले विषयवस्तुप्रति आफ्नो अनुभव, विचार तथा दृष्टिकोणसमेत प्रस्तुत गरेको हुन्छ ।

## ३. निबन्धका तत्त्वहरू

### ३.१. शीर्षक

साहित्यका अन्य विधामा झैँ निबन्धमा पनि शीर्षक अनिवार्य रहन्छ । शीर्षकले विषयवस्तुको समग्रताको प्रतिनिधित्व गरेको हुन्छ । पाठकले शीर्षक पढ्नासाथ विषयवस्तुको प्रकृति बुझ्न सक्छन् । शीर्षक र विषयवस्तुबिच अन्तरसम्बन्ध रहन्छ । निबन्धमा शब्दकोसीय अर्थ दिने र आलङ्कारिक अर्थ दिने दुवै किसिमका शीर्षक राखिने प्रचलन छ ।

### ३.२. विषयवस्तु

विषयवस्तुलाई निबन्धको अनिवार्य तत्त्वका लिइन्छ । निबन्धको विषयवस्तु ज्यादै फराकिलो र विस्तृत छ । निबन्धकारले आफ्नो इच्छाअनुसार जुनसुकै विषयवस्तुमा निबन्ध रचना गर्न सक्छन् । भूगोल, प्रकृति, राष्ट्र, व्यक्ति, घटना, विवरण, संस्कृति आदि निबन्धका विषयवस्तु हुन् । आत्मपरक निबन्धमा निबन्धकारले विषयवस्तुलाई आफ्नो अनुभूतिअनुसार प्रस्तुति गर्छन् । वस्तुपरक निबन्धमा चाहिँ विषयवस्तुको वर्णन, विवरण, आवश्यकता, औचित्य आदिको प्रस्तुति हुन्छ । विषयवस्तुबिना निबन्धको रचना हुनै सक्दैन । त्यसकारण विषयवस्तुलाई प्रमुख तत्त्व मानिन्छ ।

### ३.३. उद्देश्य

कुनै न कुनै उद्देश्यमा आधारित भएर निबन्धको रचना गरिन्छ । निबन्धकारले निबन्धका माध्यमबाट विचार, कल्पना, अनुभव, घटना, स्थान, परिवेश आदिको प्रस्तुति गरेका हुन्छन् । यसरी पाठकसमक्ष आफ्ना निबन्धमार्फत आत्मप्रकाशन गर्नु वा सूचना प्रस्तुत गर्नु निबन्धकारको प्रमुख उद्देश्य हो । अतः निबन्ध रचनाको उद्देश्य अनिवार्य हुने हुनाले यसलाई निबन्धको अनिवार्य तत्त्व मानिन्छ ।

### ३.४. भाषाशैली

अभिव्यक्ति लिखित र मौखिक गरी दुई प्रकारका हुन्छन् । यी दुवै किसिमका अभिव्यक्तिको माध्यम भाषा हो भने प्रस्तुतिको तरिकाचाहिँ शैली हो । निबन्धमा गद्य भाषाको प्रयोग गरिन्छ । सरल, सरस र सुगठित भाषाले निबन्धलाई स्तरीय बनाउँछ ।

आत्मपरक निबन्धको भाषा सुकोमल र भावुक हुन्छ भने वस्तुपरक निबन्धको भाषा वस्तुगत किसिमको हुन्छ । विषयवस्तुको प्रकृतिअनुसार निबन्धमा उखान, टुक्का, बिम्ब, प्रतीक आदिको प्रयोग गरिन्छ । निबन्धमा वर्णनात्मक, तार्किक, व्याख्यात्मक, हास्यव्यङ्ग्यात्मक, आलङ्कारिक आदि शैलीको प्रयोग गरिन्छ । यसप्रकार भाषाशैलीलाई निबन्धको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

## ४. नेपाली निबन्धको विकासक्रम

नेपाली निबन्ध लेखनको प्रारम्भ पृथ्वीनारायण शाहको 'दिव्यपोदेश'बाट भएको मानिन्छ । 'दिव्यपोदेश' को लेखन समय वि.सं. १८३१ हो । अतः वि.सं. १८३१ देखि हालसम्मको नेपाली निबन्धको यात्रालाई निम्नानुसार विभाजन गरिएको छ :

(क) प्राथमिक काल (वि.सं. १८३१ - वि.सं. १९५७)

(ख) माध्यमिक काल (वि.सं. १९५८ - वि.सं. १९९०)

(ग) आधुनिक काल (वि.सं. १९९१ - हालसम्म)

### (क) प्राथमिक काल (वि.सं. १८३१ - वि.सं. १९५७)

पृथ्वीनारायण शाहको 'दिव्यपोदेश' (वि.सं. १८३१) लेखनदेखि गोरखापत्र प्रकाशनपूर्व (वि.सं. १९५७) सम्मको समय अवधि नेपाली निबन्धको प्राथमिक काल हो । यस चरणका प्रमुख निबन्धकार र तिनका निबन्ध कृतिहरू निम्नानुसार छन् :

| निबन्धकार | निबन्ध |
|---|---|
| पृथ्वीनारायण शाह | दिव्यपोदेश |
| रामभद्र पाध्या रेग्मी | लक्ष्मी धर्म संवाद |
| अज्ञात | जङ्गबहादुरको बेलायत यात्रा |
| मोतीराम भट्ट | भानुभक्तको जीवन चरित्र |

**प्रमुख प्रवृत्ति**

(क) यात्रा निबन्ध र जीवनीपरक निबन्ध लेखनको थालनी

(ख) निबन्ध रचनामा व्याकरणसम्मत भाषिक प्रयोगको अभाव

(ग) सङ्ख्यात्मक दृष्टिले थोरै निबन्धको रचना

(घ) निबन्धका आधारभूत तत्त्वको अभाव

(ङ) निबन्ध लेखनको प्रारम्भिक प्रयास

### (ख) माध्यमिक काल (वि.सं. १९५८ - वि.सं. १९९०)

वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशन भएदेखि वि.सं. १९९० को 'शारदा' पत्रिकाको प्रकाशनपूर्वको समय अवधि नेपाली निबन्धको माध्यमिक काल हो । यस चरणका प्रमुख निबन्धकार र तिनका निबन्ध कृतिहरू निम्नानुसार छन् :

| निबन्धकार | निबन्ध |
|---|---|
| हरिहर आ.दी. | गोर्खाभाषा दुर्दशा |
| राममणि आ.दी. | मातृभाषाको आवश्यकता |
| शम्भुप्रसाद ढुङ्गेल | कविताको फल |
| पारसमणि प्रधान | विद्या |
| वेदनिधि शर्मा | जातीय रोगहरूको अचुक औषधी |

**प्रमुख प्रवृत्ति**

(क) निबन्ध प्रकाशनको थालनी

(ख) वर्णनात्मक, विवरणात्मक र वैचारिक निबन्ध लेखन

(ग) उपदेश, नैतिक शिक्षा र समाज सुधारमा जोड

(घ) आत्मपरक निबन्ध लेखन परम्पराको थालनी

(ङ) विधागत सचेतनामा वृद्धि

### (ग) आधुनिक काल (वि.सं. १९९१ - हालसम्म)

वि.सं. १९९१ सालमा 'शारदा' पत्रिकाको प्रकाशनदेखि नेपाली निबन्धले आधुनिकता भित्र्याएको हो । नेपाली निबन्धको आधुनिक काललाई निम्नलिखित तीन चरणमा विभाजन गर्न सकिन्छ :

(अ) प्रथम चरण (वि.सं. १९९१ - वि.सं. २००३)

(आ) द्वितीय चरण (वि.सं. २००४ - वि.सं. २०१६)

(इ) तृतीय चरण (वि.सं. २०१७ - हालसम्म)

### (अ) प्रथम चरण (वि.सं. १९९१ - वि.सं. २००३)

'शारदा' पत्रिकाको प्रकाशनदेखि वि.सं. २००३ सालसम्मको समय अवधि नेपाली निबन्धको आधुनिक कालअन्तर्गत प्रथम चरण मानिन्छ । यस चरणका प्रमुख निबन्धकार र तिनका निबन्ध कृतिहरू निम्नानुसार छन् :

| निबन्धकार | निबन्ध |
|---|---|
| बालकृष्ण सम | बर्दहामा सिकार |
| लक्ष्मीप्रसाद देवकोटा | आषाढको पन्ध्र |
| बोधविक्रम अधिकारी | फलामे औँठी |
| सूर्यविक्रम ज्ञवाली | रसमय नेपाली जीवन |
| नरेन्द्रमणि आ.दी. | संसार एक नाट्यशाला हो |

**प्रमुख प्रवृत्ति**

(क) वस्तुपरक र आत्मपरक दुवै किसिमका निबन्ध रचना

(ख) निबन्धको सङ्ग्रह प्रकाशन गर्ने परम्पराको थालनी

(ग) विषयवस्तुको विविधतामय प्रयोग

(घ) भाषाहरूबाट नेपाली भाषामा निबन्ध अनुवाद गरिनु

(ङ) विश्वजनीन विषयवस्तुमा आधारित भई निबन्ध रचना हुनु

### (आ) द्वितीय चरण (वि.सं. २००४ - वि.सं. २०१६)

'युगवाणी' पत्रिकाको प्रकाशनदेखि 'रूपरेखा' पत्रिका प्रकाशनपूर्वको समय अवधि नेपाली निबन्धको आधुनिक कालअन्तर्गत द्वितीय चरण मानिन्छ । यस चरणका प्रमुख निबन्धकार र तिनका निबन्ध कृतिहरू निम्नानुसार छन् :

| निबन्धकार | निबन्ध/निबन्ध सङ्ग्रह |
|---|---|
| हृदयचन्द्र सिंह प्रधान | तिस रुपियाँ नोट, जुँगा, कुरा साँचो हो |
| रुद्रराज पाण्डे | गुन्द्रुकको पुकार |
| बदरीनाथ भट्टराई | पच्चिस प्रबन्ध |
| कमल दीक्षित | यस्तो पनि |
| केशवराज पिँडाली | खै खै |

**प्रमुख प्रवृत्ति**

(क) आत्मपरक निबन्ध लेखनको विस्तार

(ख) हास्यव्यङ्ग्य निबन्ध लेखनको विकास

(ग) अनुसन्धानपरक निबन्ध लेखनको थालनी

(घ) समसामयिक विषयवस्तुको प्रस्तुति

(ङ) सरल, सङ्क्षिप्त र प्रतीकात्मक भाषाशैलीको प्रयोग

**(इ) तृतीय चरण (वि.सं. २०१७ देखि कालसम्म)**

'रूपरेखा' पत्रिकाको प्रकाशनदेखि हालसम्मको समय अवधि नेपाली निबन्धको आधुनिक कालअन्तर्गत तृतीय चरण मानिन्छ । यस चरणका प्रमुख निबन्धकार र तिनका कृतिहरू निम्नानुसार छन् :

| **निबन्धकार** | **निबन्ध/निबन्ध सङ्ग्रह** |
|---|---|
| शङ्कर लामिछाने | एब्स्ट्रयाक्ट चिन्तन, प्याज, गोधूलि संसार |
| बालकृष्ण पोखरेल | उकुसमुकुस |
| भैरव अर्याल | जयभुँडी, गलबन्दी |
| तारानाथ शर्मा | बेलायततिर बरालिँदा, पाताल प्रवास |
| माधवप्रसाद पोखरेल | मेरो मान्छे |
| युवराज नयाँघरे | एक हातको ताली, घामको चुम्बन |

**प्रमुख प्रवृत्ति**

(क) विविध विषयवस्तुको प्रयोग

(ख) हास्यव्यङ्ग्य निबन्ध लेखनको विस्तार

(ग) प्रयोगवादी निबन्ध लेखनको प्रारम्भ

(घ) नियात्रा लेखनको विकास

(ङ) निबन्ध लेखनमा चौतर्फी विकासको चरण

## अभ्यास

१. **सर्वोत्कृष्ट उत्तरमा ठिक चिनो (√) लगाउनुहोस् :**

**(क) निबन्ध वर्गीकरणको आधार कुन हो ?**

(अ) सङ्क्षिप्त र बृहत्  (आ) आत्मपरक र वस्तुपरक

(इ) काल्पनिक र यथार्थ  (ई) घटना र भावना

**(ख) 'म नै निबन्धको विषयवस्तु हुँ' यो कसको परिभाषा हो ?**

(अ) मोन्तेन  (आ) बेकन  (इ) देवकोटा  (ई) पारिजात

**(ग) कस्तो निबन्धमा लेखकको अनुभूति व्यक्त हुन्छ ?**

(अ) कलात्मक  (आ) वस्तुपरक  (इ) आत्मपरक  (ई) घटनापरक

**(घ) निबन्ध कुन आयाममा संरचित हुन्छ ?**

(अ) सूक्ष्म  (आ) बृहत्  (इ) लघु  (ई) मझौला

**(ङ) वस्तुपरक निबन्धमा सामान्यतया कुन कुराको अपेक्षा गरिँदैन ?**

(अ) कल्पना र भावना  (आ) उपयोगिता र औचित्य

(इ) गुण र दोष  (ई) आवश्यकता र विशेषता

**(च) निबन्धको तत्त्वअन्तर्गत कुन कुरा पर्दैन ?**

(अ) शीर्षक  (आ) विषयवस्तु  (इ) भाषाशैली  (ई) आकार

**(छ) नेपाली निबन्धको प्राथमिक काल कहिलेदेखि सुरु भएको मानिन्छ ?**

(अ) वि.सं. १८३१  (आ) वि.सं. १८३५

(इ) वि.सं. १८४१  (ई) वि.सं. १८४५

**(ज) कुन कालका निबन्धमा आधारभूत तत्त्वको अभाव देखिन्छ ?**

(अ) प्राथमिक  (आ) माध्यमिक

(इ) आधुनिक  (ई) उत्तरआधुनिक

**(झ) मातृभाषाको आवश्यकता निबन्धका रचनाकार को हुन् ?**

(अ) पारसमणि प्रधान (आ) शम्भुप्रसाद ढुङ्गेल

(इ) हरिहर आ.दी. (ई) राममणि आ.दी.

**(ञ) कुन पत्रिकाको प्रकाशनदेखि नेपाली निबन्धको आधुनिककाल सुरु भएको हो ?**

(अ) गोरखापत्र (आ) शारदा

(इ) मधुपर्क (ई) गरिमा

**(छ) नेपाली निबन्धको प्राथमिक काल कहिलेदेखि सुरु भएको मानिन्छ ?**

(अ) वि.सं. १८३१ (आ) वि.सं. १८३५

(इ) वि.सं. १८४१ (ई) वि.सं. १८४५

**(ट) लक्ष्मीप्रसाद देवकोटाद्वारा रचिएको निबन्ध कुन हो ?**

(अ) पच्चिस प्रबन्ध (आ) फलामे औँठी

(इ) यस्तो पनि (ई) अषाढको पन्ध्र

**(ठ) आधुनिक नेपाली निबन्धको कुन चरणमा नियात्रा लेखन सुरु भएको हो ?**

(अ) प्रथम चरण (आ) द्वितीय चरण

(इ) तृतीय चरण (ई) चतुर्थ चरण

**२. दिइएका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) निबन्धको विधागत परिचय दिई निबन्धका विशेषता लेख्नुहोस् ।

(ख) निबन्धका आधारभूत तत्त्वहरू के के हुन् ? स्पष्ट पार्नुहोस् ।

(ग) प्राथमिककालीन नेपाली निबन्धको परिचय दिई प्रमुख प्रवृत्ति लेख्नुहोस् ।

(घ) नेपाली निबन्धको आधुनिककालअन्तर्गत प्रथम चरणको प्रवृत्तिबारे चर्चा गर्नुहोस् ।

## पाठ २ निबन्धकार डा. तीर्थबहादुर श्रेष्ठ र उनको ‘जैविक विविधतामा नेपालको कीर्तिमान’ निबन्ध

**सक्षमता**

(क) निबन्धको संरचना पहिचान गरी बताउन

(ख) निबन्ध पढी शब्दभण्डार वृद्धि गर्न

(ग) विधागत तत्त्वका आधारमा निर्धारित समीक्षा गर्न

(घ) निर्दिष्ट अनुच्छेद शुद्ध पारी पुनर्लेखन गर्न

(ङ) बुँदा टिपोट गरी सारांश लेख्न

(च) सङ्क्षिप्त र समीक्षात्मक उत्तर लेख्न

(छ) विश्लेषणात्मक उत्तर लेख्न

(ज) निबन्धका विशिष्ट अंशको व्याख्या गर्न

(झ) अनुकरण र मौलिक निबन्ध रचना गर्न

**निबन्धकारको परिचय र निबन्धात्मक प्रवृत्ति**



निबन्धकार डा. तीर्थबहादुर श्रेष्ठको जन्म वि.सं. १९९४ सालमा काठमाडौँको महाबौद्धमा भएको थियो । उनले दरबार हाइस्कुलबाट विद्यालय तहको शिक्षा हासिल गरेका हुन् । उनले नेपालको त्रिचन्द्र क्याम्पस र भारतको अलिगढ मुस्लिम विश्वविद्यालयबाट वनस्पति विज्ञानमा उच्च शिक्षा हासिल गरेका छन् उनले फ्रान्सको ग्रेनोबल विश्वविद्यालयबाट नेपालको कर्णाली क्षेत्रको वन, वनस्पति र पर्यावरण विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेका छन् । उनले वि.सं. २०१७ देखि २०४७ सालसम्म वनस्पति विभागको कर्मचारी बनेर सेवा गरेका हुन् । उनले वि.सं. २०३६ देखि २०४७ सम्मको अवधिमा नेपाल प्रज्ञा प्रतिष्ठानमा विज्ञान विधाको प्रतिनिधित्व गरी सदस्य तथा सदस्य सचिवको जिम्मेवारी वहन गरेका थिए । उनी गोरखा दक्षिणबाहु चौथो (२०२६), प्रबल त्रिशक्ति पट्ट चौथो (२०३२), जगदम्बा श्री पुरस्कार (२०६३), राष्ट्रिय वनस्पति पुरस्कार (२०६८) लगायत विभिन्न सम्मान तथा पुरस्कारबाट सम्मानित छन् ।

निबन्धकार डा. तीर्थबहादुर श्रेष्ठका वन, वनस्पति जैविक विविधता एवम् पर्यावरणसम्बन्धी लेख रचनाहरू प्रकाशित छन् । उनका बालीविज्ञान प्रश्नोत्तर (२०४०) नेपाल नखुलेका पाटाहरू (२०७६) जलवायु परिवर्तन : बुझौँ र बुझाऊँ (२०६८) नेपाल अध्ययन (भाग-१) भूस्वरूप र हावापानी (

२०७५) नेपाल अध्ययन (भाग-२) वन वनस्पति र प्राणी आदि कृतिहरू प्रकाशित छन् । उनी नेपालको प्राकृतिक सम्पदाबारे अनुसन्धानपरक र तथ्यपरक निबन्धको रचना गर्ने स्रष्टा हुन् । निबन्धकार श्रेष्ठका निबन्धात्मक प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) वस्तुपरक निबन्धकार

(ख) नेपालको वन, वनस्पति प्राणी र पर्यावरणसँग सम्बन्धित निबन्धको रचना

(ग) अनुसन्धानपरक निबन्ध रचनामा केन्द्रित

(घ) विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बन्धित पारिभाषिक शब्दको व्यापक प्रयोग

(ङ) तथ्य, तथ्याङ्क, सूचना र सन्देश सम्प्रेषण

प्रकृति संरक्षणको प्रसङ्गमा 'जैविक विविधता' निकै चर्चामा रहने शब्दावली बन्न पुगेको छ । वर्तमान परिभाषाअनुसार जैविक विविधतालाई तीनओटा पक्षबाट व्याख्या गरिन्छ । पहिलो, जीवित प्राणी र वनस्पतिका प्रजातिका पचास लाखदेखि एक करोड प्राणी एवम् वनस्पति हुनुपर्छ भन्ने अनुमान लगाएका छन् तर अहिलेसम्म्म चौध लाख प्रजातिको मात्र यकिन पहिचान हुन सकेको छ । तीमध्ये मनिस पनि एक प्रजातिको हो । जीवित प्रजातिहरू कोही जलमा, कोही स्थलमा र कोही आकाशमा समेत बसोबास गर्छन् ।

त्यस्तै कोही जल र स्थलको सङ्गम क्षेत्र सिमसारमा अनि कोहीचाहिँ मरुभूमिमा पनि बस्दछन् । कसैको बासस्थान घनघोर वर्षा र क्षेत्रमा हुन्छ भने कसैको सुक्खा क्षेत्रमा । हाम्रै नेपालमा पनि कोही तराईमधेस र औलबेँसीको ऊष्ण क्षेत्रमा हुर्कन्छन् भने कोही लेकाली हिमाच्छादित प्रदेश रुचाउँछन् । वन, वनस्पति र पर्यावरणको दृष्टिमा नेपालभित्र एक सय अठार विभिन्न प्रकारका वासस्थान पहिचान भएको छ ।

जैविक विविधताको तेस्रो पक्षचाहिँ कुनै एउटा प्रजातिभित्र पाइने वंशाणुगत विविधता सम्बन्धित हुन्छ । धान एक प्रजाति हो तर त्यसभित्र कोही मार्सी, कोही जुम्ली मार्सी, कोही तौली, थापाचिनी, बासमती आदि गरीकन विभिन्न गुण र स्वभावका करिब दुई हजार प्रकारका धान हाम्रै नेपालमा पाइन्छन् भन्ने अनुमान छ । हाम्रो राष्ट्रिय फूल लालीगुराँसको एकै प्रजातिभित्र पनि लेकाली भेगमा सेतो फूल फुल्ने, पहाडी भेगमा गुलाबी र तल्लो भेगमा पुगेपछि गाडा सिम्रिक रङमा प्रस्फुटन हुने विविध थरी हुन्छन् । एकै प्रजातिभित्रको यो विविधता जैविक विविधताको तेस्रो पक्ष हो ।

विश्व जैविक विविधताको विशाल फाँटमा नेपाललाई उभ्याई हेर्दा यो राष्ट्रका धेरै विशिष्टताहरू ठम्याउन सकिन्छ । सबैभन्दा महत्त्वको कुरा त प्रजातिको सङ्ख्यामा नेपाल धेरै धनी छ । त्यसका अतिरिक्त हिमाली वासस्थानले गर्दा यहाँ विश्वकै सर्वोच्च सजीव क्षेत्रहरू भेटिन्छन् । नेपालको भूतलको सर्वोच्चताले प्रदान गरेका केही कीर्तिमानी उदाहरणहरू यहाँ प्रस्तुत छन् ।

उचाइमा कीर्तिमान पृथ्वीको भूतलमा सबैभन्दा अग्लो क्षेत्रमा बाँच्ने जीव एकप्रकारको सूक्ष्म जीवाणु (ब्याक्टेरिया) हो । त्यसलाई वैज्ञानिक भाषामा जिओडर्मेटोफिलस अब्सक्योरस एभरेस्टिआई भनिन्छ ।

यसको शाब्दिक अर्थ सगरमाथा क्षेत्रमा पाइने पृथ्वीको त्वचालाई माया गर्ने सूक्ष्म प्राणी भन्ने हुन्छ। यो ब्याक्टेरिया सगरमाथाको सेरोफेरोमा आठ हजार तीन सय छ मिटर उचाइमा चिनियाँ वैज्ञानिकहरूले फेला पारेका हुन्। त्योभन्दा उच्च क्षेत्रमा जीव प्राणी फेला परेका छैनन्।



विश्वमा लगभग दुई लाख बिस हजार प्रजातिका बिरुवामा फूल फुल्छन्। तीमध्ये सबैभन्दा अग्लो भूभाग (पाँच हजार एक सय पैँतिस मिटरको उचाइ)मा फुल्ने बिरुवा मकालु हिमालको सेरोफेरोमा भेटिन्छ। त्यसलाई वैज्ञानिक भाषामा स्टिलेरिया डिकम्बेन्स भनिन्छ। ससाना पोथ्रापोथ्रीका रूपमा डुङ्गामा टाँस्सिएर बाँच्ने यो बिरुवाको सेता, पहेँला फूल साउन भदौतिर फुल्ने गर्छन्। यो बिरुवा 'गिनज बुक अफ रेकर्ड्स'मा पनि अङ्कित छ।

संसारमा पाइएका लगभग आठ हजार प्रजातिका चराहरूमध्ये करिब ८.५ प्रतिशत अर्थात् आठ सय साठीभन्दा अधिक प्रजातिका चराहरू नेपालमा भेटिएका छन्। यीमध्ये सबैभन्दा धेरै उचाइमा उडान भर्न सक्ने चरो एक प्रकारको हाँस हो। त्यसले आठ हजार मिटरभन्दा माथिबाट हिमाल वारपार गर्ने गर्दछ। अत्यन्त पातलो हावा, न्यूनतम अक्सिजन र हावाको अति न्यून चाप सहन गरेर कुन शक्तिका भरमा त्यसले हिमालय पार गर्छ भन्ने ज्यादै विस्मयको विषय रहँदै आएको छ। त्यस हाँसलाई नेपालीमा खोया हाँस भनिन्छ। यसको सेतो सेतो, खैरो खैरो टाउकामा दुईओटा काला काला धर्सा हुन्छन्। त्यसैले यसलाई अङ्ग्रेजीमा बार हेडेड गुज भनिन्छ। जाडो याममा तराईका

नदी किनारमा यी हाँस देखिन्छन् । ललितपुरको चिडियाखानामा पनि यसलाई हेर्न सकिन्छ तर यसको दैविक शक्ति आकाशमा उडान भर्दा प्रत्यक्ष हुन्छ ।

विश्वमा पहिचान गरिएका करिब पन्ध्र हजार पुतलीका प्रजातिमध्ये सबैभन्दा उच्च क्षेत्रमा उड्ने पुतली नेपालको डोल्पा क्षेत्रमा भेटिएको छ । सिक्किम ब्यान्डेड एपोलो नामक यो सानो पुतली पाँच हजार मिटरको उचाइसम्म भेटिन्छ । यो आफैँमा एउटा विश्व कीर्तिमान हो ।

वनस्पति जगत्मा काष्ठ पदार्थ भएका र नभएका गरी दुईथरीका वनस्पति हुन्छन् । काष्ठ पदार्थ भएको वनस्पतिभित्र पर्ने एकप्रकारको हिमगुराँस चार हजार पाँच सयदेखि पाँच हजार पाँच सय मिटरको उचाइमा पनि फस्टाउँछ । फिका प्याजी वा गुलाबी रङमा यो गुराँस साउन भदौतिर ढकमक्क फुल्छ । काष्ठ वनस्पतिको सन्दर्भमा यो पनि एउटा विश्व कीर्तिमान हो ।

संसारमा हजारौँ थरीका धान फल्छन् । नेपालमा मात्र करिब दुई हजार थरीका धान छन् भन्ने नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिकहरूको आँकडा छ । पृथ्वीको सबैभन्दा अग्लो भूभागमा फल्ने धान 'जुम्ली मार्सी' हो । समुद्र सतहदेखि तीन हजार मिटर उचाइमा रहेको जुम्लाको छुमचौरमा यसको खेती हुन्छ । यसको खेती गर्ने परम्परानुसार चैत १२ गते धान भिजाउने, त्यसपछि १६ गते पानी तर्काएर गुम्स्याउने र २० गते हिलेब्याडमा उम्रेको टुसा छर्ने कुरा वरिष्ठ वैज्ञानिक महेशलाल वैद्यले खुलाउनुभएको छ । धानको बिउ गुम्स्याउने क्रममा न्यानो भान्छा कोठाभित्र भिजेका धानका गेडा फिँजाएर त्यसमाथि ओछ्यान लगाएर परिवारका सबै सदस्य सुत्ने गर्छन् । मानिसको जिउको न्यानोबाट बिउ अङ्कुराउने यो प्रविधि निश्चय नै विश्वको एक विलक्षण उदाहरण हो । यस्तो प्रविधिको अभिलेख र प्रजातिको संरक्षणमा सबैले ध्यान पुऱ्याउनुपर्छ ।

नेपालको भौगोलिक अवस्थिति एसियाको माझमा पर्ने र पूर्वपश्चिम हिमालय शृङ्खलाको करिब मध्य भाग ओगट्ने हुनाले यहाँ एसियाका अरू विलक्षण प्राणी र वनस्पतिका विभिन्न प्रजातिहरू पनि भेटिन्छन् । तीमध्ये केही उल्लेखनीय प्राणीहरूका बारेमा चर्चा गरौँ ।

नेपाल र चीनको तिब्बती सीमाक्षेत्रमा पाइने नायन भेडो संसारका अरू भेडाभन्दा अग्लो हुन्छ । यो उभिँदा चार फिटसम्म अग्लो हुन्छ । यसको घुम्रिएको सिङ ज्यादै आकर्षक र ठुलो पनि हुन्छ । मरेपछि यसको खोक्रो सिङभित्र फ्याउरो लुक्न सक्छ भन्ने भनाइ सन् १८४८ को पूर्वी नेपाल यात्रा विवरणमा जोसेफ हुकरले उल्लेख गरेका छन् ।

गौ प्राणीअन्तर्गत पर्ने वन्यजन्तुमा हाम्रो गौरी गाई सबैभन्दा ठुलो जनावर हो । यो दुई मिटरसम्म अग्लो हुन्छ र यसको तौल एकहजार किलोग्रामसम्म पनि पुग्न जान्छ । हाम्रो तराईको जङ्गलमा विशेष गरेर चितवन राष्ट्रिय निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षणमा यो भेटिन्छ । अरू देशमा यो गाईले पशुपालन व्यवसायमा विशेष योगदान पुऱ्याउन थालेको छ । नेपालमा हालसम्म यसलाई पाल्तु प्राणीका रूपमा विकसित गरिएको छैन ।

गौ प्राणीमा सबभन्दा सानो पाल्तु गाई पनि नेपालमै भेटिन्छ । त्यो हो, अछाम जिल्लामा पाइने नौमुठ्ठे गाई । यो तीन फुटभन्दा अग्लो हुँदैन । राणा परिवारका केही सौखिनहरूले यो गाई आफ्ना बैठकमा समेत पाल्दथे भन्ने कथन छ । अछाम, डोटी, बझाङ र बाजुरामा मात्र पाइने यो प्राणी अब लोप हुने क्रममा छ । यो नेपालको एक कीर्तिमान सम्पदा हो ।

संसारभरिमा सर्प प्रजातिको सङ्ख्या लगभग दुई हजार सात सय छ । तीमध्ये विषादी सर्पका प्रजातिको सङ्ख्या झन्डै सात छ । संसारका सबैभन्दा विषालु दश सर्पमध्ये करेत, गोमन, राजगोमन र रसेल भाइपर नेपालमा पनि पाइन्छन् । विषालु सर्पमध्येमा सबैभन्दा लामो सर्प राजगोमन हो । त्यसको अङ्ग्रेजी नाम किङ कोब्रा हो । यो सर्पले अरू गोमनलाई खाइदिन्छ । यो प्राणी पाँच मिटरभन्दा पनि लामो हुन्छ । नेपालमा यो सर्प दुर्लभ भइसक्यो तर संरक्षणको जमर्को हुन सकेको छैन ।

विष नलाग्ने तर सबैभन्दा ठुलो जिउ हुने सर्पमध्ये हाम्रो अजिङ्गर विशेष उल्लेखनीय छ । इन्डियन रक पाइथन नामक यो प्राणी सात मिटर लामो र सय किलोग्रामभन्दा गह्रौं हुन्छ । इन्डोनेसियातिर अधिक पाइने अर्को अजिङ्गर राटकुलेटेड पाइथान योभन्दा केही लामो हुन्छ । सबैभन्दा लामो र मोटोमा गनिने एनाकोन्डा सर्प दक्षिण अमेरिकामा मात्र पाइन्छ । यसप्रकार विश्वका सबभन्दा ठुला ठुला सर्पमध्ये नेपाली अजिङ्गर पनि कीर्तिमान प्राणी हो ।

संसारभरको सबैभन्दा सानो सर्पमध्येमा हाम्रो तेलिया साँप पनि पर्छ । यो लगभग पाँच/छ इन्च लामो गँड्यौला जस्तो तर अलि कालो र चिल्लो हुन्छ । अचम्मको कुरा त यस प्राणीको भाले हुँदैन, पोथी मात्र हुन्छ । पोथीको अन्डा आफैँ हुर्केर बच्चा साँप जन्मन्छ । भाले लाग्न पर्दैन । ब्लाइन्ड स्नेक नाम पाएको यो सर्पले पनि नेपालको विश्व कीर्तिमान थाम्छ । उड्ने पक्षीमध्ये सबैभन्दा अग्लो चरा हाम्रो लुम्बिनी, कपिलवस्तु क्षेत्रमा पाइने सारस हो । यसको उचाइ १.६ मिटरसम्म हुन्छ । संसारमा योभन्दा ठुलो कदका अरू चरा पनि छन् । इमु र अस्ट्रिच यसका उदाहरण हुन् । यी चराहरू उड्न सक्दैनन् । त्यसैले तिनलाई चरा होइन विचरा भन्नुपर्ला ।

जैविक विविधताको दृष्टिले मौरीहरूलाई विशेष सम्माननीय प्राणी मान्नुपर्छ । विश्व विख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको कथन उद्धृत गर्दै धेरै मौरीपालक कृषकहरू भन्ने गर्छन्, “यदि संसारबाट मौरी लोप भयो भने त्यसको चार वर्षभित्र मानव जातिको अस्तित्व गुम्ने छ ।”

मह दिने मौरीहरूमध्ये संसारकै सबभन्दा ठुलो मौरी हाम्रै भिर मौरी हो । यसले ज्यादै अक्करको भिरमा आफ्नो चाका बनाउँछ । भिरको मह काढ्ने हाम्रो जङ्गली तरिका देखेर विदेशी पर्यटकहरू रोमाञ्चित हुने गरेका छन् । यो ज्यादै जोखिमपूर्ण कार्य हो । त्यसभन्दा बढी यो ज्यादै निष्ठुरी, निर्दयी र अमानवीय क्रियाकलाप पनि हो । लाखौँ मौरी र तिनका बच्चाहरूको प्राण लिएर आफ्नो पेट पाल्ने यस्तो कार्यबाट मौरी नै लोप गराउने खतरा निम्तिन्छ । एपिस लाबोरियोसा नामक यो मौरीलाई हिमालयन हनी बी पनि भनिन्छ । यो प्रजाति हिमाली खण्डभन्दा बाहिरी क्षेत्रमा पाइँदैन । यसको विश्व कीर्तिमान पनि नेपालले थामेको छ । संसारको सबैभन्दा सानो मौरी पनि हाम्रै देशमा

पाइन्छ । त्यसलाई कठ्यौरे मौरी भनिन्छ । यसले झारबुटा चहार्छ र यो एक हजार छ सय मिटरभन्दा होचो क्षेत्रमा मात्र पाइन्छ । हाम्रो देशमा जम्मा पाँच प्रजातिका मौरी छन् । तीमध्ये घरमौरी तीन हजार मिटरको उचाइसम्म पाइन्छ ।

जैविक प्रजातिको विविधताले नेपाललाई निकै धनी राष्ट्रका रूपमा उभ्याएको छ । यो साधनको आर्थिक रूपान्तरण भने हुन सकेको छैन । नेपालले विश्व भूक्षेत्रको ०.१ प्रतिशत अंश मात्र ओगटेको छ । यो सानो क्षेत्रभित्र विशाल पर्वतहरू उभिएको हुनाले यहाँ जैविक सम्पदाको विविधता अत्यधिक छ । नेपालका सल्ला, धुपी जस्ता कोणधारी बिरुवाका प्रजातिले विश्वको ५.१ प्रतिशत ओगट्छन् । फूल फुल्ने बिरुवाले पनि २.७ प्रतिशत उछिन्छ । स्तनधारी वन्यजन्तुमा विश्वका ४.५२ प्रतिशत प्रजाति नेपालमा पाइन्छन् । स्वच्छ पानीमा पाइने माछा विश्वभरिमा आठ हजार चार सय एघार प्रजातिका छन् । तीमध्ये नेपालमा एक सय बयासी प्रजाति अर्थात् २.१६ प्रतिशत माछा पाइन्छन् ।

सङ्ख्यात्मक दृष्टिले मात्र होइन गुणात्मक दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण प्रजातिहरू नेपालमा छन् भन्ने केही उदाहरण माथि प्रस्तुत गरियो । यो सुरुवात मात्र हो । अरू धेरै कुराको खोजीनीति हुन बाँकी छ । अनुसन्धाताहरूलाई प्रोत्साहित गर्न सकेको खण्डमा या काम धेरै गाह्रो वा गह्रौं हुँदैन । भनिन्छ, भैँसीलाई सिङ भारी हुँदैन । संसारमा सिङ भएका हजारौं प्राणी छन् । तीमध्ये सबैभन्दा ठुलो सिङ हाम्रै अर्ना भैँसीको हो । त्यसको नापजोख गरेर अध्ययन गरेमा अर्को विश्व कीर्तिमान स्थापित हुने छ । यस्तै अध्ययन र अनुसन्धानका सिलसिला बसाउन सकेमा नेपालको जैविक विविधताले नेपालीलाई धनी बनाउने छ ।

## शब्दार्थ

| | |
|---|---|
| जैविक विविधता | : जीवसम्बन्धी अनेकता |
| शब्दावली | : कुनै खास विषय वा कार्यसित सम्बन्धित शब्द |
| वनस्पति | : बोटबिरुवा |
| स्थल | : ठाउँ |
| उष्ण | : धेरै तातो |
| हिमाच्छादित | : हिउँले ढाकेको |
| वंशाणुगत | : पुर्खाबाट सन्तानमा सर्ने विशेष गुणसँग सम्बन्धित |
| प्रजाति | : प्राणी, वनस्पति आदिका प्रमुख जातिको कुनै शाखा |
| भूतल | : पृथ्वीको बाहिरी भाग |
| कीर्तिमानी | : प्रसिद्धि |

| | |
|---|---|
| त्वचा | : छाला |
| चाप | : दवाब, थिचाइ |
| विस्मय | : अनौठो |
| हिलेब्याड | : हिलो बनाइको ब्याड |
| प्रविधि | : वैज्ञानिक ढङ्गले काम गर्ने पद्दति सिप |
| अभिलेख | : कुनै विषयको प्रामाणिक लेख |
| विलक्षण | : अनौठो, अचम्मको |
| सम्पदा | : सम्पत्ति, धन |
| दुर्लभ | : पाउन कठिन |
| संरक्षण | : हिफाजत सुरक्षा |
| आर्थिक रूपान्तरण | : आर्थिक अवस्थामा हुने परिवर्तन |
| कोणधारी बिरुवा | : सबैतिर फिँजिएको वा कोण परेको बिरुवा |
| स्तनधारी | : बच्चालाई दुध चुसाउने प्राणी |
| सङ्ख्यात्मक | : सङ्ख्यासँग सम्बन्धित |
| गुणात्मक | : गुणपक्षसँग सम्बन्धित |
| अनुसन्धाता | : अनुसन्धान गर्ने व्यक्ति |
| अनुसन्धान : | शोध कार्य |

## निबन्ध समीक्षा

### 'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धको समीक्षा

**(क) निबन्ध सार**

'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धमा नेपालमा मात्र पाइने जीव, प्राणी र वनस्पतिका बारेमा चर्चा गरिएको छ । पृथ्वीको सबैभन्दा अग्लो उचाइमा पाइने एक प्रकारको जीवाणु (ब्याक्टेरिया) नेपालको सगरमाथा क्षेत्रमा मात्र पाइन्छ । यो जीवाणु सगरमाथाको सेरोफेरोमा आठ हजार तीन सय छ मिटरको उचाइमा पाइन्छ । विश्वकै अग्लो भूभागमा फुल्ने बिरुवा मकालु हिमालको सेरोफेरोमा मात्र पाइन्छ । यो बिरुवाको नाम 'गिनिज बुक अफ वल्ड रेकर्ड'मा अङ्कित हुनु गौरवको कुरा हो । सबैभन्दा धेरै उचाइमा उड्न सक्ने खोया हाँस पनि नेपालमा मात्र पाइन्छ । आठ हजार मिटरभन्दा माथि उड् सक्ने यो पन्छीको उडानलाई दैवी शक्तिका रूपमा लिइन्छ । विश्वमा पाइने करिब पन्ध्र हजार पुतलीका प्रजातिमध्ये सबैभन्दा उच्च क्षेत्रमा पाइने पुतली नेपालको डोल्पा जिल्लामा पाइन्छ । यो पुतली पाँच हजार मिटरको उचाइसम्म पाइन्छ । चार हजार पाँच सय मिटरदेखि पाँच हजार पाँच सय मिटरको उचाइमा पाइने हिमगुराँस पनि नेपालमा मात्र पाइन्छ । त्यसैगरी संसारकै अग्लो ठाँउमा फल्ने जुम्ली मार्सी धानले पनि विश्वभरि ख्याति पाएको छ ।

विश्वको सबैभन्दा ठुलो गौरी गाई र सबैभन्दा सानो नौमुठ्ठे गाई पनि नेपालमा पाइन्छ । दुई हजार सात सय सर्पका प्रजातिमध्ये करिब सात सय सर्पका प्रजाति अति विषालु छन् । तीमध्ये दश विषालु सर्पका प्रजाति नेपालमा पाइन्छन् । त्यति मात्र होइन ठुलो जिउ हुने र विष नलाग्ने अजिङ्गर पनि नेपालमै पाइन्छ । हिमाली क्षेत्रमा मात्र पाइने भिर मौरीले पनि नेपाललाई विश्वमा चिनाएको छ । संसारकै सबैभन्दा सानो कठ्यौरी मौरीसमेत नेपालमा पाइनु अद्भुत रहस्य हो । विश्वको ०.१ प्रतिशत जमिन ओगटेको नेपाल जैविक विविधताको भण्डार हो । नेपालको भौगोलिक विविधता नै जैविक विविधताको आधार हो । विश्वका कोणधारी रुखमध्ये नेपालमा ५.१ प्रतिशत प्रजातिका कोणधारी रुख पाइन्छन् । नेपालमा २.७ प्रतिशत फूल फुल्ने वनस्पति पाइन्छन् । विश्वका स्तनधारी प्राणीमध्ये नेपालमा ४.५२ प्रतिशत प्रजातिका प्राणी पाइन्छन् । त्यसैगरी नेपालमा २.१६ प्रतिशत माछाका प्रजाति पाइन्छन् । क्षेत्रफलका दृष्टिले नेपाल सानो मुलुक भए तापनि जैविक विविधताले भरिपूर्ण मुलुक हो ।

**(ख) उद्देश्य/विचार/भाव**

'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धले नेपालमा पाइने जीव प्राणी र वनस्पतिलाई चिनाएको छ । नेपाल क्षेत्रफलका दृष्टिले सानो छ तर भौगोलिक विविधताले भरिएको छ । हिमाल पहाड र तराइ तीनै किसिमका हावापानीमा पाइने जीव, प्राणी र वनस्पतिले

नेपाललाई विश्वमा चिनाएको छ । अझ त्यसमाथि कतिपय जीव र वनस्पति नेपालमा मात्र पाइनु गौरवको विषय हो । जैविक प्रजातिको विविधता नेपालको कीर्तिमान हो । नेपालमा पाइने जैविक विविधता सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले महत्त्वपूर्ण छ । नेपालको जैविक विविधतामाथि खोज अनुसन्धान हुन बाँकी छ । यो विषयलाई सरोकारवाला निकायले गम्भीरतापूर्वक लिनुपर्छ । खोज अनुसन्धानलाई प्रोत्साहित गरी नेपालको जैविक विविधताको आयाम बढाउनुपर्छ । कतिपय जीव वनस्पति लोप हुने अवस्थामा पुगेका छन् । तिनको संरक्षण र संवर्द्धनका लागि समयमै सचेत हुनुपर्छ । नेपालको जैविक विविधता आर्थिक रूपान्तरणको दिगो आधार बन्न सक्छ ।

यस प्रकार 'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धमा नेपालको भूगोलभित्रको जैविक विविधताको वर्णन गरिएको छ । खोज अनुसन्धान गरी नेपालको जैविक विविधतालाई विश्वसामु परिचित गराउन सकिन्छ । यसबाट जैविक वस्तुको संरक्षण र संवर्द्धनमा टेवा पुग्न सक्छ । साथै जैविक विविधता नेपालको समृद्धिको आधारशीला बन्न सक्ने छ ।

**(ग) भाषाशैली**

'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धमा वर्णनात्मक शैलीको प्रयोग भएको छ । निबन्धकारले नेपालको प्राकृतिक सम्पदा तथा जैविक विविधतासँग सम्बन्धित सूचना, तथ्य र तथ्याङ्कलाई वस्तुपरक ढङ्गले सम्प्रेषण गरेका छन् । निबन्धमा जीव विज्ञानसँग सम्बन्धित परिभाषा शब्दहरूको प्रयोग गरिएको छ ।  जनावर, पन्छी, किरा, वनस्पति आदिका नेपाली नाम र अङ्ग्रजी नामले निबन्धमा उल्लेख्य स्थान पाएको छ । निबन्धमा सरल, संयुक्त र मिश्र तीनै किसिमका वाक्यहरू प्रयुक्त छन् । विज्ञान सम्बद्ध विषयवस्तु भए तापनि निबन्ध सरल सहज र जानकारीमूलक रहेको छ ।

**(घ) शीर्षक**

'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धको शीर्षकमा चारओटा शब्द प्रयुक्त छन् । जसको शाब्दिक अर्थ 'जैविक' भन्नाले जीवसम्बन्धी, 'विविधतामा' भन्नाले अनेकतामा वा विभिन्नतामा, 'नेपालको' भन्नाले नेपालसँग सम्बन्धित र 'कीर्तिमान' भन्नाले प्रसिद्धि भन्ने हुन्छ । निबन्धमा नेपालको विविध प्रकृतिमा पाइने  जनावर, पन्छी, किरा, जीवाणु र वनस्पतिको चर्चा गरिएको छ । जैविक विविधता नेपालको प्रतिष्ठासित जोडिएको छ । नेपालको जैविक विविधताले विश्वमा नयाँ पहिचान स्थापित भएको सन्दर्भ उल्लेख गरिएको छ । नेपालको जैविक विविधतासँग सम्बन्धित भई खोज अनुसन्धान गरेर जैविक विविधताको संरक्षण र संवर्द्धनका निमित्त सचेत हुन आग्रह गरिएको छ । निबन्धमा शीर्षक र विषयवस्तुबिच सन्तुलन कायम गरिएकाले निबन्धको शीर्षक सार्थक छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) ........................... : बोटबिरुवा

(ख) ........................... : हिउँले ढाकेको पृथ्वीको बाहिरी भाग

(ग)............................ : अनौठो

(घ) ........................... : हिले बनाइको ब्याड

(ङ) ........................... : धेरै तातो

(च) ........................... : प्रसिद्धि

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| हिमाच्छादित | दवाब, थिचाइ |
| प्रजाति | सम्पत्ति, धन |
| चाप | हिउँले ढाकेको |
| विलक्षण | प्राणी, वनस्पति आदिका प्रमुख जातिको कुनै शाखा |
| सम्पदा | अनौठो, अचम्मको |
| | हिफाजत, सुरक्षा |

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

संरक्षण, प्रजाति, जैविक, स्तनधारी, आर्थिक, रूपान्तरण, सङ्ख्यात्मक, गुणात्मक, अनुसन्धान

**४. शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

जैबिक विविधताको दृस्टिले माहुरीहरूलाई विशेष सम्माननिय प्राणी मान्नुपर्दछ विश्व विख्यात वैज्ञानिक अल्वर्ट आइन्स्टाइनको कथन उद्धृत गर्दैधेरै मउरिपालक कृषकहरू भन्ने गर्छन्, यदि संसारबाट मौरी लोप भयो भने त्यसको चार वर्षभित्र मानव जातिले पनि आफ्नो अस्तित्व गुमाउनेछ ।

**५. 'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धका अनुच्छेद हाउभाउसहित पढ्नुहोस् ।**

**६. निबन्धकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) डा. तीर्थबहादुर श्रेष्ठले कहाँबाट विद्यावारिधि हासिल गरेका हुन् ?

(ख) डा. तीर्थबहादुर श्रेष्ठले प्राप्त गरेका कुनै तीनओटा पुरस्कारको नाम लेख्नुहोस् ।

(ग) डा. तीर्थबहादुर श्रेष्ठले कहिलेदेखि कहिलेसम्म वनस्पति विभागमा सेवा गरे ?

(घ) डा. तीर्थबहादुर श्रेष्ठका कस्ता रचनाहरू प्रकाशित छन् ?

(ङ) डा. तीर्थबहादुर श्रेष्ठको निबन्धात्मक मुख्य प्रवृत्ति लेख्नुहोस् ।

**७. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

संसारमा हजारौँ थरीका धान फल्छन् । नेपालमा मात्र करिब दुई हजार थरीका धान छन् भन्ने नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिकहरूको आँकडा छ । पृथ्वीको सबैभन्दा अग्लो भूभागमा फल्ने धान 'जुम्ली मार्सी' हो । समुद्र सतहदेखि तीन हजार मिटर उचाइमा रहेको जुम्लाको छुमचौरमा यसको खेती हुन्छ । यसको खेती गर्ने परम्परानुसार चैत १२ गते धान भिजाउने, त्यसपछि १६ गते पानी तर्काएर गुम्स्याउने र २० गते हिलेब्याडमा उम्रेको टुसा छर्ने कुरा वरिष्ठ वैज्ञानिक महेशलाल वैद्यले खुलाउनुभएको छ । धानको बिउ गुम्स्याउने क्रममा न्यानो भान्छा कोठाभित्र भिजेका धानका गेडा फिँजाएर त्यसमाथि ओछ्यान लगाएर परिवारका सबै सदस्य सुत्ने गर्छन् । मानिसको जिउको न्यानोबाट बिउ अङ्कुराउने यो प्रविधि निश्चय नै विश्वको एक विलक्षण उदाहरण हो । यस्तो प्रविधिको अभिलेख र प्रजातिको संरक्षणमा सबैले ध्यान पुयाउनुपर्छ ।

**प्रश्नहरू :**

(क) नेपालमा कति प्रकारका धानहरू भएको आँकडा छ ?

(ख) संसारको सबैभन्दा अग्लो स्थानमा फल्ने धान कुन हो ?

(ग) चैत सोर गते के काम गर्नुपर्छ ?

(घ) धानको बिउ कहाँ गुम्स्याउनुपर्छ ?

(ङ) धानको बिउ कसरी उमार्ने गरिन्छ ?

**८. दिइएको बुँदाहरूका आधारमा 'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धको भाषाशैली लेख्नुहोस् :**

(क) वर्णनात्मक शैलीको प्रयोग

(ख) सूचना, तथ्य र तथ्याङ्कको प्रयोग

(ग) प्राविधिक/पारिभाषिक शब्दको प्रयोग

(घ) सरल र सम्प्रेषणात्मक भाषाशैली

## ९. दिइएको अनुच्छेद पढी सारांश लेख्नुहोस् :

संसारमा पाइएका लगभग आठ हजार प्रजातिका चराहरूमध्ये करिब ८.५ प्रतिशत अर्थात् आठ सय साठीभन्दा अधिक प्रजातिका चराहरू नेपालमा भेटिएका छन् । यीमध्ये सबैभन्दा धेरै उचाइमा उडान भर्न सक्ने चरो एक प्रकारको हाँस हो । त्यसले आठ हजार मिटरभन्दा माथिबाट हिमाल वारपार गर्ने गर्दछ । अत्यन्त पातलो हावा, न्यूनतम अक्सिजन र हावाको अति न्यून चाप सहन गरेर कुन शक्तिका भरमा त्यसले हिमालय पार गर्छ भन्ने ज्यादै विस्मयको विषय रहँदै आएको छ । त्यस हाँसलाई नेपालीमा खोया हाँस भनिन्छ । यसको सेतो सेतो, खैरो खैरो टाउकोमा दुईओटा काला काला धर्सा हुन्छन् । त्यसैले यसलाई अङ्ग्रेजीमा बार हेडेड गुज भनिन्छ । जाडो याममा तराईका नदी किनारमा यी हाँस देखिन्छन् । ललितपुरको चिडियाखानामा पनि यसलाई हेर्न सकिन्छ तर यसको दैविक शक्ति आकाशमा उडान भर्दा प्रत्यक्ष हुन्छ ।

## १०. एक वाक्यमा उत्तर लेख्नुहोस् :

(क) जैविक विविधतालाई कतिओटा पक्षबाट व्याख्या गरिन्छ ?

(ख) कुन बिरुवा मकालु हिमालको सेरोफेरोमा पाइन्छ ?

(ग) किन नेपालमा विलक्षण प्राणी भेटिन्छन् ?

(घ) नौमुठ्ठे गाई कहाँ पाइन्छ ?

(ङ) संसारको सबैभन्दा सानो मौरी नाम के हो ?

## ११. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| धानका जात | जलचर, स्थलचर, उभयचर |
| गुराँसका रङ | सारस, इमु र अस्ट्रिच |
| सर्पका प्रजाति | करेत, गोमन र रेसल भाइपर |
| चराका नाम | मार्सी, थापाचिनी र बासमती |
| | सेतो, गुलाबी र सिम्रिक |

## १२. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) पृथ्वीको सबैभन्दा अग्लो स्थानमा पाइने जीवाणुको नाम के हो ?

(ख) के कारण नेपालमा विश्वका सजीव क्षेत्रहरू पाइन्छन् ?

(ग) नेपालमा कति प्रजातिका चराहरू पाइन्छन् ?

(घ) भिर मौरीले कसरी नेपालको कीर्तिमान थामेको छ ?

(ङ) नेपाललाई किन जैविक विविधताले भरिपूर्ण मुलुक मानिन्छ ?

**१३. भाव विस्तार गर्नुहोस् :**

(क) जीवित प्रजातिहरू कोही जलमा कोही स्थलमा र कोही आकाशमा समेत बसोबास गर्छन् ।

(ख) सबैभन्दा महत्त्वको कुरा प्रजातिको सङ्ख्यामा नेपाल धेरै धनी छ ।

**१४. 'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धका मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् ।**

**१५. 'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धको सन्देश लेख्नुहोस् ।**

**१६. 'जैविक विविधतामा नेपालको कीर्तिमान' निबन्धको सारांश लेख्नुहोस् ।**

**१७. जैविक विविधतामार्फत नेपाललाई कसरी समृद्ध बनाउन सकिन्छ ?**

## सिर्जनात्मक कार्य

**१. दिइएका शीर्षकमा अनुच्छेद लेख्नुहोस् :**

**(क) जलसम्पदा** **(ख) लुम्बिनी**

## थप पाठ्यसामग्री

**अनुच्छेदको संरचना**

**१. शीर्षक**

**२. आदिभाग**

- परिचय/परिभाषा

**३. मध्यभाग**

- विषयवस्तुसम्बन्धी जानकारी, सूचना, तथ्य, फाइदा, महत्त्व, आवश्यकता, औचित्य आदि ।

**४. अन्त्यभाग**

- विषयवस्तुको निष्कर्ष

**अनुच्छेद लेखनमा ध्यान दिनुपर्ने कुराहरू**

१. शीर्षकसँग सम्बन्धित बुँदाहरू टिपोट गर्नुपर्छ ।

२. बुँदाहरूलाई अनुच्छेदभित्र आदि, मध्य र अन्त्यका क्रममा विभाजन गर्नुपर्छ ।

३. बुँदालाई समेटेर खेस्रा अनुच्छेद लेख्नुपर्छ ।

४. साफी लेखन गरी अनुच्छेदलाई अन्तिम रूप दिनुपर्छ ।

५. अनुच्छेदको सिरानमा शीर्षक लेख्नुपर्छ ।

**अनुच्छेदको नमुना**

## अनुशासन

अनुशासन शब्द संस्कृत भाषाबाट नेपाली भाषामा प्रयोग हुन आएको शब्द हो । अनु+शास्+अन मिलेर अनुशासन शब्द बनेको हो । अनुशासनको शाब्दिक अर्थ सामाजिक, नैतिक, धार्मिक, राजनीतिक आदि नियम, नियमावलीको मर्यादा वा सो मर्यादाभित्र रहने काम भन्ने हुन्छ । अनुशासनअन्तर्गत अलिखित र लिखित दुवै प्रकारका नियमको पालना पर्छ । अलिखित नियम भन्नाले नलेखिएको नियम भन्ने बुझिन्छ । अलिखित नियमअन्तर्गत घरपरिवार र समाजका नियम पर्छन् । ऐँचोपैँचो, भारापर्म, आदर सम्मान आदि अलिखित नियमका उदाहरण हुन् । लिखित नियम भन्नाले लेखिएका नियम भन्ने बुझिन्छ । लिखित नियमअन्तर्गत विद्यालय, गाउँपालिका, नगरपालिका आदिका नियमहरू पर्छन् । संविधान, ऐन, नियमावली आदि अलिखित नियमका उदाहरण हुन् । अनुशासनको पालनाबाट आदर्श व्यक्ति बन्ने आधार प्राप्त हुन्छ । प्रत्येक व्यक्ति अनुशासनमा बस्दा सामाजिक सद्भाव कायम हुन्छ । राष्ट्रिय एकताका लागि पनि हरेक नागरिकको अनुशासन महत्त्वपूर्ण हुन्छ । त्यसैले अनुशासनलाई परिवार, समाज र राष्ट्र समृद्धिको आधार मानिन्छ ।

**पाठ ३**

# नियात्राकार युवराज नयाँघरे र उनको 'भोटेकोसीको भाले डुङ्गा' नियात्रा

**सक्षमता**

(क) नियात्राको संरचना पहिचान गरी बताउन

(ख) नियात्रा पढी शब्दभण्डार वृद्धि गर्न

(ग) विधागत तत्त्वकाआधारमा निर्धारित समीक्षा गर्न

(घ) निर्दिष्ट अनुच्छेद शुद्ध पारी पुनर्लेखन गर्न

(ङ) बुँदा टिपोट गरी सारांश लेख्न

(च) सङ्क्षिप्त र समीक्षात्मक उत्तर लेख्न

(छ) विश्लेषणात्मक उत्तर लेख्न

(ज) नियात्राका विशिष्ट अंशको व्याख्या गर्न

(झ) अनुकरण र मौलिक नियात्रा रचना गर्न

## नियात्राकारको परिचय र नियात्रात्मक प्रवृत्ति



युवराज नयाँघरेको जन्म वि.सं. २०२६ असोज १९ गते इलाममा भएको हो । उनले स्नातकसम्म औपचारिक अध्ययन गरेका छन् । उनी दुई दशकदेखि नियात्रा लेखनमा सक्रिय छन् । उनका प्रकाशित निबन्ध सङ्ग्रहहरूमा 'संवेदनाका स्वरहरू' (२०५४), 'मुहूर्तको वरिपरि' (२०५५), 'निलडाम' (२०६१), 'एक हातको ताली' (२०६५), 'आमिल' (२०७१) आदि छन् । नियात्रातर्फ 'अनाड पहाड फनफनी' (२०६२), 'घामको चुम्बन' (२०६७), 'ह्वाइट हाउसको घामपानी' (२०७०), 'डलरको डायरी' (२०७१), 'हाराबारा' (२०७२), 'औँला औँलामा अस्ट्रेलिया' (२०७५), 'तनक्खा' आदि प्रकाशित भएका छन् ।

नियात्राकार नयाँघरे प्रतिभा पुरस्कार (२०७१), कलाश्री पुरस्कार (२०७१), मदन पुरस्कार (२०६५), शङ्कर लामिछाने युवा निबन्ध पुरस्कार (२०६५), मोती पुरस्कार (२०६१), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६) आदिबाट पुस्कृत तथा सम्मानित भएका छन् ।

युवराज नयाँघरे नियात्राकार हुन् । उनका रचनामा प्रेमको भाव पाइन्छ । उनले नेपाली समाजभित्र रहेको सुन्दर भाव र चित्र कृतिमा उतारेका छन् । उनी प्रकृति र संस्कृतिलाई पाठकको मनमा सुटुक्क राख्न सफल देखिन्छन् । उनका निबन्धमा समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य पाइन्छ । उनी कवितात्मक शैलीमा नियात्रा रचना गर्ने स्रष्टा हुन् । उनका रचनामा काव्यात्मक स्वाद पनि पाइन्छ । उनी स्वच्छन्दतावादी मूल्य मान्यतामा रहेर देशभक्तिको भावना फैलाउने निबन्धकार हुन् ।

नियात्राकार युवराज नयाँघरेका नियात्रात्मक प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) वर्णनात्मक शैलीको प्रयोग

(ख) नेपाली प्रकृति, कला र संस्कृतिको चित्रण

(ग) कवितात्मक भाषाशैलीको प्रयोग

(घ) समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य

(ङ) देशभक्तिको भावनाको अभिव्यक्ति

त्यो दिन पानीमय भयो !

बगेको पानीलाई छुन खोजेथ्यौँ- अकासबाट नि पानीकै सत्कार भयो । अनि पो भएथ्यो । पानीमय दिन ।

भोटेकोसीलाई आँखाले भेटेका थिए । मनले भेटिसकेको थिएन राम्रोसँग । मेरो तनले छुने त मौकै परेको थिएन । घाम चर्किनु र तन्नेरी जोस्सिनु एकैपटक भएपछि छप्लाङछुप्लुङको साथी हुन पुगेँ म ।

उखर्माउलो गर्मी ओर्लिरहेकै थियो । भोटेकोसीमा देश दर्शनका लागि जोसिला युवाको लर्को लाग्यो । एउटा निम्तालु मै पनि थिएँ । हुलमा हेलिएर सुकुटे उत्रिएँ । सिन्धुपाल्चोकको जलसंसारलाई पढ्ने गतिलै 'चानस' मिल्यो मलाई ।

बगरमा उभ्याएर लाइफ ज्याकेट लाएर उभिएको छु । अरू धेरै छन्- पानी छेउमा तुल्बुलिएको हुल । हतारिएका अनुहारमा पानीमै भ्वाम्म पस्ने रहरले वेग मारेको देख्छु म ।

दशओटा डुङ्गा भोटेकोसी किनारमा तैरिएका छन् । रङ्गीबिरङ्गी ती नाउमा हेलिनु छ, अब हामीले ।

खोलामा मनै अत्याउने चिसो छ । भोटबाटै बगेर आएको यो कोसी । त्यसकै चिसोले नदीमा उत्ताउला छालहरू उर्लिरहेकै छन् । कति सेता, कति सङ्ला, कति सुकिला ।

‘पानीलाई जित्न नखोज्नुहोला !’

खोलामा हेलिनुअघि यी सबै दशौओटा डुङ्गालाई चलाउने ‘हँकुवा’को कडा बोली आउँछ । तिनले यसरी बोले- छेउमै कलकलाइरहेको भोटेकोसीको गर्जना नि सुस्त सुनियो यो बेला ।

धेरैजसो त आफैँ नि छप्लाङछुप्लुङ गरिरहेका थिए । पहाडी र वेगवान् हिमाली खोलो । किनारमै पानी छ्यापिरहेकाहरू चिप्ला डुङ्गामा पुल्टुङबाजी खानै थाले ।

बगिरहेकालाई थामथुम पार्न उत्तम भट्टराई र राजीव खत्रीलाई महाभारतै हुन थालेको छ । रोजु, जमुना, शीतल र रूपाहरू चैँ पानी, छाल, किनार अनि डुङ्गाका चरित्रमा मन पोखिरहेथे पटक पटक ।

‘डुबिहाले टाउको चैँ छाल मास्तिरै पार्नु नि !’

लामो कपाल गरेका ती नायकले उर्दी गरे । उनका तर्कलाई उतै फर्काउन तीरमा उभिएको एउटा ठुलो जमात जम्जमाइरहेको थियो । पानीमा पसिहाल्न पाए हुन्थ्यो ! हरेकका आँखा, मन, ओठ र छातीको बोली थियो यै ।

निकै बेरको सम्झाइबुझाइपछि दशओटा डुङ्गा हेलिए भोटेकोसीको छालमा । पानीभित्र पसेका हाम्रा स्थलचर चरित्र किन किन हुरुक्किएका थिए, उखर्माउलिएका थिए र तुल्बुलिएका थिए । पानीको नातामा हामी आकुल भएर पो हो कि ?

खोलामा हेलिए लगत्तै छालैछालले अँगाले हामीलाई । पानीमा तौलको सन्तुलन अनन्यतम हुन्छ । अनि हरेक डुङ्गामा बरोबरीको सङ्ख्या मिलाउन खोजेका थिए- हिमालयन एडभेन्चर गल्सका साथीहरूले ।

पानीलाई छुने वा हेर्ने अप्रतीम आकाङ्क्षा सधैँ छ मलाई । अझ राम्रो र कुशल गोताखोर म होइन । तैपनि पौडिने इच्छाको चुचुरामा पुगिरहेकै हुन्छु म ।

मलाई पानीका भुँवरीले लडाउन नसकेका बडेमानका चट्टानले तानिरहन्छन् । ती कठोर चट्टानमा पानीले कला कोरेको लाग्छ । अनेक रेखा, आकार र भावका किरमिरे चरित्रले म सधैँ छोइन्छु । पानीसँग अथाह र अज्ञात शक्ति हुने अकाट्य यही हुनुपर्छ ।

बगिरहेका डुङ्गा धेरैपटक छालका तलमाथिसँगै उफ्रिने र थेच्चारिने गर्छन् । शरीरमा काउबुडी लगाए जस्तो अथवा स्निग्ध स्पर्श जस्तो । छालमा लछारपछार भएका हाम्रा हरेक अवयवमा छोएको भान हुन्छ ।

छालपछि छालैछाल ।

एउटा नाघेर अलिक पर पुगिसकेर सुस्ताउन नपाई फेरि अर्को उत्तुङ्ग छाल देखापर्छ । पटक पटक हुन्छ- पानी र लहरको मायालु प्रहार । सेतो  र निलो रङ घोलिएर अर्कै रूप बन्न पुग्छ बगिरहेको नदी ।

नदी किनारको आफ्नो संसार छ । माछा मार्न बसेका मसिना केटाकेटीहरूको उत्सुकता । जाल हानिरहेका वृद्धहरूका निरपेक्ष मुस्कान । गोठालागोठाल्नीका डुङ्गा चिप्लाइ वा गाउँले नारीका खल्याङमल्याङ नुहाइ । यी सबै तस्बिरमा भोटेकोसीको जीवन्त संसार जोडिएको छ ।

साथीहरू डुङ्गालाई हुइँक्याउँछन् । तिनलाई पानीका हरेक थोपामा लुकेको ऊर्जाबारे ज्ञान उत्तिको नहुँदो हो । अनि यो पानीमा डुङ्गा खियाउने दाबिलो मास्तिर जुधाएर उल्लास पोख्छन् ।

तरुण, गुणराज वा सन्तोष जस्ता स्नेही भाइहरू छन् । पानीका लागि सिङ्गै दिन छुट्याएर यिनले भोटेकोसीको लहर अँगालो मारेका छन् । हाँसो, उल्लास र खित्काको दोहोरी चल्छ । किञ्चित् पछि नपरी हरेक नाउभन्दा हामी अगाडि छौँ । निरन्तर-बेगिएर... बेगिएर... ।

पानी र नारी- अर्थको भावमा म सधैँ उही ठान्छु । तिनको सरलता, कोमलता वा तरलता पानीको मूल्यसँग पृथक् हुँदै हुँदैन । अनि गाम्भीर्य वा अति सौर्य पानीसँग नारीको पहिचान भेट्छु म ।

संयोग पनि अनौठो भयो- हामी झन्डै असी  जनालाई ऋतु, कल्पना, अनु र कमलाले हाँकिरहेका छन् । अलिक अघि अनु शेर्पाले भनेकी थिइन्- ‘कति पटक त काखकी छोरी पाखामा राखी म डुङ्गा चलाउँथेँ । धेरै पटक आमा खोलामा, छोरी पाखामा भइएको छ ।’

समयले काँचुली मात्रै फेरेको होइन रहेछ- समयका अरू धेरै पार्टपुर्जा नि फेरिएछन् । अनि पो नारीलाई अबोला र दुर्बल ठान्ने समाजका लागि यी उदाहरण हुन सकेका छन् ।

पानीका भुँवरीमा ठुलो ठुलो डुङ्गा अरिमट्ठिएर बसेका भेटिन्छन् । तिनका वरिपरि परेको गहिरा र फराकिला छालले हामीसँगै हेलिएको डुङ्गा कति पटक घोप्टिन्छन् । पानीमा सलल बगेर काँ मज्जा हुन्छ र डुङ्गा उल्टाउँदा पो ‘एड्भेन्चर’ हुन्छ त ! यसो भन्नेका रहरमा म मिसिन सकिनँ ।

जति तल बग्यो- रहर र उमङ्गका पत्रे खुसी थपिएका थपिएकै थिए । माथि किनारका भित्ता छुन आएका लहर हेर्दै मनमा उत्साह अग्लिन्थ्यो बेस्सरी । गति त डुङ्गा होस् कि पानी सबैमा हुँदो रहेछ बराबरी ।

डुङ्गाहरू पर्लक्क पर्लक्क पल्टिए निकै पटक । कति मनोरञ्जनका रूपमा बहेलिन्थे । कति अत्तालिएर हाँफझाप गर्थे । कति चैँ स्वाभाविकै रूपमा तैरिन्थे छालमा ।

हामी वरपर पानीमा घुमिरहेकाहरू रोमाञ्च र खुल्दुलीले आँखाको परेली उचाल्थ्यौँ माथि माथिसम्म ।

जीवन त यस्तै परिपरिका गतिमा बगिरहने परिणाम हो नि !

गोपाल राना- म बसेको डुङ्गाका नायक थिए । उनले अगाडिपछाडि मोड, दायाँबायाँ चाल वा डुङ्गाभित्र पसिहाल्नु जस्ता अनेकौँशब्द चड्केर बोले । कति खेप छालमा तलमाथि हुँदाको मज्जा लिन हामी उनका निर्देशन सुन्नै बिसँदा रहेछौँ- अनि खप्की पनि खान पुग्थ्यौँ ।

'रोक रोक !' रानाले भनिरहँदा नि हाम्रो दल छाल चुम्न आतुर भएर वहान चलाइरहेकै हुन्थे । अनि त एकै पटक भुँवरीमा खल्र्याम्मखुर्लुम्म पुग्दा पो मन हुन्थ्यो खङ्ग्रङ्गै । अनि निकाल्नलाई पर्थ्यो साह्रै सकस ।

बिस किलोमिटर बगुन्जेल पानी पर्ने र थामिने भइरह्यो । खोलाको र अकासे दुवै पानीले चुटे पनि हृदयमा कुनै चोट पुगेन, हैरानी भएन र बिघ्न भएन । सुकुटेबाट लहरमा हेलिएका थुप्रै डुङ्गाहरू लामो साँघु पुगुञ्जेलसम्म निकै खेप घोप्टिए । तर हामी सर्लक्क ओल्र्यौँ । हामीले भावलाई जितेका थियौँ सुरक्षित, आनन्दित र सफलतासाथ ।

खोला किनारबाट हामीले गाउँहरू देख्यौँ । अचेल गाउँमा काम गरी खाने धेरै आधार बनेका छन् । माछा सुकाएर बस्नेहरू देखिए । त्यस्तै खोला छेउमा जडीबुटी उमार्न सकिने सम्भावना पनि धेरै देखिन्थ्यो । बाख्रापालन, केरा खेती, तरकारी खेती पनि भोटेकोसीका किनारमा गर्न सकिन्थ्यो । ससाना टहरे होटेल र होम स्टे चलाएर पनि यता स्वरोजगार हुने सम्भावनाबारे बगिरहेको नदीमा हामी कुरा नि गर्थ्यौं । हाम्रा पहाडी खोलाको सौन्दर्य पानीमा मात्र सीमित राखिनु हुन्न अब । योसँग गाँसिएका धेरै पक्षको अधिकतम लाभ लिनुपर्छ हामीले ।

बेगिइरहेको डुङ्गाबाट साथीहरू पटक पटक चिच्याउँथे- 'यो बोट हो भाले । भाले डुङ्गाले अरू जितेको सहन सक्दैन ।' हुन पनि हामीले अरूलाई धेरै खेप जितेका थियौँ । केही छिन रोकिए पनि कुशल र बलिया मित्रहरू डुङ्गा हुइँक्याइहाल्थे भोटेकोसीमा ।

म बसेको डुङ्गामा हुनेहरू काठमाडौँको भिडमा नि मस्तले मोटरसाइकल हुइँक्याउने खालका तन्नेरी थिए । तिनले यो डुङ्गालाई नि त्यै रूपमा हेरेका हुँदा हुन् सायद । अनि पो त डुङ्गा अगाडिको अगाडि नै हुन पुग्यो, भाले डुङ्गा ।

भोटेकोसीको छाललाई मैले नुहाइदिएँ त्यस दिन !

## शब्दार्थ

सत्कार : मानमनितो, आदरभाव

तन : शरीर

जलसंसार : पानीको संसार

नाउ : डुङ्गा

स्थलचर : जमिनमा बस्ने प्राणी

सन्तुलन : दुवै पक्षलाई बरोबर पारी मिलाउने काम

अन्यतम : धेरैमध्ये एक

अप्रतिम : अनुपम

आकाङ्क्षा : इच्छा, अभिलाषा

गोताखोर : डुबुल्की मार्ने

अकाट्य : काट्न नसकिने

स्निग्ध : मुलायम

स्पर्श : कसैलाई छुने काम वा छुँदा हुने ज्ञान

अवयव : अङ्ग

उत्सुकता : जान्ने इच्छा, सकसकी

निरपेक्ष : असम्बन्धित

जीवन्त : जिउँदो, जीवित

ऊर्जा : शक्ति

किञ्चित् : अलिकति पनि

गाम्भीर्य : गम्भीरता, गम्भीर हुनाको भाव

पाटपुर्जा : यन्त्र, उपकरण

अबोला : नबोल्ने स्वभावको

दुर्बल : कमजोर

होम स्टे : घरमै खाने बस्ने सुविधा भएको होटल

स्वरोजगार : आफैँले रोजगारी सिर्जना गर्ने

अधिकतम : ज्यादाभन्दा ज्यादा

## नियात्रा समीक्षा

### ‘भोटेकोसीको भाले डुङ्गा’ नियात्राको समीक्षा

**(क) नियात्रा सार**

‘भोटेकोसीको भाले डुङ्गा’ नियात्रा भोटेकोसीको पानी छुन खोज्दा आकाशबाट पानी परेर पानीमय भएको दिनबाट सुरु भएको छ । पर्यटकहरू भोटेकोसीमा डुङ्गाको यात्रा गर्न उत्सुक हुन्छन् भन्ने प्रसङ्ग जोडिएको छ । नियात्रामा भोटेकोसीको छालसँगै रमाउँदै यात्रा गर्दा सबै कुरा भुलेर आनन्दको महसुस हुन्छ भन्ने सन्दर्भ जोडिएको छ । नयाँघरे पर्यटक समूहमा निम्तालु बनेर भोटेकोसी पुगेका छन् । त्यहाँको दृश्य देखेर आनन्दको अनुभव पनि गरेका छन् । उनीहरू दशओटा डुङ्गामा यात्रा गरिरहेका छन् । सबै डुङ्गा वेगसँग दौडिएका छन् । कति डुङ्गाहरू पुर्लुङपुर्लुङ पल्टिँदै गर्दा कति यात्रुहरू डराएका छन् भने कति सहजै छालमा तैरिएका छन् । यहाँ छालपछि छालैछाल भेटिन्छन् । डुङ्गाहरू छालमा उफ्रिने थचारिने गर्छन् । भोटेकोसीको किनारमा आफ्नै संसार छ । माछा मार्न बसेका मसिना केटाकेटीको मुस्कान, गोठालाको डुङ्गा चिप्ल्याइ र गाउँले नारीको खल्याङमल्याङ नुहाइ आदिले भोटेकोसीलाई जीवन्त बनाएको छ । उनले पानी र नारीको भाव उही ठानेका छन् । नारीहरूको सरलता, तरलता वा कोमलता पानीको मूल्यसँग बराबर हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् । बिस किलोमिटरको यात्रामा पानी पर्ने र थामिने गर्दै पानीले चुटे पनि हृदयमा कुनै चोट नलागेको आनन्दको भाव व्यक्त भएको छ । भोटेकोसीको किनारमा तरकारी खेती, बाख्रापालन, केरा खेती, जडीबुटीबाट मनग्य आम्दानी गर्न सकिने कुरा पनि वर्णन गरिएको छ । टहरे होटल, होम स्टे जस्ता व्यवसायबाट स्वरोजगार प्राप्त हुन्छ भन्ने वियष पनि उठाइएको पाइन्छ । भोटेकोसीको डुङ्गाको यात्रासँगै नियात्राको अन्त्य भएको छ ।

**(ख) उद्देश्य/विचार/भाव**

मानिस पक्कै पनि प्रकृतिमा रमाउँछ । नयाँघरे पनि प्रकृतिमै रमाएका छन् । उनलाई पानीमय दिलले आनन्द मिलेको छ । भोटेकोसीको छालसँग पर्यटकहरू लठ्ठ पर्छन् भन्ने भाव नियात्रामा व्यक्त गरिएको छ । यहाँ डुङ्गाको यात्रा गर्दै पानीसँग खेल्न धेरै पर्यटकहरू आतुर रहेका देखिन्छन् । पानीका छालहरू एकपछि अर्को आइरहन्छन् । छालमा डुङ्गा तलमाथि उफ्रने र थेचारिने गर्छन् । पर्यटकहरू त्यसमा आनन्द लिइरहेका देखिन्छन् । यो प्रसङ्गले भोटेकोसीमा पर्यटकहरूको घुइँचो लाग्छ भन्ने भाव प्रकट गरेको पाइन्छ । उनले भोटेकोसीको यात्राको वर्णनबाट पाठकको मन खिचेका छन् । ऋतु, कल्पना, अनु र कमलाले डुङ्गा हाँकिरहेका देख्दा नियात्राकारलाई महिलालाई अबला र दुर्बल ठान्ने समाजका लागि दरो उदाहरण हो भन्ने लागेको छ । यहाँ पर्यटन, कृषि र पशुपालन आदि क्षेत्रमा स्वरोजगारका सम्भावना रहेकाले यिनै व्यवसाय अँगाल्नु राम्रो हुने सन्देश रहेको छ । नियात्रामा सानातिना

होटल, पसल होम स्टे जस्ता व्यवसायबाट स्वरोजगार गर्न सकिन्छ भन्ने विषय पनि समावेश गरिएको पाइन्छ । हाम्रा पहाडी खोलाको सौन्दर्य पानीमा मात्र सीमित राख्नु हुँदैन भन्दै भोटेकोसीसँग गाँसिएका पर्यटन, कृषि, मनोरञ्जन आदि विविध पक्षबाट फाइदा लिन सकिने भाव नियात्रामा अभिव्यक्त भएको छ ।

**(ग) भाषाशैली**

भोटेकोसीको भाले डुङ्गा' नियात्रामा एक दिनको भोटेकोसीको यात्रामा आधारित छ । नियात्रामा तत्सम, तद्भव र आगन्तुक तीनै किसिमका शब्दहरूको प्रयोग भएको छ । पो, नि, त, जस्ता निपातहरूको प्रयोगले भाषामा मिठास थपेका छन् । ठाउँ ठाउँमा क्रिया दोहोरिएका छन् । पुर्लुङ पुर्लुङ, बेगिएर बेगिएर जस्ता शब्दको पुनरावृत्तिले यात्राको वास्तविक आनन्दको अनुभूति दिलाएका छन् । नियात्रामा कवितात्मक भाषाशैलीको प्रयोग भएको छ । प्रशस्त मात्रामा कथ्य भाषाको पनि प्रयोग भएको छ । कलकल, हुरुक्क, खल्याङ्मल्याङ, सलल, पर्लक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोगले पाठकको मन खिच्न सफल भएको देखिन्छ । यहाँ 'घाम चर्किनु र तन्नेरी जोसिनु' जस्ता पदावलीको प्रयोग भएको छ । छोटा छोटा चौँतिस अनुच्छेदमा रचना गरिएको यो नियात्रामा जीवन्त बिम्ब प्रतीकको प्रयोग भएको छ । यहाँ प्राकृतिक वस्तुले मानिसलाई मग्नमुग्घ बनाइदिन्छन् भन्ने यथार्थ पोखिएको छ । वर्णनात्मक शैलीको प्रयोग भएकाले नियात्रा सरल, सरस र सुबोध छ ।

**(घ) शीर्षक**

'भोटेकोसीको भाले डुङ्गा' नियात्रामा तीनओटा शब्द संयोजनबाट शीर्षक चयन गरिएको छ । सिन्धुपाल्चोकको भोटेकोसी नदी र त्यस वरपरका रमणीय प्रकृतिक स्थलको नियात्रामा वर्णन गरिएको छ । लेखकलेत्यहाँको भूगोल र स्थानीय जीवनशैलीसँग सम्बद्ध भएर कलम चलाएका छन् । नियात्राले भोटेकोसीमा पर्यटकीय सम्भावना र स्वरोजगारका उपायको खोजी गरे पनि जलयात्रामा जितिरहेको डुङ्गाको प्रसङ्गले उल्लेख्य स्थान पाएको छ । नियात्रामाछिटो हिँड्नेडुङ्गालाई भालेको संज्ञा दिइएको छ । नियात्रामा पानीका छालसँग रमाउँदा पर्यटकहरूले नाउले भनेका नियमको बन्धन तोडेका छन् । भोटेकोसी नदी वरिपरिको दृश्यको विषयवस्तुबारे चर्चा गरिएकाले यसको शीर्षक र विषयवस्तुको समन्वय कायम भएको छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) .................... : टन्टलापुर घाम, कडा गर्मी

(ख) .................... : काट्न नसकिने

(ग) .................... : कोमल हुने विशेषता

(घ) .................... : मनलाई प्रसन्न तुल्याउने काम

(ङ) .................... : अभिलाषा

(च) .................... : जीवित

(छ) .................... : आफैँलाई रोजगार सिर्जना गर्ने काम

**२. दिइएका पद र पदावलीबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| अकाट्य | कमजोर |
| स्थलचर | जान्ने इच्छा |
| दुर्बल | जमिनमा बस्ने प्राणी |
| उत्सुकता | उपकार |

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

सत्कार, उखरमाउलो, आकाङ्क्षा, स्पर्श, उत्साह, खल्याङ्मल्याङ, गाम्भीर्य, मनोरञ्जन, कुशल, स्वरोजगार

**४. शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

यउटा नाघेर अलिपर पुगिसकेर सुस्ताउन नपाई फेरी अरको उत्तुङ छाल देखापर्छ पटकपटक हुन्छ पानि र लहरको मायालु प्रहार । सेतो र नीलो रङ घोलिएर अर्कै रूप बन्न पुग्छ बगीरहेको नदी

**५. 'भोटेकोसीको भाले डुङ्गा' नियात्राका अनुच्छेद हाउभाउसहित पढ्नुहोस् ।**

**६. नियात्राकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) युवराज नयाँघरेको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) युवराज नयाँघरेका कुनै तीनओटा नियात्रा सङ्ग्रहको नाम लेख्नुहोस् ।

(ग) युवराज नयाँघरेका नियात्रामा केको स्वाद पाइन्छ ?

(घ) युवराज नयाँघरेका नियात्रामा कुन शैली प्रयोग भएको पाइन्छ ?

(ङ) युवराज नयाँघरे कस्तो भावना फैलाउने नियात्राकार हुन् ?

**७. दिइएको अनुच्छेद पढी प्रश्नको उत्तर लेख्नुहोस् :**

उखर्माउलो गर्मी ओर्लिरहेकै थियो । भोटेकोसीमा देश दर्शनका लागि जोसिला युवाको लर्को लाग्यो । एउटा निम्तालु मै पनि थिएँ । हुलमा हेलिएर सुकुटे उत्रिएँ । सिन्धुपाल्चोकको जलसंसारलाई पढ्ने गतिलै 'चानस' मिल्यो मलाई । बगरमा उभ्याएर लाइफ ज्याकेट लाएर उभिएको छु । अरू धेरै छन्- पानी छेउमा तुल्बुलिएको हुल । हतारिएका अनुहारमा पानीमै झ्वाम्म पस्ने रहरले वेग मारेको देख्छु म ।

दशओटा डुङ्गा भोटेकोसी किनारमा तैरिएका छन् । रङ्गीबिरङ्गी ती नाउँमा हेलिनु छ, अब हामीले ।

खोलामा मनै अत्याउने चिसो छ । भोटबाटै बगेर आएको यो कोसी । त्यसकै चिसोले नदीमा उत्ताउला छालहरू उर्लिरहेकै छन् । कति सेता, कति सङ्ला, कति सुकिला ।

'पानीलाई जित्न नखोज्नु होला !'

खोलामा हेलिनुअघि यी सबै दशैओटा डुङ्गालाई चलाउने 'हँकुवा'को कडा बोली आउँछ । तिनले यसरी बोले- छेउमै कलकलाइरहेको भोटेकोसीको गर्जना नि सुस्त सुनियो यो बेला ।

**प्रश्नहरू :**

(क) कहाँ कहाँ जोसिला युवाको लर्को लाग्यो ?

(ख) लेखक के लगाएर बगरमा उभिएका छन् ?

(ग) कतिओटा डुङ्गा भोटेकोसीमा तैरिएका छन् ?

(घ) भोटेकोसी नदी किन चिसो छ ?

(ङ) 'पानीलाई जित्न नखोज्नुहोला' भन्नुको तात्पर्य के हो ?

**८. एक एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) नायकले के कुराको उर्दी गरे ?

(ख) कसको नातामा यात्रुहरू आकुल भएका थिए?

(ग) नदी किनारामा कसको उत्सुकता देखिन्छ ?

(घ) लेखकले किन पानी र नारीलाई समान देखेका छन् ?

(ङ) भोटेकोसीको किनारामा कसरी स्वरोजगार हुने सम्भावना देखिन्छ ?

**९. खाली ठाउँमा मिल्दो शब्द लेख्नुहोस् :**

(क) भोटेकोसीलाई ................ले भेटेका थिए ।

(ख) खोलामा मनै .................चिसो छ ।

(ग) नदी किनाराको आफ्नो ............छ ।

(घ) जीवन त यस्तै .................. गतिमा बगिरहने परिणाम हो नि ।

(ङ) खोलाका ................. बाट हामीले गाउँहरू देख्यौँ ।

**१०. दिइएका बुँदाका आधारमा 'भोटेकोसीको भाले डुङ्गा' नियात्राको भाषाशैली लेख्नुहोस् :**

(क) कवितात्मक वाक्य रचना

(ख) छोटा छोटा अनुच्छेद

(ग) अनुकरणात्मक शब्दको प्रयोग

(घ) संवाद प्रयोग

(ङ) यात्राको रसिलो र कसिलो चित्रण

**११. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) भोटेकोसी जलयात्रामा कस्ता यात्रुहरूको सहभागिता थियो ?

(ख) डुङ्गा कसरी बगिरहेको छ ?

(ग) लेखकले किन पानी र नारीबिच तुलना गरेका हुन् ?

(घ) डुङ्गा नायक कस्ता शब्द चड्केर बोल्थे ?

(ङ) भोटेकोसीको किनारामा के के काम गर्न सकिन्छ ?

**१२. भाव विस्तार गर्नुहोस् :**

(क) जीवन त यस्तै वरिपरिका गतिमा बगिरहने परिणाम हो नि ।

(ख) अचेल गाउँमा काम गरी खाने धेरै आधार बेनका छन् ।

**१३. 'भोटेकोसी भाले डुङ्गा' नियात्राका मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् ।**

**१४. 'भोटेकोसी भाले डुङ्गा' नियात्राले नेपालको आन्तरिक पर्यटनको सम्भावनालाई प्रस्तुत गरेको विषयलाई पुष्टि गर्नुहोस् ।**

**१५. नेपालका गाउँगाउँमा कस्ता कामलाई प्राथमिकता दिएमा स्वरोजगारबन्न सकिन्छ होला ? आफ्ना तर्कहरू लेख्नुहोस् ।**

**१६. 'भोटेकोसी भाले डुङ्गा' नियात्राको सार लेख्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. दिइएका शीर्षकमा नियात्रा लख्नुहोस् :**

**(क) शैक्षिक भ्रमण**

**(ख) राजधानीको सेरोफेरो**

## थप पाठ्यसामग्री

### सङ्क्षिप्त उत्तर लेख्दा ध्यान दिनुपर्ने कुराहरू

(क) प्रश्नलाई राम्ररी पढेर आशय बुझ्नुपर्छ ।

(ख) लेखकको सामान्य परिचय र मूल प्रवृत्ति लेख्नुपर्छ ।

(ग) प्रश्नमा केन्द्रित भएर पाठका मुख्य मुख्य विषय टिपोट गर्नुपर्छ ।

(घ) पाठबाट टिपोट गरिएका बुँदालाई समेटेर अनुच्छेद तयार पार्नुपर्छ ।

(ङ) प्रश्नमा आधारित भएर निष्कर्ष वाक्य लेख्नुपर्छ ।

(च) सामान्यतया सङ्क्षिप्त उत्तर लेख्दा परिचय खण्ड, मूल उत्तर खण्ड र निष्कर्ष खण्ड गरी तीन अनुच्छेदमा लेख्ने गरिन्छ ।

### सङ्क्षिप्त उत्तर लेखन नमुना

**क. 'भोटेकोसीको भाले डुङ्गा' नियात्रामा स्वरोजगारको कस्तो सम्भावना उल्लेख गरेको छ ?**

'भोटेकोसीको भाले डुङ्गा' नियात्राका रचनाकार युवराज नयाँघरे (२०२६) हुन् । उनी दुई दशकदेखि निबन्ध र नियात्रा लेखनमा सक्रिय छन् । संवेदनाका स्वरहरू, मुर्हूतको वरिपरि, एक हातको ताली,

घामको चुम्बन आदि नयाँघरेका नियात्रासङ्ग्रह हुन् । उनले प्रतिभा पुरस्कार, कलाश्री पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, मदन पुरस्कार आदि प्राप्त गरेका छन् । नेपाली प्रकृति, कला र संस्कृति चित्रणमा झुकाव राख्ने नयाँघरे वर्णनात्मक शैलीमा नियात्रा लेख्ने गर्छन् ।

प्रस्तुत 'भोटेकोसीको भाले डुङ्गा' नियात्रामा भोटेकोसीको जलविहारलाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । सिन्धुपाल्चोक जिल्लाको प्राकृतिक सुन्दरताको वर्णनले नियात्रामा उल्लेख्य स्थान पाएको छ । बाख्रापालन, केरा खेती, तरकारी खेती आदिबाट आर्थिक उन्नति गर्न सकिने सम्भावनाको समेत चर्चा गरिएको छ । अचेल गाउँमा काम गरी खान सकिने अनेकौँ आधारका बारेमा वर्णन गरिएको छ । टहरे होटल र होम स्टेबाट पनि राम्रो आम्दानी गर्न सकिन्छ । यति मात्र होइन हाम्रा पहाडी खोलाको सौन्दर्यलाई पानीमा मात्र सीमित नराखी अधिकतम लाभ लिन सकिने विषयलाई नियात्राकारले समेटेका छन् । नियात्रामा भावनात्मक वर्णन, काल्पनिक चिन्तन होइन आन्तरिक पर्यटनको सम्भावना र यात्राको यथार्थ वर्णन गरिएको छ । यसका साथै आर्थिक उन्नतिका लागि स्वरोजगार बन्न प्रोत्साहन गरिएको छ ।

अतः 'भोटेकोसीको भाले डुङ्गा' नियात्रामा आन्तरिक पर्यटन, टहरे होटल, होम स्टे, कृषि व्यवसाय तथा पशुपालन व्यवसायको राम्रो सम्भावना भएको चर्चा गरिएको छ । भोटेकोसीको आसपासमा स्वरोजगारका अनेकौँ सम्भावना रहेको तर्क प्रस्तुत गरिएको छ ।

पाठ ४

# निबन्धकार भैरव अर्याल र उनको 'अमरावती कान्तिपुरी नगरी' निबन्ध

**सक्षमता**

(क) निबन्धको संरचना पहिचान गरी बताउन

(ख) निबन्ध पढी शब्दभण्डार वृद्धि गर्न

(ग) विधागत तत्त्वका आधारमा निर्धारित समीक्षा गर्न

(घ) निर्दिष्ट अनुच्छेद शुद्ध पारी पुनर्लेखन गर्न

(ङ) बुँदा टिपोट गरी सारांश लेख्न


(च) सङ्क्षिप्त र समीक्षात्मक उत्तर लेख्न

(छ) विश्लेषणात्मक उत्तर लेख्न

(ज) निबन्धका विशिष्ट अंशको व्याख्या गर्न

(झ) अनुकरण र मौलिक निबन्ध रचना गर्न

## निबन्धकारको परिचय र निबन्धात्मक प्रवृत्ति



भैरव अर्याल (वि.सं. १९९३ - २०३३) ललितपुरको कुपन्डोलमा जन्मिएका थिए । उनले नेपाली विषयमा एम.ए र पत्रकारितामा डिप्लोमासम्म अध्ययन गरेका थिए । शिक्षण पेसाबाट जागिरे जीवन सुरु गरेका उनले 'हालखबर', 'सगरमाथा', 'संवाद' तथा 'मधुपर्क'को सम्पादन गर्दै 'गोरखापत्र'को उपसम्पादक भएका थिए ।

भैरव अर्याल नेपाली साहित्यमा हास्यव्यङ्ग्य सम्राटका रूपमा चिनिन्छन् । अर्यालका प्रकाशित निबन्धात्मक कृतिहरूमा 'काउकुती' (२०१८) पहिलो हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह हो । उनका निबन्ध सङ्ग्रहहरू 'जयभुँडी' (२०२२), 'गलबन्दी' (२०२६), 'इतिश्री' (२०२८) र 'दशअवतार' (२०३३) हुन् । उनी कविता उत्सव प्रथम पुरस्कार, शुभाराज्यभिषेक आदि पुरस्कारद्वारा सम्मानित भएका थिए ।

अर्यालका निबन्धमा मानवीय नकारात्मक प्रवृत्तिहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनी शोषण, भ्रष्टता, विकृतिविरुद्ध कलम चलाउने स्रष्टा हुन् । उनका निबन्ध पढ्दा ज्यादै हाँसो उठ्ने र बुझ्दा मन कटक्क खाने खालका छन् । उनका निबन्धमा समाज सुधारको चाहना पाइन्छ । उखान टुक्का र थेगोको प्रयोगले निबन्धहरू रोचक बनेका हुन्छन् । हास्यात्मक अभिव्यक्तिमा रुचि प्रगतिशील

समाज निर्माणको आग्रह, विषयगत विविधतामा रुचि, देशभक्तिको भावना, चामत्कारिक शैली उनका निबन्धका मूलभूत विशेषता हुन् ।

निबन्धकार भैरव अर्यालका निबन्धात्मक प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) सामाजिक विषयवस्तुमा आधारित हास्यव्यङ्ग्य लेखन

(ख) कथात्मक अभिव्यक्ति

(ग) विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै सुधारको आग्रह

(घ) कवितात्मक भाषाशैलीको प्रयोग

(ङ) उखान, टुक्का, निपात, अनुकरणात्मक शब्द आदिको प्रयोग

'उहाँ छउन्जेल कहिले डिठ्ठाबिचारीसित बिन्ती बिसाउँदैमा बित्यो, कहिले उडुस उपियाँको नाचगान हेरेर झ्यालखाना रुङ्दैमा बित्यो । कविता लेख्ने कत्रो धोको हुँदाहुँदै पनि मन फुकाएर मनग्ये ठेली लेख्नै पाइएन ।'

स्वर्ग पुगेकै दिन आदिकवि भानुभक्तले नन्दनवनस्थित उर्वशी पार्कमा टुसुक्क बसेर अपशोचको एक सुस्केरा हाले । उर्वशी पार्कको रमिता बयान गरिनसक्नु थियो । त्यसमाथि बिर्के टोपी र छड्के पछ्यौराले कसिएका निकै पुड्का भानुभक्तलाई त्यहाँ देखेर झुम्मिन आउने रम्भा र तिलोत्तमा आदि चपला अबलाहरूको चनमते आँखा र छनमते कम्मर कसले हेरिदेओस् ! त्यसैले अपशोचको सुस्केरा हाल्ने बित्तिकै आदिकविले अर्को खुसीको सुसेली पनि छाडिहाले-

कतिका बनिता कतिको रमिता

अब लेख्तछु याहिँ बसी कविता

स्वर्गङ्गाको सिरसिर बतासिसित भानुभक्तको स्वर सितार पनि जब बहन थालेको थियो त्यहाँ उपस्थित सारा यक्ष अप्सराहरू सपेराको बाँसुरीमा झुमेका नागनागिनीझैँ अथवा भनूँ, कृष्णजीको मुरलीमा लठ्ठिएका गोपगोपिनी झैँ हेरेको हेर्‍यै भइहाले । आशुकवि भानुभक्तलाई न मुड चाहियो न कलम नै, त्यस दिनदेखि कविता रच्न थालेका रच्ता रच्तै कति शरद् बिते, कति वसन्त बिते, उनलाई पत्तै भएन । धेरै वर्षपछि एक्कासि उनको मुखबाट निस्क्यो-

'अमरावति कान्तिपुरी नगरी'

अनि पो भानुभक्तजी आफ्नो काव्य निद्राबाट झल्याँस्स ब्युँझे ।टक्क अडिएर पल्याकपुलुक हेर्न थाले । केही सम्झे जस्तो, केही खोजे जस्तो उनको मुद्रा देख्ता सबै निकै बेर चकित । तर कविजीले आफैँ उठेर पछिल्तिर फर्की समूहलाई सोधे- 'होइन, यहाँ कान्तिपुरबाट आउने कोही छ ?'



कहिल्यै नसकिने अलका मार्क चुरोटको धुवाँ बुङ्बुङी उडाउँदै पल्लोछेउमा पलेटी मारिरहेको मखिबुट्टे टोपीवाल भलादमीले जुरुक्क उठेर भने- 'म पनि कान्तिपुरबाटै आएको तपाईंको चेलो हुँ, गुरुजी ! मेरो नाम लक्ष्मीप्रसाद देवकोटा हो ।' भानुभक्तले दङ्ग परेर अँगालो मारेर सोधिहाले- 'त्यो मेरो प्यारो पुरी अचेल कस्तो छ हँ ?' चुरोटको लामो सर्को तान्दै देवकोटाजीले भने- 'तपाईंको पालाको भन्दा त कताकता सुन्दर छ । मैले आफ्नो मुनामदनमा पनि मन फुकाएर प्रशंसा गरेको छु, साँच्चै रमणीय छ, त्यो गुरुजीको अलकापुरी म आउँदै त त्यस्तो थियो भने मैले छाडेको पनि भइसक्यो पाँच छ वर्ष ।'

देवकोटाको कुरा सुन्दा भानुभक्तलाई तुरुन्त ओर्लिएर एक पटक कान्तिपुरको सैर नगरी भएन भन्ने लाग्यो । तर जाने कसरी ? उनी बिलखबन्दीमा परी गुनगुनाउन थाले-

'कतिका दिन याहीँ बिते सुखले

यतिका कविता रचिए मुखले

अब झल्झल भो म भुलूँ कसरी

अमरावती कान्तिपुरी नगरी'

रामायणकार भानुभक्त भानुका भक्त मात्र थिएनन्, रामभक्त पनि हुने भइहाले । रामभक्तको प्रताप कति अलौकिक हुन्छ भन्ने कुरा हनुमानको चरित्रबाट प्रस्ट छँदै छ । जुन भक्तिको प्रतापले हनुमानले पुच्छरमा आगो लिएर त्यत्रो लङ्का जलाइदिए, त्यत्रो द्रोणाचल पर्वत हत्केलामा राखेर ल्याइदिए । त्यसै भक्तका प्रतापले हाम्रा भानुभक्त पनि कसरी कसरी एक दिन टुप्लुक्क बालाज्युमा उत्रन आइपुगेछन् । सय वर्षभन्दा अघि मरेको मान्छे यहाँ आउला भन्ने कसलाई विश्वास लाग्ला र ! कुरा यत्ति हो- एक दिन आफ्नो प्यारो अलकापुरी हेर्न हाम्रा आदिकविजी आइपुगेछन् काठमाडौँमा ।

त बालाजुको बाइस धारा उद्यान देख्नेबित्तिकै उनी एकछिन त जिल्लाराम परे, झन्डै यो त अमरावतीको अप्सरा उद्यान जस्तै पो छ ए ! भानुभक्तलाई खपिनसक्नु खुसी लाग्यो र तुरुन्तै टोपी झिकेर एउटा बेन्चमा पल्टिए, पल्टिनु के थियो कविताको मूल फुटिहाल्यो-

'यति दिनपछि फेरि बल्ल बालाज्यू देख्याँ

पृथिवितलभरीमा स्वर्ग हो जानि लेख्याँ ।'

तर नजिकै औद्योगिक क्षेत्र थियो, त्यहाँका नयाँ नयाँ भवनबाट निस्केका घार्र र घुर्र आवाज एवम् धुवाँको मुस्लोले गर्दा उनको कविता पूरा हुन पाएन । उनलाई के लाग्यो भने अप्सरा आएर यहाँ यस्तो रमणीय उद्यान बनाइसकेछन्, विश्वकर्मा आएर त्यहाँ औद्योगिक क्षेत्र खोलिसकेछन्, लम्फू त मै मात्र रहेछु, अहिलेसम्म आफूलाई अत्तोपत्तो थिएन । तर वीणा, हतौडा एउटै खटियामा सजाएजस्तो उद्यान र उद्यम स्थान एउटा ठाउँमा गाँसेको चाहिँ उनलाई अलि चित्त बुझेन । तैपनि कान्तिपुर अब केवल प्राकृतिक क्रान्तिले मात्र होइन औद्योगिक क्रान्तिले पनि अर्कै ढङ्गबाट बदलिन लागेजस्तो भानुभक्तले अनुभव गरे । त्यसैले उनको कविता पनि यसरी फुट्यो-

'कहीँ घर्घर ज्यावल-मेसिनको<br>
कहीँ चिर्बिर गान् रसिला चरिको<br>
हरियो गहुँ झुल्दछ फाँटभरी<br>
अलकापुरी कान्तिपुरी नगरी'

यत्तिकैमा केही युवायुवतीहरू जोडी जोडी मिली उद्यानभित्र पसेकाले कविता रच्तारच्तै भानुभक्तजीका आँखाचाहिँ ट्याक्क युवतीको टाइट हिपतिर लाग्न पुगेछन् । 'आमै, यी केटीहरू नागकन्या त होइनन् । लगाइ र हिँडाइ त ठ्याम्मै उस्तै छ वा, हेरूँ राम्ररी ।' भानुभक्तको सम्पूर्ण ध्यान उनीहरूकै बक्र अङ्गीमा र भावभङ्गीमातिर पुगेर अड्यो । युवकहरू पनि माथि माथि फुकिफुकाउ तल तल कसिकसाउ देख्दा भानुभक्तजी झन् दङ्ग परे । हुन त त्यहाँ अरू पनि बालक, बुढा, गृहिणी सब थिए तर ठिटाठिटीको नृत्यलीलामा ती त केवल आफैँ जस्ता दर्शक मात्र । आखिर उनलाई के लाग्यो भने काठमाडौँको ठाउँ मात्रै साँगुरिँदै गएको होइन, मान्छेको लवाइ पनि साँगुरिँदा साँगुरिँदै काँचुली नै बनिसकेछ ? रसिक भानुभक्तलाई यो परिवर्तन झन् रोचक लाग्यो र कविता पनि फुरिहाल्यो-

'कटि कूच कसी हिँडन्या युवती<br>
चलन्या पथमा नलजाइ रती<br>
सँगमा छ युवादल ओरिपरी<br>
अमरावती कान्तिपुरी नगरी'

साँझ परिसकेकाले त्यहाँ धेरै बेर बस्ता आफ्नो कवितामा अश्लील दोष पर्ला भन्ने ठानी उनी जुरुक्क उठेर उद्यानबाहिर निस्के । साझा यातायातको हरियो बस पनि ठ्याक्क त्यहीँ रोकिइरहेको रहेछ । सबै पसेको देखी उनी पनि पसे त्यसैमा । पस्न त पसे तर बस्न भने घुइँचोले दिएन । ‘कान्तिपुरीमा मान्छे निकै बढेछन्, ए ! यतिका मान्छे खान्छन् पो के ?’ उनको दिमागमा अर्को प्रश्न रिन आयो तर त्यत्रो हुलमुलमा प्रश्न के रिँग्न पाउँथ्यो, उनी आफैँलाई रन्न रिँगारिएर हुत्याउँदै एउटी युवतीको छेउमा पुऱ्याइदियो । युवतीको काखमा एउटा रहरलाग्दो कुकुर पनि थियो ।

नारीसित नारिएर बस्न भानुभक्तको नैतिकताले मानेको त होइन तर घुइँचामा एउटा सानो छेउ पाएकाले आपत् धर्म सम्झी उनी टुसुक्क बसिहाले । तर बस्ने बित्तिकै उनलाई घच्चा ख्वाउँदै युवतीले सातो खाइन्- ‘महिला देख्तादेख्तै टाँस्सिन आउने नकच्चरो लुठो कहाँको ?’ भानुभक्त जिल्ल परे । भर्खरै मात्र पार्कमा छिल्लिएर हिँडेको आफ्नै आँखाले देख्ने भानुभक्तले अहिले नजिक बस्दा मर्दले छुनै नहुनेजस्तो गरी छाँट पारेको सहन सकेनन् र काखको कुकुरलाई औँल्याउँदै उनले सोधिहाले- ‘होइन, मैयाँको कुकुर पनि महिला नै हो कि ?’

‘तँलाई के वास्ता !’ भनी युवतीज्यू फेरि सातो खाँदै थिइन्, त्यसैबेला बसले चाहिँ जोल्टिङ खाइदियो । बसभरिका मान्छे माझीको पुरुङ्गामा माछा झैँ उसको डँडाल्नामा चढ्न पुगे त ऊ उसको भुँडीमा भकुन्डिन पुग्यो । विचरा भानुभक्तको चाहिँ बिर्के टोपी नै कता पुग्यो कता ! ‘धन्य परमात्मा ! बाटाभन्दा ठुलो बस, बसभन्दा ठुलो थुप्रो बसभित्र बस्नेहरूको । त्यही पनि बस भन्नु मात्रै, बस्न पाइने होइन । बरु उठी उठी यात्रा गर्नुपर्ने यस्तो वाहनको नाम ‘उठ’ नै राखेको भए ठिक हुन्थ्यो कि’ भानुभक्तले एउटा बुढोपाको यात्रुसित प्रस्ताव राखे ।

उनले भने- ‘यस्तै सिन्की कोचाइ र रन्को कुदाइले त कति नेपाली बाइरोडको बाटो स्वर्ग गइसके थाहा पाउनुभएन ? तर स्वर्ग गएका भए त भानुभक्तले बाटामा भेट्नुपर्ने । सायद ट्रकसित गुजुल्टिएकाले वैकुण्ठकै ट्रङ्क कल आयो कि उनीहरूलाई ? तर जेसुकै आओस् आदिकविज्यूलाई चाहिँ कविता आइहाल्यो-

‘पथ सात-फुटे बस नौ गजको
सिट बिस भए भिड सौतकको
छ त अन्त कतै सुविधा यसरी
अमरावती कान्तिपुरी नगरी’

कविताको तेस्रो चरण मिल्दा नमिल्दै बस आफ्नो स्टपमा आएर बसिहाल्यो । ओर्लिएर यसो हेर्छन् त भानुभक्त छक्कै । टुँडिखेलवरिपरि बार, बिच बिचमा लामपुछ्रे बत्ती, सडकभरि बस मोटर सिलिङमिलिङ, रङ्गीचङ्गी मान्छे त कति हुन् कति ! अमरावती पुगेको दिन जसरी अलमलिएका थिए । अहिले पनि झन्डै झन्डै उस्तै भो भानुभक्तलाई । एकछिन यताउति निहाले- फराकिलो सडक, बसको ताँती, टुँडिखेलको झिलमिलाउँदो रूप देखेर मक्ख पर्दै कविता रच्ने सुरमा थिए । तर

बिचैमा चार/पाँचओटा भुराभुरीहरू पिल्पिलाउँदो मुख लगाउँदै भटमास किन्ने पैसा माग्न थालेकाले उनको मुड नै अफ भयो । यहीँ यतिका सेठसेठानी छन्, यहीँ भटमास खाने पैसा माग्छन्- साँच्ची कान्तिपुर धनी भएको हो कि गरिब हुँदै गएको हो, उनलाई छुट्याउन मुस्किल पर्‍यो । तैपनि कान्तिपुरे मुखमा कति कान्ति बढेछ भनी एक एक गरी चियाउन थाले । त्यहाँ सबैका मुख सिँगारिएका थिए तर कसैका गोरिँदा गोरिँदा हात टल्कने सेता, कसैका नर्मिदा नर्मिदा बासी जाईको फूल जस्ता नरम ! आखिर उनले के ठम्याए भने कान्तिपुरको कान्ति त निकै बढेछ तर कान्तिपुरको शान्ति भने मामाघर जान थालेछ है ! यो गम्दा उनलाई यत्ति खल्लो लागेर आयो, एक सुचीले समेत च्यापेर ल्यायो । त्यत्रो रङरमिताको भिडमा गर्ने कहाँ ! यताउति हेरे कतै पत्तो लागेन ।

यतिका मान्छेको भिडमा सुची गर्नुपर्ने मान्छे मै मात्र रहेछु कि क्या हो नत्र यस्तो जमघट हुने ठाउँमा एउटा शौचालय किन बन्दैनथ्यो ! भानुभक्त अकमक्क परे । तर सहिनसक्नु भएकाले उनी सरासर लागे उत्तरतिर । सडकैछेउमा लस्करै बसेका भुराभुरीलाई देख्ता त्यहाँ कसले के छेक्ने रहेछ र भन्ने उनलाई लाग्यो । तर, सुची गरिसकेपछि पो उनी झल्याँस्स भए, त्यहीँनेर महात्मा बुद्धको एउटा चैत्य रहेछ । नैष्ठिक भानुभक्तलाई आफू निष्ठाच्यूत हुनुपरेकामा खेद लाग्यो तर लागेर के गर्ने ?

आखिर उनी पसे नयाँ सडकतिर । नयाँ सडक मात्र नयाँ थिएन तडकभडक पनि नयाँ थियो । कान्तिपुरको कान्तिविहीन मुहार पनि नयाँ सडकमा त फुर्तिलो, उनलाई अलि सन्तोषै लाग्यो । तर, त्यहाँ कान्तिपुरे मात्रै थिएनन् । रङरङका चेहरा र कद थिए त्यहाँ, राता, सेता, काला, नेप्टा, चेप्टा, फ्रकवाल, दोचावाल, पोटवाल, भोटवाल, शान्तिदूत, धर्मदूत, सन्देशदूत को को हुन् को को ? भानुभक्तको प्रतिभा उम्लेर आयो-

'पिसकोर यहीँ घुसखोर यहीँ
नव-जोर यहीँ दिलचोर यहीँ
जति छन् सब छन् धनवानसरी
अलकापुरी कान्तिपुरी नगरी'

सबै थरीका बिच भानुभक्त पनि एक बेग्लै थरी व्यक्तित्व थिए- नयाँ सडकमा । सबै दूतका बिच उनी आफू काव्यदूत थिए स्वर्गका । यसैले अरूको वास्ता गरिरहनुभन्दा दुई/चार जना कविलाई नै भेटेर बात मार्न आदिकविलाई मन लाग्यो ।

तर भेट्ने कहाँ गएर, कसलाई ? उनी अन्योलमा परे । तैपनि नजिकैको एक युवकलाई कोट्याउँदै उनले सोधे- 'यहाँ को को लेखक कवि कहाँ कहाँ छन् हँ ?' युवकले नाक नेप्ट्याएर जबाफ दियो- 'पुराना कवि लेखक अलिकति एकेडेमीतिर साहित्यमा रिसरागबारे रिसर्च गर्दै छन् भन्ने सुनेथेँ । नयाँ लेखकहरू प्रायः यतै वरपर छरिएका होलान् । तपाइँ कसलाई खोज्नुहुन्छ, एउटा बिलकुलै बफाउँदो नयाँ कवि त म पनि हुँ । भानुभक्तले नमस्ते गर्दै खुसी प्रकट गरे- 'ओहो ! त्यसो भए त डुङ्गो

खोज्दा देउता मिलिहाल्यो नि ! यहाँले कति वर्ष काव्यसाधना गर्नुभएको छ कुन्नि ?' युवकले चारमिनारको बट्टा उचाल्दै जबाफ दियो- 'मैले भारतमा बनेको सस्तोखाले चुरोट जो त्यहाँका लेखक कलाकारहरूमा बढी लोकप्रिय छ ।

लेख्न त यसपालिदेखि थालेको हुँ तर गोडा सातेक लामा लामा कविता लेखिसकेँ । एउटा ताजा कविता सुन्नुहुन्छ भने सुनाइ पनि हालूँ ?' आदिकवि भानुभक्त कविको कविता सुन्न तरखराउँदै थिए अर्को ठिटो आएर भन्न थाल्यो, 'तँ पनि कविता लेख्ने ? कवितै सुन्नुहुन्छ भने मेरो सुन्नुहोस् बाजे, बिलकुलै आधुनिक- 'यही पिपलको बोटको कविता ।' 'ओहो ! यहाँहरू सबै कवि हुनुहुँदोरहेछ । होइन यहाँ अरू कवि पनि छन् ?' अरू को छन् र ?' – भनी नयाँ कवि बताउँदै थिए, पत्रिका बेच्ने हकरले उहीँनिर आएर भन्यो– 'एउटा कवि त म पनि छु हजुर !' उसले भन्दाभन्दै पसलेले कुरा थप्यो- 'यहाँ मिनिस्टरदेखि कम्पोजिटरसम्म सबै कवि ।' जे होस्, आदिकविलाई कविहरू बढेको सुन्दा खुसी नै लाग्यो । यस्तै खुसी खुसीमा एक  जना सज्जनले कविजीलाई नजिकैको रेस्टुराँतिर डोऱ्याए । उनी रेस्टुराँभित्र पस्न लागेका मात्र के थिए । उनको बिर्के टोपीमा एउटा बडो मरेको मुसो फ्वात्त पर्न आयो । उनी जिल्ल परेर मास्तिर हेर्दै थिए । अर्को झ्यालबाट एक थुप्रो फोहोरफाहोरको टाला पुष्पवर्षा भए झैँ सडकमा बर्सिए । यो वर्षाले आफ्नो स्वागत गरेको हो कि विरोध गरेको हो उनलाई ठम्याउन धौ धौ पऱ्यो ।

रेस्टुराँभित्र एकछेउमा दुई/चार  जना भात खाँदै थिए, अर्को छेउमा दुई/चार  जना जेरी जिप्ट्याउँदै थिए । अलि पर एउटा अँध्यारो कुनामा दुई/चार  जना रम र मम भन्दै थिए । त्यसैले यो भट्टी हो कि चियापसल हो कि भोजनशाला हो कविले केही बुझ्दै बुझेनन् । उनको उत्सुकता शान्त गर्दै नजिकैको सज्जनले भने- 'यस पसलको पहिलो विशेषता के भने साकाहारी,मांसाहारी, दुग्धाहारी र मद्याहारी जो जस्तो छ यहाँ त्यस्तै खानेकुरा पाइन्छ ।' दोस्रो विशेषता यहाँ जति पुरानो पुरानो खानेकुरा खोजे पनि तुरुन्त पाइन्छ ।' भानुभक्तले ठाने- 'म पनि पुरानै मान्छे भएकोले यहाँ ल्याएको होला ।' यस्तैमा सिँगानको लत्को दौरातिर पुछ्तै एउटा मरन्च्याँसे केटाले खानेकुराको रिकापी टक्ऱ्यायो । भानुभक्त भने कविताको धुनमा मस्त थिए-

'मृत मुषिकको बुटि झर्छ जहाँ
हिँड्दा डुलदा टुपी जल्छ जहाँ
कुतीको कलरव अझ वरिपरि
अमरावती कान्तिपुरी नगरी
    थलियाभरि पस्की झिँगालु रस
    खटियाउपरै कुतीसाथ बस
    खुब खाउ चपाऊ पिऊ सुमरी
    अलकापुरी कान्तिपुरी नगरी ।'

होटलबाट निस्केपछि भानुभक्तलाई ठुलो समस्या पऱ्यो- बासको । रात परिहाल्यो, नयाँ कान्तिपुरीमा आफूले चिनेको कोही छैन । पहिले त उनीसँगैका सज्जनले आदरसाथ पसलमा लगेर चिया खुवाएकाले उनैले घर लैजालान् भनी ढुक्कमा थिए, तर चिया खाइसकेपछि पो सज्जनको उद्देश्य उनले बुझे । सज्जन रहेछन्- लाइफ इन्स्योरेन्स कम्पनीका एजेन्ट । उनलाई इन्स्योरेन्स गर्नोस् भनेर निकै बुझाउँथे । तर भर्खर स्वर्गबाट ओर्लेका भानुभक्तलाई कहाँको लाइफ इन्स्योरेन्स ! आखिर बल्लबल्ल सज्जनको पन्जाबाट फुत्केर भानुभक्तजी वास माग्ने तरखरमा हिँडे । घरैघरले बाटो नपाइने आजको कान्तिपुरमा बासकै समस्या छ भन्ने उनलाई के थाहा थियो र एक दुई गर्दै नयाँ सडकको ढोकादेखि वसन्तपुरसम्म गोडा पन्ध्रेक घरमा उनले बास मागे– एक रातका लागि । तर कसैले छैन मात्र भनेर फर्काए त कसैले 'यत्तिका होटल हुँदा हुँदै बास माग्न घर घर चहार्ने यो लबस्तरो बुढोलाई लगाइदेओन कुक्कुर' भनी झपारे । कसैले उनलाई चोरको शङ्का गरे त कुनै लाल बुझक्कडले 'यो सिआइडी हो सिआइडी' पनि भने । बाह्र बजुन्जेल खोज्दा पनि बास पाउन नसकेर भानुभक्तजी रङ्मडिँदै थिए । बेसमयमा हिँडेको दोषमा उनलाई पुलिसले पक्रिदियो । 'स्वर्गबाट कान्तिपुर हेरूँ भनेर आएको बास नपाएको कुरा बताएपछि पुलिसले निगाहा गरेर भन्यो– 'यो हावा खुस्केको पहाडिया रहेछ भैगो छाडिदिऊँ । अनि पेटीतिर गएर बस' भनी पुलिस हिँड्यो । भानुभक्तजी पेटी पेटी रानीपोखरीको डिलमा पुगेर रोकिए । रानीपोखरीको पालेले कड्केर सोध्यो 'क्या हो हाम्फाल्ने सुर छ कि कसो ?' उनले नम्रतासाथ 'होइन' भने र यो पनि बताए कि 'बाँकी रात काट्ने कुनै ओतसोत पाइन्छ कि ?' बुढो पालेले भानुभक्तलाई पनि बुढो देखेर हो कि किन हो 'ऊ त्यो सालिकमा बस्नोस्न बाजे !' भनी भानुभक्तकै सालिक देखिइदियो । उनी गएर यसो हेर्छन् त आफ्नै प्रतिमूर्ति । एकछिन दङ्गदास भएर उनले आफ्नो सालिक टुलुटुलु हेरिरहे । माला लगाइदिएको सिन्दूर दलिदिएको भव्य मूर्ति उनी एक मन दङ्ग परे । तर आफ्नो बिहानदेखिको रित्तो पेट छाम्दा र यत्रो कान्तिपुरीमा बास नपाउँदा भने उनलाई ग्लानि पनि लाग्यो । सालिकनिर टुसुक्क बसेर पछ्यौरा झिकेर ओढ्दै उनले गमे–

> 'शव सालिक पूजित हुन्छ जहाँ
> सिङ्गुलै उभिँदा तर मिल्छ घृणा
> दिलदार उदार कहाँ यसरी
> अमरावती कान्तिपुरी नगरी'

उनी गुनगुनाउँदै थिए, त्यहीँनेर पेटीमा एक डल्लो भई सुतेको एउटा केटो उठेर भन्न लाग्यो– 'दाजु ! तिम्रो पछ्यौराको एउटा छेउ मलाई पनि देऊ न साह्रै जाडो भयो ।' भानुभक्तले उसलाई बोलाएर जम्मै पछ्यौरा ओडाइदिए । जिउ तातेपछि केटाले भन्यो 'भात खाने जग्गा मासेर त्यत्रा त्यत्रा घर बन्छन् तर गरिबको छोरालाई सधैँ पेटीको बास ! आज भानुजयन्ती राति ९ बजेसम्म सारा मान्छे यहीँ जम्मा भएर बेलामा सुत्न पनि पाइएन । यो भानुभक्तको सालिक भन्छ, 'यो भानुभक्त भन्ने कुन चाहिँ रे'छ हँ दाइ ? भानुभक्तलाई पनि देखेनौ हगि ?'

एकोहोरो फतफत गरिरहेको केटोले निकै बेर सही थापेको नसुन्दा मुन्टो उठाउँदै भन्यो– 'साँच्ची भानुभक्तलाई देखेनौ हगि तिमीले ?' तर केटाका प्रश्नको जबाफ दिन भानुभक्त त्यहाँ थिएनन् । उनको अगाडि त जिल्ल परिरहेको थियो भानुभक्तको सालिक मात्र । परपर को भट्याउँदै जाँदै थियो–

एक् दिन् भानु त कान्तिपुर् पुगिगया लोक्को बुझूँ रीत् भनी
साह्रै दङ्ग पऱ्या घुम्या वरिपरी मो भानुभक्तै भनी ।
पाया हन्डर खूब कान्तिपुरमा चिन्दै नचिन्ने भया
आफ्नै सालिकमा कटाइ अलि बेर् ती अन्तरैध्यान् भया ॥

('नेपाली गद्य सङ्ग्रह, भाग ३' बाट)

## शब्दार्थ

अपसोच : सुर्ता, बिस्मात
उर्वशी : स्वर्गमा रहेको एक सुन्दर पार्कको नाम
बिर्के टोपी : माथितिर बिचमा गट्टो भएको नेपाली टोपी
मखिबुट्टे : माखा झैँ बुट्टा भएको
सैर : यात्रा, घुमफिर
बिलखबन्दी : अलमल्ल परेको अवस्था
अलौकिक : संसारमा नपाइने
प्रताप : पौरख, वीरता
उद्यान : बगैँचा
वीणा : हातले बजाइने गितार जस्तै एक किसिमको बाजा
हतौडा : घन
अङ्गी : अङ्गहरू भएको
भावभङ्गी : मनका भाव व्यक्त गर्ने शारीरिक चेष्टा
नृत्यकला : नाचेर गरिने मनोरञ्जन
अश्लील : लज्जास्पद
सुची : पिसाब
नैष्ठिक : ईश्वरीय पूजाआजा गर्ने, निष्ठाकर्म गर्ने

निष्ठाच्युत : इज्जत वा आदर्श समाप्त हुनु

मिनिस्टर : मन्त्री

कम्पोजिटर : कम्पोज गर्ने व्यक्ति वा कर्मचारी

पुष्पवर्षा : फूलको वर्षा

मद्याहारी : जाँड, रक्सी आदि मादक पदार्थ सेवन गर्ने व्यक्ति

इन्स्योरेन्स : बिमा

प्रतिमूर्ति : कुनै वस्तु वा व्यक्तिको आकृतिको अनुकृति

ग्लानि : पश्चात्ताप

## निबन्ध समीक्षा

### 'अमरावती कान्तिपुरी नगरी' निबन्धको समीक्षा

**(क) निबन्ध सार**

आदिकवि भानुभक्त आचार्य स्वर्ग पुगेको दिन उर्वशी पार्कमा बसेर पृथ्वीमा छँदाका गतिविधि स्मरण गरिरहेका थिए । ढिठ्ठा बिचारीसित रिसाउनु परेको र झ्यालखानामा कोचिनुपरेको कारण मन फुकाएर कविता लेख्न नपाएका कविलाई दुःख लागेको थियो । आदिकविलाई पृथ्वीबाट बिदा हुनुपरेकामा अलिकति पनि दुःख लागेको थिएन । उनी स्वर्गमा अप्सराका साथमा बसेर कविता रचना गर्न मस्त थिए । यसै प्रसङ्गमा उनले 'अमरावती कान्तिपुरी नगरी' उच्चारण गर्दै कान्तिपुरबाट आउने मानिसको खोजी गर्छन् । त्यहीबेला भानुभक्त आचार्य र लक्ष्मीप्रसाद देवकोटाको भेट हुन्छ । भानुभक्त लक्ष्मीप्रसादको कुराबाट प्रभावित भई कान्तिपुर ओर्लने चाहना राख्छन् ।

कान्तिपुर सहर घुम्न जाने क्रममा उनी बालाजुको बाइस धारा उद्यानमा पुग्छन् । उद्यान उनलाई स्वर्गको अप्सरा उद्यान जस्तै लाग्छ । भानुभक्त कविता रचना गर्न खोज्छन् तर वरपरको होहल्लाले उनको चिन्तन भङ्ग हुन्छ । बालाजुको प्राकृतिक सुन्दरता र औद्योगिक प्रगति देखेर उनी छक्क पर्छन् । कान्तिपुर सहरका युवायुवतीका जोडी देखेर दङ्ग पर्छन् । साँझपख साझा यातायातमा यात्रा गर्दा उनका मनमा विभिन्न प्रश्न घुमिरहन्छन् । साझा यातायातमा भानुभक्तले सिट पाउँदैनन् । भानुभक्तमहिलासँग टाँसिएर बस्दा गाली खान्छन् । बाटोभन्दा ठुलो बसमा सिन्की झैँ कोचिएर यात्रा गर्दा उनलाई विरक्त लाग्छ । कान्तिपुरको विसङ्गति देखेर कविता रचना गर्न लाग्छन् । साझा बस टुँडिखेलको वरिपरि पुग्छ । भानुभक्तत्यहाँ ओर्लन्छन् । उनी त्यहाँका सडक बत्ती र मानिसको चहलपहल देखेर मक्ख

पर्छन् । फुटपाथमा केटाकेटीले माग्दै गरेको र धनाढ्यको चहलपहल एकै ठाउँमा देख्दा सहर धनी हुँदै गएको हो कि गरिब भनेर उनी छुट्याउन सक्दैनन् ।

यात्रकै क्रममा उनलाई पिसाबले च्याप्छ तर शौचालय नपाएर हैरान हुन्छन् । त्यसपछि उनी चैत्यकै अगाडि गएर मूत्र त्याग गर्न बाध्य हुन्छन् । उनी नयाँ सडकतिर लाग्छन् । नयाँ सडकको तडकभडक देखेर उनलाई उदेक लाग्छ । नयाँ सडकमा उनी कविहरूसित गफ गर्न पाउँछन् । उनीहरूबिच कविताका बारेमा कुराकानी हुन्छ । त्यसपछि उनी रेस्टुरेन्ट जान्छन् । त्यहाँको फोहोर देखेर घिनाउँछन् । रात छिप्पिएकाले भानुभक्तलाई बासको समस्या पर्छ । उनी बास खोज्दै जाँदा रानी पोखरीको डिलमा पुग्छन् । त्यहाँ आफ्नै सालिकनेर टुसुक्क बसेर कविता रचना गर्छन् । एउटा केटोसँग भानु र भानुजयन्तीबारे संवाद गर्न पुग्छन् ।

**(ख) उद्देश्य/विचार/भाव**

'अमरावती कान्तिपुरी नगरी' निबन्ध भैरव अर्यालका उत्कृष्ट रचनामध्ये एक हो । यस निबन्धमा काठमाडौँ सहरको सामाजिक, सांस्कृतिक र धार्मिक अवस्थाप्रति व्यङ्ग्य प्रहार गरिएको छ । भानुभक्त प्यारो नगरी हेर्न स्वर्गबाट काडमाडौँ आएका छन् । उनी बालाजु आइपुग्दा उद्योगको धुलो र धुँवाले फोहोर भएको देख्दा उनको मन खिन्न हुन्छ । उनी त्यस उद्यानमा नग्न युवायुवतीको नृत्य देखेर भने दङ्ग पर्छन् । साझा बसको भिड, सडकमा देखिएका मगन्ते देखेर उनलाई शान्तिबिनाको क्रान्ति मात्र बाँकी रहेको महसुस हुन्छ । शौचालयको अभावमा चैत्यनेर पिसाब फेर्नुपर्दा उनी निरीह बन्छन् । काव्यदूतका रूपमा पृथ्वीमा ओर्लिएका भानुलाई कराएर पत्रिका बेच्ने मानिस बेफुङ्को कवि बनेकोमा मनमा चसक्क घोच्छ । रेस्टुराँतिर लाग्दा मरेको मुसो र फोहोरको वर्षा भएपछि उनी जिल्ल पर्छन् । आदिकविले काठमाडौँ नगरीमा बास पाएनन् । बास खोज्दै जाँदा उनलाई स्थानीयले पागलको संज्ञा दिए । उनलाई प्रत्यक्ष भेटमा घृणा सहनुपरेको र सालिकमा रातो अबिर र माला लगाएर भानुजयन्ती मनाएको देखेर मानव सेवाभन्दा मूर्ति पूजा धेरै भएको महसुस हुन्छ ।

निबन्धमा फेसनका नाममा भएको नग्नता प्रदर्शन, मिलापका नाममा देखिएको छाडापन, यातायातको असुविधा, बास र शौचालयको अभावलगायत समस्या देखाइएको छ । कान्तिपुरमा देखिएको आडम्बरीपन, कविका मानसिकता, विकासका नाममा देखिएका विकृति, अव्यवस्थित सहरीकरण जस्ता समस्याप्रति व्यङ्ग्य गर्दै सुधारको अपेक्षा राखिएको छ ।

**(ग) भाषाशैली**

'अमरावती कान्तिपुरी नगरी' हास्यव्यङ्ग्य निबन्ध हो । यस निबन्धमा हास्यव्यङ्ग्य रचनानालाई सुहाउने 'प्यारोडी' शैली अपनाइएको छ । निबन्धमा कतै कथात्मक शैली त कतै कवितात्मक शैली अपनाइएको छ । मृत्यु भइसकेका भानुभक्त आचार्य र लक्ष्मीप्रसाद देवकोटाको संवादले निबन्धलाई अति काल्पनिक बनाएको छ । परिवेश सुहाउँदो भाषाशैलीले

निबन्ध रमरम बनेको छ । अनुच्छेद र कवितात्मक श्लोकको प्रयोगबाट निबन्ध नयाँ शैलीमा रचना गरिएको छ । विषयवस्तुलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । निबन्धमा तद्भव शब्दले बढी प्रश्रय पाएको देखिन्छ भने तत्सम शब्द पनि प्रशस्तै प्रयोग भएका छन् । तत्सम र तद्भव शब्दका तुलनामा आगन्तुक शब्द कम प्रयोग भएका छन् । आधुनिक काठमाडौँले अँगालेको अमानवीयता, अश्लीलता, चरित्रहीन र भद्रगोल स्थितिप्रति सचेत गराउन व्यङ्ग्य शैलीको प्रयोग गरिएको छ । निबन्ध काव्यात्मक तथा व्यङ्ग्यात्मक भाषाशैलीले चोटिलो बनेको छ ।

**(घ) शीर्षक**

'अमरावती कान्तिपुरी नगरी' निबन्धमा तीनओटा शब्दको संयोजनबाट शीर्षक नामकरण गरिएको छ । काठमाडौँलाई अमरावती ठानिएको छ तर काठमाडौँमा दिन प्रतिदिन विकृति र विसङ्गति बढ्दै गएको छ । यसमा स्वर्गलोकबाट कान्तिपुर झरेका भानुभक्तले भोगेको कठिनाइको वर्णन गरिएको छ । आजका मानिसका पोसाक, यातायातमा देखिने भिड, सडकका मगन्ते, शौचालयको अभाव, व्यापारका भएको विकृति आदि विषयवस्तुमाथि व्यङ्ग्यवाण प्रहार गरिएको छ । सामाजिक सांस्कृतिक, साहित्यिक र धार्मिक जस्ता अनेक क्षेत्रमा कान्तिपुरले अँगालेको फोहोरी प्रवृत्तिमाथि कविले व्यङ्ग्य प्रहार गरेका छन् । कान्तिपुर अर्थात् काठमाडौँमा देखिएका विकृतिबारे निबन्धमा व्यङ्ग्य प्रहार गर्दै यहाँका समस्या प्रस्तुत गरिएकाले निबन्धको शीर्षक र विषयवस्तुबिच सन्तुलन देखिन्छ । अतः शीर्षक सार्थक छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) .................... : एकदमै राम्रो

(ख) .................... : उद्योगसित सम्बन्धित

(ग) .................... : लोग्नेमान्छे

(घ) .................... : अनुहार

(ङ) .................... : बिस्मात

(च) .................... : बगैँचा

(छ) .................... : निष्ठावान्

२. **दिइएका पद र पदावलीबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| टुसुक्क | आउनु |
| पल्याकपुलुक | हेर्नु |
| टुलुटुलु | बस्नु |
| टुपुलुक्क | हेर्नु |

३. **अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

मन फुकाउनु, जुरुक्क, औद्योगिक, रसिक, यातायात, टुपुलुक्क, काव्य साधना, साकाहारी, प्रतिमूर्ति, टुसुक्क

४. **शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

शबै थरीकाबिच भानुभक्त पनि यक बेग्लै थरीका व्यक्तिव थिए नया सडकमा सबै दूतका बित ऊनी आफू काव्यदूत थिए स्वर्गका । एसैले वास्ता गरिरहनु भन्दा दुई चार जना कबिलाई नै भेटेर बात मार्न आदिकविलाइ मन लाग्यो

५. **'अमरावती कान्तिपुरी नगरी' निबन्धका अनुच्छेद हाउभाउसहित पढ्नुहोस् ।**

६. **निबन्धकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) भैरव अर्यालको जन्म कति सालमा भएको थियो ?

(ख) भैरव अर्यालले सम्पादन गरेका पत्रिकाहरू कुन कुन हुन् ?

(ग) भैरव अर्यालका कुनै तीन कृतिका नाम लेख्नुहोस् ।

(घ) भैरव अर्यालका निबन्धहरू कस्ता खालका छन् ?

(ङ) भैरव अर्यालका निबन्धहरू किन रोचक हुन्छन् ?

७. **भैरव अर्यालका निबन्धात्मक प्रवित्तहरू लेख्नुहोस् ।**

८. **दिइएको अनुच्छेद पढी प्रश्नको उत्तर लेख्नुहोस् :**

साँझ परिसकेकाले त्यहाँ धेरै बेर बस्ता आफ्नो कवितामा अश्लील दोष पर्ला भन्ने ठानी उनी जुरुक्क उठेर उद्यानबाहिर निस्के । साझा यातायातको हरियो बस पनि ठ्याक्क त्यहीँ रोकिइरहेको रहेछ । सबै पसेको देखी उनी पनि पसे त्यसैमा । पस्न त पसे तर बस्न भने

घुइँचाले दिएन । 'कान्तिपुरीमा मान्छे निकै बढेछन् ए ! यतिका मान्छे खान्छन् पो के ?' उनको दिमागमा अर्को प्रश्न रिन आयो तर त्यत्रो हुलमुलमा प्रश्न के रिँग्न पाउँथ्यो, उनी आफैँलाई रन्न रिँगारिएर हुत्याउँदै एउटी युवतीको छेउमा पुऱ्याइदियो । युवतीको काखमा एउटा रहरलाग्दो कुकुर पनि थियो ।

नारीसित नारिएर बस्न भानुभक्तको नैतिकताले मानेको त होइन तर घुइँचामा एउटा सानो छेउ पाएकाले आपत् धर्म सम्झी उनी टुसुक्क बसिहाले । तर बस्ने बित्तिकै उनलाई घच्चा ख्वाउँदै युवतीले सातो खाइन्- 'महिला देख्तादेख्तै टाँस्सिन आउने नकच्चरो लुठो कहाँको ?' भानुभक्त जिल्ल परे । भर्खरै मात्र पार्कमा छिल्लिएर हिँडेको आफ्नै आँखाले देख्ने भानुभक्तले अहिले नजिक बस्दा मर्दले छुनै नहुनेजस्तो गरी छाँट पारेको सहन सकेनन् र काखको कुकुरलाई औँल्याउँदै उनले सोधिहाले- 'होइन, मैयाको कुकुर पनि महिला नै हो कि ?'

**प्रश्नहरू :**

(क) भानुभक्त किन दङ्ग परे ?

(ख) ठिटाठिटीको नृत्यलीलामा को को दर्शक थिए ?

(ग) साझा यातायातको बस कुन रङको थियो ?

(घ) कहाँ मान्छे निकै बढेछन् ?

(ङ) युवतीको काखमा कस्तो कुकुर थियो ?

**९. एक एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) कुन पार्कको रमिता बयान गरिनसक्नु थियो ?

(ख) को भानुभक्तका चेला रहेछन् ?

(ग) भानुभक्तलाई किन रामभक्त भनिएको हो ?

(घ) बाइस धारा उद्यान कहाँ छ ?

(ङ) नयाँसडकमा कुन कुरा नयाँ थियो ?

(च) कविजीलाई कसले रेस्टुराँतिर डोऱ्याए ?

**१०. ठिक बेठिक छुट्याउनुहोस् :**

(क) लक्ष्मीप्रसाद देवकोटाले मुनामदनमा कान्तिपुरको प्रशंसा गरेका छन् ?

(ख) बालाजुको बाइस धारा उद्यान अमरावतीको उर्वशी उद्यान जस्तै छ ?

(ग) रेस्टुराँभित्र एक छेउमा दुई चार  जना भात खाँदै थिए ।

(घ) बेसमयमा हिँडेको दोषमा भानुभक्तलाई पुलिसले पक्रियो ।

(ङ) भानुभक्त आफ्नो भव्य सालिक देखेर दङ्ग परे ।

**११. दिइएका बुँदाका आधारमा निबन्धकार भैरव अर्यालका निबन्धात्मक प्रवृत्तिहरू लेख्नुहोस् :**

(क) हास्य व्यङ्ग्य निबन्धकार

(ख) समसामयिक विकृति र विकृतिप्रति प्रहार

(ग) उखान, टुक्का तथा अनुकरणात्मक शब्दको प्रयोग

(घ) कवितात्मक भाषाशैली

**१२. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) भानुभक्त आचार्यर लक्ष्मीप्रसाद देवकोटाबिच कुन विषयमा कुराकानी भयो ?

(ख) भानुभक्तले टुँडिखेल वरिपरि कस्तो दृश्य देखे ?

(ग) कसरी कान्तिपुरको कान्ति बढेछ ?

(घ) सज्जनले कसरी रेस्टुराँको विशेषता सुनाए ?

(ङ) भानुभक्तलाई किन ग्लानि लाग्यो ?

**१३. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) कान्तिपुर अब केवल प्राकृतिक क्रान्तिले मात्र होइन औद्योगिक क्रान्तिले पनि अर्कै ढङ्गबाट बदलिन लागेको भानुभक्तले अनुभव गरे ।

(ख) नयाँ सडक मात्र नयाँ थिएन तडक भडक पनि नयाँ थियो ।

**१४. 'अमरावती कान्तिपुरी नगरी' निबन्धका मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् ।**

**१५. 'अमरावती कान्तिपुरी नगरी' निबन्धमा काठमाडौँ सहरलाई कसरी व्यङ्ग्य गरिएको छ ? विश्लेषण गर्नुहोस् ।**

**१६. काठमाडौँ सहरलाई सुन्दर बनाउन कुन कुन पक्षमा सुधार गर्नुपर्छ ? 'अमरावती कान्तिपुरी नगरी' निबन्धका आधारमा आफ्ना तर्कहरू लेख्नुहोस् ।**

**१७. 'अमरावती कान्तिपुरी नगरी' निबन्धको सारांश लेख्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. दिइएका शीर्षकमा निबन्ध लेख्नुहोस् :**

**(क) ढलमती : बाग्मती नदी** **(ख) समाचारपत्रको महत्त्व**

## थप पाठ्यसामग्री

### निबन्धको संरचना

**१. शीर्षक**

**२. आदिभाग**

- परिचय/परिभाषा

**३. मध्यभाग**

- विषयवस्तुसम्बन्धी जानकारी, सूचना, तथ्य, फाइदा, महत्त्व, आवश्यकता, औचित्य आदि ।

**४. अन्त्यभाग**

- विषयवस्तुको निष्कर्ष

**निबन्ध लेखनमा ध्यान दिनुपर्ने कुराहरू**

१. शीर्षकसँग सम्बन्धित बुँदाहरू टिपोट गर्नुपर्छ ।

२. बुँदाहरूलाई निबन्धभित्र आदि, मध्य र अन्त्यका क्रममा विभाजन गर्नुपर्छ ।

३. बुँदालाई समेटेर खेस्रा अनुच्छेद लेख्नुपर्छ ।

४. साफी लेखन गरी निबन्धलाई अन्तिम रूप दिनुपर्छ ।

५. निबन्धको सिरानमा शीर्षक लेख्नुपर्छ ।

**निबन्धको नमुना**

### नेपालका जडीबुटीहरू

नेपाल प्राकृतिक दृष्टिकोणले सम्पन्न मुलुक हो । हावापानी, उचाइ र धरातलीय विविधताले यहाँ प्राकृतिक विविधता सिर्जना गरेको छ । यसलाई जैविक विविधता पनि भनिन्छ । आजभोलि संसारभरका मुलुकहरू जैविक विविधताको मामिलामा सचेत देखिन थालेका छन् ।नेपालले पनि आफ्नो प्राकृतिक गौरव बुझ्न थालेको छ ।

जैविक विविधताका महत्त्वपूर्ण पक्षहरूमध्ये हाम्रो देशमा रहेका महत्त्वपूर्ण र दुर्लभ जडीबुटीहरू पनि पर्दछन् । चाँप, जटामसी, सर्पगन्धा, लोठ सल्ला, पाँचऔँले, यार्सागुम्बा आदि बोटबिरुवा एवम् जडीबुटीहरू हाम्रा बहुमूल्य सम्पत्तिहरू हुन् । नेपालमा छ सय मिटरको उचाइदेखि पन्ध्र सय मिटरको उचाइसम्म पाइने चाँपको बोट तीस मिटरसम्म अग्लो हुन्छ । चाँपको फूलबाट बनाइने तेल आँखा र बाथ रोगका निम्ति उपयोगी हुन्छ भने फूल र फल शक्तिवर्द्धक औषधीका रूपमा प्रयोग हुन्छ । तीन हजारदेखि पाँच हजार मिटरको उचाइमा पाइने सुगन्धित जडीबुटी जटामसी पनि अत्यन्त महत्त्वपूर्ण जडीबुटीअन्तर्गत पर्छ ।

नेपालमा अति दुर्लभ जडीबुटी पाइन्छन् । अनुसन्धान, संरक्षण, संवर्द्धन र सदुपयोग हुन सकेको छैन । तराई र पहाडमा पाइने सर्पगन्धाबाट रक्तचाप कम गर्ने, पीडा कम गर्ने र आउँ तथा जुकाको उपचार पनि हुने गर्छ । दुर्लभ जडीबुटीहरूमध्ये उच्चपहाडी क्षेत्रमा पाइने पाँचऔँले स्वास्थ्यका लागि उपयोगी जडीबुटी हो । हिमाली क्षेत्रमा पाइने  यार्सागुम्बा बहुउपयोगी जडीबुटी हो । दुर्लभ जडीबुटीको जथाभावी सङ्कलनलाई तुरुन्तै बन्द  गरिनुपर्छ । औषधीजन्य जडीबुटीको व्यावसायिक उत्पादन र उपयोग गर्ने हो भने तिनले नेपाललाई धनी बनाउन सक्छन् । यस्ता जडीबुटीको उपयोगितासम्बन्धी यथेष्ट अनुसन्धान गरी संरक्षणका निम्ति कानुनको निर्माण र कार्यान्वयन हुनुपर्छ । जडीबुटीहरूको संरक्षणको क्षेत्रमा धेरै काम हुन सकिरहेका छैनन् । कृषि मन्त्रालय, वन मन्त्रालय र वातावरण मन्त्रालयले एकीकृत प्रयास गरी यस क्षेत्रमा व्यापक कार्यहरू गर्नु आवश्यक छ ।

**पाठ ५**

# निबन्धकार डा. रजनी ढकाल र उनको ‘अतिरिक्त मूल्य’ निबन्ध

**सक्षमता**

(क) निबन्धको संरचना पहिचान गरी बताउन

(ख) निबन्ध पढी शब्दभण्डार वृद्धि गर्न

(ग) विधागत तत्त्वका आधारमा निर्धारित समीक्षा गर्न

(घ) निर्दिष्ट अनुच्छेद शुद्ध पारी पुनर्लेखन गर्न

(ङ) बुँदा टिपोट गरी सारांश लेख्न

(च) सङ्क्षिप्त र समीक्षात्मक उत्तर लेख्न

(छ) विश्लेषणात्मक उत्तर लेख्न

(ज) निबन्धका विशिष्ट अंशको व्याख्या गर्न

(झ) अनुकरण र मौलिक निबन्ध रचना गर्न

## निबन्धकारको परिचय र निबन्धात्मक प्रवृत्ति



डा. रजनी ढकालको जन्म वि.सं. २०२९ साउन ३० गते स्याङ्जाको वालिङमा भएको हो । उनले औपचारिक रूपमा त्रिविबाट विद्यावारिधिसम्मको शिक्षा हासिल गरेकी छन् । उनी त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागमा प्राध्यापन कार्यमा संलग्न छिन् । डा. रजनी ढकालका ‘हत्केलामा असार उमारेर’ (२०६४) र ‘लयको खोजीमा’ (२०७१) निबन्ध सङ्ग्रह प्रकाशित छन् । ‘अतिरिक्त मूल्य’ निबन्ध ‘लयको खोजीमा’ निबन्ध सङग्रमा सङ्कलित छ ।

रजनी ढकाल आत्मपरक शैलीमा निबन्ध लेख्ने निबन्धकार हुन् । उनका निबन्धमा काव्यात्मक शैली पाइन्छ । उनका निबन्धमा सामाजिक जीवनको चित्रण, मानवीय भावना तथा प्रकृतिको चित्रण पाइन्छ । विषयवस्तुगत विविधता र अनेक कथन शैलीको मिश्रणले उनका निबन्ध आकर्षक बनेका छन् । वाक्य गठनका दृष्टिले छोटा छोटा सूत्रात्मक र सूक्तिमय वाक्य, लयात्मकता र काव्यात्मक मिठास, संस्मरणात्मक र संवादात्मक शैली उनको निजी विशेषता हो

। उनका निबन्धमा सामाजिक विसङ्गतिप्रति शिष्ट व्यङ्ग्य, मानवता र देशभक्ति जस्ता विषयवस्तुको प्रयोग भएको पाइन्छ । निबन्धकार रजनी ढकालका निबन्धात्मक प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) आत्मपरक निबन्धकार

(ख) नारीवादी निबन्धकार

(ग) कवितात्मक भाषाशैलीको प्रयोग

(घ) सामाजिक विभेद र अन्धविश्वासको चित्रण

(ङ) मझौला आयामका निबन्ध रचना

आमा हुनुको मूल्य के हो ? मैले कहिल्यै मेरी आमालाई सोधेकी छैन । न अरू आमाहरूलाई नै सोधेकी छु । ती आमाहरूले अरू आमालाई पनि पक्कै सोधेका छैनन्, यो प्रश्न । अनि न म आमा भएर यो मूल्यको निर्धारण गर्न सकेकी छु ।

आज ममा यस्तो प्रश्न किन आयो म आफैँलाई थाहा छैन । आमा हुनुको सोझो मूल्य, असली मूल्य आफ्नै परिचय प्राप्त हुनु हो, यति चाहिँ मलाई थाहा छ । नारी हुनुको गौरवबोध गर्नु हो, यो पनि मलाई थाहा छ । भन्ने नै हो भने मनभरि अरू कुराहरू पनि भरिएर आउन थालेका छन् ।

आमा हुनुको मूल्य नारीको प्राकृतिक अधिकार प्राप्त गर्नु हो । आमा हुनुको मूल्य मूल्यहीन मायामा भरिनु हो । अनुभूतिको श्रावणमा रुझिरहनु हो । मायाको सहस्र भेलमा आफूलाई बगाइरहनु हो । चोटमा नदुख्नु हो, अभावमा पनि कुण्ठित नहुनु हो । आमा हुनुको सबैभन्दा ठुलो मूल्य आफ्नै विचारमा महान् हुनु हो । मुटु रित्याएर माया दिनु हो । आफू सिद्धिएर सन्तानलाई भर्नु हो । आफैँलाई उधारेर सन्तानलाई सिउनु हो । आमा हुनुको मूल्य पल पल पोखिएर सन्तानलाई भर्नु हो । प्रत्येक निराशाका अघिल्तिर आशाको सुनौलो प्रकाश बनेर छरिनु हो । प्रत्येक हारमा पनि जितको माला उन्न खोजिरहनु हो । मैले आमा हुनुको मूल्यमा बाँचेका प्रत्येक आमाका अनुहार र व्यवहारमा पढेको सत्य हो यो । देखेको सत्य हो र अनुभव गरेको सत्य हो । सन्तानले दिएका चोटलाई पनि मायालु अनुभूतिमा अनुवाद गर्नु हो । हो, मैले आमा हुनुको मूल्य यही बुझेकी छु ।

आमा भएर कसरी भन्न मिल्छ मैले- मेरो बुढ्यौलीको कारण त होस् । कसरी भन्न सक्छु मैले मेरा सम्पूर्ण ऊर्जाहरूको उपयोग कर्ता तँ होस् । कसरी आरोप लगाउन सक्छु मैले मेरो कुरूपताको कारण तँ होस् । प्रत्येक सन्तानहरू आमाका प्रतिरूपमा लयबद्ध भूमिकामा देखिरहेछु । अहँ, म केही भन्न सक्दिनँ त्यस्ता आरोपहरू जसलाई अरूहरू भन्ने गर्छन्- 'आमाको रूप बिग्रिन्छ सन्तान जन्मिएपछि, सन्तान पर नै जान्छन् डोलीमा अन्मिएपछि ।' कसरी बिग्रिन्छ हँ आमाको रूप ?

त्यसका लागिम जसरी तयार भएँ त्यो रूपका लागि पनि भागेदार त मै हुँ नि ! त्यो रूपको चाहना म आफैँबाट त पलाएको हो । म जन्मिन्छ : रूपहरूसँग पटक पटक भने म किन नगरूँ त्यस्तो सिर्जना । आमा हुनु बहुसिर्जनाहरूमा पटक पटक बाँच्नु हो । आफैँलाई धेरै रूपहरूमा बाँड्न मन आमाहरूलाई । छोराछोरीका रूपहरूमा । पटक पटक बाँडिन्छन् आमाहरू । जान बाँडिन्छन् विश्वासको एक ढिक्का भएर बाँच्छन् आमाहरू ।

हो, प्रत्येक सिर्जना मौलिक भएर पनि मेरै रूपमा छ । प्रत्येक सिर्जना मै भएर पनि पृथक् छ ! आमासँग बाहेक अरू कोसँग छ हँ यो शक्ति ? कस्तो हुन्थ्यो यो संसार आमा नभएको भए ? संसार हुँदो हो र ? कसरी हुन्थ्यो र ?- म आमा, म नारी, म सृष्टि र म आफैं सिर्जना ! तिमी कसरी अवमूल्यन गर्न सक्छौ मलाई ? सायद कोसिस गर्‍यौ र त जन्मायौ इब्सेन भएर नोराहरू । सायद अवमूल्यन गरेनौ र त जन्मायौ कोइराला भएर इन्द्रमायाहरू, त्यसैले त जन्मायौ रिमाल भएर युवतीहरू । अब ओरियाना फलासीहरू नजन्मिएको बच्चाको नाममा, पारिजातहरू नजन्माएको छोराको नाममा आमाका हजारौँ रूप लिएर आमा बन्न तयार छन् । तयार छन् यो सृष्टिको गिर्दो मूल्यलाई उठाउन । तिमीले अवमूल्यन गरेर के गर्छौ ? तिमी आफ्नै अस्तित्वलाई मेटाउन खोज्दै छौ । आमालाई अवमूल्यन गर्नु आफैँलाई हराउनु होइन र ?

पुरुष ! तिमीले अपहरण गरी बलात्कार गर्दै टुक्रा टुक्रा छरेका युवतीका लासहरू पुनर्जीवित भएर उम्रिरहेछन् यो सृष्टि थाम्न । सोच, गहिरिएर सोच अब आमाहरू अतिरिक्त मूल्य चाहँदैनन् तर आफ्नै मूल्यमा अपमानित भएर बाँच्न पनि सक्दैनन् । मैले देखाएको सहनशीलता तिमीलाई अपराधको आधार हो भने नारीरणचण्डी पनि त हो । तिमीले कहिल्यै अनुभव गरेका छौ ? किन बोल्दैनौ ? कि आज तिमीलाई आफ्नै आमाले हुर्काएको शरीरले पोलिरहेछ ? कि आज तिमीलाई आफ्नै आमाले दिएको रगतले खेदिरहेछ । भन आमाको रगत नसाभरि बगाएर त्यसलाई कसरी बलात्कारको विषमा बदल्न सक्यौ तिमीले ? तिम्रो मांशल देहमा परेको मेरो वात्सल्यपूर्ण पालन पोषणलाई, संस्कारलाई कहाँ मिल्कायौ ? तिमीभित्र रहेकी तिम्री आमालाई कुन नजरले हेर्छौ अब तिमी ?

जीवनको कुन कुरूपतामा बदलियौ तिमी ? म आमा भएर पनि भन्न सक्दिनँ । म कल्पना गर्न सक्दिनँ मेरो सन्तानले आमालाई चिथोरेको, टुक्रा टुक्रा पारेको तिम्रो त्यो रूप । मैले त्यसका लागि तिमीलाई कहिल्यै जन्म दिएकी होइन । जन्माउनु मेरो आफ्नै गौरवपूर्ण चाहना तर जन्मलाई सदुपयोग नगर्नु तिम्रो सङ्कुचित, अज्ञानता, शठता, मूर्खता, राक्षसीवृत्ति... । तिमीलाई मैले मानवका रूपमा जन्म दिएँ तर तिमी ? तिमीलाई जन्माउनुको एकलौटी प्राकृतिक अधिकार मसँग सुरक्षित छ भने यति भन्ने अधिकार पनि पाएकी छु । तिमी अलग्ग मान्छे भएँ भनी घमन्ड नगर कुनै दिन तिम्री आमा तिम्रो अस्तित्वको कठघरामा उभिन सक्छे । तिम्रो मूल्यमा प्रश्न चिह्न लगाउन सक्छे ।

मैले कामको अतिरिक्त मूल्य खोजेकी छैन ! न बुहारी बनेर न छोरी बनेर न पत्नी बनेर न दिदीबहिनी बनेर । भूमिकाको आफ्नै स्थान ससम्मान स्वीकार्य छ मलाई तर मेरो प्राकृतिक रूपसँग

र भूमिकासँग कसैको गुनासो नभएसम्म । कसैको अचेटखानी र अर्घेल्याइँ नरहेसम्म । म पत्नी भएरै लेखक बन्न सक्छु । म आमा भएरै शिक्षक बन्न सक्छु । म बुहारी भएरै देशको अनुशासित कर्मचारी पनि बन्न सक्छु तर मेरो भूमिकामा कसैको अनावश्यक दबाब सहन सक्दिनँ । म बच्चाका सम्पूर्ण जिम्मेवारी पूरा गरेर पनि एउटा गतिलो नागरिक बन्न सक्छु तर मेरो स्वतन्त्रता तिमीले खोस्न पाउने छैनौ । मैले यहाँ अतिरिक्त मूल्य खोजेकी होइन, तिम्रो असमान व्यवहारलाई मात्र रोक्न खोजेकी ।

तिमी जेका लागि बाँचेका छौ म पनि त्यसैका लागि । एक मुठी सास, एक धर्मो मुस्कान र एक अञ्जुली माया अनि एक ढिस्को आदर ! बस् यत्ति भए पुग्छ मलाई यस संसारमा तर तिमीले हिँडेका ठाउँका अतिरिक्त पाइला नचोपलेका ठाउँमा पनि मैले इच्छाएका पाइलाहरू पुग्न पाउनुपर्छ ।तिमीले सोच्न नजानेका कुराहरू मैले सोच्दा तिम्रो कदर पाउनुपर्छ । मैले गरेका हरेक राम्रा काममा तिम्रो सकारात्मक मुस्कान पाउनुपर्छ । तिम्रा पाइलाहरूलाई मैले सफलताको शुभकामना दिन्छु सायद त्यसैको प्रतिफलन हो यो मेरो अपेक्षा, अतिरिक्त मूल्य होइन । म कहिल्यै अतिरिक्त मूल्य चाहने व्यक्ति होइन, तिम्रा जस्तै भावना, अनुभूति, अनुभव र शारीरिक मूल्य भएको मानव हुँ, तिमीले दिएको अतिरिक्त मूल्यले मलाई कुनै ठाउँमा पुऱ्याउँदैन बरु सहकार्यका हातहरूमा तिम्रो मायालु स्नेह सधैँ चाहेकी हुँ । तिम्रो तेत्तिस प्रतिशत मायामा मात्र सीमित नगर मलाई । पूरा मान्छे हुँ, सग्लो मान्छे तिमी जस्तै । तिमी शतप्रतिशत हौ भने म पनि शतप्रतिशत । तिमी पचास हौ भने म पनि पचास । हामी दुवैका पाइलाहरू समान छन्, माया गर्ने मुटु समान छन्, हेर्ने आँखा र सोच्ने मस्तिष्क समान छन् । म न अतिरिक्त मूल्य चाहन्छु न तिमीभन्दा कम मूल्याङ्कित हुन ।

कति काममा पाएका स्याबासीहरू लिन्छु तर आफ्नै मूल्यका हुन् कि होइन टोलाइरहन्छु । मैले किन पाएँ ती मूल्यहरू ? म आफ्नै लागि त थिएँ नि तीकामहरूमा ! आफ्नै आवश्यकताका लागि गरेका मेरा कामहरूले किन अतिरिक्त मूल्य पाउनुपऱ्यो ? हो म आफ्नै आवश्यकताका लागि पढाउन जान्छु । काम गई आफ्नै आवश्यकताको कारण त हो, फेरि मेरो पुनर्मूल्याङ्कन किन जरुरी छ तर विद्यार्थीहरू मसँग आएपछि विद्यार्थीमा मात्रै सीमित रहन्नन् । केही बढी नै भइदिन्छन् । मेरो मायाको मूल्याङ्कन गर्न थाल्छन् । मेरो कर्मको अर्को सत्यले मलाई पर्गेल्न थाल्छन् । मलाई त्यतिबेला आफैँसँग लाज लाग्छ । जब मैले मेरा लागि काम गरेकी हुँ भने ती मलाई किन यति मूल्य दिन खोजिरहेछन् । के हो यसको अर्थ ? कि कुनै काममा कसैले अतिरिक्त मूल्य नदिँदा के हुन्छ ? म अतिरिक्त मूल्यले किचिन्छु । जे गर्छु त्यसको बढी मूल्यले मूल्याङ्कित हुने सपना, मैले कहिल्यै देखिनँ तर मानिसहरू देख्छन् भने म के गर्न सक्छु ? काममा आशा र विश्वासहरू जोडिँदै जाने हो भने जीवन कति रमाइलो लाग्दो हो सबैलाई ! यही खुसी नै पो हो कि जीवनको अतिरिक्त मूल्य ? यदि हो भने यस्तो मूल्य मलाई स्वीकार्य छ ।

मैले अतिरिक्त मूल्यका लागि कहिल्यै काम गरिनँ । जे गरे त्यही मूल्यका लागि मात्रै जुन कामका लागि म तोकिएँ तर कुनै पनि कामको मूल्य कति हो ? मैले कहिल्यै यसको मूल्य तोक्न भने जानिनँ । मैले स्वीकार गरेका मूल्यबाहेकका मलाई कुनै पनि भूमिकाको अतिरिक्त मूल्य चाहिन्नँ ।

आमा अमूल्य स्वरूप हो, एउटी नारीको परिष्कृत रूप ! नारीलाई आफ्नो स्वतन्त्र र प्राकृतिक भूमिका एउटा मानवीयताका नाताले सधैँ स्वीकृत छ । यो समाजको अर्धचेत समय नारीलाई किन अनेक मूल्यमा आकलन गरिरहन्छ हँ ? म एउटा मानवीय स्वरूपमा बाँच्न चाहेकी नारी कुनै पनि मूल्य वा अतिरिक्त मूल्यभन्दा पर......।

## शब्दार्थ

निर्धारण : ठहर, तोक

गौरवबोध : इज्जत, प्रतिष्ठाको जानकारी

अनुभूति : मनले अनुभव गर्ने काम

कुण्ठित : बिचैमा रोकिएको, अवरुद्ध

ऊर्जा : शक्ति

कुरूपता : कुरूप भएको अवस्था

प्रतिरूप : कुनै व्यक्ति वा वस्तुको रूप जस्तै अर्को रूप

बहुरूपी : धेरै रूप भएको

पृथक : फरक

अवमूल्यन : कुनै वस्तुको मूल्य घट्नु वा महत्त्व कम हुनु

अस्तित्व : कुनै वस्तुको मूल्य हुनाको भाव, गरेर बाँच्ने

पनर्जीवित : फेरि जिउँदो भएको, मरेर बाँचेको

रणचण्डी : युद्ध क्षेत्रकी देवी

वात्सल्यपूर्ण : सन्तानप्रतिको ममताले भरिएको

मांशल : मासुको भाग

कुरूपता : कुरूप भएको अवस्था

सङ्कुचित : साँघुरोपना

शठता : मूर्खता

राक्षसीवृत्ति : राक्षसीपन

कठघरा : अदालतमा न्यायाधीशसमक्ष बयान दिँदा अभियुक्त उभिने ठाउँ

ससम्मान : सम्मानसहित

अर्घेल्याइँ : उपद्रो, कसुर

अतिरिक्त : भएकामा अरू थप

प्रतिफलन : प्रतिफल निस्कने क्रिया

मूल्याङ्कित : मूल्याङ्कन गरिएको

पुनर्मूल्याङ्कन : फेरि मूल्याङ्कन गरिएको

परिष्कृत : सुधारिएको शुद्ध पारिएको

मानवीयता : मानिस भएर गरिने

अर्धचेत : पूर्णरूपले चेतनशील नभएको

आँकलन : गणना गर्ने काम, गन्ती

## निबन्ध समीक्षा

### 'अतिरिक्त मूल्य' निबन्धको समीक्षा

**(क) निबन्ध सार**

'अतिरिक्त मूल्य' निबन्धमा 'आमा हुनुको मूल्य के हो ?' भन्ने वाक्यबाट निबन्धको विषयवस्तुमा प्रवेश गरिएको छ । निबन्धमा आमा हुनुको मूल्यलाई मुख्य विषयवस्तु बनाइएको छ । आमा हुनुको मूल्य नारीको प्राकृतिक अधिकार प्राप्त गर्नु हो । अनुभूतिको श्रावणमा रुझिरहनु हो । मायाको सहस्र भेलमा आफूलाई बगाइरहनु हो । मुटु रित्याएर माया दिनु हो । आफैँलाई उधारेर सन्तानलाई सिउनु हो । आमाले कहिल्यै पनि आफ्नो कुरूपता र बुढ्यौलीको कारण सन्तानलाई देखाउन सक्तिनन् । आमाहरूलाई आफैँलाई धेरै रूपमा बाँड्न मनपर्छ र पटक पटक बाँडिन्छन् । आमा नारी, सृष्टि अनि सिर्जना पनि हुन् तापनि अवमूल्यन गर्न कोसिस गऱ्यौँ । निबन्धमा पाश्चात्य साहित्यकार हेनरी इब्सेन भएर तथा नेपाली साहित्यकार विश्वेश्वरप्रसाद कोइराला र गोपालप्रसाद रिमालका कृतिमा प्रयुक्त नारी पात्रलाई स्मरण गरिएको छ । ती नारी पात्रका सङ्घर्ष र विद्रोहलाई सारा नारी जातिले मनन गर्नुपर्ने कुरा सङ्केत गरिएको छ । पुरुषहरूले गरेको विभेदप्रति निबन्धकारले झटारो हानेकी छन् । सृष्टि थाम्ने नारीलाई अपमान होइन सम्मान गर्न आग्रह गरिएको छ । आमाले मानवका रूपमा जन्म दिएर पनि जन्मलाई सदुपयोग नगर्नु सन्तानको अज्ञान, शठता,

मूर्खता, राक्षसीवृत्तिलाई दर्साइएको छ । निबन्धकारले बुहारी, छोरी, पत्नी, दिदीबहिनीको भूमिकालाई दबाब सहन नसक्ने विचार व्यक्त गरेकी छन् । निबन्धमा नारीलाई अतिरिक्त मूल्यभन्दा पनि असमान व्यवहारलाई रोक्न खोजिएको छ । नारीलाई तेत्तिस प्रतिशत मायामा मात्र सीमित नगर्न आग्रह गरिएको पाइन्छ । पुरुष जेका लागि बाँचेका हुन्छन्, महिला पनि त्यसकै लागि बाँचेकी हुन्छिन् । अब समान व्यवहारका लागि पचास/पचास प्रतिशत अधिकार हुनुपर्छ भन्ने विचार छ । आमा अमूल्य स्वरूप हो, एउटी नारीको परिष्कृत रूप नारीलाई आफ्नो स्वतन्त्रता र प्राकृतिक भूमिका एउटा मानवीय नाताले सधैँ स्वीकृत छ । यो समाजको अर्धचेत समयले नारीलाई अनेक मूल्यमा आकलन गरिरहन्छ तर नारी अतिरिक्त मूल्य भन्दा पर बाँच्न चाहेकी हुन्छिन् ।

**(ख) उद्देश्य/विचार/भाव**

'अतिरिक्त मूल्य' आत्मपरक निबन्ध हो । निबन्धमासमाजमा हुने गरेका नारीमाथिका अन्याय र अत्याचारको व्यवहारलाई विभिन्न उदाहरण र घटनालाई जोड्दै सुधार गर्न आग्रह गरिएको छ । निबन्धको आदि भागमा आमाको मूल्य बुझाउने उद्देश्य देख्न सकिन्छ । आमा सन्तानका लागि माया पोखिरहन्छिन् । सन्तानलाई असल बनाउन आफू दुःख सहेर बाँच्न तयार हुन्छिन् । निबन्धको विचारमा आमा हुनुको मूल्य मूल्यहीन मायामा भरिनु हो । अनुभूतिको श्रावणमा रुझिरहनु हो । मायाको सहस्र भेलमा आफूलाई बगाइरहनु हो, चोटमा नदुख्नु हो, अभावमा पनि धैर्य गर्नु हो । आफूलाई रित्याएर माया दिनु अनि आफ्नै विचारमा महान् हुनु हो । सन्तानले दिएमा चोटलाई पनि मायालु अनुभूतिमा अनुवाद गर्नु हो । आमाहरूले आफूलाई कुरूप बनाएर सन्तानलाई जन्म दिएका हुन्छन् तर सन्तानलाई यसको भागीदार बनाउन चाहँदैनन् । आमाहरू महान् हुन्छन् भन्ने भाव निबन्धमा व्यक्त गरिएको छ । आमाहरू आफ्नै सन्तानका रूपहरूमा बाँडिएका हुन्छन् । पटक पटक बाँडिन तयार हुन्छन् भन्दै आमा हुनुको मर्मव्यक्त भएको छ । निबन्धमा आमा नारी, सृष्टि, सिर्जना विभिन्न भूमिकामा भएकी नारीलाई अवमूल्यन गरिएकामा दुखेसो पोखिएको छ । बलात्कृत भएकी नारीलाई सम्बोधन गरिएको छ । निबन्धकारको विचारमा बलात्कार गरेर मारिएका नारीहरू सृष्टि थाम्न पुनर्जीवित भएका छन् । आमाले दिएको संस्कारलाई लात मारेर कुसंस्कारमा हिँड्ने छोराहरूलाई असल मार्गमा आउन आग्रह गरिएको छ । मानवका रूपमा जन्म लिएको सन्तानले राक्षसको व्यवहार देखाउँदा आमा दुःखी भएको भाव व्यक्त गरिएको छ । आमाले सधैँ सन्तानको कुरूपता हेर्न सक्दिनन् । बरु सन्तानको अस्तित्वको कठघरामा उभिन सक्छिन् । निबन्धकारको भनाइमा बुहारी, छोरी, पत्नी, दिदीबहिनी बनेर भूमिका निर्वाह गर्न सकिने तर आफ्नो प्राकृतिक रूप र आफ्नो भूमिकामा कसैको दबाब सहन नसक्ने विचार निबन्धमा रहेको छ । नारी र पुरुष बराबर महत्त्वका भूमिका हुन् तर समाजले दिएको तेत्तिस प्रतिशत अधिकार नारीलाई स्वीकार्य छैन । आफूलाई पचास प्रतिशत अधिकार दिन आग्रह दिइएको । नारीले कहिल्यै अतिरिक्त मूल्य चाहँदैनन् तर आफ्नै अस्तिवमा बाँच्न चाहन्छन्भन्ने

भाव यस निबन्धमा रहेको छ ।

**(ग) भाषाशैली**

निबन्धकारले निबन्धको विषयवस्तुभित्र कल्पनाको गहिराइमा पुगेर निबन्ध रचना गरेकी छन् । यस निबन्धमा दैनिक बोलीचालीमा प्रयोग हुने तत्सम, तद्भव र कतै कतै आगन्तुक शब्दको प्रयोग भएको छ । कतै कतै पो, नि जस्ता निपात शब्दले निबन्धलाई स्वादिलो बनाइदिएको छ । छोटा छोटा सरल वाक्यको प्रयोग भएको छ । कुनै कुनै वाक्यहरूमाजस्ता पदीय विचलन पाइन्छन् । जस्तै : पटक पटक बाँडिन्छन्, आमाहरू जति बाँडिन्छन् विश्वासको एक ढिक्का भएर बाँच्छन् आमाहरूआदि । निबन्धमा लामा छोटा गरेर तेर अनुच्छेद रहेका छन् । बिम्ब र प्रतीकले निबन्धलाई उत्कृष्ट बनाएको छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा व्यङ्ग्य भाव पनि पाइन्छ । यस निबन्धको भाषाशैली कवितात्मक छ । निबन्ध रोचक र पठनीय छ ।

**(घ) शीर्षक**

'अतिरिक्त मूल्य' निबन्धको शीर्षक दुई शब्दमा संरचित छ । अर्थका हिसाबले अतिरिक्त भनेको अर्को र मूल्य भनेको महत्त्व हो । यस निबन्धमा आमाको मूल्यलाई मुख्य विषयवस्तु बनाइएको छ । आमा हुनुको मूल्य प्राकृतिक अधिकार प्राप्त गर्नु हो । आमा हुनुको मूल्य मूल्यहीन मायामा भरिनु हो, चोटमा नदुख्नु अनि अभावमा पनि कुण्ठित नहुनु हो । निबन्धकारले आमालाई आमा, नारी, सृष्टि र सिर्जनाका रूपमा देखेकी छन् । आमा महान् हुन्छिन् । आमाको महिमा अपार छ । आमाले कहिल्यै अतिक्ति मूल्य खोजेकी छैनन् । आमा केवल आफ्नै मूल्यमा बाँच्न चाहेकी हुन्छिन् । निबन्धकारले आफ्ना सन्तानले आफ्नो जन्मलाई सही सदुपयोग गर्न आग्रह गरेकी छन् । निबन्धमा अतिरिक्त मूल्यको खोजीभन्दा असमान व्यवहारलाई रोक्न खोजिएको छ । निबन्धको आदि भागदेखि अन्त्य भागसम्म नै अतिरिक्त मूल्यको वर्णन गरिएको छ । अन्त्यमा मानवीय स्वरूपमा बाँच्न चाहेकी नारी कुनै पनि मूल्य वा अतिरिक्त मूल्यभन्दा पर हुन्छन् भन्दै निबन्धको विषयवस्तु टुङ्गिएको छ । अतः निबन्धको शीर्षक सार्थक छ

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) .................... : अवरुद्ध

(ख) .................... : धेरै रूप भएको

(ग) .................... : कुनै वस्तुको हुनाको

(घ) .................... : साँघुरोपना

(ङ) .................... : सम्मानसहित

(च) .................... : कसुर

(छ) .................... : शुद्ध पारिएको

**२. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| ऊर्जा | ठहर |
| निर्धारण | राक्षसीपन |
| दुर्बल | जमिनमा बस्ने प्राणी |
| शठता | भएकामा अरू थप |
| अतिरिक्त | मूर्खता |
| मानवीयता | शक्ति |
| | मानिस भएर गरिने |

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

निर्धारण, अनुभूति, प्रतिरूप, अवमूल्यन, ससम्मान, अतिरिक्त, परिष्कृत, मानवीयता, अर्धचेत

**४. शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

आज म मा यस्तो प्रस्न किन आयो म आफैलाई थाहा छैन । आमा हुनुको सोभ्फो मुल्य, असली मूल्य आफ्नै परीचय प्राप्त गर्नु हो यति चाहिँ मलाई थाहा छ । नारी हुनुको गौरव वोध गर्नु हो, यो पनि मलाई थाहा छ  भन्ने नै हो भने मनभरि अरू कुराहरू पनि भरिएर आउन थालेका छन् ।

**५. 'अतिरिक्त मूल्य' निबन्धका अनुच्छेद हाउभाउसहित पढ्नुहोस् ।**

**६. निबन्धकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) डा. रजनी ढकाल कहाँ प्राध्यापन गर्छिन् ?

(ख) डा. रजनी ढकाल कुन शैलीमा निबन्ध लेख्छिन् ?

(ग) डा. रजनी ढकालका निबन्धका विषयवस्तु के के हुन् ?

(घ) डा. रजनी ढकालका निबन्ध किन आकर्षक बनेका छन् ?

(ङ) डा. रजनी ढकाललाई किन नारीवादी निबन्धकार भनिन्छ ?

## ७. दिइएको अनुच्छेद पढी प्रश्नको उत्तर लेख्नुहोस् :

कति काममा पाएका स्याबासीहरू लिन्छु तर आफ्नै मूल्यका हुन् कि होइन टोलाइरहन्छु । मैले किन पाएँ ती मूल्यहरू ? म आफ्नै लागि त थिएँ नि तीकामहरूमा ! आफ्नै आवश्यकताका लागि गरेका मेरा कामहरूले किन अतिरिक्त मूल्य पाउनुपर्‍यो ? हो म आफ्नै आवश्यकताका लागि पढाउन जान्छु । काम गई आफ्नै आवश्यकताको कारण त हो, फेरि मेरो पुनर्मूल्याङ्कन किन जरुरी छ तर विद्यार्थीहरू मसँग आएपछि विद्यार्थीमा मात्रै सीमित रहन्नन् । केही बढी नै भइदिन्छन् । मेरो मायाको मूल्याङ्कन गर्न थाल्छन् । मेरो कर्मको अर्को सत्यले मलाई पर्गेल्न थाल्छन् । मलाई त्यतिबेला आफैँसँग लाज लाग्छ । जब मैले मेरा लागि काम गरेकी हुँ भने ती मलाई किन यति मूल्य दिन खोजिरहेछन् । के हो यसको अर्थ ? कि कुनै काममा कसैले अतिरिक्त मूल्य नदिँदा के हुन्छ ? म अतिरिक्त मूल्यले किचिन्छु । जे गर्छु, त्यसको बढी मूल्यले मूल्याङ्कित हुने सपना, मैले कहिल्यै देखिनँ तर मानिसहरू देख्छन् भने म के गर्न सक्छु ? काममा आशा र विश्वासहरू जोडिँदै जाने हो भने जीवन कति रमाइलो लाग्दो हो सबैलाई ! यही खुसी नै पो हो कि जीवनको अतिरिक्त मूल्य ? यदि हो भने यस्तो मूल्य मलाई स्वीकार्य छ ।

**प्रश्नहरू :**

(क) लेखक कसको आवश्यकताका लागि पढाउन जान्छिन् ?

(ख) विद्यार्थीले केको मूल्याङ्कन गर्छन् ?

(ग) लेखकलाई किन लाज लाग्छ ?

(घ) जीवनलाई कसरी रमाइलो बनाउन सकिन्छ ?

(ङ) लेखकलाई कस्तो मूल्य स्वीकार्य छ ?

## ८. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् :

आमा भएर कसरी भन्न मिल्छ मैले- मेरो बुढ्यौलीको कारण त होस् । कसरी भन्न सक्छु मैले मेरा सम्पूर्ण ऊर्जाहरूको उपयोग कर्ता तँ होस् । कसरी आरोप लगाउन सक्छु मैले मेरो कुरूपताको कारण तँ होस् । प्रत्येक सन्तानहरू आमाका प्रतिरूपमा लयबद्ध भूमिकामा देखिरहेछु । अहँ, मैले केही भन्न सक्दिनँ त्यस्ता आरोपहरू जसलाई अरूहरू भन्ने गर्छन्-

'आमाको रूप बिग्रिन्छ सन्तान जन्मिएपछि, सन्तान पर नै जान्छन् डोलीमा अन्मिएपछि ।' कसरी बिग्रिन्छ हँ रूप आमा हुनका लागि म जसरी तयार भएँ त्यो रूपका लागि पनि भागे त मै हुँ नि ! त्यो रूपको चाहना म आफैँबाट त पलाएको हो । म जन्मिन्छ : रूपहरूसँग पटक पटक भने म किन नगरूँ त्यस्तो सिर्जना । आमा हुनु बह सिर्जनाहरूमा पटक पटक बाँच्नु हो । आफैँलाई धेरै रूपहरूमा बाँड्न मन आमाहरूलाई । छोराछोरीका रूपहरूमा । पटक पटक बाँडिन्छन् आमाहरू । जान बाँडिन्छन् विश्वासको एक ढिक्का भएर बाँच्छन् आमाहरू ।

**९. दिइएका बुँदाका आधारमा निबन्धकार रजनी ढकालका निबन्धात्मक प्रवृत्ति लेख्नुहोस् :**

(क) नारीवादी निबन्धकार

(ख) आत्मपरक निबन्धकार

(ग) कवितात्मक भाषाशैलीको प्रयोग

(घ) संरचनायुक्त निबन्ध लेखन

**१०. एक एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) आमा हुनुको मूल्य कसको प्राकृतिक अधिकार हो ?

(ख) आमा कुन मूल्यलाई उठाउन तयार छन् ?

(ग) को अस्तित्वको कठघरामा उभिन सक्छ ?

(घ) नारी केको रूपमा शिक्षक बन्न सक्छिन् ?

(ङ) आमा कसरी नारीको परिष्कृत रूप हो ?

**११. ठिक बेठिक छुट्याउनुहोस् :**

(क) आमा हुनुको मूल्य पलपल पोखिएर सन्तानलाई भर्नु हो ।

(ख) प्रत्येक सिर्जना मौलिक भएर पनि विविध रूपमा छ ।

(ग) उसले कामको अतिरिक्त मूल्य खोजेको छैन ।

(घ) तिमी शतप्रतिशत हौ भने म पनि शतप्रतिशत

(ङ) आमा विशिष्ट स्वरूप हुन् ।

**१२. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) आमालाई कस्ता आरोप लाग्ने गरेका छन् ?

(ख) आमालाई अवमूल्यन गर्नु किन आफैँलाई हराउनु हो ?

(ग) नारीले कुन कुन भूमिका निर्वाह गर्नुपरेको छ ?

(घ) किन नारी र पुरुषबिच सहकार्यको खाँचो छ ?

(ङ) लेखकलाई आफैँसँग लाज लाग्नाको कारण के हो ?

**१३. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) आमा हुनुको मूल्य नारीको प्राकृतिक अधिकार प्राप्त गर्नु हो ।

(ख) नारीलाई आफ्नो स्वतन्त्र र प्राकृतिक भूमिका एउटा मानवीयताका नाताले सधैँ स्वीकृत छ ।

**१४. 'अतिरिक्त मूल्य' निबन्धको शीर्षक सार्थकता लेख्नुहोस् ।**

**१५. 'अतिरिक्त मूल्य' निबन्धको भाषाशैली लेख्नुहोस् ।**

**१६. 'अतिरिक्त मूल्य' निबन्धका मुख्य मुख्य बुँदाहरू टिपोट गर्नुहोस् ।**

**१७. 'अतिरिक्त मूल्य' निबन्धलाई नारीवादी निबन्धका रूपमा चिनाउनुहोस् ।**

**१८. 'अतिरिक्त मूल्य' निबन्धमा नारीलाई कुन रूपमा प्रस्तुत गरिएको छ ? विश्लेषण गर्नुहोस् ।**

**१९. 'अतिरिक्त मूल्य' निबन्धको सार लेख्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. दिइएका शीर्षकमा आत्मपरक निबन्ध लेख्नुहोस् ।**

**(क) मेरो जन्मभूमि** **(ख) जीवनको लक्ष्य**

**थप पाठ्यसामग्री**

**आत्मपरक निबन्धको नमुना**

## मेरो पढ्ने कोठा

म नेपाली साहित्य मुख्य विषय लिएर कक्षा दशमा अध्ययन गर्ने विद्यार्थी हुँ । मेरो आफ्नै घरमा भएको 'दश दश'को वर्गाकार कोठा यस संसारमा मेरा निम्ति सबभन्दा प्रिय कोठा हो । यससँग मेरो भौतिक सम्बन्ध त छ नै भावनात्मक र मनोवैज्ञानिक सम्बन्ध पनि छ । यस कोठामा पूर्वतिर सिरान गरिएको मात्र तीन फिट चौडाइको खाटमा मेरो विस्तारा छ । एउटा चौडा र अग्लो काठको तखताले बनेको न्याक छ जसमा मेरा झन्डै चार सय पुस्तकहरू सजाइएका छन् । एउटा कुर्सी, टेबल, कम्प्युटर र मेरा कपडा झन्ड्याउने ह्याङ्गर मेरो कोठाभित्रका सम्पत्ति हुन् । मलाई कस्तो लाग्छ भने यस कोठाभित्रका प्रत्येक वस्तुले मलाई चिनेका छन् र मौन रूपमा नै भए पनि यिनीहरू मसँग अन्तरक्रिया गर्छन् । मैले यिनलाई माया गरे झैँ यिनले पनि मलाई माया गर्छन् जस्तो न्यानो अनुभूति यहाँ बस्ता भइरहन्छ । दिनभरि विद्यालय र सहर बजारतिर भौँतारिएपछि साँझ झमक्क पर्दा जब म यस कोठामा प्रवेश गर्छु, आफू सुरक्षित, शान्त, मायालु र आरामदायी ठाउँमा पुगेको अनुभव गर्छु ।

यस कोठामा मलाई सबभन्दा मनपर्ने कुरा पुस्तकहरूले भरिएको न्याक नै हो । यसमा भएका झन्डै चार सय पुस्तकहरूमध्ये सबभन्दा धेरै साहित्यका छन् । रसियाली साहित्यकारहरू टोल्सटोय, गोर्की, दस्तोबस्की चेखबका उपन्यास कथा र नाटकहरू मेरो न्याकमा छन् भन्ने अनुभूति गौरवान्वित हुन्छु । अङ्ग्रेजी साहित्यकार सेक्सपियर, वर्डस्वर्थ सेलीका कविताहरूसँगै हाम्रा प्रिय महाकवि देवकोटा, कविशिरोमणिले नाट्यसम्राट सम र मूर्धन्य साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाका पुस्तकहरू राख्ता मलाई कस्तो लाग्छ भने मेरो न्याक आफैँमा एउटा संसार हो जुन मेरो कोठाको एउटा कुनामा अटाएको छ । कति रमाइलो कुरा त ?

मेरो कोठाका झ्यालहरू ठुल्ठुला छन् । मलाई ती झ्यालहरूमा सेतो रङ ज्यादा भएका बुट्टे पर्दाहरू झुन्ड्याउन खुब मन पर्छ । पूर्वतर्फ फर्केका झ्यालहरू बिहानको उदाउँदो सूर्यको पहिलो किरणले झलमल्ल पार्दा म साँच्चिकै रोमाञ्चित हुन्छु । मेरो कोठा मलाई मात्र होइन मेरा बाआमा र बहिनीलाई पनि मन पर्छ ।

आफू पढ्ने कोठाले मान्छेको जीवनशैली पनि देखाएको हुन्छ । हामी कसैको कोठामा राखिएका सरसमान र भित्तामा टाँसिएका चित्र, महावाणि आदि हेरेर त्यस मानिसको आर्थिक सम्पन्नताका साथै उसको सभ्यता, आनीबानी र रुचिको पनि अनुमान गर्न सक्छौँ । मेरो पढ्ने कोठाले सम्भवतः मेरो मध्यमवर्गीय आर्थिक स्तर पनि देखाएको छ तर यसका साथसाथै पुस्तक र विद्वान् व्यक्तित्वहरूप्रतिको मेरो आदर र लगावलाई पनि पक्कै देखाएको छ र म यस कुराप्रति गौरवान्वित पनि छु ।

वास्तवमा कोठा त एउटा भौतिक ठाउँ हो र यो जड वस्तु हो तर यसमा राखिने सामग्रीहरू, यिनको कलात्मक र आनन्ददायी सजावट  अनि यो वस्तुसँगको आफ्नो नियमित सम्बन्धले कोठालाई आफ्नो असल साथ बनाउन सकिने रहेछ । मेरो कोठा कहिले मेरा बाआमा जस्तो, कहिले बहिनी जस्तो, कहिले मेरा शिक्षक जस्तो, कहिले मानव जातिको इतिहास जस्तो, कहिले हाम्रा बाजेबराजु जस्तो, कहिले पुस्तकालय जस्तो र कहिले म आफैँ जस्तो देखेर म मक्ख परिरहन्छु ।

# एकाइ ४ : एकाङ्की खण्ड

## पाठ १ एकाङ्की विधाको सैद्धान्तिक अवधारणा

**सक्षमता**

(क) एकाङ्कीको परिचय प्रस्तुत गर्न

(ख) एकाङ्कीका विशेषताहरू बताउन

(ग) एकाङ्कीका आधारभूततत्त्वहरू लेख्न

(घ) एकाङ्की विकासक्रम बताउन

### १. परिचय

एकाङ्की दृश्य विधा हो । यो अभिनयात्मक हुन्छ । यो एक अङ्कमा लेखिएको हुन्छ । एकाङ्कीको कथावस्तु सङ्क्षिप्त हुन्छ । नाटक एकाङ्कीको बृहत् रूप हो । शब्द व्युत्पत्तिका आधारमा नाटक शब्द 'नट्' धातुबाट बनेको छ । 'नट' को अर्थ भाव प्रदर्शन गर्नु हो । यस आधारमा पात्रको बोली र अनुकरणद्वारा कुनै घटना विशेषको प्रदर्शनलाई नाटक भनिन्छ । नाटक बगैँचा हो भने एकाङ्की फूल हो । एकाङ्कीको परिचय नेपाली बृहत् शब्दकोशमा निम्नानुसार छ :

(क) कुनै देश, काल र वातावरणसँग सम्बद्ध नरनारीको चरित्र र कार्यलाई पात्रहरूको अभिनयका माध्यमद्वाराप्रद्रर्शन गरिने उद्देश्यले लेखिएको साहित्यिक विधा एकाङ्की हो ।

नाटकको परिभाषालाई सिसेरोले यस प्रकार व्यक्त गरेका छन् :

(ख) नाटक जीवनका विभिन्न पक्षहरू, चरित्रहरू र अनुभूतिहरूको अभिव्यक्ति हो । यसमा जीवन र समाजका तत्कालीन रीतिरिवाजहरू प्रतिबिम्बित हुन्छन् ।

अन्य विधाहरूको तुलनामा एकाङ्कीको भाषा सरल हुन्छ । योपात्र वा चरित्र प्रधान साहित्यिक विधा हो । एकाङ्की रङ्गमञ्चसँग सम्बन्धित हुन्छ । एकाङ्कीमा कार्य, स्थान र समयको सङ्गति चाहिन्छ । नाटक अङ्कका आधारमा पूर्णाङ्की र एकाङ्की गरी दुई प्रकारका हुन्छन् । पूर्णाङ्कीलाई नाटक र एकाङ्कीलाई लघु नाटक पनि भनिन्छ । पूर्णाङ्की नाटकमा सिङ्गो जीवन वा पुरै जीवनी प्रस्तुत हुन्छ । एकाङ्कीमा भने जीवनको कुनै एक पक्ष वा कुनै एउटा महत्त्वपूर्ण घटनाका बारेमा चित्रण गरिन्छ । लघु नाटक वा एकाङ्की पनि आफैँमा पूर्ण हुन्छ । यसमा तुलनात्मक रूपले थोरै पात्रहरू हुन्छन् । एकाङ्की वा लघुनाटकले मूल विषयसँग सम्बन्धित भएर छोटो समयमा दर्शक वा पाठकहरूमा गहन प्रभाव पार्छ । नाटक तथा

एकाङ्कीको मुख्य उद्देश्य साहित्यिक रसास्वादनका आधारमा पाठक वा दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्नु हो ।

अत : सङ्क्षिप्त कथावस्तु, थोरै पात्र, कुनै निश्चित उद्देश्य, एक अङ्क, पात्रहरूबिचको द्वन्द्वप्रधान भएको अभिनेयात्मक रचना एकाङ्की हो । एकाङ्की छोटो र सानो भए पनि यसमा सिङ्गो अभिव्यक्ति हुन्छ । यसमा  संवादका माध्यमले मानवीय चरित्र र कार्यको प्रदर्शन गरिन्छ ।

## २ एकाङ्कीका तत्त्व

एकाङ्की विधा साहित्यसँग सम्बद्ध पूर्ण रूपात्मक स्वरूप हो । यसको संरचना साहित्यका अनेक तत्त्वहरू मिलेर बनेको हुन्छ । यी तत्त्वहरू भनेका शीर्षक, विषयवस्तु, विचार, चरित्र, उद्देश्य, परिवेश, संवाद, भाषा, शैली आदि हुन् ।

### २.१ शीर्षक

शीर्षक एकाङ्कीको आधारभूत आवश्यक तत्त्व हो । यो एकाङ्कीको विषयवस्तु, पात्र वा घटनामध्ये कुनै एक पक्षसँग सम्बन्धित हुन्छ । शीर्षक र एकाङ्कीका अन्य तत्त्वहरूका बिचमा अर्थपूर्ण सङ्गति हुनु आवश्यक हुन्छ । शीर्षकलाई विषयवस्तु सङ्केत गर्ने अङ्गका रूपमा पनि लिइन्छ ।

### २.२ विषयवस्तु

कथावस्तु नै एकाङ्कीको विषयवस्तु हो । यो कथावस्तु ऐतिहासिक वा सामाजिक आदि अनेक प्रकृतिको हुन्छ । एकाङ्कीका घटनाहरू कथामा नै आधारित हुन्छन् । एकाङ्कीका कथावस्तुलाई मूल कथा र प्रासङ्गिक कथाका रूपमा विभाजन गर्न सकिन्छ । एकाङ्कीमा भने एउटै मूल कथा मात्र हुन्छ ।विषयवस्तु एकाङ्कीको धरातल हो । पात्रहरूले गर्ने कार्य व्यापारको प्रदर्शन विषयवस्तुमा नै आधारित हुन्छ । अतः एकाङ्कीका लागि विषयवस्तु आवश्यक पर्छ ।

### २.३ पात्र वा चरित्र

पात्र वा चरित्र पनि एकाङ्कीको आवश्यक तत्त्व हो । एकाङ्कीमा पात्रको सङ्ख्या सीमित हुनुपर्छ । एकाङ्कीलाई यथार्थ, स्वाभाविक र विश्वसनीय बनाउन सामाजिक चरित्र भएका पात्रहरू समावेश गर्नुपर्छ । एकाङ्कीका पात्र वा चरित्र समसामयिक मानव जीवन अनुरूपका हुनु आवश्यक छ । पात्रहरूको शील स्वभाव नै चरित्र हो । एकाङ्कीमा यसलाई क्रमिक रूपले प्रस्तुत गरिन्छ । चरित्रको प्रकाशन संवाद तथा क्रियाकलापका आधारमा हुन्छ । यिनीहरू बिचमा भएको द्वन्द्ववा सङ्घर्षको प्रभाव

पाठक वा दर्शकहरूमा प्रत्यक्ष रूपले पर्दछ । अतः पात्र वा चरित्रहरूलाई एकाङ्कीमा समावेश गर्दा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

## २.४ परिवेश

एकाङ्की देश, काल र परिस्थिति वा अवस्थासँग सम्बद्ध साहित्यिक विधा हो । यसलाई एकाङ्कीमा वातावरण वा परिवेश भनिन्छ । वातावरणको निर्वाहविना एकाङ्की जीवन्त हुन सक्दैन । एकाङ्कीमा देश, काल र कार्यको सङ्गति आवश्यक पर्छ । एकाङ्कीले आदिदेखि अन्तसम्म वातावरण वा परिवेशको निर्वाह गर्नुपर्ने हुन्छ । एकाङ्कीमा वातावरण वा परिवेशको बयान भने गरिँदैन, केवल सङ्केत मात्र गरिएको हुन्छ । यसको चिनारी संवाद, अभिनय, वेशभूषा आदिका माध्यमले प्राप्त हुन्छ । एकाङ्कीले वातावरण वा परिवेशसँग सम्बन्धित भएर नाटकीय आनन्द प्रदान गर्छ । यसमादृश्य परिवर्तनका अवसर कम हुन्छन् । एकाङ्की कम समयमा प्रदर्शन गरिने वा थोरै समयमा पढिने नाटकको भेद हो । यसले कम समयमा पनि विशेष नाटकीय आनन्द प्रदान गर्न सक्छ ।

## २.५ संवाद

एकाङ्कीमा संवादको विशेष महत्त्व हुन्छ । यसलाई कथनोपकथन पनि भनिन्छ । संवाद छोटा छोटा हुनुपर्छ । पात्रहरूको अवस्था र उनीहरूले गर्ने संवादका बिचमा तालमेल आवश्यक पर्छ । एकाङ्कीमा कथावस्तुलाई प्रदर्शन गर्ने माध्यम संवाद वा कथनोपकथन नै हो । यसका आधारमा नै कथा तथा घटनाहरू गतिशील हुन्छन् । पात्रहरूको चरित्र चित्रणमा पनि संवादले मदत गर्छ ।

## २.६ भाषाशैली

एकाङ्की विशेष गरेर बोलीचालीको भाषासँग सम्बद्ध साहित्यिक विधा हो । यसको भाषा सरल, सहज र प्रभावकारी हुनुपर्छ । एकाङ्कीको सफलता पात्रहरूले प्रयोग गर्ने भाषामा निर्भर हुन्छ । यी सङ्क्षिप्त वा सङ्केतात्मक शैलीको हुन्छन् । एकाङ्कीकारका भावना, विचार र तर्कहरू संवादकै माध्यमले व्यक्त गरिएका हुन्छन् । विषयवस्तु वा कथावस्तुमा आधारित एकाङ्कीको भाषाशैली पाठक वा दर्शकलाई प्रभावित गर्ने हुनुपर्छ ।

## २.७. विचार तथा उद्देश्य

लेखकले एकाङ्कीका माध्यमद्वारा प्रस्तुत गर्न चाहेको जीवनदृष्टि त्यस नाटकको विचार तथा उद्देश्य हो । यो पाठक वा दर्शकसँग सम्बद्ध हुन्छ । पाठक वा दर्शकले एकाङ्कीको समाप्तिमा जस्तो भावात्मक अनुभूतिले गर्छ, त्यसलाई एकाङ्कीको विचार

तथा उद्देश्य मान्नुपर्छ । जीवन जगत्सम्बन्धी एकाङ्कीकारका अनुभवहरूएकाङ्कीका विचारहरू हुन् । जीवनसँग सम्बन्धित समस्याहरूलाई व्यक्त गर्नु एकाङ्कीको उद्देश्य हो ।

## ३. नेपाली एकाङ्कीको विकासक्रम

एकाङ्की लघु नाटक हो । यो एक अङ्कको हुन्छ । नेपाली नाटक विधामा यसको थालनी वि.सं. १९९९ मा हुन गयो । यसको थालनी गर्ने व्यक्ति पुष्कर समसेर र बालकृष्ण सम हुन् । पुष्कर समसेरको 'लक्ष्यहीन' र बालकृष्ण समको 'बोक्सी' एकाङ्की त्यति बेला शारदा पत्रिकामा एकैपटक छापिएका थिए । त्यहाँदेखि हालसम्म लेखिएका एकाङ्कीहरूलाई चार समूहमा विभाजन गर्न सकिन्छ :

१. आदर्शवादी धारा
२. यथार्थवादी धारा
३. मनोविश्लेषणवादी धारा
४. समसामयिक धारा

### ३.१ आदर्शवादी धारा

आदर्शवाद पनि एकाङ्की लेखनको एक प्रमुख आधार हो । आदर्शवादले समाज कस्तो हुनुपर्छ भन्ने कुरालाई सङ्केत गर्छ । यसै मान्यतालाई आधार मानेर धेरै नाटककारहरूले प्रशस्तै एकाङ्कीहरू लेखेका छन् । तिनीहरूमध्ये केहीको नाम यहाँ यसप्रकार उल्लेख गरिन्छ :

#### (क) बालकृष्ण सम

सम आफ्ना एकाङ्कीमा आदर्श पात्रहरूलाई समावेश गर्छन् । उनका एकाङ्कीहरूको विषयवस्तु, भाषाशैली र परिवेश पनि त्यसै अनुसारको आदर्श हुन्छ । उनका एकाङ्कीहरूलाई समस्यामूलक, मनोवैज्ञानिक र तर्कप्रधान भनी तीन वर्गमा विभाजन गरिएको पाइन्छ । उनी आफैले पनि आफ्ना एकाङ्कीहरूलाई नृत्यनाटय, सङ्गति नाट्य, कविता नाटय र भाव नाटय भनी वर्गीकरण गरेका छन् । उनका एकाङ्कीहरू नेपाली नाटक विधामा महत्त्वपूर्ण उपलब्धि मानिएका छन् ।

#### (ख) भीमनिधि तिवारी

भीमनिधि तिवारी सामाजिक एकाङ्कीकार हुन् । उनले ऐतिहासिक एकाङ्कीहरू पनि लेखेका छन् । उनका एकाङ्कीहरू हरेक दृष्टिले उत्कृष्ट मानिएका छन् । उनका एकाङ्कीहरूको सङग्रह यस प्रकार छ । जस्तै :

(अ) पाँच ऐतिहासिक एकाङ्की
(आ) एकाङ्की पल्लव

(इ) एकाङ्की कली

भीमनिधि तिवारीका उक्त एकाङ्की सङ्ग्रहहरू नेपाली नाटक विधामा निकै महत्त्वपूर्ण मानिन्छन् । उनी एकाङ्कीहरूमा धेरै दृश्यहरूलाई पनि समावेश गर्छन् । उनले आफ्ना एकाङ्कीमा मञ्चनको औचित्यलाई निकै ख्याल गरेका छन् ।

**(ग) हृदयचन्द्र सिंह प्रधान**

हृदयचन्द्र सिंह प्रधानका एकाङ्कीहरू सामाजिक ऐतिहासिक र पौराणिक गरी तीन प्रकारका छन् । उनका एकाङ्कीहरूको सङ्ग्रह नै चारओटा उपलब्ध भएका छन् । जस्तै :

(अ) छेउ लागेर (आ) गङ्गालालको चिता

(इ) उनी देवता हुन् (ई) कीर्तिपुरको युद्धमा

प्रधानका एकाङ्कीहरू अभिनयका दृष्टिले सहज भाषाका दृष्टिले सरल, भावका दृष्टिले गहन छन् । उनी नाट्यसिद्धान्तलाई आधार मानेर एकाङ्की लेख्छन् । यसरी सम, तिवारी र प्रधान आदर्शवादी धाराका एकाङ्की लेख्नेहरूमा प्रमुख मानिएका छन् । आदर्शवादी धाराका एकाङ्कीहरूका विशेषतालाई बुँदागतरूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

(क) नाट्य सिद्धान्तमा पूर्ण रूपले आधारित एकाङ्की

(ख) आदर्शवाद, स्वच्छन्दवाद र प्रगतिवादको प्रस्तुति

(ग) पौराणिक सामाजिक र ऐतिहासिक विषयवस्तुको समावेश

(घ) गद्य वा पद्य भाषाहरूको प्रयोग

(ङ) मौलिक एकाङ्कीहरू र एकाङ्कीमा मौलिकता प्रयोग

## ३.२ यथार्थवादी धारा

यथार्थवाद आदर्शको खोजी गर्दैन । यसले समाज जस्तो छ, साहित्यका माध्यमले त्यस्तै प्रस्तुत गर्छ । यस मान्यतामा एकाङ्की लेख्ने मुख्य व्यक्ति गोपालप्रसाद रिमाल मानिएका छन् । अन्य व्यक्तिहरूमा रुद्रराज पाण्डे, चूडानाथ भट्टराय, श्यामदास वैष्णव, तुलसी अपतन आदिको नाम उल्लेख गर्न सकिन्छ । यथार्थवादमा आधारित एकाङ्कीहरूको विशेषता वा प्रवृत्तिहरूलाई बुँदागत रूपमा यस प्रकार उल्लेख गर्न सकिन्छ :

(क) समस्यामूलक विषयवस्तुलाई प्रस्तुत गर्ने ध्येय

(ख) युरोपेली नाटककार इब्सेनको प्रभाव

(ग) सामाजिक जीवनको यथार्थ प्रस्तुति

(घ) नारी समस्याहरूको यथार्थ चित्रण

(ङ) चरित्र प्रधान एकाङ्कीको रचना

(च) सरल भाषाशैलीको प्रयोग

## ३.३ मनोविश्लेषणवादी धारा

नेपाली एकाङ्की विधामा गोविन्दवहादुर गोठाले, विजय मल्ल, वासु शशी, मनबहादुर मुखिया आदिले मनोविश्लेषणात्मक एकाङ्कीहरू लेखेका छन् । उनीहरूले लेखेका एकाङ्कीहरूको विशेषता वा प्रवृत्तिहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :

(क) विश्लेषणात्मक भाषाशैली

(ख) समस्यामूलक पात्रहरू

(ग) पात्रहरूका चरित्रको सूक्ष्म चित्रण

(घ) पात्रहरूको न्यून सङ्ख्या

(ङ) मनोवैज्ञानिक सिद्धान्तको प्रयोग

## ३.४ समसामयिक धारा

यो धारा समसामयिक चिन्तन, शिल्प र शैलीमा आधारित हुन्छन् । वि.सं. २०३० देखि आजसम्मका एकाङ्कीहरू समसामयिक एकाङ्की मानिएका छन् । यस अवधिमा सक्रिय रूपले एकाङ्की लेख्नेहरूमा अशेष मल्ल, मोहन राज शर्मा, गोपाल पराजुली, शिव अधिकारी, अविनाश श्रेष्ठ आदिको नाम आउँछ । यसैलाई आधार मानेर समसामयिक एकाङ्कीहरूको विशेषता वा प्रवृत्तिलाई यस प्रकार उल्लेख गर्न सकिन्छ । जस्तै :

(क) वस्तु र शिल्प पक्षमा नवीनता

(ख) अस्पष्ट र जटिलता

(ग) कथानकको अभाव वा कमी

(घ) वैचारिक मान्यता प्रतिको मोह

(ङ) प्रयोगमा विविधता वा अनेक रूपता

## अभ्यास

१. **उपयुक्त उत्तर छान्नुहोस् :**

**(क) एकाङ्कीको मुख्य विशेषता कुन हो ?**

(अ) थोरै पात्र हुनु (इ) एक अङ्कमा लेखिनु

(आ) थोरै दृश्य हुनु (ई) माथिका सबै

**(ख) एकाङ्की कुन किसिमको विधा हो ?**

(अ) श्रव्य विधा (इ) श्रव्य-दृश्य विधा

(आ) दृश्य विधा (ई) माथिका कुनै पनि होइन

**(ग) एकाङ्कीसँग असम्बन्धित तत्त्व कुन हो ?**

(अ) शीर्षक (इ) लय

(आ) संवाद (ई) उद्देश्य

**(घ) एकाङ्कीको भाषा शैली कस्तो हुन्छ ?**

(अ) सरल (इ) आलङ्कारिक

(आ) जटिल (ई) काव्यात्मक

**(ङ) लक्ष्यहीन एकाङ्की कसले लेखेका हुन् ?**

(अ) बालकृष्ण सम (इ) विजय मल्ल

(आ) पुष्कर शमसेर (ई) अशेष मल्ल

**(च) भीमनिधि तिवारीको एकाङ्की सङ्ग्रह कुन हो ?**

(अ) छेउ लागेर (इ) एकाङ्की कली

(आ) उनी देवता हुन (ई) गङ्गालालको चिता

**(छ) पद्य भाषा शैलीमा एकाङ्की लेख्ने एकाङ्कीकार को हुन् ?**

(अ) पुष्कर समसेर (इ) भीमनिधी तिवारी

(आ) बालकृष्ण सम (ई) गोविन्दबहादुर गोठाले

२. **तलका अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

**ध्वनि नाटक**

नाटक जब रेडियोद्वारा प्रस्तुत गरिन्छ, तब त्यसलाई रेडियो रूपक वा ध्वनि नाटक भनिन्छ । प्रायः यस्ता नाटकहरू एकाङ्की नै हुन्छन् । रेडियोबाट सुनाइने नाटकमा श्रव्य गुण नै हुन्छ । पात्रहरूको स्वरको आरोह अवरोह र हाँसो खेदन तथा पार्श्व सङ्गीतले गर्दा यसले पनि श्रव्य काव्यले भन्दा बढी आनन्द दिन्छ । यसैले गर्दा दृश्य नभए पनि यसलाई नाटक भन्ने चलन छ । टेलिभिजनबाट त नाटक दृश्य रूपमा पनि प्रस्तुत गर्न सकिन्छ ।

*(केशवप्रसाद उपाध्याय : साहित्य प्रकाश)*

**प्रश्नहरू :**

(क) रेडियो रूपक वा ध्वनि नाटकको परिभाषा के हुन सक्छ ?

(ख) रेडियो नाटकहरूको अङ्क विभाजन कुन रूपमा हुन्छ ?

(ग) रेडियो रूपकलाई कसरी नाटक भन्न सकिन्छ ।

(घ) रेडियोबाट प्रसारित र टेलिभिजनबाट प्रदर्शित नाटकबिच कस्तो भिन्नता हुन्छ ?

३. **अनुच्छेद पढेर एकाङ्कीका लक्षण बुँदाका रूपमा उल्लेख गर्नुहोस् :**

**एकाङ्की**

एकाङ्की नाटकमा अङ्क एक हुन्छ, तर दृश्य धेरै पनि हुन सक्छन् । एकाङ्कीको कथावस्तु सङ्क्षिप्त हुन्छ । यसको कथाबस्तु कुनै मार्मिक स्थलबाट थालिन्छ र आकस्मिक रूपमा टुङ्गिन्छ । नाटकका किसिमले यसमा जीवनको पूरा चित्र देखाइँदैन, पात्र पनि कमै हुन्छन् । एकाङ्कीमा खास गरी जीवनको कुनै पक्षमाथि प्रकाश पारिन्छ, तर त्यो तीव्र हुन्छ र विषयमा पूर्ण चित्रित रहन्छ । नेपालीमा प्रकाशित एकाङ्कीहरूमध्ये भीमनिधि तिवारीको 'एकाङकी पल्लव', पाँच ऐतिहासिक एकाङ्की, हृदयचन्द सिँह प्रधानको 'गङ्गालालको चित,' 'छेउ लागेर' रुद्रराज पाण्डेको 'हाम्रो गौरव', कुमार घिसिङको 'सानी' साझा प्रकाशनको 'साझा एकाङ्की' आदि यस्ता केही कृति हुन् ।

*(कृष्णप्रसाद पराजुली- राम्रो रचना : मिठो नेपाली)*

४. **एकाङ्कीको परिचय तथा विशेषताहरू लेख्नुहोस् ।**

५. **एकाङ्कीका तत्त्वहरूका बारेमा प्रबन्ध लेख्नुहोस् ।**

६. **एकाङ्की विधाको थालनी कहिले कसरी भयो ?**

७. **यथार्थवादी एकाङ्कीका विशेषताहरू के के हुन् ?**

८. **मनोविश्लेषणवादी धाराका एकाङ्कीकारहरूको कोहुन् ?**

**पाठ २**

# एकाङ्कीकार अशेष मल्ल र उनको 'खेलहरूको खेल' एकाङ्की

**सक्षमता**

(क) एकाङ्कीकार अशेष मल्लको सामान्य परिचय र एकाङ्कीगत विशेषता बताउन

(ख) एकाङ्की पढी शब्दभण्डार वृद्धि गर्न

(ग) एकाङ्की सङ्क्षिप्त उत्तर दिन

(घ) एकाङ्कीलाई तत्त्वगत विश्लेषण गर्न

(ङ) एकाङ्की पढी समिक्षात्मक उत्तर लेख्न

(च) अनुकरणात्मक तथा सिर्जनात्मक एकाङ्की/संवाद लेख्न

## एकाङ्कीकारको परिचय र एकाङ्कीगत प्रवृत्ति



एकाङ्कीकार अशेष मल्लको जन्म वि.सं. २०११ चैत्र २१ गते धनकुटामा भएको थियो । उनले नेपालीमा एमए गरेका छन् । उनी वि.सं. २०४१ सालदेखि त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन पेसामा छन् । उनी प्रज्ञा प्रतिष्ठानको सदस्य पनि भए । एकाङ्कीकार मल्लले वि.सं. २०३८ मा सर्वनाम नाट्य समूह स्थापना गरी सडक नाटक अभियान सञ्चालन गरेका थिए । उनले नाटक निर्देशककारूपमा पनि काम गरेका छन् । उनी नेपाली साहित्यमा कवि र कथाकारका रूपमा पनि चिनिएका छन् ।

एकाङ्कीकार अशेष मल्लले नेपाली साहित्यमा 'सडक नाटक' को सूत्रपात गरे । उनका नाटकहरूलाई 'सर्वनाम' भन्ने नाट्य संस्थाले देशव्यापी रूपमा प्रदर्शन गरेको छ । एकाङ्कीकारले खुला आकाशमुनि नाटक देखाउने परम्पराको थालनी 'मुर्दावादमा उठेका हातहरू' (२०३५) नाटकबाट सुरु गरे । 'हामी वसन्त खोजिरहन्छौँ' (२०३८), सडकदेखि सडकसम्म (२०४१), 'तुवाँलोले ढाकेको बस्ती' (२०४१), 'अनादिक्रम' (२०४५) उनका प्रसिद्ध एकाङ्कीहरू हुन् । अशेष मल्लले नयाँ नयाँ प्रयोग गरेर थुप्रै एकाङ्कीहरू लेखेका छन् । उनकाएकाङ्की वा लघु नाटकहरू पत्रपत्रिकाहरूमा प्रशस्तै प्रकाशन भएको पाइन्छ । 'रातका बन्द आँखाहरू, समाप्त असमाप्त, सङ्केत, व्यक्ति विभक्ति, घरभित्रको आकाश, अतिरिक्त आकाश, खेलहरूको खेल' उनका प्रकाशित एकाङ्कीहरू हुन् । उनलाई 'सर्वश्रेष्ठ निर्देशक सम्मान' (२०३९), 'मस्याचु पुरस्कार' (२०४०), 'सर्वश्रेष्ठ नाटककार सम्मान' (२०४१), 'साझा पुरस्कार' (२०४१) 'युवा वर्ष मोती पुरस्कार' (

२०४५) द्वारा विभूषित गरिएको छ ।

अशेष मल्ल प्रयोगवादी शैलीका एकाङ्कीकार हुन् ।  उनले प्रौढ नाटकका अतिरिक्त बालनाटकहरू पनि लेखेका छन् । उनको प्रस्तुत 'खेलहरूको खेल' एकाङ्की निकै घतलाग्दो छ । उनका एकाङ्कीले सामाजिक जीवनसँग सम्बद्ध मेलमिलाप र द्वन्द्वलाई टड्कारो रूपमा प्रस्तुत गरेका छन् । यस नाटकले समाज सुधारका पक्षहरूलाई सङ्केत गरेको छ । मेलमिलाप नै सामाजिक जीवनको महत्त्वपूर्ण आदर्श हो भन्ने कुरा 'खेलहरूको खेल' एकाङ्कीको भाव हो । सामान्य विषयलाई प्रभावकारी रूपमा प्रस्तुत गर्नु, संवादको भाषा सरल हुनु, विषयवस्तुको प्रस्तुति नाटकीय दृष्टिले सशक्त हुनु, रङ्गमञ्चसम्बन्धी विवरण प्रस्ट हुनु आदि अशेष मल्लका नाटकका मुख्य विशेषताहरू हुन् । एकाङ्कीगत प्रवृत्तिलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) प्रयोगवादी एकाङ्कीकार

(ख) विषयवस्तुको प्रतीकात्मक प्रस्तुति

(ग) नाटक एकाङ्कीलाई परम्परित घेराबाट मुक्त

(घ) सरल, सहज भाषा र सङ्क्षिप्त संवादको प्रयोग

**पात्रहरू**

नाना, समीर, हरि, सतिस, वनमान्छे, पहिलो केटो, दोस्रो केटो, बाघ

(जङ्गलको दृश्य देखिन्छ । केही रूख छन् । एकछेउमा सानो ढिस्को हुन्छ । नाना, समीर, हरि र सतिसको प्रवेश हुन्छ । उनीहरू नाच्दै आउँछन् र गाउँछन् ।)

सबै : आऊ हामी खेलौँ, नाचौँ, गाऔँ, खेलौँ- रेलगाडी छुक् छुक् छुक्.....

समीर : मेरो नाम समीर हो ।

नाना : तिम्रो नाम समीर भए, मेरो नाम नाना हो ।


हरि : मेरो नाम हरि हो ।

सतिस : घरमा मलाई पप्पु भन्छन्, नाम मेरो सतिस ।

सबै : मिलीजुली एक हुने, हामी सबै एउटै ।

सतिस : ढुकुमुकु ढुकुमुकु कसको हात ।

हरि : मेरो हात । (सबै हाँस्छन्) सुनसुन साथी हो, म केही भन्छु, एकादेशको एउटा कथा कहन्छु ।



हरि र नाना : ठुलो ठुलो पोखरी, पोखरीमा माछा,

रातानिला रङ्गीबिरङ्गी

माछा माथि माछा,

ठुलासाना सबै माछा, मिलिजुली बस्ने

मिलिजुली बसेपछि, कसले हेप्न सक्ने ?

सबै : कसले हेप्न सक्ने ?

नाना : हिप हिप (सिठ्ठी बजाउँछे)

सबै : हुर्रे ...

हरि : अब त थकाइ पनि लाग्यो, भोक पनि लाग्यो खाने होइन ?

सतिस : ऊ हेर त त्यो पोखरीमा कत्राकत्रा माछा ! माछा मारौँ न ।

हरि : कसरी मार्ने माछा । माछा त चिप्लो पो हुन्छ ।

समीर : मलाई आउँछ माछा मार्न, पर्ख है त ... (समीर एउटा लठ्ठीमा धागो बाँध्छ) यो लठ्ठी भयो हगि ? अब यसमा धागो बाँध्नुपर्छ । यो धागोको टुप्पामा खानेकुरा राख्नुपर्छ (झोलाबाट मकैको गेडो निकाल्छ र बाँध्छ) अब यसलाई पोखरीमा यसरी डुबाउनुपर्छ । (बल्छीलाई मञ्चको पछिल्तिर फाल्छ) हेर है त माछाले यो खान्छ, माछो अड्किन्छ अनि त माछो आइहाल्छ । (बल्छी पोखरीमा डुबाएझैँ अभिनय गर्छ । अरू सबै निकै उत्सुकतावश त्यो क्रिया हेरिरहन्छन् ।) निकै ठुलो माछो परेजस्तो छ । (समीर बल गर्छ) लौ आ

सबै : (थपडी मार्छन्) आयो ... माछो आयो ...

(बल्छी निकाल्छ । बल्छीमा माछो होइन, भ्यागुतो अड्किएर आउँछ । सबै हाँस्छन् ।)

हरि : माछो भनेको त भ्यागुतो पो परेछ ।

समीर : (भ्यागुतो झिकेर फाल्दै) निराश हुने त कुरै छैन । फेरि बल्छी हाल्छु । यो पल्ट त कसो नपर्ला हेरूँ त...

(धागामा मकै बाँध्छ ।)

सतिस : माछा मार्नु त त्यत्तिकै हो । तिमीले मार्‍यौ भने त म बाजी ठोक्छु ल ।

समीर : (धागो फाल्दै) ल न त ल बाजी ठोक । आज माछा नमारी त एक जान्नँ, दुई जान्नँ, तीन जान्नँ ।

सतिस : त्यत्तिकै हो, कल्ले भन्दा त समीरले माछा मार्ने रे । कस्ता कस्ता कहाँ गए, मुसाको छोरा देवान ।

नाना : त्यत्तिसारो नभन है सतिस । समीरले माछा मारेर देखायो भने तिमी के गर्छौ ?

हरि : समीरले माछा मार्‍यो भने त म पोलपाल गरेर खाइदिन्छु । तिमीहरू झगडा गरेर बसिराख ।

सतिस : बढी कुरा किन गर्छौ, बाजी त मारेर हेरूँ ।

नाना : लौ (हात लिँदै) के को बाजी भन...

हरि : तिमीहरू बढी हल्ला नगर है । तिमीहरूको हल्लाले अहिले माछा भाग्लान् । कतिखेर समीरले माछा मार्ला र खाऊँ भनेको ।

सतिस : खायौ माछा ।

समीर : (पोखरीतिर हेर्दै) पख न किन हतार गर्छौ ? कोसिस नगरी केही पाइँदैन । मलाई कोसिस त गर्न देऊ ।

(समीर बल्छीमा नै ध्यान दिन्छ)

सतिस : बाजी मार्छु भनेको होइन ?

सतिस : लौ (हात दिन्छ) यसले माछा मार्‍यो भने ...

हरि (बिचैमा कुरा काट्दै) समीरले माछा मार्‍यो भने दशपल्ट उठबस गर्नुपर्छ ।

सतिस : ल हुन्छ । अनि मारेन भने ?

नाना : म दशपल्ट उठबस गर्छु ।

समीर : (खसी हुँदै) पर्ख है त माछो परेजस्तो छ पर्‍यो, माछो पर्‍यो ...

(बल्छी माथि उठाउँछ । धागोमा माछो बाँधिएर आउँछ ।)

समीर, नाना र हरि : पर्‍यो । माछो पर्‍यो ।

नाना : उठबस गरिहाल त सतिस । (सतिस उठबस गर्छ । नाना सिठ्ठी बजाउँछे) हिप हिप हुर्रे ...

हरि : लौ अब माछो पोलौं, अनि खाने कुरा खाऔं ।

(ढुङ्गा राखेर चुलो बनाएको, भात पकाएको आदि अभिनय गरेपछि रूखबाट पात टिपेर खान ठिक पार्छन् ।)

नाना : कस्तो लाग्यो त सतिस? समीरले माछो मार्‍यो कि मारेन त ?

सतिस : मैले मानें बा ! मलाई त पत्यारै लागेको थिएन ।

समीर : मिहिनेत गर्नुपर्छ, जुक्ति लगाउनुपर्छ, नहुने त कुरै छैन । गरेर नहुने के छ यो संसारमा ?

हरि : तिमीहरूको कुरै बढी । याँ आफूलाई भोक लागेर कस्तो भइसक्यो ।

नाना : ल ल म ठिक पार्दिन्छु ।(पातमा भाग लगाउन थाल्छे । अचानक वनमान्छे झैँ देखिने व्यक्ति प्रवेश गर्छ । सबै डरले रूखमा लुक्न पुग्दछन् ।)

वनमान्छे : ए फुच्चे हो । तिमीहरू यो जङ्गलमा के गर्दै छौ ? (सबै डराउँछन् ।) यो कस्को जङ्गल हो थाहा छ ? कसलाई सोधेर आयौ तिमीहरू ? (गन्दै) एक ... दु(ई)..तीन... चार तिमीहरू चार जना आएका रहेछौ । अब तिमीहरूमध्ये एक जना यो जङ्गलबाट फर्केर जान सक्दैनौ । यो जङ्गलमा जो आउँछ हरेक दिन एकएक जनालाई यो जङ्गलको मालिक बाघले त्यसलाई खाने गर्छ । आज तिमीहरू आएछौ, अब तिमीहरूमध्ये एक जनालाई बाघ आएर खाने छ । लौ भन, को मर्न तयार छ भन...

(सबै भाग्न खोज्छन् । वनमान्छेले रोक्छ ।)

वनमान्छे : खबरदार । यहाँबाट कोही भाग्न पाउँदैन । यसरी भाग्न खोज्छौ भने त्यो बाघले लखेटेर तिमीहरू चारै जनालाई खानेछ । यदि तिमीहरू नभागेर सल्लाह गरी एक जना मर्न तयार भयौ भने एक जनालाई मात्र खानेछ । लौ भन, तिमीहरू चारै जना मर्छौ कि एक जना मात्रै मर्छौ ? मेरो विचारमा तिमीहरू एक जना मात्र मर्छौ । त्यसो भए सल्लाह गर । बाघ आउने बेला भयो । एक जना तयार भएर बस । भाग्न खोज्यौ भने चारै जनाको ज्यान जाला । एक जना तयार भएर बस... बाघ आउने बेला भयो ।

(वनमान्छे रुखको हाँगा भाँचेर त्यो खाँदै जान्छ । सबै डराउँछन् ।)

नाना : (रुन खोज्दै) अब के गर्ने ?

हरि : हामी रुख चढेर लुकौँ न ।

सतिस : रुखमा चढेर के गर्ने । बाघ रुखमा चढ्यो भने ।

हरि : त्यसो भए के गर्ने त ?

नाना : अब हामीलाई खान्छ । समीर, भन न के गर्ने ?

(समीर सोचमग्न देखिन्छ ।)

सतिस : मैले त यो जङ्गलमा नआऊँ भन्दै थिएँ नि ।

समीर : नडराऊ सतिस । बुद्धिले पो काम लिनुपर्छ ...पर्ख, मैले एउटा जुक्ति सोचेँ ।

सबै : के जुक्ति?

समीर : के गरौँ भने... हामी सबै मरेको जस्तो भएर सुतौँ । बाघ आएर हामीलाई हेर्छ, अनि फर्किहाल्छ नि । बाघले ज्युँदोलाई मात्र खान्छ रे ।

हरि : हुन्छ, हुन्छ । त्यसै गरौँ ।

सतिस : हुँदैन । बाघले केही गरेर हामी मरेका छैनौँ भन्ने थाहा पायो भने के गर्ने नि ?

समीर : (केही सोचेर) त्यसो भए म एउटा कुरा भन्छु, मान्छौ ? तिमीहरू मान्छौ भने मात्रै भन्छु ।

नाना : पहिला भन न त ।

हरि : भन समीर के भन्न लाग्यौ ।

समीर : त्यो बाघले एक जनालाई मात्र खान्छ भनेको होइन ? ल मलाई खाओस् म मर्छु तिमीहरू जाओ ।

नाना : पर्दैन, खुब जान्ने भएर बोल्ने ।

हरि : समीर । तिमी त घरमा एक्लो छोरो । तिमीलाई तिम्रा बाआमाले कस्तो माया गर्नुहुन्छ । मेरो त आमा पनि हुनुहुन्न । सानीआमाले सधैँ पिट्नुहुन्छ । बुबा पनि मलाई सधैँ आमाटोकुवा भन्नुहुन्छ । दिनदिनै रक्सी खानुहुन्छ । म मर्छु समीर ! म मरेँ भने मेरी सानीआमा, बुबा खुसी हुनेछन् । म बाँचेर पनि के हुन्छ र ?

सतिस : किन त्यसो भन्छौ हरि ? बरु त्यो बाघले मलाई खाओस् म मर्छु ।

नाना : नाइँ पर्दैन, कोही पनि मर्न पर्दैन ।

सतिस : म मर्छु । स्कुलमा फिसमेत तिर्न नसकेर मेरो पढाइ रोकिसक्यो । आमा सधैँ अर्काको भाँडा माझेर हामीलाई खुवाउनुहुन्छ, मेरो त दाजुभाइ पनि पाँचपाँच जना छन्, एकछाक पनि राम्ररी खान पाउँदैनौँ ।

समीर : तिमीहरू जेसुकै भन, म तिमीहरूलाई मर्न दिन्नँ, जाऊ तिमीहरू, गइहाल, बाघको आहारा म बन्छु ।

हरि : त्यसो नभन समीर । तिमी एक्लो छोरो, मजस्तो सानीआमाबाट हेला भएको छोरो होइनौ तिमी ।

सतिस : मजस्तो भोक-भोकै बस्नुपर्नेजस्तो पनि होइनौ तिमी ।

(बिचमै पातको आवाज आउँछ, सबै तर्सन्छन् र रूखको आडमा लुक्छन् । फेरि शून्य । केवल हुरीको आवाज आउँछ ।)

नाना : बाघ आउने बेला भइसक्यो होला, के गर्ने ?

(सबै एकले अर्कालाई हेर्छन् ।)

हरि : तिमीहरू सबै घर जाओ, मलाई एक्लैं छाडिदेओ ।

समीर : पर्दैन ।

(फेरि कोही हिँडेझैँ आउँछ । सबै डराउँछन् । केही क्षणमा दुई जना केटाहरू हातमा गुलेली लिएका, गगल्स, बुट, ज्याकेट लगाएका घाँटीमा स्कार्फ लगाएका, प्रवेश गर्छन् ।)

पहिलो केटो : यिनीहरू नै हुन् हाम्रो सिकार भगाउने ।

समीर : को हौ तिमीहरू ?

दोस्रो केटो : हामीले मार्न लागेको चरालाई उडाउने को हौ ?

पहिलो केटो : यिनीहरू नै हुन्.यिनीहरूलाई आज छाड्नुहुँदैन ।

(दुवै कराँते शैलीमा पिट्न लाग्छन् । समीरको हातमा घडी देखेर रोकिन्छन् ।)

दोस्रो केटो : यो घडी कहाँबाट ल्याइस् ? फुकाल् ।

समीर : फुकाल्दिनँ । के गर्छस्?

पहिलो केटा : फुकाल्दैनस् ? पख् !

(फेरि कराँते हिर्काउन खोज्छ । दोस्रो केटाले घडी खोसेर लिन्छ । दुवैले त्यो घडी ओल्टाइपल्टाइ हेर्छन् । फेरि माछा पनि देख्छन्,त्यो पनि खोसेर लिन्छन् ।)

पहिलो केटो : यी ! यिनीहरूले माछा पनि मारेछन् ।

(सतिसले बोकेको झोला खोस्दै दोस्रो केटो कराउँछ ।)

दोस्रो केटो : क्या हो यो निकाल् ।

(दुवैले झोला खोसेर लिन्छन् । भित्रका केही खानेकुरा दुवैले खान्छन् । एकछेउमा दुवै खान व्यस्त हुन्छन् । मौका छोपेर समीर साथीहरूको कानकानमा कानेखुसी गर्छ र सबै विस्तारविस्तार भाग्छन् । ती दुई केटाहरू भने खानैमा व्यस्त हुन्छन् ।)

पहिलो केटो : आहा ! क्यो मिठो रै'छ ।

दोस्रो केटो : यो घडी म लिन्छु कस्तो राम्रो रै'छ ।

पहिलो केटो : के रे ? तँ लिन्छस् ! ले म लिन्छु ।

दोस्रो केटो : दिन्नँ, मलाई चाहिन्छ ।

पहिलो केटो : तेरो दाँत झार्दिउँला । दिन्छस् कि दिन्नस् ?

(दुवै झगडा गर्न थाल्छन् । जङ्गल थर्काउने गरी कराउँदै बाघ आउँछ । बाघ देखेर दुवै तर्सेर भाग्न खोज्छन् ।)

बाघ : ए दुष्ट बालकहरू ! म तिमीहरूका सबै चर्तिकला हेर्दै छु । अब म तिमीहरू दुवैलाई छाड्दिनँ । दुवैलाई खाइदिन्छु... । (बाघ उनीहरूलाई झम्टन खोज्छ ।) तिमीहरू दुष्ट रहेछौ ।

पहिलो केटो : (डराउँदै) बिन्ती बाघ ! हामीलाई नखाऊ ।

बाघ : अझै कराउँछौ । तिमीहरूजस्तो दुष्ट र पापीलाई खान पाएँ भने मलाई पनि सन्तोष हुन्छ । तिमीहरू पापी हौ, दुष्ट हौ ।

दोस्रो केटो : माफ देऊ बाघ, हामीलाई केही पनि नगर ।

बाघ : तिमीहरू अर्काको विनास गर्दै हिँड्दा रै'छौ, मलाई सब थाहा छ । हुन त आज एक जनालाई मात्रै खाने दिन थियो तर तिमीहरू दुष्टलाई देखेपछि दुवैलाई खाने विचार आयो । अब दुवैलाई खान्छु ।

पहिलो केटो : बरु हामी जे भनेको पनि मान्छौँ, बिन्ती बाघ ! हामीलाई छाडिदेऊ ।

दोस्रो केटो : हो बाघ ! हामी जे भनेको पनि मान्छौँ । हामीलाई छाडिदेऊ ।

बाघ : तिमीहरूले अर्काको चोरी किन गऱ्यौ ? ल भन ।

दुवै : अबदेखि गर्दैनौँ बाघ ।

बाघ : तिमीहरू घरमा पनि त्यत्तिकै दुःख दिन्छौ ? (बाघ उनीहरूको नजिक जान्छ र सुँघ्छ, उनीहरू डराउँछन् ।) बदमास ! तिमीहरूको लत पनि बिग्रिसकेछ । चाहिँदोनचाहिँदो कुरा खाँदा रै'छौ, ह्वास्स गनायो ... (कराउँदै) अब त झन् छाड्दै छाड्दिनँ । यस्तो खाने केटाहरूलाई मारेर खान पाए मलाई पनि स्वादिलो हुने ! अब तिमीहरूलाई खान्छु, खान्छु ।

पहिलो : (रुँदै) बिन्ती बाघ ! अब हामी त्यसो गर्दैनौँ, नचाहिने काम गर्दैनौँ । (दुवै रुन्छन्)

बाघ : ल ठिक छ । अबदेखि खराब लतमा लाग्छौ कि लाग्दैनौ ?

दुवै : (हात जोड्दै) लाग्दैनौँ ।

बाघ : अर्कालाई दुःख दिन्छौ कि दिँदैनौ ?

दुवै : दिन्नौँ ।

बाघ : आमाबाबुलाई दुःख दिएर बदमासी गर्नेहरू । अबदेखि बदमासी गर्छौ कि गर्दैनौँ ?

दुवै : गर्दैनौँ बाघ ।

बाघ : (गर्जन्छ) साँच्चि भन !

दुवै : हो बाघ ! हामी अब असल मान्छे बन्छौँ ।

(दुवैले गुलेली फाल्छन् ।)

पहिलो : हामीलाई विश्वास गर, अब हामी बदमासी काम गर्दैनौँ ।

दोस्रो : हो बाघ ! हामी बदमासी गर्दैनौँ ।

बाघ : (उनीहरूलाई फन्को मार्दै) त्यसो भए आज एकपल्टलाई माफ दिन्छु आइन्दा यस्तो बदमासी गऱ्यौ भने...(नङ्ग्रा उज्याएर झम्टन खोज्छ ।) ल भाग यहाँबाट ! ... एकपल्टलाई माफ । फेरि पनि बदमासी गरेको थाहा पाएँ भने तिमीहरूलाई खोजीखोजी मार्दिन्छु । टुक्रा टुक्रा पारेर खाइदिन्छु । भाग...भाग... एकपल्टलाई माफ...

(दुवै केटाहरू भाग्छन् । बाघ मञ्चको अघिल्लो भागमा आउँछ र दर्शकलाई हेर्दै बाघको खोल फाल्छ र उभिन्छ ।)

बाघ : (हाँस्दै खेला खत्तम नमस्ते !

(पर्दा खस्छ ।

**शब्दार्थ**

दृश्य : दर्शनीय स्थान

प्रवेश : पस्ने काम

रेलगाडी : लिगमा हिँड्ने गाडी

रङ्गीबिरङ्गी : चित्रविचित्र

मञ्च : मण्डप, अग्लो आसन

अभिनय : नाटक, नक्कल

उत्सकता : उत्सुक हुनाको अवस्था

बुद्धि : अक्कल, ज्ञान

जुक्ति : युक्ति, उपाय

खबरदार : सावधान, होसियार

निरास : आश नभएको, आशा बेगरको

देवान : सचिव, मन्त्री

याँ : यहाँ

वनमान्छे : जङ्गली मान्छे

सिकार : वन्यजन्तु मार्ने काम

कराते : जापानी खेल

शैली : काम गर्ने ढाँचा

व्यस्त : बेफुर्सदको

| | | |
|---|---|---|
| दुष्ट | : | खराब, बदमास |
| पापी | : | पाप गर्ने |
| आइन्दा | : | अबदेखि, आउने दिनमा |
| दर्शक | : | रमिते हेर्ने |
| स्वादिलो | : | स्वाद भएको, चखिलो |
| खत्तम | : | अन्तिम, समाप्त |

## एकाङ्कीको समीक्षा

### 'खेलहरूको खेल' एकाङ्कीको समीक्षा

**(क) शीर्षक**

'खेलहरूको खेल' यस एकाङ्कीका लेखक अशेष मल्ल हुन् । यसमा खेलका रूपमा अनेक घटनाहरूको उल्लेख छ । ती खेलहरू रमाइला छन् । यसर्थ यस एकाङ्कीको शीर्षक उपयुक्त मानिन्छ । यस शीर्षकले एकाङ्कीको रहस्य वा भावलाई पनि व्यक्त गर्छ । यस एकाङ्कीले असल मानिस हुनुपर्छ भन्ने सन्देश दिएको छ ।

**(ख) विषयवस्तु**

'खेलहरूको खेल' संवाद प्रधान एकाङ्की हो । यस एकाङ्कीका प्रारम्भिक पात्रहरू नाना, समीर, हरि र सतिस हुन् । उनीहरू वनभोजका लागि एउटा जङ्गलमा जान्छन् । उनीहरू त्यहाँ परिचय खेलको अभिनय गर्छन् । 'ढुकुमुकु' खेल खेल्छन्, नजिकको पोखरीमा माछा मार्छन् अनि अन्त्यमा भोज खान थाल्छन् । त्यसै बखत एउटा वनमान्छे त्यहाँ आउँछ । उसले उनीहरूलाई भन्छ- अहिले यहाँ यस वनको मालिक बाघ आउँछ । उसले तिमीहरूमध्ये एक जनालाई मात्र खान्छ । यदि भाग्यौ भने लखेटेरसबैलाई मार्छ । यति भनेर त्यो वनमान्छे त्यहाँबाट आफ्नो बाटो लाग्छ ।

नाना, समीर, हरि र सतिस सबै डराउँछन् । उनीहरू के गर्ने, अब कसो गर्ने भनेर आत्तिन्छन् । उनीहरूले बाघका लागि 'को मर्ने' भनेर निधो गरि सकेका हुँदैनन् । त्यहाँ फेरि दुई जना सिकारी केटाहरू आउँछन् । ती दुष्ट केटाहरूले नाना, समीरहरू, सबैलाई धम्क्याउँछन्, कुटपिट गर्छन्, घडी खोस्छन्, अनि खाना समेत खोसेर खान थाल्छन् । ती दुष्ट केटाहरू खानमा व्यस्त र मस्त हुन्छन् । त्यही मौका पारेर समीरको इसारामा नाना, हरि

सतिस सबै भाग्छन् ।

सिकारी केटाहरू खाना खाँदै हुन्छन्, बाघ आइपुग्छ र तिनीहरूलाई मार्न झम्टन्छ । ती केटाहरू बाघसँग रुने कराउने गर्छन् । हामी असल मानिस बन्छौँ भनेर प्रतिज्ञा पनि गर्छन् । बाघले पनि एक पटकका लागि तिनीहरूलाई माफ गर्छ । अनि नाटक समाप्त हुन्छ ।

**(ग) पात्रहरूको चरित्र चित्रण**

'खेलहरूको खोल' यस एकाङ्की प्रारम्भिक पात्रहरू नाना, समीर, हरि र सतिस हुन् । वनमान्छे बिचमा देखा पर्छ । दुई जना सिकारी केटा र बाघ एकाङ्कीको अन्त्यसम्म हुन्छन् । यिनीहरूको सङ्क्षिप्त चरित्र यस प्रकार छ । जस्तै :

**(अ) नाना**

नाना 'खेलहरूको खेल' यस एकाङकीकी एउटा केटी पात्र हो । एकाङकीमा उसको भूमिका समन्वयकर्ताको छ । एकाङ्कीमा ऊ रमाइलो वातावरणको सिर्जना गर्छे ।

**(आ) समीर**

समीर यस एकाङ्कीको सशक्त पात्र हो । ऊ परिपक्क देखिन्छ । उसले एकाङ्कीमा जिम्मेवारपूर्ण भूमिका निर्वाह गरेको छ ।

**(इ) हरि**

हरिको घरमा आमा छैन् । ऊ सानीआमा र बुबाबाट अपहेलित छ । एकाङ्कीमा ऊ सज्जन वा असल केटाको रूपमा देखिएको छ ।

**(ई) सतिस**

सतिस गरिब परिवारको केटो हो । उसले स्कुलमा फी पनि तिर्न सकेको छैन । ऊ निकै मिलनसार छ । नाना उसलाई निकै माया गर्छे ।

**(उ) वनमान्छे**

वनमान्छेले यस एकाङ्कीमा नाना, हरि, समीर र सतिसलाई सूचना दिने काम गरेको छ । उसलाई यस जङ्गलका बारेमा धेरै कुराको थाहापनि छ ।

**(ऊ) पहिलो र दोस्रो केटो**

यी सिकारी केटाहरू हुन् । उनीहरू बदमास छन् । उनीहरूको लत पनि बिग्रिसकेको छ । उनीहरूलाई बाघले ठिक गर्छ ।

**(ऋ) बाघ**

बाघ अनुशासित छ । ऊ दिनमा एउटा मात्र मानिस खान्छ । ऊ त्यस जङ्गलको राजा पनि हो । बदमास केटोहरूलाई असल बन्ने सर्तमा उसले माफ दिएको छ । यसरी यस एकाङ्कीमा सबै पात्रहरूको भूमिका सक्रिय देखिन्छ तर कुनै पनि पात्रहरूको भूमिका आदिदेखि अन्त्यसम्म छैन । यो यस नाटकको विशेषता हो ।

**(घ) वातावरण**

यस एकाङ्कीको वातावरण वनजङ्गलको हो । वनभोज, वनमान्छे, सिकारी, बाघ यी सबै वनजङ्गलसँग सम्बन्धित छन् । वनजङ्गलको दृश्य भने सहर नजिकैको घना वनजङ्गलको जस्तो लाग्छ सिकारी केटाहरूले गगल्स, बुट र ज्याकेट लगाएका छन् । उनीहरूले कराँते पनि सिकेका छन् । नाना, समीर, हरि र सतिस पनि निकै आधुनिक र सभ्य देखिन्छन् । एकाङ्कीको नाटकीयता सबैले बुझ्ने किसिमको छ, पढ्दा निकै रमाइलो लाग्छ ।

**(ङ) संवाद**

यस एकाङ्कीको प्रमुख तत्त्व संवाद नै हो । संवादले नै एकाङ्कीको स्वारूप निर्धारण गरेको छ । यस एकाङ्कीमा नाना, समीर, हरि र सतिस परिचयात्मक खेल, ढुकुमुकु खेल र माछा मार्ने खेलका बारेमा संवाद गर्छन् । उनीहरू बाघबाट बच्ने विषयमा पनि संवाद गर्छन् । यस एकाङ्कीमा बाघ र दुष्ट केटाहरूका विचमा पनि संवाद हुन्छ । बाघले संवाद गरेर नै दुष्ट केटाहरूलाई असल बाटामा लाग्न बाध्य बनाउँछ ।

**(च) भाषाशैली**

'खेलहरूको खेल' यो एकाङ्की बोलचालको भाषा लेखिएको छ । यसमा कथ्य भाषाको पनि प्रयोग छ । एकाङ्कीकाबिचबिचमा सूक्तिमय वाक्यहरू पनि प्रशस्तै छन् । संवादहरू आत्मपरक शैलीमा छन् भने दृश्य विधान वस्तुपरक शैलीमा लेखिएका छन् । यस एकाङ्कीमा कति कति काव्यात्मक भाषाको पनि प्रयोग पाइन्छ । नाटकीयताले गर्दा यसको भाषाशैली पनि निकै रोचक बनेको छ । यस एकाङ्कीमा अवस्था र पात्रअनुसारको भाषा शैलीको प्रयोगले एकाङ्की प्रभावोत्पादक र जीवन्त बनेको छ ।

**(छ) विचार उद्देश्य**

'खेलहरूको खेल' समसायिक धाराअन्तर्गत लेखिएको एकाङ्की हो । यसमा नाटककारले एकाङ्की विधाको नवीनतम ढाँचालाई प्रयोग गरेका छन् । यस एकाङ्कीले आपसी मेलमिलापलाई पनि सन्देशका रूपमा उल्लेख गरेको छ । असल बन्नुपर्छ, क्षमा दिनु महत्त्वपूर्ण गुण हो आदि पक्षमा यो 'खेलहरूको खेल' एकाङ्की केन्द्रित भएको छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) .......................... नाटक, नक्कल

(ख) .......................... उत्सुक हुनाको अवस्था

(ग) .......................... सावधान, होसियार

(घ) .......................... आश नभएको, आशा बेगरको

(ङ) .......................... काम गर्ने ढाँचा

(च) .......................... अबदेखि, आउने दिनमा

(छ) .......................... रमिते, हेर्ने

**२. दिइएका शब्दहरूलाई फरक सन्दर्भमा वाक्यमा प्रयोग गर्नुहोस् :**

बाजी, उत्सुकता, जङ्गल, बल्छी, कराँते, गगल्स,

**३. अनुच्छेदमा भएका त्रुटिहरू सच्याउनुहोस् :**

समीर ? तिमी त घरमा एक्लो छोरो । तिमीलाई तिम्रो बा-आमाले कस्तो माया गर्नु हुन्छ । मेरा त आमा पनि हुनुहुन्न । सानी आमाले सधैँ पिटनुहुन्छ । बुबा पनि मलाई आमा टोकुवा भन्नु हुन्छ ।

**४. एकाङ्कीकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) खेलहरूको खेल एकाङ्कीका रचयिता को हुन् ?

(ख) अशेष मल्लका प्रकाशित कृतिहरूको नाम लेख्नुहोस् ।

(ग) सडक नाटक अभियान कसको नेतृत्व सञ्चालन भएको थियो ?

(घ) अशेष मल्ल कस्ता एकाङ्कीकार हुन्?

**५. अशेष मल्लका एकाङ्कीगत विशेषता उल्लेख गर्नुहोस् ।**

**६.. 'खेलहरूको खेल' नाटक हाउभाउसहित वाचन गर्नुहोस् ।**

**७. 'खेलहरूको खेल' नाटकलाई लिएर निम्न बुँदाहरूका आधारमा छलफल गर्नुहोस् :**

(क) शीर्षक (च) भाषाशैली

(ख) दृश्य

(ग) पात्र

(घ) विषयवस्तु

(ङ) द्वन्द्व

(छ) संवाद

(ज) अभिनेता

(झ) सन्देश

**८. 'खेलहरूको खेल' नाटकलाई अभिनयसहित प्रदर्शन गर्नुहोस् ।**

**९. मनमनै पढ्नुहोस् र प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) हरि भन्ने पात्रको पारिवारिक अवस्था कस्तो छ ?

(ख) नाना नाटकमा कस्तो भूमिका निर्वाह गर्छे ।

(ग) समीरको विचारप्रति सहमति जनाउने आधारहरू के हुन सक्छन् ?

(घ) वनमान्छेको विचार तपाईँलाई कस्तो लाग्यो ?

(ङ) बाघले दुष्ट केटाहरूलाई कसरी ठिक गऱ्यो ?

**१०. पाठका आधारमा ठिक बेठिक छुट्याउनुहोस् :**

(क) हरिलाई माछा मार्न आउँछ ।

(ख) सतिसलाई घरमा पप्पु भन्छन् ।

(ग) नाना र सतिस मिलेर बाजी राख्छन् ।

(घ) समीरले बाघबाट बच्ने जुक्ति निकाल्यो ।

(ङ) सतिसले स्कुलमा फिससमेत तिर्न सकेको थिएन ।

(च) केटाहरू सिकार गर्न जङ्गलमा आएका थिए ।

**११. पाठका आधारमा उदाहरणहरूको क्रम निर्धारण गर्नुहोस् :**

(क) खेला खत्तम ।

(ख) बाघ ! हामीलाई नखाऊ ।

(ग) सिठ्ठी बजाउँछे ।

(घ) माछो भनेको त भ्यागुतो पो रहेछ ।

(ङ) माछा त चिप्लो पो हुन्छ ।

(च) सबै डराउँछन् ।

(छ) दुवैले झोला खोसेर लिन्छन् ।

**१२.. समीर भन्ने पात्रका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

**१३. यस एकाङ्कीका रमाइला घटनाहरूको सूची बनाउनुहोस् ।**

**१४. तत्त्वका आधारमा 'खेलहरूको खेल' एकाङ्कीको समीक्षा गर्नुहोस् ।**

**१५. 'खेलहरूको खेल' यस नाटकको शीर्षक कति सार्थक छ ? यस सम्बन्धमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।**

**१६. यस लघु नाटकको आदि, मध्य र अन्त्य भागका विवरणहरू कथात्मक शैलीमा प्रस्तुत गर्नुहोस् ।**

## सिर्जनात्मक कार्य

**१. निर्देशनका आधारमा एकाङ्की तयार गर्नुहोस् :**

(क) प्रचलित कुनै एउटा लोककथालाई आधार मान्नुहोस् ।

(ख) त्यसका लागि आवश्यक पात्रहरू तयार गर्नुहोस् ।

(ग) लोकथालाई संवादका रूपमा रूपान्तरण गर्नुहोस् ।

(घ) सन्दर्भअनुसार प्रयोग गर्न सकिने उखानटुक्काहरू सङ्कलन गर्नुहोस् ।

(ङ) संवादका बिचमा प्रयोग हुन सक्ने विवरण पनि लेख्नुहोस् ।

(च) उक्त आधारमा लघु नाटक तयार गर्नुहोस् ।

(छ) त्यसलाई उपयुक्त शीर्षक पनि दिनुहोस् ।

**२. दिइएका बुँदा समावेश गरेर 'जङ्गल' शीर्षकमा संवाद लेख्नुहोस् :**

(क) पोखरीमा माछा

(ख) मिलीजुली बसेपछि कसले हेप्न सक्ने

(ग) माछो भनेको त भ्यागुतो पो

(घ) गरेर नहुने के छ, यो संसारमा

(ङ) बाघ आएर एक जनालाई खाने

## थप पाठ्यसामग्री

**संवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू :**

१. संवादको थालनी गर्नुभन्दा अगाडि कोष्ठकमा पात्रहरूको भेट, प्रसङ्ग र वातावरण लेख्नुपर्छ ।

२. विषयप्रति सचेत भएको पात्रले अन्य पात्रलाई सहमत गराउने कुरालाई ख्याल गर्नुपर्छ ।

३. संवादको बिचबिचमाहुने हाउभाउलाई कोष्ठकमा उल्लेख गर्नुपर्छ ।

४. पक्ष - विपक्षमा भएको संवादलाई क्रमशः पक्षतिर उन्मुख गराउनुपर्छ ।

५. विषयवस्तुलाई झ्वाट्ट मोड्नु उपयुक्त हुँदैन भन्ने कुरामा सचेत रहनुपर्छ ।

५. विषयवस्तुमा केन्द्रित रही सकारात्मक सन्देशका साथ समापन गर्नुपर्छ ।

नमुना

### चेतनाको संवाहक युवावर्ग

(स्नेह खाजा खाँदै गरेको बेलामा विक्रम पुग्छ ।)

विक्रम : स्नेहा, के खाजा खाँदै छ्यौ ?

स्नेहा : ओहो ! विक्रम आऊ यता बस । कसरी बाटो बिर्सियौ आज ?

विक्रम : तिमी पनि, बाटो बिर्सेको भए त कसरी आउँथे र ? भोलि हाम्रो क्लबमा 'चेतनाको संवाहक युवावर्ग' विषयमा विचार गोष्ठी हुँदैछ । तिम्रो मोबाइल स्विच अफ रहेछ अनि खबर गर्न घरसम्मै आएको नि !

स्नेहा : चेतना अभिवृद्धि गर्न सञ्चारका माध्यमलाई पनि उपयोग गर्न सकिन्छ । तर मनका लागेका कुराको तर्क-वितर्क गर्ने, छलफल गर्ने अवसर त हुँदैन सञ्चारका माध्यममा । दोहोर संवाद गरी सिकिएको धारणा परिपक्व हुन्छ । फेरि अर्कोतिर सञ्चारको पहुँच सबै क्षेत्रमा नहुन पनि सक्छ ।

स्नेह : (छक्क पर्दै) रेडियो, टेलिभिजनको पहुँच पनि सबै क्षेत्रमा पुगेको छैन र भन्या ? कस्तो अपत्यारिलो कुरा गर्छौ तिमी ।

विक्रम : मैले हाम्रो गाउँको मात्र कुरा गरेको हुँ र ? देशको दुर्गम गाउँठाउँमा अझै सुचना सञ्चारको पहुँच पुगेको छैन पो भनेको ।

स्नेहा : सिङ्गो देशभरिकै ठेक्का त हामीले किन लिनु पऱ्यो र ? हाम्रो गाउँको बारेमा पो चासो लिने हो त ।

विक्रम : (हाँस्दै) तिम्रो विचार पनि कति सङ्कीर्ण छ है । लेखपढ गरेपछि, साक्षर बनेपछि अरूलाई पनि सचेत गराउनु धर्म हो । राष्ट्रले लगानी गरेर हामीलाई सक्षम बनाएपछि हामीले गुन तिर्नु पर्दैन र ?

स्नेहा : (सहमतीको भाव देखाउँदै) कुरा त तिम्रो ठिकै हो । बरु युवालाई नै चाहिँ किन लक्षित गरिएको त ।

विक्रम : राम्रो प्रश्न गऱ्यौ तिमीले ? युवावर्गमा काम गर्ने जोशजाँगर हुन्छ । उनीहरू हरेक परिवर्तनमा उल्लेखनीय भूमिका खेल्छन् । रोजगारीका शिलशिलामा पनि उनीहरू देशका विभिन्न भूगोलमा पुग्न सक्छन् । त्यसैले युवावर्गलाई लक्षित गरी कार्यक्रम तय गरिएको हो ।

स्नेहा : हुन्छ, हुन्छ । म राधा, कुमार, सुमतीलगायतका साथीलाई लिएर कार्यक्रममा आउँछु ।

विक्रम : सक्दो प्रचार गरौँ है त । म पनि अहिले बिदा हुन्छु ।

# एकाइ ५ : उपन्यास

## पाठ १ उपन्यासको सैद्धान्तिक अवधारणा

**सक्षमता**

**(क) उपन्यासको परिचय दिन**

**(ख) उपन्यासका तत्त्वहरूका सामान्य परिचय दिन**

**(ग) उपन्यासको विकासक्रम र मूल प्रवृत्ति बताउन**

### १. उपन्यासको परिचय

उपन्यास (उप+नि+अस् +घञ्) शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग र 'घञ्' प्रत्यय लागेर बनेको शब्द हो । यो तत्सम शब्द हो । यसको सामान्य अर्थ नजिक राख्नु, स्थापना गर्नु आदि भन्ने हुन्छ । संस्कृत साहित्यमा उपन्यास शब्द प्राचीन कालदेखि नै प्रयोग भएको पाइन्छ । भरतमुनिले उपन्यास शब्द सन्धिको उपभेद देखाउन उल्लेख गरेका छन् । साहित्यका विधाका रूपमा उपन्यासको अर्थ लामो कथानक भएको गद्य रचना हो । कथा र उपन्यास दुवै विधालाई समेट्ने शब्द 'फिक्सन' हो । फिक्सनलाई नेपाली आख्यान भन्ने गरिन्छ ।

उपन्यास आख्यान साहित्यको एउटा नवीनतम विधा हो । यसमा मानव जीवनको विविध पक्षको चित्रण गरिन्छ । उपन्यासमा एउटा व्यक्तिको जीवनदेखि सिङ्गो युग जीवनको चित्रण पनि हुन सक्छ । उपन्यासले जीवनलाई बुझ्ने र जीवनको मूल्य खोज्ने गर्दछ । यसलाई वर्णनात्मक, विवरणात्मक, पत्रात्मक आदि रूपमा सङ्गठित गर्न सकिन्छ । दृश्य, स्थान, चरित्र, उद्देश्य आदिले उपन्यासलाई बाँधेको हुन्छ । उपन्यास विधामा पश्चिमा साहित्यको प्रभाव भएकाले यसमा रोमान्स पक्षको सघनता रहेको हुन्छ । वर्तमान साहित्यमा उपन्यासलाई ज्यादै लोकप्रिय विधाका रूपमा लिइन्छ ।

### २. उपन्यासका तत्त्व

उपन्यासको रचना गर्दा प्रयोग गरिने अङ्गहरू नै उपन्यासका तत्त्वहरू हुन् । कथावस्तु, कथानक, चरित्र, घटना, परिवेश, भाषाशैली, उद्देश्य आदिको योगबाट सिङ्गो उपन्यासको रचना हुन्छ ।

#### २.१ कथावस्तु

उपन्यासको प्रधान तत्त्व कथावस्तु हो । कथावस्तुमा घटना, चरित्र, भाव वा विचारको प्रवेश हुन्छ । निश्चित समयमा, निश्चित स्थानमा घटेका विभिन्न घटनाहरू र भएका

कार्यहरूको वर्णन कथावस्तुले गर्दछ । लेखकले देखेका, सुनेका र अनुभव गरेका घटनाहरूबाट कथावस्तु निर्माण गर्दछन् । लेखकका लागि कथावस्तुको स्रोत समाज, इतिहास, पुराण आदि हुन सक्छ । विभिन्न घटनालाई आरम्भ, मध्य र अन्त्यको शृङ्खलामा कथानकले जोड्दछ ।

## २.२ पात्र/चरित्र

कथाका घटनालाई गति दिनका लागि कथानकमा भूमिका निर्वाह गर्न आउने पात्र नै चरित्र हुन् । पात्र वा चरित्रले उपन्यासको कथालाई अगाडि बढाउने, संवादको भूमिका खेल्ने, लेखकको उद्देश्य पूरा गरिदिने काम गर्दछ । त्यसैले पात्रलाई उपन्यासको प्राणतत्त्व मान्ने गरिन्छ । पात्र वा चरित्र विभिन्न स्वभावका हुन्छन् । तिनले घटना वा वस्तुको सूत्राधारको काम गर्दछन् । पात्रकै क्रियाकलापबाट कथावस्तु विकसित भई घटनाले नाटकीय मोड लिन सक्छ र पाठकका मनमा अनेक जिज्ञासा उत्पन्न हुन सक्छ । उपन्यासका पात्र वा चरित्रलाई कार्यका आधारमा प्रमुख र सहायक, प्रवृत्तिका आधारमा सत् र असत्, स्वभावका आधारमा स्थिर र गतिशील, सामाजिक सम्बन्धका आधारमा उच्च, मध्य र निम्न तथा लिङ्गका आधारमा पुरुष र स्त्रीका रूपमा वर्गीकरण गरिएको पाइन्छ । पात्र वा चरित्र मानवीय वा मानवेत्तरमध्ये कुन एक वा दुवै किसिमका पनि हुन सक्छन् ।

## २.३ परिवेश

परिवेश उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व हो । पात्रहरूले कार्यकलाप गर्दा घटना घट्ने स्थान र समय नै परिवेश हो । उपन्यासको कथावस्तु अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने भावना र त्यसको समाधानको सन्दर्भ पनि परिवेशअन्तर्गत पर्दछ । परिवेशले कथावस्तुलाई प्रभावपूर्ण र पात्रलाई जीवन्त बनाउन मदत गर्दछ । कथावस्तुको स्रोत घटना र परिवेशमा आधारित हुन्छ । सांस्कृतिक परिवेशभित्र चाडपर्व वा सांस्कृतिक सन्दर्भको वर्णन पाइन्छ । ग्रामीण परिवेशले गाउँको जनजीवनको चित्रण गर्दछ । औपन्यासिक घटना घट्ने परिवेश विशेषलाई देश, काल र वातावरण भनिन्छ । यसले ठाउँ विशेष र काल विशेषका सन्दर्भलाई बुझाउँछ ।

## २.४ संवाद

संवाद उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व हो । कथावस्तुको विकास गर्न संवादले मदत गर्दछ । उपन्यासमा आउने संवाद पात्रको शैक्षिक, सामाजिक, मानसिक स्तरअनुरूप हुनुपर्छ । यस्ता संवादले पात्रलाई सजीव रूपमा चित्रण गर्न भूमिका खेल्दछ । घटनाको प्रवाहलाई सहज र वास्तविक रूपमा विकसित गराउँदै पात्रका अन्तर्मनको रहस्य तथा

सूक्ष्म मानसिक प्रतिक्रियाको पनि उद्घाटन हुन्छ । संवाद रोचक, सङ्क्षिप्त र सरस हुनुपर्छ ।

## २.५ दृष्टिबिन्दु

दृष्टिबिन्दु भनेको हेराइ हो । उपन्यासमा लेखकले कुनै घटनाको छनोट गरी घटना र पात्रलाई सम्बन्धित बनाएर प्रस्तुत गर्ने काम गर्दछ । दृष्टिबिन्दु आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । प्रथम पुरुष भएको कथानकमा आन्तरिक दृष्टिकोण हुन्छ । यसमा उपन्यासकार स्वयम् उपस्थित भएर वा म पात्रका रूपमा कथा प्रस्तुत गर्दछ । उपन्यासमा तृतीय पुरुष भएमा बाह्य दृष्टिकोण हुन्छ । यसमा पात्रका अनुभव र अनुभूति समेटिएको हुन्छ ।

## २.६ भाषाशैली

उपन्यासको भाषा नै पात्रद्वारा व्यक्त गरिने भाव वा विचारको माध्यम हो । पात्रको रुचिअनुसार भावना व्यक्त गर्ने तरिका वा शैली हुन्छन् । व्यक्ति भाषा हो भने व्यक्तित्व शैली हो । त्यसैले उपन्यासमा विभिन्न विचार र भावअनुसार भिन्न भिन्न भाषा र शैलीको प्रयोग गरिन्छ । शैली लेखकको निजी पहिचान हो । विषयको प्रकृतिअनुसार सामान्य बोलीचालीको शैली, सरल शैली, आलङ्कारिक शैली आदिको प्रयोग गर्न सकिन्छ । उपन्यासको स्वरूपअनुसार वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, पत्रात्मक, चित्रात्मक, डायरी आदि विभिन्न शैलीको प्रयोग गर्न सकिन्छ । भाषाशैलीको समष्टि प्रयोगले अभिव्यक्तिमा कलात्मकता प्रदान गर्दछ ।

## २.७ भाव/उद्देश्य

उद्देश्य पनि उपन्यासको एउटा महत्त्वपूर्ण तत्त्व हो । मानिसले विना उद्देश्य कुनै पनि काम गर्दैन । उपन्यासकारको पनि उपन्यास सिर्जना गर्ने कुनै निश्चित उद्देश्य वा कुनै न कुनै प्रयोजन रहेको हुन्छ । उपन्यास आफैँमा कलाका दृष्टिले श्रेष्ठ विधा भएकाले लेखकको जीवन दर्शन, सन्देश, सुखद् वा दुःखद् अनुभव पाठकसामु पुग्दछ । उपन्यासका माध्यमबाट पाठकलाई शिक्षा दिन, आनन्द प्रदान गर्न, सौन्दर्य सिर्जना गर्न, जीवनको वास्तविकता प्रस्तुत गर्न सकिन्छ । उपन्यासमा घटना, पात्र, परिवेश आदिका माध्यमबाट उपन्यासकारले आफ्नो उद्देश्य प्रस्तुत गर्दछन् ।

## २.८ शीर्षक

उपन्यासको अगाडि लेखिने शब्द वा शब्दसमूह शीर्षक हो । शीर्षकले उपन्यासको विचार वा सारवस्तु बुझाउँछ । यो उपन्यासको उद्देश्यसँग सम्बन्धित हुन्छ । शीर्षक विषयको प्रकृतिअनुसार उद्देश्य, विचार, सन्देश आदिसँग जोडेर राखिन्छ । उपन्यासको

केन्द्रीय पात्रमार्फत उपन्यासकारको दृष्टिकोण अभिव्यक्त हुने भएकाले पात्रलाई पनि उपन्यासको शीर्षक बनाउन सकिन्छ ।

## ३. नेपाली उपन्यासको विकासक्रम र प्रमुख प्रवृत्ति

### ३.१ प्राथमिक काल/पृष्ठभूमि काल (वि.सं.१८२७ - १९४५)

नेपाली उपन्यासको इतिहास शक्तिवल्लभ अर्ज्यालको 'महाभारत विराट पर्व' (१८२७) बाट सुरु भएको पाइन्छ । यो कृति आफैँमा उपन्यास नभए पनि उपन्यास लेखनको पृष्ठभूमि भने अवश्य हो । यसरी नै पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३२), भानुदत्तको 'हितोपदेश मित्रलाभ' (१८३३), धार्मिक प्रयोजनका लागि लेखिएको 'स्वस्थानी व्रतकथा' (१८७८) हुँदै नेपाली आख्यान परम्परा विकसित भएको छ । यस समयमा लेखिएका रचनाले मनोरञ्जन दिनुका साथसाथै नैतिक सन्देश पनि दिएका छन् । प्राथमिक कालमा लेखिएका उपन्यासका प्रमुख प्रवृत्तिहरू निम्नानुसार रहेका छन् :

(क) विधागत सचेतता नदेखिएको

(ख) नीति उपदेशमा केन्द्रित रहेको

(ग) अनुवादमा केन्द्रित रहेको

(घ) परलोक र स्वर्ग प्राप्तिको लक्ष्य राखिएको

(ङ) घटना प्रधान आख्यानले प्राथमिकता पाएको

### ३.२ माध्यमिक काल/ निर्माण काल (वि.सं. १९४६ - १९९०)

नेपाली साहित्यमा उपन्यासको निर्माण काल हरिहर शर्माको 'वीरसिक्का' (१९४६)को प्रकाशनपछि आरम्भ भएको पाइन्छ । यो कृति स्वयम्मा उपन्यास नभए पनि यसले उपन्यास निर्माणका लागि प्रशस्त पृष्ठभूमि तयार पारिदिएको छ । यस कालमा लेखिएका रचनाले नैतिक शिक्षा दिएका छन् । प्रेमको व्याख्या र काल्पनिक घटनाका माध्यमबाट रहस्य, भूतप्रेत जस्ता पक्षको चित्रण उपन्यासमा पाइन्छ । 'गोरखापत्र' (१९५८)को प्रकाशनपछि सदाशिव शर्माको नेपाली भाषाको पहिलो मौलिक उपन्यास 'महेन्द्रप्रभा' (१९५९) प्रकाशित भयो । त्यसपछि सामाजिक सुधारको अपेक्षा राखेर उपन्यास रचना गर्ने परम्परा सुरुवात भयो । निर्माण कालमा लेखिएका उपन्यासका प्रमुख प्रवृत्ति निम्नानुसार रहेका छन् :

(क) समाजमा नैतिक सुधारको चाहना राख्दै शिक्षा प्रदान गर्नु

(ख) सामाजिक सुधारको चाहना राख्नु

(ग) मनोरञ्जन प्रदान गर्नु

(घ) अतिकाल्पनिक घटना र असम्भव कार्यको चित्रण गर्नु

(ङ) मौलिक उपन्यास लेखनतर्फ उन्मुख हुनु

## ३.३ आधुनिक काल/ विकास काल (वि.सं. १९९१ - हालसम्म)

नेपाली उपन्यासमा आधुनिक काल रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यासबाट आरम्भ भएको मानिन्छ । यस कालमा उपन्यासले मौलिकता र वास्तविक स्वरूप प्राप्त गरेको छ। उपन्यासको आधुनिक काल आदर्शोमुख यथार्थबाट सुरु भयो। आदर्श र यथार्थका पाटाहरू यस चरणका उपन्यासका पहिचान बने । गोविन्दबहादुर मल्ल गोठालेको 'पल्लो घरको झ्याल' (२०१६) प्रकाशित भएपछि मनोवैज्ञानिक उपन्यास लेखनले प्राथमिकता पायो । मनोवैज्ञानिक उपन्यासमा चरित्रका मानसिक भावलाई विशेष महत्त्व दिएर चित्रण गर्न थालियो । पारिजातको 'शिरीषको फूल' (२०२२) ले अस्तित्ववादी धारा, ध्रुवचन्द गौतमको 'अन्त्यपछि' (२०२४)ले प्रयोगवादी धारा, डिपी अधिकारीको 'आशमाया' (२०२५)ले प्रगतिवादी धाराको प्रतिनिधित्व गरेका छन् । विकास कालमा लेखिएका उपन्यासका प्रमुख प्रवृत्ति निम्नानुसार रहेका छन् :

(क) सामाजिक विषयले प्राथमिकता पाउनु

(ख) भावना, कल्पना र संवेगलाई प्राथमिकता दिनु

(ग) निम्न वर्गका दु:खपीडालाई यथार्थ रूपमा प्रस्तुत गर्नु

(घ) सामाजिक विकृति र विसङ्गति प्रस्तुत गर्नु

(ङ) चरित्रको प्रधानतामा जोड दिनु

(च) बौद्धिक अभिव्यक्तिमा रुचि देखाउनु

(छ) क्रान्तिकारी र विद्रोही भावको अभिव्यक्ति दिनु

(ज) प्रकृतिलाई मूल आधार स्तम्भ मान्नु

## अभ्यास

१. **उपयुक्त उत्तर भन्नुहोस् :**

**(क) कथा र उपन्यास दुवै विधालाई समेट्ने शब्द कुन हो ?**

(अ) नोबेल (आ) फिक्सन

(इ) सन्धि (ई) रोमान्स

**(ख) स्वभावका आधारमा उपन्यासमा कस्ता चरित्र हुन्छन् ?**

(अ) मुख्य र सहायक (आ) सत् र असत्

(इ) स्थिर र गतिशील (ई) पुरुष र स्त्री

**(ग) घटनालाई आरम्भ, मध्य र अन्त्यको शृङ्खलालाई के भनिन्छ ?**

(अ) कथानक (आ) पात्र

(इ) परिवेश (ई) शीर्षक

**(घ) आन्तरिक दृष्टिबिन्दुमा कथानक कुन पुरुषको हुन्छ ?**

(अ) प्रथम पुरुष (आ) द्वितीय पुरुष

(इ) तृतीय पुरुष (ई) माथिका सबै

**(ङ) उपन्यासमा लेखकको व्यक्तित्व कुन तत्त्वले झल्काउँछ ?**

(अ) दृष्टिबिन्दु (आ) संवाद

(इ) शीर्षक (ई) भाषाशैली

**(च) नेपाली उपन्यासको प्राथमिक काल कहिले सुरु भयो ?**

(अ) वि.सं. १८२७ (आ) वि.सं. १८३२

(इ) वि.सं. १८७८ (ई) वि.सं. १९४५

**(छ) नेपाली भाषाको पहिलो मौलिक उपन्यास कुन हो ?**

(अ) महेन्द्रप्रभा (आ) स्वस्थानी व्रतकथा

(इ) वीर सिक्का (ई) रूपमती

**(ज) उपन्यासको तत्त्व कुन होइन ?**

(अ) चरित्र (आ) कथावस्तु

(इ) भाषाशैली (ई) संरचना

**(झ) नेपाली उपन्यासको आधुनिक कालको मूल प्रवृत्ति कुन हो ?**

(अ) चरित्रको प्रधानतामा जोड दिनु (आ) अतिकाल्पनिक घटनाको चित्रण गर्नु

(इ) अनुवादमा केन्द्रित रहनु (ई) मनोरञ्जन प्रदान गर्नु

**(ञ) उपन्यासको कुन तत्त्वले लेखकको जीवन दर्शन बुझाउँछ ?**

(अ) संवाद (आ) उद्देश्य

(इ) कथावस्तु (ई) भाषाशैली

**२. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) उपन्यास भन्नाले के बुझिन्छ ?

(ख) उपन्यासका तत्त्वहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपाली उपन्यासको प्राथमिक कालका विशेषता उल्लेख गर्नुहोस् ।

(घ) नेपाली उपन्यासको निर्माण कालका बारेमा समीक्षा गर्नुहोस् ।

(ङ) नेपाली उपन्यासको आधुनिक कालका प्रमुख प्रवृत्तिहरू चर्चा गर्नुहोस् ।

## पाठ २ उपन्यासकार अमर न्यौपाने र उनको 'सेतो धरती उपन्यास

**सक्षमता**

(क) उपन्यास पढी संरचना पहिचान गरी बताउन

(ख) उपन्यास पढी शब्दभण्डार वृद्धि गर्न

(ग) उपन्यासतत्त्वका आधारमा निर्धारित समीक्षा गर्न

(घ) निर्दिष्ट अनुच्छेद शुद्ध पारी पुनर्लेखन गर्न

(ङ) बुँदा टिपोट गरी सारांश लेख्न

(च) सङ्क्षिप्त र समीक्षात्मक उत्तर लेख्न

(छ) तार्किक उत्तर लेख्न

(ज) उपन्यासका विशिष्ट अंशको व्याख्या गर्न

(झ) विश्लेषणात्मक उत्तर लेख्न

**उपन्यासकारको परिचय र औपन्यासिक प्रवृत्ति**



उपन्यासकार अमर न्यौपानेको जन्म वि.सं. २०३४ सालमा चितवन जिल्लाको रङ्गिला भन्ने स्थानमा उनी पिता एकनाथ न्यौपाने र माता हरिमाया न्यौपानेका दोस्रो सन्तानका रूपमा जन्मिएका हुन् । उनको पहिलो कृति 'पानीको घाम' (२०६६) मा प्रकाशित भएको थियो । उनको वि.सं. २०६८ मा 'सेतो धरती', वि.सं. २०७२ मा 'करोडौँ कस्तूरी' र वि.सं. २०७६ सालमा 'गुलाबी उमेर' उपन्यास प्रकाशित भएका छन् । उनले 'पानीको घाम' उपन्यास लेखनका लागि २०६६ सालको पद्मश्री साहित्य सम्मान प्राप्त गरे । 'सेतो धर्ती' उपन्यासका लागि २०६८ सालको मदन पुरस्कार प्राप्त गरेपछि उनको चर्चा चुलिएको छ । त्यसैगरी उनले 'कलिलो मन' बालकथा सङ्ग्रहका लागि २०६७ सालको पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार प्राप्त गरेका छन् ।

उनी नेपाली साहित्यका प्रख्यात युवा आख्यानकार हुन् । उनका हरेक उपन्यासमा नवीन सम्भावना बोकेर उदाएका एक नक्षत्र हुन् । उनका हरेक उपन्यासमा कथाका घटना वर्णनभन्दा कथागत परिवेशको कलात्मक चित्रण र पात्रको मनोदशालाई सशक्त ढङ्गले उठान गरिएको हुन्छ । उनी भाषिक कलाबाट शाब्दिक बिम्ब निर्माण गर्न खप्पिस छन् । उनका उपन्यासमा सरल र छोटा वाक्य तथा सटिक अभिव्यक्ति पाइन्छ । अत्यन्त सरल, सुबोध र कलात्मक शैली बनाउने उपन्यासकारको 'पानीको घाम' उपन्यासभित्र केही जटिलता पनि भेटिन्छ । उनी नारी मनको भावना इच्छा र

आकाङ्क्षालाई दुरुस्त प्रस्तुत गर्न सफल उपन्यासकार हुन् । उनका रचनामा शिक्षा, प्रकृति, नारीका पीडा मानवता, सामाजिक विकास, नेपाली समाजको आदर्श जस्ता विषयवस्तुमा केन्द्रित पाइन्छन् ।

सेतो धरती उपन्यासमा बाल विधवा नारीको उजाड जीवनका माध्यमबाट जीवनवादी दृष्टि प्रस्तुत गरिएको छ । यस उपन्यासमा मध्यपहाडी जीवन भोगाइका माध्यमबाट मानव जीवनलाई आधुनिकता प्रदान गरिएको छ । यस उपन्यासकी प्रमुख पात्र ताराले आफू बालविधवा भएर भोगेका जीवनभरिका पीडालाई समेटिएको छ । बाल्यकालमा नै आफूले रोजेको रङ प्रयोग गर्न नपाउँदा उनी दुःखी भएकी छन् । आफूलाई मन पर्ने मान्छे गोविन्दलाई टाढा बनाउन बाध्य छिन् । मनका इच्छा मनमा नै राखेर सधैँ अरूका लागि अरूकै काम गरिदिनुपर्ने र आफ्नो इच्छा तिलाञ्जली दिनुपर्ने परिस्थितिले ताराको जीवनमा निराशा छाएको छ । उनको खुसी हुने र समाजले खोस्न नसक्ने जवानी मन मात्र उनको विश्वासिलो साथी बनेको छ । उनी त्यही मनसँग रमाउँदै जीवन बिताउँछिन् भन्ने प्रसङ्गसम्म मात्र यस अंशमा वर्णन गरिएको छ । उपन्यासकार अमर न्यौपानेका औपन्यासिक प्रवृत्तिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) सामाजिक कुरीति र कुसंस्कारबाट उत्पन्न समस्याको चित्रण

(ख) नारीवादी उपन्यासकार

(ग) आञ्चलिक परिवेश र भाषाशैलीको प्रयोग

(घ) संवादात्मक शैलीको प्रयोग

(ङ) पात्रअनुकूल कथ्य भाषाशैलीको प्रयोग

(च) ग्रामीण जीवन भोगाइका यथार्थपरक चित्रण

## पवित्राको उडान र नियतिको अडान

म आफूलाई हेर्न आँखा चिम्लिन्छु । एकैछिनमा आँखा खोल्छु र मेरो अगाडि बसिरहेकी पवित्रालाई हेर्छु । उनको र मेरो स्वभाव हाम्रो अनुहार जत्तिकै फरक छ ।

पवित्रा चरा हुन खोज्छिन् । तर, म त चरा हुन खोजे पनि पुतली मात्र हुन्छु । सेतो पुतली !

एघार वर्षका हामी एघार जस्तै हाम्रा खुट्टाहरू अगाडि बढाउँदै छौँ । बँसीतिर जाँदै छौँ । बँसीमा हाम्रो गोठ छ । पवित्राको पनि हाम्रो पनि एकै ठाउँमा, जसरी गाउँमा हाम्रो घर एकै ठाउँमा छ ।

स्वभावमा मात्र होइन, स्वरूपमा पनि हामी कत्ति फरक भएका छौँ । उनी सधवा म विधवा मेरो ठुटे कपालले तिनको झम्के डोरी बाटेको पाँचआँठे कपाललाई उदास भएर हेर्छ । उनले हात चलाउँदा

चुरा बज्छन् । मैले हात लाउँदा सन्नाटा बज्छ । तर, यी सबै शोक र सन्तापलाई बिर्सिएर हामी कुद्दै छौँ । पसिना आएको पनि बिर्सिएर कुद्दै छौँ ।

बँसी आइपुग्नै लाग्यो । बँसीको मुखैमा एउटा ठुलो आँपको बगैंचा छ । कसको हो मलाई थाहा छैन । मेरा आँखाले भन्दा पहिला पवित्राको आँखाले पाकेका आँप देखे । आँप पाक्ने बेला हो यो । पवित्रा टक्क रोकिइन् । र, एकाएक तिनी चराबाट मानौँ बाँदर भइन् । बाँदरले झैँ फटाफट त्यति ठुलो आँपको रुखमा सजिलै चढिन् । मैले ट्वाँ परेर हेरिरहेँ । उनी त रुखको हाँगा हाँगै हिँड्न थालिन् । मैले त यति पर भन्न भ्याइनँ - आमाले भन्नुभएको केटी मान्छेले रुख चढ्न हुन्न । बाँदरले झैँ टपाटप टिप्तै आँप तल भुइँमा फ्याँक्न थालिन् र भनिन् - चाँडैचाँडै टिपेर मजेत्राँ पोको पार है । फेरि देख्चन् अरूले ।

उनले माथिबाट टिपेर फ्याँकेका आँप भुइँमा खस्न नपाउँदै समाउन खोज्छु । सक्तिनँ । चाँडो चाँडो भुइँबाट भए पनि टिप्छु । तर, उनले रुखबाट भन्दा मैले भुइँबाट टिपेको ढिलो हुन्छ ।

मलाई भने असाध्यै डर लाग्यो । अरूले देखिरहेजस्तो लाग्यो । बगैंचाको मालिकले देखेर खेद्दै आए भने पनि भुइँमा भएकी मभन्दा चाँडै रुखबाट फदालेर पवित्रा नै अघिअघि भागिन्छजस्तो लाग्छ । मैले आत्तिँदै भने - ‘चाँडै ओर्ल अब, भयो क्या ।’

उनी भने झन् मेरो कुरा सुन्दै नसुनी माथि टुप्पामा पुगिन्, मानौँ मैले बाँदरलाई नै भनेकी हुँ । कस्तो उटुङ्ग्या बानी तिनको । रुखका टुप्पामा पुगेर तेसै हाँगामा टुक्रुक्क बसिन् । एउटा हातले हाँगो र अर्को हातले घाँगर उल्ट्याएर समाइन् र त्यहींबाट पिसाब फेर्दै हाँसिन् । लाग्यो, यो उनले गरेको जीवनको अत्यन्त बीभत्स ठट्टा हो ।

पर पाखामा मैले भन्दा पहिल्यै उनले नै एक जना मान्छेलाई देखिन् । म आत्तिएँ । तर, तिनी आत्तिइनन् । चरा झैँ रुखमै छेलिइन् । परबाट पनि हेर्दैमा कसरी चिन्न सकेकी ? भनिन् - ‘तो मुन्छ, या बगैँचाको मुन्छे होइन क्या !’

ओर्लिँदै गर्दा रुखको सबैभन्दा तल्लो हाँगामा समाएर तुर्लुङ्क झुन्डिइन् एकछिनसम्म । र, हल्लिइन् हावामा पिङ झैँ । म त एकदम डराएँ । अब यिनको हातखुट्टा भाँचिने भए । डरले आँखा चिम्लिएँ । तर, उनी हाँस्तै भुइँमा फदालिन् । र, हाँस्तै पोल्टाभरि आँप हालेर अघिअघि कुद्न थालिन् ।

अचम्म लाग्छ, पवित्रालाई देखेर । पोल्टाभरि आँप बोकेर । मैले भेट्टाउनै नसक्ने गरी मेरो अघिअघि कुद्न थालिन् । अग्लाआग्ला कान्लाबाट बाखाका पाठाले झैं हामफाल्दै कुदिन् । बेलाबेलामा टक्क रोकिएर भनिन् - ’चाँडै आऊ न ।’ म भने उनकी बुढी हजुरआमा पछिपछि ढिलो गरेर उनलाई भेट्टाउँछु ।

पाकेका आँप खाँदै छौँ । मैले सोधे - ‘किन यस्तरी कुदेकी ?’

- ‘मादीतिर जान ।’

- 'गोठा बाले कुरिरनुभको होला ।'

- 'एकैछिनमा फर्कम्ला क्या ।'

म तिनको पछिपछि लागेँ ।

असारका सुरुका दिनहरू मादीका पानी सङ्लो छ, पवित्राको मनजस्तै । उस्तो बढेको पनि छैन मादी । किनभने, झरी परेको छैन । झरी परेपछि मादी पनि ठुलो हुन्छ । धमिलो हुन्छ । त्यसपछि मादी पवित्राको मनजस्तो हुँदैन ।

उनले प्राय: कोही पनि मान्छे नआउने ठाउँमा लिएर गइन् । खोला र चराको आवाजबाहेक हामी दुईको आवाज मात्र सुनिरहेकी छु । उत्साहित हुँदै भनिन् - 'पौडी खेलम् न !'

मैले डराउँदै भनेँ - 'मलाई आम्दैन नि ! क्यारम् ?'

- 'पइले खेलेर त हेर । आइहाल्च नि ।'

- 'मलाई डर लाम्च क्या !'

- 'डर हटाइदेऊ त, पौडी खेल्न आम्च ।'

मैले आँटै गर्न सकिनँ । उनले त फटाफट आफ्ना लुगा फुकालिन् । वरिपरि कोही मान्छे नभएर होला । सबै लुगा फुकालिन् । अलिअलि लाज मान्ने उमेर त भएको छ । तर, तिनले कसरी सबै लुगा फुकाल्न सकेकी होलिन् !

- 'फुकाल न तिमी पनि ।'

- 'नाइँ के ।'

उनी त पानीमा पसिहालिन् । पौडी खेल्न थालिन् । मलाई खोला तर्न त डर लाग्छ । कसरी पौडी खेलौँ ? उनले साह्रै कर गरिन् । तर, मैले पौडिन सकिनँ । किनारमा बसेर पानीले जिउ मात्र भिजाएँ । उनी भने माछा भइन् ।

मनमनै सोचेँ, यो केटी पनि के के हुन जानेकी छ । कहिले चराजस्ती हुन्छे, कहिले बाँदरजस्ती, कहिले बाख्राको पाठीजस्ती हुन्छे, कहिले माछाजस्ती । म भने उस्तै सेतो पुतली ! त्यो पनि उड्न नसक्ने हिँड्न मात्र सक्ने पुतली ! यस्ती पुतलीको हविगत कस्तो होला !

खोलाकिनारको एक ठाउँमा दबदबे हिलो छ । उनले त्यो हिलोमा हात घुसार्दै भनिन् - 'यस्तोमा माछा हुन्च क्या । भोटी माछा !'

नभन्दै एकैछिनमा उनले मुठीभरिको माछो समाइन् । मैले त देखेकी पनि थिइनँ । उनैले भनिन् - 'यई हो भोटी माछो !'

उनको हातमा त्यो माछो खुब छट्पटाउँदै छ । म भने नछटपटाईकन खुब डराएँ । तिनले बल गरेर मुठी कसिन् र मलाई भनिन् - 'समाऊ त ।'

- 'अबुइ.. डर लाम्च क्या !'

- 'कस्तो मजा आम्च । केई अर्दैन यस्ले ।'

उनले कर गरिन् । मैले आँट गर्नै सकिनँ । त्यसपछि पाखामा आएर पनि कर गरिन् । यस्सो के छोएकी थिएँ, चिच्याएछु - 'अबुइ.. !' मलाई सर्प छोएजस्तै लाग्यो ।

उनले त्यसलाई पाखामा छोडिदिइन् । कालो भोटी माछो खुब छटपटाउन थाल्यो । त्यो छटपटीमा पवित्रा भने मनोरञ्जित भइरहेकी छन् । म भने त्यो छटपटीमा भित्रभित्रै त्यही माछा झैँ छटपटाइरहेछु । खप्नै सकिनँ र डराइडराइ खुट्टाले नै त्यसलाई खोलातिर फ्याँकिदिएँ । त्यो पानीमा पौडिन थाल्यो ।

पवित्राले भनिन् - 'किन पानीमा फ्याँकेकी ? पोलेर खान कस्तो मिठो हुन्त्यो नि ।'

मैले भनेँ - 'यो काम त माझी र बोटेहर्को मात्र होइन र ?'

उनले भनिन् - 'उनेरू नि हामीअस्तै हुन्चन् ।'

त्यसपछि हामी हाम्रो खेत र गोठतिर गयौँ । घर पुग्दा साँझ पर्ने गरी हामी घरतिर जाँदै छौँ । हामी दुवै जना थाकेका हुनाले पहिले जसरी कुद्न सकेनौँ । चौतारोमा पुगेपछि हाम्रो बाटो छुट्टियो । उनी आफ्नो घरतिर लागिन् । म आफ्नै घरतिर ।

घर फर्किँदै गर्दा अनायासै उनका दुलहाको सम्झना भयो मलाई । उनका दुलहा उनका बाभन्दा दुई वर्ष जेठा छन् । हाम्रा हजुरबाका जस्तै लामा र मोटा च्याङ्ग्राको सिङ झैँ घुम्रिएका जुँगा छन् तिनका ।

पवित्रा भन्छिन् : तिनले मलाई बाले झैँ माया गर्छन् । काख लिन्छन् । तर म तिनलाई बालाई झैँ माया गर्दिनँ । माया नै गर्दिनँ र घृणा पनि गर्दिनँ । सुरुमा तिनका जुँगा देखेर डराएकी थिएँ । पछि त घिन लाग्न थाल्यो । किनभने, तिनका झाडीजस्तो जुँगाभित्र तमाखुको धुवैँधुवाँले ध्वाँसिएका दाँत र ओठ छन् । कहिलेकाहीँ तमाखुको धुवाँ गन्हाउने मुख, मेरो मुखनजिकै ल्याउँछन् । तर, तिनी हाँस्ता कठोरजस्ता लाग्ने जुँगा पनि दयालुजस्ता देखिन्छन् । एक दिन उनले सोधिछन् - 'तपैँको जुँवा कसरी यस्ता भए ?'

ढुङ्गामुनिका दाँत झन् धेरै देखाउँदै हाँसेछन् । उनले दङ्ग पर्दै उत्तर पर्खिरहिन् । भने - 'मल हालेर यस्तरी सप्रेका हुन् ।'

तिनको हँस्यौली जबाफ सुनेर उनी दङ्ग परिछन् त्यतिबेला । लागेछ, यिनको जुँगामा हाल्ने मल कस्तो हुन्छ होला ? कसरी हाल्छन् होला ? यिनले जुँगामा हाल्ने मल कहाँ राखेका होलान् ? देख्न पाए मलखातमा फ्याँकिदिन्थैँ । त्यसपछि उनका जँगा भोक भोकै मरेर सखाप हुन्छन् ।

हाँस्ने कुरा अरू नपाउँदा बेला बेलामा दुई वर्षअगाडिको यो कुरा सम्झिएर अझै पनि हामी दुवै मरीमरी हाँस्छौं ।

घाम डुबिसक्यो । तर, उज्यालो बाँकी छ । त्यही उज्यालोसँग पिढीमा बसेर बहिनीसँग गट्टा खेल्दै छु । हामी गट्टा खेलेको हाम्रा दुई साना पाठाले पनि बुझे झैं हेर्दै छन् । बेलाबेलामा पाठाले मेरो घाँटी र कानतिर आफ्नो मुखले छोइदिन्छ र तातो सास फेरिदिन्छ ।

त्यही बेलामा दौडिँदै हतासिँदै पवित्रा आइन्, मानौं उनको पछि पछि उनलाई खेद्दै बाघ आइरहेछ । खेल्न छोडेर उनलाई हेरेँ, तलदेखि माथिसम्म । उनी मेरा अगाडि उभिएर लामोलामो सास फेरिरहेकी छन् । लाग्यो, उनले भन्न खोजेको कुरालाई सासले रोक्न सकिरहेको छैन ।

- 'के भो पवित्रा ?'

उनको मुखबाट शब्दभन्दा धेरै सास आइरहेछ । उनले चुरा, पोते. गहना, राता लुगालाई एकैचोटि देखाएर भनिन् - 'खै के भो कुन्नि ! तर, मैले यो पनि, यो पनि, यो पनि लाउन नपाउनी भएँ अब ! केई पनि लाउन पाउन्न अब !'

मैले बुझेँ । केही पनि लगाउन पाउन्नँ भन्नुको अर्थ उनले निर्वस्त्र बस्नुपर्छ भन्ने होइन । म आत्तिएँ, उनका कुराले । कतै यिनको हाल पनि मेरोजस्तै त भएको होइन ?

- 'के भनेकी हँ ?

फेरि उनले उही वाक्य दोहोऱ्याइन् । आफूले लगाएका चुरा, पोते, लुगा र गहना देखाउँदै उसरी नै आत्तिँदै भनिन् - 'मैले त यो पनि, यो पनि, यो पनि, केही पनि लाउन नपाउनी भएँ अरे क्या... !'

उनका पछिपछि शोकाकुलजस्ता देखिने उनका दुई जना आफन्त आइमाई आएर आफूलाई नियन्त्रण गर्दै उनलाई फकाए - 'किन यसरी भागेकी ? तिम्रा ससुरा बिरामी छन् अरे क्या, तिम्रो घराँ । बुआरीको मुख हेर्नु भनेका छन् अरे । तेई भर लिन आका तिम्रो घरका मुन्छेहरू । तिम्लाई ! तिम्ले यसरी आत्तेर भाग्नु पर्दैन । दुईचार दिन राखेर ल्याइदिन्चन् नि तिम्लाई !'

पवित्रालाई ती दुई आइमाईले खुब फकाए । तर, पवित्राले पुरै कुरा पत्याएकी छैनन् । किनभने, उनी मजस्ती सोझी छैनन् । तर, पवित्र छिन् । उनलाई ती दुई आइमाईले फकाएर लगे । मलाई लाग्यो, पक्कै पनि उनको हाल मेरोजस्तै भएको हो । उनले यो कुरा बुझेर त्यसो भनेकी हुन् । उनी ती बुढाको मायाले होइन, आफ्नो शृङ्गार खोसिएकोमा विलौना गरिरहेकी छन् । विद्रोह गरिरहेकी छन् ।

तर, पवित्रा ती आफ्ना घरतिरका मान्छेहरूसँग जानै मानिनछन् । जति गर्दा पनि मानिनछन् । उनको घर टाढा पनि छैन । दुई घण्टाजतिको बाटो होला । जब उनी रूँदारूँदै राति निदाइन्, तब उनलाई अलक्क बोकेर राति नै लगे अरे भन्ने कुरा भोलिपल्ट मैले थाहा पाएँ ।

# साहिँली औंलामा सात रङ

तिहार ।

म विधवा भएपछिको दोस्रो तिहार । पहिलो तिहार त मैले मान्नै पाइनँ । आफूले भनेको होइन, अरूले भनेको मात्र मान्नुपर्ने ठाउँमा थिएँ । तिनीहरूले तिहार नमान भने । मैले मानेँ ।

घरअगाडि डुम्रीको बोटमा बाले पिङ हालिदिनुभएको छ । म र पवित्रा पालैपालो खेल्दै छौँ । घरवरिपरि र आँगनको डिलमा ढकमक्क फूल फुलेका छन् । टन्नै । चराले त आकाशबाट हाम्रो घरले नै फूलको माला लगाएको जस्तो देख्छ होला !

गाउँका दिदीहरू आए । र, नसोधी टपाटप फूल टिप्न थाले । पिङ खेल्नै छोडेर भनेँ - 'धेरै फूल नटिप्नू है । हाम्लाई चाइन्च ।

- 'किन चाइन्च नानी तिम्लाई ? तिम्रा दाजुभाइ छैनन् । तिम्रा बालाई फुपूले ल्याइआल्चिन् । हाम्रा त धेरै दाजुभाइ छन् । फूल चाइन्च । टिप्चम् ।'

गाईतिहार सम्झँदै मैले चर्को स्वरमा भनेँ - 'हाम्रो घराँ गाईगोरु छन् । बाच्छाबाच्छी छन् । गाईतिआराँ तिन्लाई लाइदिन परेन ?'



तिनीहरू सबै गलल्ल हाँसे । एउटीले भनिन् - 'याँ मुन्छेलाई फूल छैन । उस्का पशुलाई ।'

अर्कीले भनिन् - 'तिम्रो भाइ त तेइ बाच्छो होला, हन्त ? कालो बाच्छो !'

अर्कीले बिस्तारै भनिन् - 'यो केटी त कत्ति छुच्ची हो ।'

मैले सुनिहालेँ । र, रिसाएर भने - 'तिमार्ले चुरापोते लार के नापेका छौ र ? चुरा लाका हातले फूल चोरौँ !'

अलि ठूलीचाहिँले भनिन् - 'तिम्लाई त खुब कुरा अर्न आम्दो रच !'

-'तिमोर्लाई झन् खुब फूल चोर्न आम्दो रच !' तिमोर्लाई पनि एक दिन दुःखी हुनुपर्ला ! अर्कालाई तेसै जथाभावी नभनो ।'

- 'हुँदैनम् हामी त ।'

- 'तिमोरू भावी हौ र ?'

मलाई रुवाएर ती हाँस्तै गए आफ्ना घरतिर । एक डालो फूल लिएर गए । आँखाभरि आँसु र मनभरि एक झोला पीर लिएर आमा भएतिर गएँ, भित्र भान्सामा । सबै कुरा लगाएँ ।

आफ्नै जीवनको रातो फूल टिपिँदा कसैसँग केही गुनासो नगरेकी म, आँगनका फूल छिमेकी दिदीहरूले टिप्दा आमासँग गुनासो गरिरहेछु । मानौँ, तिनीहरूले मेरै जीवनको फूल टिपेका हुन् ।

ती दिदीहरूसँग रिसाउनुको साटो आफ्नै ठुलो पेटमा हात राखेर रुनु पो भयो आमा त । छोरा बाँचेनन् भनेर मलाई र बहिनीलाई एउटै आँगनबाट एकै लगनमा बिहे गरिदिनुभएको अरे । न छोरा बाँचे, न मेरा दुलहा बाँचे !

मेरो बिहे हुँदा पनि गर्भवती हुनुहुन्थ्यो आमा । त्यो त झन् नजन्मिँदै मरेछ पेटमै । त्यसपछि अहिले फेरि गर्भवती हुनुभएको छ आमा । आकाश हेर्न खोजे झैँ माथि हेर्नुभयो आमाले । तर, धुवैं धुवाँले पोतिएको कालो दलिन मात्र देख्नुभयो । तैपनि, पेटको हात पेटमै राखेर मिठो कल्पना गरे झैँ गर्नुभयो - यो गर्भको त छोरै होस् । र, ऊ दीर्घायुको होस् !

प्वाट्टै फुट्लाजस्तो भएर ठुलो भएको आमाको पेट देखेर म खुसीले छटपटाएँ । आमा भने स्याँस्याँ गर्नुभयो । मैले आफैसँग सोधे - आमाको पेटभित्र भाइ होला कि बहिनी ? यो रहस्य आमालाई पनि थाहा छैन । सायद, मान्छेको पेटमा पनि आँखा हुने भएको भए यो रहस्य आमालाई थाहा हुने थियो ।

बहिनी रहिछे भने जन्मिएपछि सुत्केरी व्यथाले भन्दा सयगुना बढी रुनुहुनेछ आमा । बा पनि खिन्न हुनुहुनेछ । म बाआमा खुसी भएको देख्न चाहन्छु । बाआमा खुसी भएको देख्ता मलाई त्यसै पनि रमाइलो लाग्छ । त्यसैले, आमाको पेटभित्र भाइ नै होस् भनेर मैले भगवानको नाम कम्तीमा एक सय आठपटक लिएँ होला ।

यति ठुलो पेट देखेर सोच्छु - आमा कसरी निहुरिनुहुन्छ र प्रत्येक दिन बिहान बाका गोडाको जल खानुहुन्छ होला ? तैपनि आमा बाका गोडा धोएर जल खानुहुन्छ । आमा भन्नुहुन्छ - बरु मलाई आफ्नै गोडा धुन गाह्रो हुन्छ । मैले आमाको पेट छामेँ कस्तो साह्रो ! आमाको पेट होइन, पेटभित्रको बच्चा साह्रो हो भन्ने लाग्यो । म छुच्चीले फ्याट्ट भनेछु - 'आमा ! अब भाइ पाम्नू न हई !'

आमाले मेरा गाला र मुडुले टाउको मुसार्दै झन् रुनुभयो । उहाँको मुखले भन्यो - 'तिमी नै छोरो हौँ नि नानी ! अब भाइ किन चाइयो ? तर, आँसुले भनिरहेथे - तिमी अब छोरो पनि होइनौ, छोरी पनि भइनौ, एक अभागिनी भयौ !

मङ्सिर लाग्यो । जाडो बढ्दै छ । फूलहरू सुक्तै छन् । झर्दै छन् । कतै कतै अलि हट्टाकट्टा र कान्छी फूलहरू मात्र बाँकी छन् । आमा सुत्केरी हुनुभयो । भाइ नै पाउनुभयो । हामी सबै उत्पात खुसी भयौँ । आमाले खुसी हुँदै भन्नुभयो - 'तँ अब यस्को दिदी भइस् !'

मलाई भने देब्रे छातीमा चसक्क बिभ्भ्यो । बाआमाले मलाई छोरो भइस् भनेर फेरि ढाँट्नुभएछ ! छोरो पनि कहीँ दिदी हुन्छ त ? म छोरा भएको भए त दाइ पो हुने थिएँ । तर, पनि भाइ देख्ता म खुसी भएँ । बाआमाले अब तँ छोरो भइस् भनेको कुरा बिर्सेर खुसी भएँ !

दिदीहरू हाम्रो घरअगाडिबाट हिँड्दै छन् । म आँगनमा छु । तिनीहरूलाई देख्नासाथ म हाँसेछु । उनीहरू पनि हाँसे । तिनै बाँकी हाँसेका फूललाई देखाएर भनेँ - 'अब तपैँहरूलाई फूल टिप्न दिन्न क्यारे म !'

उनीहरूले गिज्याउँदै भने - 'तिआर सकिहाल्यो नानी ! क्याच्यौ ? अब फूल ?

मैले भनेँ - 'आर्को तिआरलाई ।'

-'दुईचार दिनमै अब आफैँ झरेर जान्चन् सप्पै फूल । क्याच्यौ ?'

- 'फेरि फुल्च नि आर्को तिआरमा ।'

- 'एउटा स्यानो भाइलाई कति चाइन्च र ?'

- 'सप्पै !'

तीमध्ये एउटीले नजिकै आएर मेरो टाउको मुसारिन् । माया गरेकी हुन् भन्ने थाहा पाएँ । मेरो मन त्यसै त्यसै कोमल भएर आयो ।

- 'तिम्रो भाइ कस्तो छ नि ?'

- 'भाइअस्तै छ । राम्रो !'

- 'हाम्लाई हेर्न दिन्च्यौ ?'

मैले उनको हात समातेर भाइ देखाउन ल्याएँ । अरू दुई  जना दिदी पनि सँगै आए । अस्ति नै मेरो मनको फूल टिपेजस्तै लागेको थियो उनीहरूले । अहिले फुलाइदिएजस्तै लाग्यो ।

फेरि तिहार आयो । आमाले भन्नुभयो - 'तँ अब बाह्र वर्षकी भइस् ।'

सायद बाह्र वर्ष एकदम महत्त्वपूर्ण हो क्यारे ! बाह्र महिना, बाह्र राशि, नि बाह्र वर्ष !

एकवर्षे एउटा भाइलाई कति फूल चाहिन्छ र ? फुर्केर एक डालो टिपेँ । थाहै नपाई बाह्रओटा माला उनेछु । म जति वर्ष भएँ त्यति नै माला । सातओटा माला त भाइलाई नै लगाइदिएँ । भाइको भन्दा धेरै भयो होला मालाको तौल बाँकी माला गाई र बाच्छाबाच्छीलाई लगाइदिएँ । भर्खर एक वर्ष पुगेको भाइ, जो राम्ररी हिँड्न पनि सक्तैन उसलाई मैले मालैमालाले पुरिदिएँ ।

उसको कलिलो निधारमा आफू रङ्गहीन भएर पनि सप्तरङ्गी टीका लगाइदिएँ । म उसकी दिदी । आफू रङ्गहीन भएर उसलाई रङ र फूलहरूले सजाइदिने दिदी ।


तर, मेरो दाहिने हातको साहिली औँलाको टुप्पामा उसलाई टीका लगाइदिँदा सातै रङ पालैपालो मिस्सिएर लाग्यो, जसलाई मैले उत्तिखेरै एउटा पुरानो र मैलो रुमालले पुछनुपर्‍यो ! पुछेँ !

# बेलुनभित्र प्राण

गाई हेर्न होइन, माथि कान्लातिर घाँस काट्न जाँदै छु । मलाई थाहा छैन, वसन्त ऋतु आएको । तर, थाहा छ चैत, वैशाख आएको । र, देखें परबाट गोविन्द आएको । कता जान आएका रहेछन् ? कोइलीले कोहो, कोहो भन्दै छ । मनमा आफैँ आयो - यसो गोविन्दले भनिदिएको भए ।

मैले बोलाएँ - 'गोविन्द !'

नजिकै आए र एकपसर काफल दिए । हामी हरियो चौरमा बस्यौँ ।



- 'तिम्रो घरतिर आम्दै थेँ ।'

- 'किन ? मेरो हातमा रबरको एउटा खोल राखिदिए ।

सोधेँ - 'यो क्या हो ?'

- 'क्यार्नी हो यल्लाई ?' - 'यस्भित्र हावा फुक्नी र उडाम्नी ।'

आफूसँग भएको एउटा बेलुनभित्र हावा फुक्न थाले । बेलुन फुक्ता तिनका गाला पनि बेलुनजस्तै पुक्क भए । मुखभरिको हावा बेलुनमा भर्दै गए पटकपटक । अचम्म मानेर हेरेँ । हेरिरहेँ । कस्तो अचम्मको कुरा !

छोटो धागोले बेलुनको मुख बाँधेर उडाए । उडेको बेलुनलाई तिनले बडो चलाखीका साथ च्याप्प समाते । धागो फुकाएर त्यहाँभित्रको हावा फ्याँके । मलाई पनि फुक्न सिकाए । उनले फुकेको जुठो बेलुन मैले पनि फुकेँ । हामी दुवैको सास त्यहाँभित्र मिसियो । त्यो बेलुन पनि मलाई नै दिए । संसारकै बहुमूल्य वस्तु पाए झैँ भएँ । दुइटा बेलुन भए मसँग ।

- 'काँट ल्यायौ ?'

- 'दाइले, बनारस... ।'

बेलुन देखेर भन्दा उनी देखेर खुसी भएँ । किनभने, अक्षर झैँ उनले नै बेलुन पनि चिनाए मलाई ।

- 'मलाई नि दाइले बनारस लैजाने अरे अब....। पढाम्न ।'

उनको बोलीको चर्को घामले मेरो मनको कलिलो हरियाली एक्कासि ओइलायो ।

- 'यइँ पढे हुन्न र ?'

- 'याँ पाठशाला छैनन् !'

- 'गुरुको घराँ गर पन्नी नि ।'

- ‘बनारसाँ राम्रो पढाइ हुनी ठुल्ठुला पाठशाला छन् अरे ।’

- ‘मलाई कल्ले सिकाइदिन्च त नि अब पन्न ?’

- ‘आफैँ पढ्दै जाऊ । हेरिरसि आफैँ चिनिन्चन् अच्छेर, एकपल्ट देखेको मुन्छे फेरि देख्ता चिनेअस्तै ।

- ‘लेख्न नि ?’

- ‘लेख्नु भनेको नि याँको बाटो हिन्नुअस्तै त हो । हिन्दै जाँदा हिनेको बाटो आफैँ चिनिएअस्तै, लेख्तै जाँदा एकपल्ट लेखेका अच्छेर । आफैँ लेखिन्चन्, चिनिन्चन् । एकपल्ट हिनेको बाटो आफैँ याद भएअस्तै । एकपल्ट देखेका अच्छेर, शब्द पटकपटक लेखेसी आफैँ याद हुन्चन् !’

उनले कति राम्ररी बोल्न जानेका कविता भने झैँ भने । दाइसँग । सिकेका होलान् । उनले भनेका कुरा मैले राम्ररी बुझ्न पनि सकिनँ । तर, सुनेर कस्तो मज्जा आयो ।

- ‘कइले जान्चौ ?’

- ‘दश बाह्र दिनपछि जानी अरे दाइ । सँअै लान्चु भन्नु भाछ ।’

काठको सानो छेस्कोजस्तो मेरो हातमा राखिदिएर भने - ‘यो सिसाकलम हो । तिम्लाई ।’

एउटा सानो कापी दिएर भने - ‘यो कापी नि तिम्लाई । यस्मा सिसाकलमले लेख्नुपर्च ।’

त्यहाँ उनले मेरो नाम लेखिदिए - ‘ताराकुमारी... !’ मैले भनेँ - ‘तिम्रो नाम पनि लेख न !’

उनले मेरो नामको आडमा आफ्नो नाम पनि लेखिदिए । मलाई लाग्यो, उनी बनारस गए पनि उनको नाम सधैँ सधैँ मेरो नामसँगै बसिरहन्छ, मेरो कापीमा मसँगै !

उनले पढ्ने गरेको गुणरत्नमालाको पुरानो किताब पनि दिएर भने - ‘यो किताप नि तिम्लाई । राम्ररी पढ है ।’

मैले दङ्ग परेर सोधे - ‘बनारस’ट कइले फर्कन्चौ नि ?

तिनले कथामा  झैँ भने - ‘आर्को वर्ष काफल पाक्ने बेलाँ आउने जाने अरिरअन्चु नि दाइले अस्तै ।

मैले मनमनै सोचेँ - अर्को वर्ष काफल छिट्टै पाकोस् ! उनकी आमाले बोलाएको आवाज सुनियो - ‘गोविन्द !

जान्छु है भनेर उनी गए । म एक्लै भएँ । झट्ट मनमा आयो, म कहाँ एक्लै छु र ? मसँग दुई बेलुन, गुणरत्नमालाको किताब, सिसाकलम, कापी, कापीभित्र उनको र मेरो नाम पनि छ ! म खुसी भएँ ।

मेरो मन असाध्यै काल्पनिक छ । अनायासै यस्तो भावना आयो । आफ्ना इच्छाहरू लेखेको चिठी बेलुनमा बाँधी आकाशमा उडाएर भगवान्कहाँ पठाउने !

भगवान्सँग मागेका इच्छाहरू पूरा हुन्छन् भनेर मैले गोविन्दले दिएको कापीको एउटा पानामा उनैले दिएको सिसाकलमले टुटेफुटेको शब्द बन्न नसकेका अक्षर लेखेँ । ती अक्षरमा मेरा इच्छा छन् । यस संसारमा ती अक्षर बुझ्ने दुई मात्र छन् । एक  जना म र अर्को भगवान् ।

ती दुईचार अक्षर लेख्न मैले गोविन्दबाट नै सिकेँ । गोविन्दले आफ्ना दाइसँग सिके । उनका दाइले बनारसको गुरुकुलमा गुरुसँग सिके । ती गुरुलाई के थाहा उनले सिकाएका अक्षर मलाई भगवान्का लागि चिठी लेख्न काम लाग्छ ?

उनका दाइलाई के थाहा गोविन्दलाई सिकाएका अक्षरहरू भगवान्का लागि चिठी लेख्न काम लाग्छ ?

गोविन्दलाई पनि थाहा छैन !

गोविन्द ! म कत्ति खुसी छु । तिमीलाई, तिम्रा दाइलाई, तिम्रा दाइका गुरु र गुरुका पनि गुरुलाई पनि मेरो तर्फबाट धेरै धेरै धन्यवाद !

दुवै बेलुनमा हावा भरेँ । बेलुनमा विभिन्न रङका बुट्टा छन् मेरा रहरजस्तै । दुवै बेलुनको मुखमा मेरा इच्छा लेखेका चिठी धागोले बाँधेँ । एउटा मेरो नाममा, अर्को गोविन्दको नाममा ।

सबै भन्छन् - आकाशमा भगवान्को घर हुन्छ । बेलुन पनि आकाशमा उड्छ । त्यसैले दुवै बेलुन मैले गोविन्दले भनेझैँ आकाशमा उडाएँ । ती बेलुन अवश्य पनि भगवान्को घरसम्म पुग्लान् । अनि भगवान्ले मेरा इच्छा पढ्लान् । र, पूरा गरिदेलान् !

ती दुई बेलुन यसरी मेरो र गोविन्दको नाममा इच्छापत्र बोकर भगवान्को घरतिर जान उड्दै छन् भन्ने कुरा बेलुन दिने गोविन्दलाई के थाहा ? गोविन्दका दाइलाई के थाहा, जसले यी बेलुन किनेर ल्याए ? त्यो पसलेलाई के थाहा, जसले बनारसको आफ्नो पसलबाट ती बेलुन बेच्यो ? ती बेलुन उत्पादन गर्ने कारखानाको मालिकलाई के थाहा ?

तर, बेलुनहरू मेरा इच्छा र रहरहरू बोकेर उड्नै सकेनन् । हावा भरेपछि, त्यसमा पनि अझ आफ्नै प्राणको हावा भरेपछि बेलुनहरू आकाशमा उड्नुपर्ने हो । उडेनन् । मेरो उचाइभन्दा माथि उड्न सकेनन् । जति माथि उडाउन खोज्छु, जमिनमा मात्र खस्न खोज्छन् । के मेरा इच्छा र रहरहरू यति धेरै गह्रुँङ्गा छन्, जसलाई बोकेर बेलुनलाई माथि माथि आकाशमा उड्न गाह्रो पऱ्यो ?

अचानक झसङ्ग झस्किएँ । ती बेलुनको मुखमा धागोले बाँधेर उडाउन पाएको भए मेरा इच्छा मेरो नियन्त्रणमा उड्थे । सोचेँ, आफ्नो नियन्त्रणका इच्छा पनि कहीँ भगवान्कहाँ पुग्छन् त ? तिनले त बेलगाम उड्न पाउनुपर्छ । तर, बेलगाम उडेनन् ।

मभन्दा माथि नपुगी ती बेलुन हावासँगै अचानक भुइँमा खसे । मैले हावामै समाएर जोगाउन सकिनँ तिनलाई । बेलुनहरू त हरिया घाँसपातका धार र काँडाका चुच्चामा खसे । र, क्रमशः फुटे - प्वाट्ट... ! प्वाट्ट !!

मेरा इच्छा र रहर पनि फुटे बेलुन झैँ । मेरा इच्छाको दुई माना सास बाहिरी हावामा मिसियो । बेलुन फुटेको भन्दा मलाई मेरा इच्छा र मन फुटेकोमा बढी पीर लाग्यो । मेरा इच्छा भगवान्कहाँ पुग्नै नपाई फुटे । अब आफ्ना इच्छा केमा बाँधेर उडाऊँ ? हुन त अन्तर्दृष्टि भएका भगवान्ले आफैँ जानेर मेरा इच्छा पूरा गरिदिँदा भगवान्को के बिग्रिन्छ र ? तर, संसारमा यति धेरै मानिस छन् । भगवान्ले ककसको इच्छा आफैँ बुझेर पूरा गर्न सकून् ?

सायद, म बालविधवा नभएको भए यी बेलुन फुट्थेनन् र माथिमाथि आकाशमा उड्दै भगवान्कहाँ पुग्ने थिए । बालविधवाका इच्छाहरू पनि बालविधवाजस्तै अपवित्र हुन्छन् क्यारे ! यी बेलुन माथिमाथि उड्नै सकेनन् । भगवान्कहाँ पुग्नै सकेनन् ।मेरो मन पनि बेलुन झैँ फुट्यो - प्वाट्ट... ! प्वाट्ट... !

घाँस नकाटी साँझतिर आफ्नै इच्छाहरूको मलामी गएर खिन्न हुँदै घर फर्किएँ !

# कल्पलता

'आजदेखि तँ पन्ध्र वर्षकी भइस् नानी !'

आमाको भनाइले म झसङ्ग भएँ । शारीरिक रूपले म पूर्ण रूप छोरी भइसकेकी छु । छोरो त आमाकै आडमा सुतेको छ - मेरो भाइ

आजभोलि आफ्नै शरीर कहिले एकदम भारी हुन्छ, कहिले एकदम हलुका । शरीरभन्दा गह्रुङ्गो पीर हुँदोरहेछ ! अगाडि बत्ती बलिरहेछ आफूलाई हेर्न खोजेँ । सकिनँ । त्यसपछि भित्तामा हेरेँ - आफ्नै छाया । छाया त मभन्दा पनि रङ्गहीन छ । म सेतो ऊ कालो ।

आमाले भन्नुभयो - 'बत्ती निभाइदे नानी !'

त्यो कालो छाया त फैलिएर कोठाभरिको पो भयो बत्ती निभाएपछि मेरो सेतो पनि छोपियो र म पनि भएँ छायाजस्तै । आमा, म र भाइ लाइनै सुतेका छौँ एकैठाउँमा तलामा । मलाई निद्रा लागेन ।

- 'आमा निदाम्नुभो ?'

- 'छैन ।'

एकछिनपछि आमाले भन्नुभयो - 'तँ किन ननिदाएकी त नानी ? मैले उल्टै सोधे - 'तपैँ नि ?'

- 'स्याना नानीहरूलाई अस्तो चाँडो निद्रा आउन्न क्या उमेर पुएकालाई ।

- 'आमा ! मेरो उमेर पुयो ?'



आमा केही बोल्नुभएन । आमाले तेरो उमेर पुग्यो भनिदिएको भए म अझ धेरै खुसी हुने थिएँ होला । पक्का हो, भाइको उमेर पुगेको छैन । ऊ अघि नै निदाइसकेको छ । तीन वर्षको बालखा ।

आमाले मतिर कोल्टिएर भन्न थाल्नुभयो, कथा भनेझैँ आफ्नै हजुर

आमाका कुरा :

- 'था छ नानी तँलाई, सतीप्रथा भनेको के हो ?'

मैले टाउको हल्लाएँ । उत्तिखेरै थाहा पाएँ, अँध्यारो पो छ । आमाले देख्नुभएन मैले टाउकोले बोलेको । मुखैले भनेँ - 'छैन ।'

त्यसपछि आमा नदी सुसाए झैँ सुसाउन थाल्नुभयो - 'मेरी हजुरआँ अर्थात् तेरी जीआँले सती जानुपऱ्याथ्यो । आफ्ना पति मरे भने ज्युँदै चितामा जल्नुपऱ्यो । हजुरआँले ज्युँदै चितामा जल्नुपरो अरे !'

एउटा सानो आगोको झिल्कोले कतै शरीरमा यसो पोल्दा त कस्तो पीडा हुन्छ । ज्युँदै त्यति ठुलो आगो बलिरहेको चितामा चढ्दा कस्तो होला ?

आमाले भन्दै जानुभयो - 'हजुरआँ एकतीस वर्षकी हुनुउन्त्यो अरे । मेरा बा भर्खर तेर वर्षका । फुपू दुई  जना दस र आठ वर्षका । कान्छाबा भख्खर चार वर्षका थे अरे । आफ्नू ज्यानको मयाँभन्दा नि स्यानास्याना सन्तानको मयाँले सती जानै मान्नुभन अरे हजुरआँ । तर, हजुरआँलाई जबर्जस्ती सती जान बाध्दे बनाचन् । वाँ चितामा जल्दाजल्दै आत्तिएर भाग्न खोज्दा ढुङ्गाले हानेर मारे अरे... !'

मलाई त कथा सुनेजस्तो भयो । एकदमै काल्पनिक कथा । मनमा आयो - मेरो जीवन पनि भोलिपर्सि दुईतीन पुस्तापछि सुनाउँदा त्यतिखेरकालाई काल्पनिक कथाजस्तै लाग्ला ।

भन्नुभयो - 'जतिसुकै धनीका पत्नीले नि सती जानैपऱ्यो । राजा, महाराजाका महारानीहरूले नि सती जानैपऱ्यो ।'

आमाबाट नै सुनेकी थिएँ मैले रामसीताको कथा । पण्डितहरूबाट  सुनेकी थिएँ पुराण लगाएको ठाउँमा रामले सीताको अग्निपरीक्षा लिएका थिए भन्ने कथा । बलिरहेको चिताजस्तै आग्निमाथि बस्ता पनि सीता जलिनन् । किनभने, उनी पतिव्रता थिइन् । पवित्र थिइन् ।

मलाई लाग्यो, के मेरी आमाकी हजुरआमा पतिव्रता थिइनन् ?

चरित्रहीन थिइन् ? होइन भने उनलाई आगोले किन जल अग्निदेवतालाई त सबै कुरा थाहा हुनुपर्ने हो !

सतीप्रथा हट्नुअघि लोग्ने मर्दा सबैले सती गए होलान् । सबै जले होलान् । नजलेका भए त तिनको पनि कथा लेखिन्थ्यो होला, सीताको जस्तै । तिनीहरू पनि देवी हुन्थे होलान् सीताजस्तै । के ती सबै जल्ने पत्नीहरू कोही पनि पतिव्रता थिएनन् त ? ती सबै चरित्रहीन थिए ?

त्यतिखेर बालविधवाहरूले पनि विधवा नै हुन नपाई सातै रङमा रातो आगोमा जल्नुपऱ्यो होला ! के ती साना नानीहरू पनि चरित्रहीन थिए ? अपवित्र थिए ?

म नौ वर्षमा विधवा भएँ । सतीप्रथा नहटेको भए मैले पनि सती जानुपर्थ्यो होला । ज्युँदै चितामा जल्नुपर्थ्यो होला । के म जल्ने थिइनँ र सीता झैँ ? नौ वर्षकी बालिका, जसलाई लोग्ने भनेको कुरा नै थाहा हुँदैन । जसले लोग्नेमान्छे भनेको हजुरबा, बा, काका, दाइ, भाइ, मामा, भन्ने मात्र बुझेकी हुन्छे । के उसलाई चिताको आगोले जलाउँदैन ? म जल्थेँ कि के गर्थें होला ?

अवश्य जल्थैं । नत्र, आगोको झिल्को यसो उछिट्टिएर आउँदा पनि किन त्यसरी पोल्छ भुतुक्कै पार्ने गरी ? कहिले त लुगा नै प्वाल पारिदिन्छ । छालामा फोकै उठाइदिन्छ, जुन तीन दिन तीन रातसम्म दुख्छ ।

त्यसोभए के नौ वर्षकी बालिका पनि चरित्रहीन हुन्छे ? जसका चरित्र नै विकास भएको हुँदैन ।

समाजले त दया गरेन गरेन । अग्निदेवताले पनि दया गर्दा रहेनछन् ! कमसेकम बालविधवालाई पनि । अग्निदेवतालाई पनि पवित्रता र अपवित्रता छुट्याउन आउँदो रहेनछ क्यारे । आगाले पकाएर खान पनि दिन्छ र सतीलाई जलाउँछ पनि । लाग्यो अग्निदेवता भन्नु मान्छेकै नियन्त्रणमा छन् ।

नत्र, आगोले पायो भने धर्मग्रन्थकै किताब पनि किन जलाउँछ त ? किन जलाउँछ नीतिशास्त्र पनि ?

मेरो उमेर अब मनमा कुरा खेलाउने भएछ क्यारे । अनेक कुराहरू खेलिरहे । मैले ती कुराहरूको खेललाई रोक्नै सकिनँ । तिनीहरूको एम्पायर पनि बन्न सकिनँ । ती अनुशासनहीन भएर खेल्न थाले । समयसीमा नाघेर पनि खेल्न थाले मेरो मनको हरियो चौरमा खेलमै दानमा ।

मेरी जीआमा सती गएको कुरा सुनेर केही कुरा भन्न म आमातिर कोल्टे फर्किएँ । आमाको अनुहार त मैले अँध्यारामा पनि देखिरहेथैं, मनले । भनेँ - 'आमा ! म कत्ति भाग्गेमानी रचु है ! दुला मर्दा मैले जिम्दै चितामा जल्नुपरेन । जीआमाले  झैँ सती जानुपरेन !'

मनमनै भनेँ - मेरो त कपाल मात्र काटियो तर, टाउको त काटिएन । पोते मात्र चुँडाइयो तर, गला त रेटिएन । चुरा मात्र फोरियो तर, हातहरू त फोरिएनन् । पाउजु मात्र झिकिए तर, खुट्टाहरू जोगिए । गहना पो झिकिए तर, नाककान त काटिएनन् । मेरो शरीरका राता लुगा र शृङ्गार मात्र पो खोसिए तर, शरीर त खोसिएन । कमसेकम मैले जीआमाको जस्तै ज्युँदै चितामा जलेर मर्नुपरेन !

मुखले फेरि भनेँ -'आमा ! म त कत्ति भाग्गेमानी रचु है !'

मेरो कुरा सुनेर सायद आमा रोइरहनुभएको छ । सुँक्कसुँक्क सुन्दै छु । र, आमाको हातको स्पर्श मेरो अनुहारले महसुस गरिरहेछ ।

अझ भाग्यको कुरा म सानै छँदा दुलहा मरे । मायाप्रेम बसेर मरेका भए म कति दुःखी हुन्थैं होला ! विछोडको पीडाले म कति छटपटिन्थैं होला ! कमसेकम दुलहा र तिनको माया र समर्पण सम्झिएर रूनुपरेको छैन मैले । तिनलाई आफूले गरेको माया र समर्पण सम्झिएर छटपटिनुपरेको छैन मैले !

म कत्ति भाग्यमानी !

# मरुभूमिमा हरियो रुख

दुलहाको तिथिमा सराद्ध गर्न घरै जाने कुरा भयो । नगएको पनि दुई वर्ष भएको थियो । जसरी पनि आऊ भन्ने खबर पनि पठाइरहेका थिए घरकाले । आमाले लिएर जानुभयो ।

सराद्ध गर्दा सबैभन्दा अप्ठ्यारो मलाई दुलहाको अनुहार सम्झिन हुन्छ । जसको सराद्ध गर्ने हो उसको अनुहार सम्झिनुपर्छ अरे । तर, मलाई त्यही मरेको अनुहार, मेटिनै लागेको खुइलिएको फोटोजस्तो भएर सम्झनामा आउँछ ।

ससुराले आमासँग भने - 'यसपल्ट, सके एक वर्ष नभए दसआठ मइना बुआरी नानी यतै बस्थिन् ।'

आफ्नो घरको जहानलाई यतै राख्छु भन्दा आमाले बोल्ने कुरा केही थिएन । केही बोल्नुभएन । तर, मेरो मनले भने चर्कोचर्को स्वरमा बोलेर बस्न अस्वीकार गऱ्यो । मुखले भने केही बोल्न सकिनँ ।

ससुराले मतिर फर्केर सोधे - 'हुन्न बुआरी ?

मैले अप्ठ्यारो मानेर यत्ति भने - 'म याँ को भनेर बसम् ? मलाई माइतै रमाइलो लाम्च ।

ससुरा अलि कड्किए - 'हामी छैनम् ? यो तिम्रो घर हो । तेसो भन्न मिल्च ?'



ससुरा कड्किएपछि आमाले नरम भएर मतिर हेर्दै भन्नुभयो - 'सम्धीले भनेसि बस् नानी ! यो घर तेरो हो ।'

रहस्य बुझ्न मलाई धेरै समय लागेन । सौतेनी सासू गर्भवती रहिछन् । लगभग महिना पुगिसकेको रहेछ । उनको स्याहारसुसार गर्नुपर्ने भएकाले ससुराले मलाई बस् भनेका रहेछन् । दुई नन्दको बिहे भएसकेकाले तिनलाई सुत्केरी भएको अवस्थामा पकाएर दिने, स्याहारसुसार गर्ने कोही थिएनन् घरमा ।

पहिलेभन्दा पनि झन् नरमाइलो धुलौटे सुक्खा हुरी चल्यो मनमा । त्यही धुलौटे सुक्खा भूमिमा एउटा हरियो रुख देखेँ - मधुमाया दिदी । मेरो मनको चरी त्यही हरियो रुखको टुप्पामा पुगेर बेला बेलामा विरहका गीत गाउने गर्छ !

दिदी दुई सन्तानकी आमा भइसकेकी रहिछन् । यति चाँडै कत्ति बुढीजस्ती देखिएकी । झन्डै मेरी आमाजस्तै । उनले अप्ठ्यारो मान्दै भनिन् - 'तिमी त तरुनी भइचौ तारा ! म त अब बुढी भएँ ।' मैले बुझें । तिनलाई खुब अप्ठ्यारो परेको थियो मलाई तरुनी भन्न । तैपनि तिनलाई भन्न मन लागेको थियो । भनिन् । मलाई भने अप्ठ्यारो लागेन । मैले पनि भने - 'दिदी ! तपैं त सन्तान पार बुढी हुनुउन्च । म त तेत्तिकै बुढी हुन्चु, भोलिपर्सि !'

त्यसपछि तिनी केही बोलिनन् । हामीले बेला बेलामा भेट्दै सुखदुःखका कुरा गयौं । मेरो बढ्दो उमेर र चढ्दो जवानीलाई तिनले छक्क परेर हेरिन्, पटक पटक मेरो शरीरभरि । र, भनिन् - 'तिम्रो शरीर सारै मिलेको छ !'

जुठो लोटाएर भान्सा सफा गर्दै छु, निहुरिएर । खै के लिन हो कुन्नि, ठुलो पेट ढलकढलक ढल्काउँदै हाँसको पोथी हिँडे झैँ सौतेनी सासू भान्सामा आइन् । तखतामाथि केके खोज्न लागिन् । भैँसीले झैँ ठुलोठुलो सास फैर्दै छिन् । अचानक तिनले मेरो कपाल समातेर जगल्ट्याउँदै भान्साबाट मझेरी, मझेरीबाट पिँढी, पिँढीबाट आँगनमा पुऱ्याइन् र धकेलिदिइन् । म त आँगनमा पछारिएँ ।

एक्कासि यस्तो व्यवहार गर्दा मलाई यति रिस उठ्यो टाउकोजत्रो ठुलो ढुङ्गा उठाएर तिनकै टाउकामा हानुँजस्तो भयो । तर, हानिनँ । केही बोल्दा पनि बोलिनँ । उनैले बोलिन् - 'भान्साँ रगत चुएको नि था छैन गतिछाडालाई ?'

रिस भरिएको मेरो दिमागले केही बुझेन । तिनले फेरि भनिन् - तरुनी भइचस् अब... !

बल्ल बुझैं मैले, उनले मलाई किन यसरी जगल्ट्याउँदै निकालेकी रहिछन् भनेर । म त नछुनी भएकी रहिछु । त्यही बेलामा मधु दिदी पनि आइन् र सबै कुरा बुझाइन् । म पहिलोपटक रजस्वला भएकी छु ।

अघिल्लो दिनदेखि नै तल्लो पेट त दुखिरहेकै थियो । तर, किन दुख्यो बुझेकी थिइनँ । यसबारेमा मलाई कसैले भनेन । भान्सा सफा गर्दा भित्र कतै तातो पनि भएको त थियो । तर, तत्काल ध्यान दिन सकिनँ । दाँत किटेर दुखेको खपिरहेँ । मलाई आफ्नै बेहोसी र उमेरसँग लाज पनि लाग्यो ।

एक हप्तासम्म गोठमा लुकेर बस्न पर्‍यो । बसेँ । सूर्य र पुरुषको मुख एक हप्तासम्म देख्नुहुन्न अरे मैले । विधवा भएपछि रजस्वला भएको मेरो रगत भने उस्तै थियो - सधवाको जस्तै रातो । कस्तो अचम्म ! विधवा भएको सात वर्षपछि म रजस्वला भएकी छु ।

भर्खर फुलेको सेतो फूलजस्तो मेरो कलिलो यौवनसँग एक्लै रोएँ । यतिखेर आएर पो म विधवा भएकी रहिछु भनेर रोएँ ! विधवा भएँ भनेर रुन पनि मलाई त सात वर्ष लाग्यो । गोठमा लुकेर रुँदा, म राएका गाई, गोरु र बाखाहरूले मात्र सुने होलान् !

सौतेनी सासू सुत्केरी भइन् । छोरो पाइन् । सबै खुसी भए । सबभन्दा बढी खुसी सासू र ससरा भए । त्यसपछि तिनका आफन्त । म भने खुसी भइनँ । बेखुसी पनि भइनँ ।

पहिलेभन्दा अझ व्यस्त हुनुपर्‍यो मैले । तिनका रगतैरगत लागेका सुत्करा कपडा धुने, तिनको छोरालाई तेल लगाउनेदेखि लिएर तिनलाई दिनको चारपाँच पटक मिठो र पोसिलो सुत्केरीले खानुपर्ने खाना पकाएर खुवाउनुपर्ने भयो । खुवाएँ । अह्राएका सबै काम गरे ।

समय बित्दै जाँदा मलाई यस्तो महसुस हुँदै गयो - म दिनदिनै बढ्दै छु । आफ्नो शरीरको बढाइमा भित्रभित्रै रोमाञ्चित हुँदै छु । मलाई मन पर्ने रङ रातो । मैले रातो रङका लुगा पनि लगाउन पाउने भएको भए मेरो सबैभन्दा मन पर्ने रङ रातोबाहेक अरू नै हुन्थ्यो होला !

मलाई मन पर्ने खानेकुरा गुलियो र चिल्लो धेरै भएको । जस्तो : दुध, दही, घिउ, मह, खिर, खुदो...। सुत्केरी सासूलाई खुराक बनाएर खुवाउँदा अलिअलि बँचेको म पनि खान्छु । तिनी एक एक हिसाबकिताब राख्छिन् र मलाई पिर्लिक्क आँखा पल्टाएर हेर्छिन् । सुत्ने बेलामा जब लुगा फेर्छु, त्यतिबेला आफ्नो जिउ देख्छु । अरू बेलामा त आफैँलाई देखेजस्तो पनि लाग्दैन । आफ्नो जिउ हेरेर दङ्ग पर्छु :

- पाटा परेकाजस्ता मेरा तिघ्रा गोलागोला केराका थामजस्ता भएको थाहा पाएँ । आकार सुडौँला हुँदै गएको पनि थाहा पाएँ ।
- नितम्बभरि साह्रो मासु भरिएर आएको थाहा पाएँ ।
- वक्षस्थल दिनदिनै फुक्तै फुक्तै गोविन्दले फुकेर ठुलो बनाएको बेलुनजत्रै हुन लागेको पनि थाहा पाएँ । मेरो छातीभित्रबाट कसले फुक्तै छ होला यसरी बिस्तारै ! सब भगवान्‌को खेलाजस्तो लाग्छ ।

- वक्षस्थल र नितम्ब बढेर पेट सानो देखिएको पनि थाहा पाएँ, जसले गर्दा गाग्री सजिलै मेरो कम्मरमा अडिने भएको छ ।

- नाभिस्थलको खोपिल्टो रहस्यमय तरिकाले गहिरिएको थाहा पाएँ ।

- आफैँलाई देखेर आफैँ मोहित हुन थालेकी छु । मेरो शरीर यति संवेदनशील हुँदै गएको छ कि कहिले त हावाका ताता हातहरूले मलाई भित्रसम्म छोएजस्तो लाग्छ । हावाले हुँदा पनि शरीरमा तरङ्ग उत्पन्न हुन्छ पुरूषस्पर्शले  झैँ । सोच्छु, त्यो स्पर्श हावाको नभई गोविन्दको भइदिएको भए ! तर, जब हावाको गति कम हुँदै जान्छ, फेरि म झसङ्ग भएर पहिलेकै अवस्थामा फर्कन्छु । मलाई यस्तो के भएको होला !

सुकेको रुखजस्तो मेरो शरीर झ्याम्म परेको हरियो रुख लाग्छ । सायद हावाको स्पर्शलाई पनि रुखका हरिया पातहरूले अनुभव गरिरहेकी छु ।

शरीर पुस्टिँदै जाँदा दुध, दही, घिउ.. अझ मन पराउने हुँदै गएकी छु । जे पनि मिठो मानेर खाने भएकी छु । सासूससुरा मेरो भरिलो जिउ र रसिलो अनुहार देखेर तर्से झैँ हेर्न थालेका छन् ।

उनलाई बनाएका खानेकुरा मैले पनि खान्छु भन्ने कुरा सौतेनी सासूले थाहा पाइन् । त्यसपछि तिनले हकार्दै भनिन् - ‘विदुवी बुआरीले यस्तो खानीकुरो खानुउन्न, दुध, दई, घिउ नि धेरै खानुउन्न । पुस्टिन्चन् र पोइला जान्चन् !

मेरो यौवनको हरियो रुख जेठको चर्को घामले ओइलायो । तिनले त अझ छिमल्न खोजिन् । सबै हरियाली काटेर उजाड बनाउन खोजिन् । म बुझ्छु, उनीहरू चाहन्छन् म तरुनी नै नबनूँ । तर, तरुनीले  झैँ दासी भएर उनीहरूको घरको सम्पूर्ण काम गर्न मात्र सकूँ !

दुनियाँ र संस्कारले मलाई जस्तो रूपको बनाए पनि मेरो यौवन त खोस्न सकेन । नियतिले मेरो शृङ्गार र सौभाग्य खोसे पनि यौवन त खोस्न सकेन । शृङ्गार र सौभाग्यविनाको यौवन एउटी छोराका लागिभन्दा घर, परिवार, आफन्त र समाजका लागि कत्रो समस्या र भार बन्दो रहेछ । तर, आफ्नो यौवनले आफ्नो शरीर र मन अना हलुङ्गो भएको महसुस गरिरहेछु ।

उनीहरूले सक्ने भएको भए बालविधवालाई तरुनी पनि हुन दिने थिएनन् । तर, भगवान्ले किन दिए ? यदि भगवान्ले तरुनी बनाएका हुन् भने उनलाई पनि मन परेको छैन, एउटी बालविधवाले यसरी रङ्गहीन हुनुपरेको !

सासूससुराको स्वार्थ पूरा गरिदिएर म माइत फर्किएँ ।

आजभोलि बाआमाले पनि मेरो शरीरलाई सशङ्कीत आँखाले हेर्न थाल्नुभएको छ । अचम्म के भयो भने अरू सधवा तरुनीहरूभन्दा म पो अझ बढी तरुनी र सप्रिएकीजस्ती भएर आएँ । लाग्छ, ती सधवा आइमाईहरू आफ्नो बैंस दुलहाका लागि दिनदिनै खर्च गर्छन् । र खर्च गर्छन्, छोराछोरीका

लागि पनि । त्यसैले मभन्दा कम तरुनी दखिन्छन् ती । कहिलेकाहीँ त लाग्छ, मेरो बैँस कहिल्यै रित्तिँदैन । किनभने, मेरो बैँस खाने दुलहा र छोराछोरी कोही छैनन् मेरा !

अरू जति सशङ्कित र त्रसित भए पनि म भने आफूसँग अझ बढी आत्मरति गर्न पाएर एकदमै खुसी भएकी छु । कमसेकम मैले आफूसँगै रहने, आफूसँग हरपल, हरक्षण कुरा गरिरहने, आफूभित्र एक्लै नाच्ने गाउने, बादलझैँ उड्ने र रूने सबैभन्दा विश्वासिलो आफ्नै तरुनी मन पाएकी छु ! म एक्लै रोमाञ्चित भएकी छु !

## शब्दार्थ

स्वरूप : आकार आकृति

सन्तान : पिर, मानसिक पीडा

मनोरञ्जित : रमाइलो मान्नु

कठोर : निष्ठुर, निर्दयी

निर्वस्त्र : लुगा नलगाएको,नाङ्गो

बिलौना : रुँदै दुःख प्रकट गर्ने काम, विलाप

विद्रोह : रिस, तीव्र ईर्ष्या

दीर्घायु : लामो आयु

रहस्य : भित्री कुरो मर्म

काल्पनिक : कल्पना गरिएको

गुरुकुल : प्रचीन पद्धतिअनुसार गुरुको सेवा गरी शिक्षा आर्जन गर्ने ठाउँ

बेलगाम : लगाम नभएको

अन्तदृष्टि : भित्री दृष्टि

सती : पतिको शवसँगै चितामा जलेर मर्ने

चिता : मुर्दा जलाउनका लागि बनाइएको काठको टाँड

अग्निपरीक्षा : अत्यन्त कठिन जाँच

चरित्रहीन : खराब चरित्र भएको

नितम्ब : फिलो, पुट्ठा

वक्षस्थल : छाती

संवेदनशील : कोमल

सशङ्कीत : डराएको

## उपन्यास समीक्षा

### ‘सेतो धरती’ उपन्यासको समीक्षा

**(क) कथावस्तु**

‘सेतो धरती’ उपन्यासमा ताराको सङ्घर्षपूर्ण जीवनगाथा प्रस्तुत गरिएको छ । ताराको सात वर्षको उमेरमा विवाह भएको छ । उनलाई आफ्नो विवाह भएको पनि थाहा थिएन । बिहे भएर घर पुगेपछि मात्र थाहा पाउँछिन् । उनलाई कतिबेला आफ्नो सिउँदो भरियो याद नै छैन, बरु याद छ त गोविन्दले सिउँदो भरेको । माटोलाई सिन्दूर बनाएर भाँडाकुटी खेलेको र गोविन्द दुलाहा बनेर ताराको सिउँदो माटाले भरेको याद छ । पवित्रा ताराकी साथी हुन् । दुवै जनाको बिहे भइसकेको छ । पवित्र पनि विवाहपछि माइत बसेकी छन् । तारा बालविधवा भएकी छन् । यी दुवै जना एघार वर्षका भए । केटाकेटी भएर पनि तारा शान्त स्वभावकी छिन् भने पवित्रा चञ्चल स्वभावकी छिन् । दुवै जना बेँसीको गोठमा काम गर्न जान्छन् गोठमा जाने बाटामा आँपको बोट छ । पाकेका आँप देखेर उनीहरू आँप चोर्न पनि पछि पर्दैनन् । कहिले चरा जस्तो त कहिले बाँदर जस्तो बनेर पवित्राले आँप टिपिन् । ताराले भुइँमा बसेर बटुलिन् । यसरी उनीहरू आँाप खाँदै खोलामा पौडी पनि खेल्छन् । यसरी रमाइलोसँग उनीहरूको दिन बित्छ । तर एक दिन पवित्रताको घरबाट पवित्रालाई नराम्रो खबर लिएर लिन आए । उनी घर जान मान्दिनन् । उनलाई आफूले लगाउने शृङ्गार लुटिएको थाहा भइसकेको छ । उनले नमान्दा नमान्दै निदाएको बेला बोकेर घर लगे । तारा अब माइतमा एक्लै भइन् । ताराकी आमा गर्ववती छिन् । ताराका दाजुभाइ छैनन् । उनलाई आफ्नो भाइ जन्मिए हुने भन्ने लाग्छ । उनको मनमा भाइ जन्मिए आमाबुबा खुसी हुन्छन् भन्ने आशा छ । तारा विधवा भएको दोस्रो तिहार नजिकै आएको छ । आफ्ना दाजुभाइ नभएपनि फूलको धेरै लोभ गर्छिन् । गाउँका दिदीहरूले फूल टिपेर लैजाँदा गाली गर्छन् । अर्को तिहारमा भाइलाई लगाउन अघिल्लै वर्षको फूल साँचेर राखेकी छन् । नभन्दै मङ्सिरमा ताराको भाइ जन्मियो । सबै जना खुसी भए, तारको भाइ जन्मिएको पहिलो वर्षको टीका रमाइलो भयो । एकदिन तारा कान्लातिर घाँस काट्ना जाँदा कोइलीले को हो को हो भनिरहेको थियो । तारले मनमनै गोविन्दले यसो भनिदिएको भए हुने भनेर सम्भिँदै थिइन् । त्यहीबेला गोविन्द पनि टुपुलुक्क आइपुगे दुवै जनाले सँगै बसेर काफल खाँदै वनारस पढ्न जाने कुरा गरे । गाविन्द वनारस जाने कुराले तारालाई खल्लो लाग्यो । गोविन्दले तारालाई अक्षर सिकाउँथे । उनले तारालाई दुईओटा बेलुन, गुणरत्नमालाको किताब र सिसाकलम दिए । तारा खिन्न भएर धाँस नलिई घर फर्किन् ।

तीन वर्ष पछाडिको कुरा हो, कल्पलताले तारालाई पन्ध्र वर्षकी भइस् भन्दा उनी भसङ्ग भइन् । उनी राति निदाउन पनि सकेकी छैन् । आमाछोरीलाई नै निद्रा नपरेकाले कल्पलताले ताराकी जिआमा सती गएको घटना सुनाइन् यो घटना सुनेर खिन्न बनेकी ताराले आमालाई

खुसी बनाउन म भाग्यमानी रहिछु सती जान परेन नि आमा भनिन् । आमा केहीबेर बोल्न सकिनन् । तारालाई श्राद्धेमा घर आउनु भन्ने खबर आयो । तारालाई लगेर कल्पलता आफैँ गइन् । ससुराले तारालाई एक वर्ष घरमा नै राख्ने निर्णय गरे । ताराकी सौतेनी सासू गर्ववती भएकीले उनलाई काम सघाउन घरमा राखियो । पहिलो पटक रजस्वला पनि भइन् । अब तारा तरुनी भइन् । जिउडाल चटक्क मिलेकी राम्री पनि छिन् तर विधवा भएकै कारण आफ्ना इच्छा भित्रभित्रै दबाएर बाँच्न विवश हुन्छिन् ।

आजभोलि उनका सासू ससुरा उनलाई देखेर तर्से झैँ गर्छन् । यता माइतका आमाबुबा सशङ्कित आँखाले हेर्छन् । तारालाई के अच्चम लाग्छ भने सघुवा तरुनी देख्दा आफू पनि सप्रिएकी छु । सधुवा आइमाइहरू आफ्नो बैंस दिनदिनै खर्च गर्छन् र कम तरुनी देखिन्छन् तर मेरो बैंस खर्च गर्न मेरो दुलाहा र छोराछोरी छैनन् । म सधैँ यस्तै तरुनी हुन्छु । यसरी तारा हरक्षण, हरपल आफूभित्रै एक्लै नाच्ने र गाउने, बादल झैँ उड्ने र रुने आफ्नै तरुनी मन पाएर खुसी छिन् ।

**(ख) पात्र/चरित्र**

अमर न्यौपानेको 'सेतो धरती' उपन्यास बाल्यकालमा नै विधवा भएर जीवनभर व्यथितिको जीवन बिताएकी नारी ताराको करुण कथामा आधारित छ । यस उपन्यासमा तारा, पवित्रा, गोविन्द, यमुना, कल्पलता आदि पात्र रहेका छन् । यहाँ विषयवस्तुलाई स्वाभाविक ढङ्गले प्रतिनिधित्व गर्ने चरित्र पाइन्छ । उपन्यासमा स्त्री, पुरुष, प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, स्थिर, गतिशील वर्गीय व्यक्तित्व, मञ्चीय, नेपथ्य, बद्ध, मुक्त पात्रको प्रयोग गरिएको छ । पात्रानुकूल भाषा परिवेश सुहाउँदो चरित्र देखिन्छ । उपन्यासका पाँच शीर्षकअन्तर्गत रहेका पात्रमध्ये प्रमुख पात्रहरूको चरित्रचित्रण निम्नानुसार गरिएको छ ।

**तारा**

तारा यस उपन्यासकी प्रमुख पात्र हुन् । उपन्यासकी नायिका ताराको सात वर्षको उमेरमा विवाह गरिएको छ उनी नौ वर्ष उमेरमै विधवा बनिन् । विवाह भनेको के हो ? लोग्ने भनेको के हो ? उसको अनुहार कस्तो थियो ? थाहा नपाई सेतो पहिरन लगाउन परेको छ । जन्मघरमा आफ्ना साथी छोड्न मन नभई बाध्यताले छोड्नुपरेको छ । सासूका बुहार्तनले उनको मनमा आघात पुगेको छ । आफ्नै साथी पवित्रासँग खेल्दा भने उनी खुसी भएकी छन् । आफन्तहरूको निगरानी निर्देशनमा आफ्ना दुखद परिस्थिति बेहोर्नुपरेको छ । सौतेनी सासूको स्याहारसुसार सकेर माइत आएपछि पनि उनलाई शान्ति मिलेको छैन । उनकी आमा बितेपछि आफ्ना साना भाइहरू स्याहार्ने जिम्मामा परेकी छन् । यता आमा मरेको तीन वर्ष नहुँदै चौवालिस वर्षे बाबुले एघार वर्षे बालिका बिहे गर्छन् । सौतेनी आमाको उमेर आफ्नो भाइसँग मिल्दोजुल्दो हुन्छ । उनीहरू मिलेर खेलेको देख्दा तारालाई पिर पर्छ । केही समयपछि

सौतेनी आमासँग  नराम्रो भएपछि उनी देवघाट गएको प्रसङ्ग छ । यसरी ताराको भूमिका प्रमुख नारी पात्र र सतपात्रका रूपमा रहेको छ । उनी मञ्चीय पात्र हुन् । उनी समाजकै प्रतिनिधित्व गर्ने पात्र हुन् । उनले आफ्नो धैर्यको बाँध तोडेर धर्ममा लागेकाले उनलाई गतिशील पात्र भन्न सकिन्छ ।

**पवित्रा**

पवित्रा ताराकी बालसखा हुन् । पवित्राको विवाह आफ्नै बाबुभन्दा दुई वर्ष जेठो मानिससँग भएको छ । उनी पनि एघार वर्षमै विधवा बनेकी छन् । उनी सानैदेखि खुला मिजासकी थिइन् आफ्ना यौन कुण्ठा दबाएर नराख्ने प्रकृतिकी मिरा बनारसबाट आएका पण्डितसँगै लागेर बनारस पुगेकी हुन्छिन् । त्यहाँ उनी भजन गाउने मिरा बन्छिन् । त्यसपछि उनी त्यहाँबाट भागेर पन्ध्र वर्षसम्म वेश्या बनेर धेरै पैसा कमाउँछिन् । चौतिस वर्षको उमेरपछि उनले वेश्या पेसा छोडी बिनाबाबुको सन्तान जन्माएर हुर्काउँछिन् । छोरी उच्च शिक्षा हासिल गरेर विश्वविद्यालयको प्राध्यापन पेसामा लाग्छे ।पवित्रा आध्यात्मिक चिन्तनमा लागेरसमाजमा धार्मिक प्रभाव फिँजाउँछिन् । ऊ आर्थिक दृष्टिले सम्मन्न भएकीले सबैले दाताका रूपमा देवघाट आउँदा तारासँग भेट भएको छ । यसरी जीवनलाई परिवर्तन गर्दै लाने पवित्रा समाजको दृष्टिमा नकारात्मक हुँदै अन्त्यमा सकारात्मक पात्र बनेकी छन् । उनी गतिशील पात्र हुन् । उनको भूमिका प्रत्यक्ष देखिने हुँदा उनी मञ्चीय पात्र हुन् ।

**(ग) परिवेश**

'सेतो धरती' सामाजिक उपन्यास हो । यहाँ उपन्यास पवित्राको उडान र नियतीको अडानदेखि मरुभूमिमा हरियो रुखसम्म लिइएको छ । प्रस्तुत उपन्यासका अंशहरूमा ग्रामीण परिवेश भनी वनारससम्मको चित्रण गरिएको छ । गाउँघरमा बस्तु पाल्न बैँसीमा गोठ बनाउने चलन हुन्छ । यस उपन्यासमा पनि गाउँमा बसेर दैनिक खेत अनि बैँसीको गोठमा काम गर्न गएको कुरा वर्णन गरिएको छ । प्राकृतिक वातावरणले रमणीय बनेको गाउँमा तारा र पवित्राले आँप चोरेको, छिटो छिटो गरेर भागेको, नाङ्गै पौडी खेलेको, माछा समाएको, गट्टा खेलेको वर्णनले बालबालिकाहरूको मनोभावनाको परिवेश पाइन्छ । यहाँ तारा र पवित्रा दुवै बालविधवा भएको परिवेश छ । थाहा नपाई बालविवाह भएको अनि बालविधवा भएर सबैको नजरको अपवित्र बन्नु परेकोमा मन खिन्न भएको आन्तरिक परिवेशको उद्घाटन भएको छ । यहाँ आर्थिक हिसाबले निम्न मध्यम वर्गीय र सामाजिक हिसाबले कुरीति र कुसंस्कारले जरो गाडेको देखिन्छ । छोरा र छोरीबिचको मान्यतामा भेदभाव गरिएको छ । रजस्वला हुँदा सात दिनसम्म गोठमा पुरुष मानिस र सूर्यलाई हेर्न हुन्न भनी राखिएको प्रसङ्गले समाज विकासको अभावको परिवेश देखाएको छ । यो उपन्यास नारीवादी भएको कारण नारीकै जीवनको यथार्थ भोगाइ अनि प्राकृतिक सांस्कृतिक, धार्मिक, भौगोलिक

कुसंस्कार आदिको परिवेश उपन्यासको कथा तथा पात्रसँग सुहाउँदो छ ।

**(घ) संवाद**

'सेतो धरती' उपन्यास संवादका दृष्टिले सफल देखिन्छ । बोलीचालिका छोटा छोटा संवादले उपन्यासलाई छरितो र स्तरीय बनाएको छ । पात्रबिचका संवादमा आञ्चिलिकताको प्रभाव परेको छ । नेपालको गण्डकी र लुम्बिनी प्रदेशको परिवेश उपन्यासमा समेटिएकाले त्यहीँको स्थानीय भाषाको प्रभाव संवादमा परेको पाइन्छ । नेपाली भाषिकाको प्रभाव पनि उपन्यासमा रहेको छ । पवित्रा, तारा कल्पलता जस्ता पात्रहरू ग्रामीण परिवेशमा रमाएका हुन्छन् त्यसैले तिनका अभिव्यक्तिमा पात्रानुकूल संवाद समेटिएको छ । गाईभैँसी चराउँदा, मेलापात जाँदा, ग्रामीण नारीले दुःखसुख साँटासाँट गर्दा अथवा तारा र गोविन्दबिच बालप्रेम प्रकट हुँदा स्तरअनुरूप नै कुराकानी भएको देखिन्छ । उपन्यासमा बोलिचालिका रूपमा जान्चस्, क्यार्ने, रच, अर्ने जस्ता शब्द मिश्रित संवाद रहेका छन् । उपन्यासलाई पात्रनुकूल संवादबाट अघि बढाइएकाले उपन्यास स्तरीय बनेको छ

**(ङ) दृष्टिबिन्दु**

उपन्यासकारको हेराइ वा उपन्यासको अभिव्यक्तिको माध्यम नै दृष्टिबिन्दु हो । सेतो धर्ती उपन्यासमा तृतीय पुरुष अथवा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासकारले उपन्यासमा आफैँ उपस्थित नभएर तारा, पवित्रा, कल्पलता जस्ता पात्रको जीवन भोगाइ र उनीहरूका क्रियाकलाप छेउमा बसेर नियालेका छन् । उनीहरूका जीवनमा घटेका हरेक घटना र उनीहरूबिचका संवादलाई टिपोट गरेका छन् । उपन्यासमा उनले ग्रामीण परिवेशका घटना छनोट गरी घटना र पात्रलाई सम्बन्धित बनाएर प्रस्तुत गर्ने काम गरेका छन् यसमा उपन्यासकार स्वयम् उपस्थित नभएर वा तारा, पवित्रा र गोविन्दमार्फत कथा प्रस्तुत गरेका छन् । अतः उपन्यासमा तृतीय पुरुष अथवा बाह्य दृष्टिबिन्दुमा टेकेर पात्रका अनुभव र अनुभूति समेटिएका छन् ।

**(च) भाषाशैली**

यहाँ 'सेतो धरती' उपन्यासको पाँचओटा खण्डहरूलाई लिइएको छ । पवित्राको उडान र नियतीको अडानदेखि मरभूमिमा हरियो रुखसम्मको एक अंशलाई समेटिएको छ । यस उपन्यासमा मुन्छे, आम्ब, चाइन्च, क्याच्यौं, तिआर, जान्चन् आदि कथ्य भाषाका शब्द प्रयोग गरिएको छ । झर्रा, नेपाली शब्दको प्रयोगले उपन्यासलाई यथार्थतामा ढालेको छ । तुर्लुङ्ग, प्याट्टै, स्याँस्याँ, फ्याट्ट, चसक्क जस्ता अनुकरणत्मक शब्दको प्रयोगले उपन्यास रमरम बनेको छ । कतै कतै क्रियापद बिनाका वाक्य सिर्जना हुन पुगेको देखिन्छ । धेरैजसो छोटा छोटा सरल वाक्यहरू प्रयोग गरिएको छ । पात्रहरूको स्तरअनुरूपको भाषा प्रयोग स्वभाविक बनेको छ । उपन्यासमा सरल, सरस, सुबोध, सम्प्रेषणीय, कलात्मक एवम् प्रभावमय

भाषाशैलीको प्रयोग भएको छ ।

**(छ) भाव/उद्देश्य**

'सेतो धरती' उपन्यासमा सामाजिक कुरीति कुसंस्कारको वर्णन गरिएको छ । परम्परादेखि चलिआएको धार्मिक अन्धविश्वासका कारण धेरै नारी नारकीय जीवन बिताउन बाध्य भएको यथार्य चित्रण गरिएको छ । छोरीलाई रजस्वला हुनुअघि विवाह गरिदिए पुण्य प्राप्ति हुने विश्वासले बालविवाह हुने गरेको मर्म प्रष्ट छ । यस उपन्यासकी प्रमुख पात्र तारा र उनकी बहिनीको सात र पाँच वर्षमा विवाह भएको छ । दुधे बालकको बिहे गरिदिएको र बालविधवा भएको प्रसङ्गले उपन्यास हृदयस्पर्शी बनेको छ । बालबालिकाहरूको इच्छा आकाङ्क्षा अभिभावकले नबुझी दिँदा जीवन बर्बाद बनेको भाव छ । समाजमा हुने गरेका आस्था र विश्वासका कारण छोरा र छोरीका बिच भेदभाव हुने गरेको र यसको सुधार हुनुपर्छ भन्ने उद्देश्य रहेको छ । बालविधवाका इच्छाहरू जवानी अनि यौवनको कुनै अर्थ नभएको भाव व्यक्त भएको छ । एक्लो नारीको जीवन निरर्थक बनेको छ । कल्पलताको पतिभक्तिबाट हिन्दु नारीहरूको आदर्शता पाइन्छ । चाडपर्वमा खुसीयाली छाउँछ भन्ने भाव पनि समेटिएको छ । समग्रमा भन्नुपर्दा सामाजिक, धार्मिक, प्राकृतिक आदि परिवेश समेटिएको यो उपन्यास नारीको पीडावेदना बोकेको  उपन्यास हो ।

**(ज) शीर्षक**

'सेतो धर्ती' उपन्यास दुईओटा शब्दमा संरचित रहेको छ । जसमा विशेषण र नामपद रहेका छन् । सेतोको अर्थ सुकिलो र धर्तीको अर्थ पृथ्वी रहेको छ । दुवै शब्दले सुकिलो पृथ्वी भन्ने सोझो अर्थ बुझाउँछ भने प्रतीकात्मक रूपमा धर्तीलाई नारी र सेतोलाई विधवाका रूपमा दर्साइएको छ । उपन्यासमा नेपालमा धार्मिक र सामाजिक विकृतिका रूपमा रहेको बालविवाह र यसले नारीको जीवनमा पार्ने कारुणिक अवस्थाको चित्रण गरेको छ । उपन्यासमा तारा र पवित्रालाई बालविधवाका प्रतिनिधि पात्रका रूपमा समेटिएको छ । बालविधवा भएपछि उनीहरूले भोगेका कष्ट, अभाव र सामाजिक उपेक्षाको कहालीलाग्दो दृश्य समेटिएको छ । बालविधवा भएपनि यौवनलाई आफ्नै लागि फुलाउनु र फक्राउनु उनीहरूको बाध्यता बनेको छ ।नारीले समाजका कुदृष्टिबाट पनि आफूलाई बचाउनु चुनौती रहेको छ । यस उपन्यासमा हरियो हुन नपाई सेतै अवस्थामा सकिएको ताराको जीवन भोगाइलाई वर्णन गरिएकाले शीर्षक सार्थक रहेको छ ।

## अभ्यास

**१. पाठबाट अर्थ मिल्ने शब्द खोजेर लेख्नुहोस् :**

(क) .................... : आकृति

(ख) .................... : भित्री कुरो

(ग) .................... : अत्यन्त कडा जाँच

(घ) .................... : खराब चरित्र भएको

(ङ) .................... : छाती

(च) .................... : निर्दयी

(छ) .................... : कल्पना गरिएको

**२. जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| बिलौना | : | मुर्दा जलाउनका लागि बनाइएको काठको टाँड |
| दीर्घायु | : | प्राचीन पद्धतिअनुसार शिक्षा आर्जन गर्ने ठाउँ |
| गुरुकुल | : | रुँदै दु:ख पकट गर्ने |
| बेलगाम | : | लामो आयु |
| चिता | : | लगाम नभएको |

**३. दिइएको उदाहरण पढ्नुहोस् र पाठबाट दशओटा कथ्य शब्द टिपोट गरी तिनका लेख्य रूप लेख्नुहोस् :**

उदाहरणहरू :

| कथ्य रूप | लेख्य रूप |
|---|---|
| मजेत्राँ | मजेत्रामा |
| अर्दैन | गर्दैन |
| तपैँ | तपाइँ |
| हाम्लाई | हामीलाई |
| चाइन्च | चाहिन्छ |
| तिमोरू | तिमीहरू |

तिआर तिहार

यइँ यहीँ

४. **शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

अचम्म लाग्छ, पवित्रालाई देखेर । पोल्टाभरि आप बोकेर । मैले भेट्टाउनै नसक्ने गरि मेरो अघिअघि कुद्न थालिन् । अग्लाआग्ला कान्लाबाट बाखाका पाठाले झैँ हामफाल्दै कुदिन् । बेलाबेलामा टक्क रोकीएर भनिन् 'चाँडै आऊ न ।' म भने उनकी बुढी हजुरआमा पछिपछि ढिलो गरेर उनलाई भेट्टाउँछु ।

५. **उपन्यासकारको परिचय पढी उत्तर दिनुहोस् :**

(क) 'सेतो धरती' उपन्यासका रचनाकार को हुन् ?

(ख) अमर न्यौपानेका प्रकाशित उपन्यासका नाम लेख्नुहोस् ।

(ग) अमर न्यौपाने के गर्न खप्पिस छन् ?

(घ) 'सेतो धरती' उपन्यासमा कसका माध्यमबाट जीवनवादी दृष्टि प्रस्तुत गरिएको छ ?

(ङ) अमर न्यौपानेका उपन्यासमा कस्तो परिवेश चित्रण हुन्छ ?

६. **कसले कसलाई भनेको हो ? लेख्नुहोस् :**

(क) 'पौडी खेलम् न !'

(ख) 'खै के भो कुन्नि ! तर, मैले यो पनि, यो पनि, यो पनि लाउन नपाउनी भएँ अब ! केई पनि लाउन पाउन्न अब !'

(ग) 'हाम्रो घराँ गाईगोरु छन् । बाच्छाबाच्छी छन् । गाईतिआराँ तिन्लाई लाइदिन परेन ?'

(घ) 'तिआर सकिहाल्यो नानी ! क्याच्यौ ? अब फूल ?

मैले भनेँ - 'आर्को तिआरलाई ।'

(ङ) 'याँ पाठशाला छैनन् !'

(छ) 'था छ नानी तँलाई, सतीप्रथा भनेको के हो ?'

७. **दिइएको अनुच्छेद पढी तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

पवित्रालाई ती दुई आइमाईले खुब फकाए । तर, पवित्राले पुरै कुरा पत्याएकी छैनन् । किनभने, उनी मजस्ती सोझी छैनन् । तर, पवित्र छिन् । उनलाई ती दुई आइमाईले फकाएर

लगे । मलाई लाग्यो, पक्कै पनि उनको हाल मेरोजस्तै भएको हो । उनले यो कुरा बुझ्रेर त्यसो भनेकी हुन् । उनी ती बुढाको मायाले होइन, आफ्नो शृङ्गार खोसिएकामा बिलौना गरिरहेकी छन् । विद्रोह गरिरहेकी छन् ।

तर, पवित्रा ती आफ्ना घरतिरका मान्छेहरूसँग जानै मानिनछन् । जति गर्दा पनि मानिनछन् । उनको घर टाढा पनि छैन । दुई घण्टाजतिको बाटो होला । जब उनी रुँदारुँदै राति निदाइन्, तब उनलाई अलक्क बोकेर राति नै लगे अरे भन्ने कुरा भोलिपल्ट मैले थाहा पाएँ ।

**प्रश्नहरू :**

(क) पवित्रालाई कसले फकाएर लगे ?

(ख) को सोझ्री छैनन् ?

(ग) उनी किन विद्रोह गरहेकी छन् ?

(घ) कसको घर टाढा छैन ?

(ङ) पवित्रालाई कसरी घरमा लगे ?

**८. सेतो धरती उपन्यासको 'कल्पलता' खण्ड पढी घटनाक्रम टिपोट गर्नुहोस् ।**

**९. सेतो धरती उपन्यासको 'साहिँली औँलामा सात रङ' खण्ड पढी एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) बाले कहाँ पिङ हालिदिनुभयो ?

(ख) ताराले किन गाउँका दिदीहरूलाई किन गाली गरिन् ?

(ग) फूलहरू कहिले सुक्दैछन् ?

(घ) ताराले कसलाई भाइ देखाउन ल्याइन् ?

(ङ) ताराले कतिओटा माला उनिछन् ?

**१०. दिइएका प्रश्नहरूका सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) पवित्राले कहाँ पौडी खेलिन् ?

(ख) ताराले किन चुरापोते लगाउन नपाउने भइन् ?

(ग) ताराले कसरी भाइटीका मनाइन् ?

(घ) गोविन्द कहाँ पढ्न जाँदै छन्?

(ङ) कसले तारालाई आँगनमा पुऱ्यायो ?

**११. सेतो धरती उपन्यासको 'मरुभूमिमा हरियो रुख' खण्ड पढी परिवेश चित्रण गर्नुहोस् ।**

**१२. 'साहिँली औँलामा सात रङ'मा प्रयुक्त भाषाशैलीबारे चित्रण गर्नुहोस् ।**

**१३. दिइएको बुँदाका आधारमा ताराको चरित्र चित्रण गर्नुहोस् :**

(क) बालविधवा

(ख) नियतिले ठगिएकी नारी

(ग) निरक्षर

(घ) वर्तमानमा पीडा भए पनि भविष्यप्रति आशा राख्ने चरित्र

**१४. 'सेतो धरती' उपन्यासको सन्देश लेख्नुहोस् ।**

**१५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) मलाई थाहा छैन, वसन्त ऋतु आएको । तर, थाहा छ चैत, वैशाख आएको ।

(ख) दुनियाँ र संस्कारले मलाई जस्तो रूपको बनाए पनि मेरो यौवन त खोस्न सकेन ।

**१६. हाम्रो समाजमा नारीले पुरुषसरह अधिकार पाउन के के गर्नुपर्ला ? तर्क लेख्नुहोस् ।**

**१७. 'सेतो धरती' उपन्यासलाई नारीवादी उपन्यासका रूपमा चिनाउनुहोस् ।**

**१८. 'सेतो धरती' उपन्यासका आधारमा नेपाली नारीले भोग्नु परेका पीडा र समस्याको चित्रण गर्नुहोस् ।**

**१९. 'सेतो धरती' उपन्यासको सार लेख्नुहोस् ।**

# एकाइ ६ : साहित्य सिद्धान्त खण्ड

## पाठ १ रस सिद्धान्तको सैद्धान्तिक अवधारणा

**सक्षमता**

१. काव्य रसको परिचय बताउन
२. रसको उत्पत्ति र स्वरूप लेख्न
३. रसका सामग्रीहरूको परिचय प्रस्तुत गर्न
४. विभिन्न रसका विशेषताहरू लेख्न
५. रसका दृष्टिले कविताहरूको पहिचान गर्न

### १. परिचय

'रस' को उल्लेख सर्वप्रथम नाटक विधामा भएको भेटिन्छ । संस्कृत साहित्यका आचार्य भरतमुनिको आफ्नो नाट्य शास्त्रमा यसलाई उल्लेख गरेका छन् । यसरी आचार्य भरतमुनि नै 'रस' सिद्धान्तका प्रवर्तक मानिएका छन् । कविता वा काव्य विधामा पनि रसको महत्त्वपूर्ण स्थान छ । काव्यको आत्माका रूपमा रसको उल्लेख छ । 'रस' सिद्धान्तका आचार्यहरूका मतमा प्रमुख काव्य तत्त्व 'रस' नै हो । काव्यमा अर्थ प्रकट गर्न रसको विशेष भूमिका हुन्छ ।

अग्निपुराणमा पनि 'रस' का सम्बन्धमा उल्लेख छ । त्यहाँ रसलाई काव्यको प्राण मानिएको छ । आचार्य भामहले पनि काव्यमा रसको अनिवार्यतालाई स्वीकार गरेका छन् । विश्वनाथ त 'वाक्यं रसात्मकं काव्यम्' भन्छन् । अर्थात रसमय वाणी नै काव्य हो भन्ने उनको कथन छ । अलङ्कार शास्त्रमा 'रस' लाई आनन्दका रूपमा वर्णन गरिएको छ । हृदयमा रहने वा हृदयले अनुभूत गर्ने भाव नै रस हो । कविता वा काव्यका माध्यमले आनन्दको अनुभूति हुन्छ । अतः कुनै रचना कविता कहलाउनका लागि 'रस' अनिवार्य हुन्छ ।

सामान्य अर्थमा कुनै पदार्थहरूबाट प्राप्त हुने स्वाद रस हो । रसले भरिएको पदार्थलाई रसिलो वा स्वादिलो भन्ने गरिएको छ । त्यसबाट पनि उपभोक्ताले आनन्द प्राप्त गर्छन् । साहित्य वा काव्य वैचारिक पक्ष भएकाले विचार वा भावबाट प्राप्त हुने आनन्दलाई साहित्यमा 'रस' मानिएको छ । साहित्य वा काव्यको प्रमुख प्रयोजन आनन्द प्रदान गर्नु हो । यसर्थ कविता वा काव्यका निम्ति 'रस' अनिवार्य हुन आउँछ । काव्यानन्द नै रस मानिन्छ । कविता वा काव्यको अध्ययन श्रवण वा अवलोकनबाट प्राप्त हुने चमत्कार पूर्ण आनन्द नै रस हो ।

## २. रसको उत्पत्ति

रसको उत्पत्तिका सम्बन्धमा आचार्य भरतमुनि भन्छन्, "विभाव, अनुभाव र व्यभिचारी भावहरूसँग स्थायी भावको संयोग हुँदा रसको निष्पत्ति हुन्छ ।" रसको उत्पत्तिका लागि विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावको आवश्यकता हुन्छ । अर्थात यिनीहरूको संयोगबाट नै रसको उत्पत्ति हुन आउँछ । 'प्रेम' आदि स्थायी भाव हृदयमा सुषुप्त अवस्थामा रहेको हुन्छ । यही स्थायी भाव विभाव-अनुभाव आदिका कारण विकसित हुन्छ र रसको रूपमा परिणत हुन आउँछ । 'रस' पृथक पदार्थ नभएर हृदयमा सुषुप्त अवस्थामा स्थायी रूपले रहेको हुन्छ । यसको विकास नै रसको उत्पत्ति हो । यसमा विभाव, अनुभाव र व्यभिचारी भावको आवश्यकता पर्छ ।

यसै सन्दर्भमा आचार्य मम्मटको मत यसप्रकार छ, "आलम्बन विभावबाट उद्‌बुदध, उद्दीपन विभावबाट उद्दीपित, अनुभावद्वारा व्यक्त अनि व्यभिचारी भावबाट परिपुष्ट पारिएको स्थायी भाव नै रस हो ।" रस उत्पन्न गर्ने सामग्री आलम्बन विभाव, उद्दीपन विभाव, अनुभाव र व्यभिचारी भाव हुन् । यिनले स्थायी भावलाई परिपक्क अवस्थामा परिणत गर्न सहयोग वा मद्‌दत गर्छन् ।

## ३. रसको स्वरूप तथा विशेषता

विश्वनाथका अनुसार 'रस' अलौकि हुन्छ, यसलाई अनिवर्चनीय भनिन्छ । यो अखण्ड हुन्छ । रस अनुभूतिमा आधारित साहित्यिक तत्त्व हो । यसले आनन्द दिन्छ । यो विलक्षण वा चमत्कारपूर्ण हुन्छ । यो ब्रह्मानन्दको सहदोर हो । 'रस' काव्यका कला पक्ष र भाव पक्षमध्ये भावपक्षअन्तर्गत पर्छ । सरले भावनालाई उकास्ने वा विकसित गर्ने काम गर्छ । रसको मुख्य आश्रय भाव नै हो । मन वा हृदयका विभिन्न स्थिति वा अवस्थासँग रसको सम्बन्ध हुन्छ ।

## ४. रससामग्री

रस सामग्री भनेका 'रस' उत्पत्तिका घटकहरू हुन् । यिनीहरू चार प्रकारका हुन्छन् :

(क) स्थायी भाव (ख) विभाव

(ग) अनुभाव (घ) व्यभिचारी भाव

### ४.१ स्थायी भाव

हृदयमा स्थायी रूपले रहने भाव स्थायी भाव हो । यो अविचलित हुन्छ । यसबाट नै विभाव आदिको संयोग भएर रसको उत्पत्ति हुन्छ । अतः यो रसको मूल तत्त्व हो । अर्थात् नियमित उत्पन्न चित्तवृत्तिलाई नै स्थायी भाव भनिन्छ । रसका आधारमा

स्थायी भावहरू पनि नौ किसिमका नै हुन्छन् । उदाहरणका रूपमा रति, हाँसो, शोक, क्रोध, उत्साह, भय धृणा, विस्मय र निर्वोद यी स्थायी भाव हुन् ।

## ४.२ विभाव

विभाव स्थायी भावलाई जागृत गर्ने रस सामग्री हो । यसले स्थायी भावलाई रसको रूपमा परिणत गर्दछ । यसलाई रसको कारण तत्त्व मानिन्छ । यो आलम्बन विभाव र उद्दीपन विभाव गरी दुई प्रकारको हुन्छ ।

### (क) आलम्बन विभाव

आलम्बन विभाव विषय र आश्रय आलम्बन विभाव गरी दुई प्रकारको हुन्छ । सीतालाई देखेर राममा रति भाव प्रकट हुन सक्छ । यस्तो अवस्थामा सीता विषय आलम्बन र राम आश्रय आलम्बन हुन आउँछन् । विभाव रसका आधारमा आलम्बन अनेक हुन सक्छन् । दृश्य, घटना, अवस्था, व्यक्ति, वस्तु, क्रियाकलाप, भाव आदि आलम्बनको विषय वा आश्रय हुन् ।

### (ख) उद्दीपन विभाव

उद्दीपन विभाव स्थायी भावलाई रसमा परिणत गर्न प्रेरित गर्ने प्रेरक हो । यसले आलम्बन विभावलाई तीव्र तुल्याउँछ । यो पनि रसअनुसार पृथक पृथक हुन आउँछ । प्रेमी-प्रेमीकामा प्रेमभाव सिर्जना गर्न फूलबारी उद्दीपन विभाव हुन सक्छ । यसरी स्थायी भावलाई रसका रूपमा परिणत गर्ने परिवेश नै विभाव हो । विभाव रसको कारण तत्त्व हो । यसको अभावमा अनुभाव आदि अन्य भावहरूको अस्तित्व हुँदैन ।

## ४.३ अनुभाव

स्थायी भाव अनुभव गराउने सामग्री अनुभाव हो । आलम्बनका गतिविधिहरूलाई अनुभाव भनिन्छ । आलम्बनले गर्ने कटाक्ष, स्मित आदि यसका उदाहरणहरू हुन् । अर्थात् रस बुझाउने शारीरिक चेष्टा वा हाउभाउ नै अनुभाव हो । यसमा आलम्बनले आफ्ना अनुभूतिहरूलाई प्रतिक्रियाको रूपमा व्यक्त गर्दछ । अनुभाव पनि स्थायी भावका आधारमा अलग अलग हुन्छन् । आलम्बनले आफ्ना अनुभवहरूलाई शारीरिक अवस्था मानसिक चेष्टा, पहिरन, संवेग आदिका माध्यमले अभिव्यक्त गर्छ ।

## ४.४ व्यभिचारी भाव

व्यभिचारी भावलाई अर्को शब्दमा सञ्चारी भाव पनि भनिन्छ । यो अनियमित रूपमा उत्पन्न हुने चित्तवृत्ति हो । यो व्यक्त र अव्यक्त दुवै किसिमको हुन सक्नछ ।

व्यभिचारी भाव उत्पन्न र विलिन भइरहन्छ । यसलाई एक अर्कामा सञ्चार गर्न सकिन्छ । यो अस्थिर किसिमको हुन्छ । यसमा परिवर्तन आइरहन्छ । यो रसको सहकारी तत्त्व हो । यसले स्थायी भावलाई बेलामौकामा अवस्था अनुसार प्रकट गर्न सहयोग गर्छ । रस अनुसारसञ्चारी भावहरू पनि लाज, मुस्कान आदि अलग अलग हुन्छन् ।

## ५. रसका प्रकार

विभाव, अनुभाव, व्यभिचारी भावद्वारा स्थायी भाव रसको रूपमा व्यक्त हुन्छ । यो आस्वाद्य हुन्छ । यो आनन्दात्मक तत्त्व हो । यस्ता रसहरू नौ प्रकारका हन्छन् । जस्तै : शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक बीभत्स, अद्‌भूत र शान्त ।

### ५.१ शृङ्गार रस

प्रेम वा काम भाव व्यक्त गर्ने माध्यम शृङ्गार रस हो । यसको स्थायी भाव रति वा प्रेम हुन्छ । संयोग शृङ्गार र वियोग शृङ्गार भनी दुई रूपमा विभाजन गरिन्छ ।

उदाहरण :

छरिता कदका गोरा हँसिला र फरासिला
जापानी जनता थुप्रै भेटिन्छन् अहिले यता ।
तिम्रो त कोख नै राम्रो ! यस्तै लाग्छ घरीघरी
नदेखेकी परी जस्तै तिमी जापान सुन्दरी ॥

- प्रभा भट्टराई

### ५.२ हास्य रस

हाँसो पैदा गर्ने रसलाई हास्य रस भनिन्छ । आकृति, वचन र वेशभूषा आदिको विसङ्गतिबाट हाँसो हुन्छ । यसको स्थायी भाव हाँसो नै हो ।

उदाहरण :

“रोज् रोज् दर्शन पाउँछु चरणको ताप् छैन मन्मा कछू
रात् भर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चइन्मा म छू ।
लामखुट्टे उपियाँ उडूस सँगि छन् यिन्कै लहड्मा बसी
लामखुट्टे गाँउछन् ति उपियाँ  नाच्छन् म हेर्छु बसी ॥”

- भानुभक्त आचार्य

## ५.३ करुण रस

शोक, कष्ट आदि दुखद अवस्थालाई व्यक्त गर्नै माध्यमका रूपमा करुण रसको उल्लेख हुन्छ । वियोग, विनाश आदिलाई वर्णन गर्न करुण रसले मदत गर्छ । यसको स्थायी भाव शोक हो ।

उदाहरण :

कमलहीन तलाउसरी भयो

सकलमाथि विपत्ति बढी गयो ।

अब त कान्तिपुरी बिधवा भइन्

विरहका रहभित्र डुबी गइन् ॥"

- शम्भुप्रसाद ढुङ्गेल

## ५.४ रौद्र रस

प्रतिशोधात्मक वा उत्तेजनापूर्ण मनोविकारको अभिव्यक्ति गर्ने माध्यम रौद्र रस हो । यसको स्थायी भाव क्रोध वा रिस हो ।

उदाहरण :

"विनीत नरपालका कदरको उपेक्षा गरी

कुठार करमा लिई अति कठोर चेष्टा भरी ।

पद ध्वनि बढाउँदै परशुराम आवेशमा

कडा बनि खडा भए, युवक रामको सामुमा ।"

- सोमनाथ सिग्द्याल

## ५.५ वीर रस

वीर रसले उत्साह उमङ्गलाई व्यक्त गर्दछ । आँट, सुऱ्याइँ जस्ता गुणहरू यससँग सम्बन्धित हुन्छन् । यसको स्थायी भाव भनेको उत्साह नै हो ।

उदाहरण :

नेपाली हौँ कठिन गिरिमा चढ्नलाई सिपालु

वैरी नै होस् तर पनि म छु दीनमाथि दयालु ।

तातो रातो रगत रिपुको प्यून हर्दम तयार

मेरो यै नै प्रिय छ खुकुरी हेर भै होसियार ॥

- सिद्धिचरण श्रेष्ठ

## ५.६ भयानक रस

भयानक भय वा डरसँग सम्बन्धित शब्द हो । डरलाग्दो दृश्य, अवस्था वा घटनाहरूलाई वर्णन गर्न भयानक रसले मद्दत गर्छ । यसको स्थायी भाव भय वा डर हो ।

उदाहरण :

चेली नजाऊ अब छाउगोठ

रमाउँछन् सर्प त्यहाँ अनेक ।

हिंसा, बलात्कार छ त्रासदीय

विरूप आफन्त छ दर्दनीय ॥

-पदम दाहाल

## ५.७ बीभत्स रस

बीभत्सको अर्थ घिनलाग्दो भन्ने हुन्छ । घृणाको अवस्थालाई प्रकट थर्न बीभत्स रस प्रयोग गरिन्छ । यसको स्थायी भाव घृणा हो ।

उदाहरण :

कुनै फुस्रा धुस्रा चुटुचुटु जगल्टा र जुटिका

फुकाई पल्टाई चपल गतिका दुर्भाग्य गुटिका ।

टिपी राखी ढुङ्गा उपर फोर्थे पटपटी

मलाई त्यो देख्दा हृदयबिच हुन्थ्यो छटपटी ॥

- लेखनाथ पौडेल

### ५.८ अद्भुत रस

अद्भूत शब्दले अनौठो वा नौलो भन्ने अर्थलाई बुझाउँछ । आश्चर्यमय विषयवस्तुलाई व्यक्त गर्न अद्भुत रस सहायक सिद्ध हुन्छ । यसको स्थायी भाव विस्मय वा आश्चर्य हो ।

उदाहरण :

बिर्के टोपी र लठ्ठी औ दौरा-सुर्वाल उत्तरी

हातमा रामको गाथा दुरुस्त अघि झैँ गरी ।

सुर्ता न स्वप्न के भो यो ? साँच्चै आज अचम्म भो

काव्य आकाशका भानु टुप्लुक्क आइपुग्नु भो ॥

- प्रभा भट्टराई

### ५.९ शान्त रस

शान्त अवस्था वा शान्तिका भावना व्यक्त गर्ने माध्यम शान्त रस हो । शान्त रसको स्थायी भाव निर्वेद वा वैराग्य  मानिएको छ ।

उदाहरण :

दिनरात घुमी पहिलो स्थलमा

शशी सूर्य पुगेर हिँडे नभमा ।

अनुशासित यी ग्रह छन् जसरी

जनजीवन छन् हिँड्ने त्यसरी ॥

- नीलकण्ठ भट्टराई

## अभ्यास

**१. उपयुक्त उत्तर लेख्नुहोस् :**

**(क) अनिवार्य काव्य तत्त्व भनेको कुन चाहिँ हो ?**

(अ) अलङ्कार (आ) रस

(इ) छन्द (ई) माथिका सबै

**(ख) 'वाक्यं रसात्मकं काव्यम्' यो कसले भनेका हुन् ?**

(अ) भरतमुनि (आ) भामह

(इ) विश्वनाथ (ई) मम्मट

**(ग) रसको सामग्री भनेर कुनलाई भनिन्छ ?**

(अ) विभाव (आ) अनुभाव

(इ) व्यभिचारी भाव (ई) माथिका सबै

**(घ) अनियमित रूपमा उत्पन्न हुने भाव कुन हो ?**

(अ) विभाव (आ) अनुभाव

(इ) व्यभिचारी भाव (ई) स्थायी भाव

**(ङ) 'काव्य रस' कति प्रकारका हुन्छन् ?**

(अ) छ (आ) सात

(ई आठ (ई) नौ

**(च) वियोगको अवस्था कुन रसमा चित्रण हुन्छ ?**

(अ) करुण रस (आ) हास्य रस

(इ) शान्त रस (ई) शृङ्गार रस

**(छ) शान्त रसको स्थायी भाव कुन हो ?**

(अ) विस्मय (आ) आश्चर्य

(इ) निर्वेद (ई) घृणा

**(ज) 'बीभत्स' शब्दको अर्थ के हो ?**

(अ) घिनलाग्दो (आ) डरलाग्दो

(इ) हाँसउठ्दो (ई) रिस उठ्दो

**(झ) कुन रसको स्थायी भाव भय हो ?**

(अ) रौद्र रस (आ) भयानक रस

(इ) बीभत्स रस (ई) वीर रस

**२. दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) काव्य रस भनेको के हो ?

(ख) काव्य रसका विशेषताहरू के हुन् ?

(ग) रसका सामग्रीहरू भनेका के हुन् ?

(घ) कसरी रसको उत्पत्ति हुन्छ ?

(ङ) रसको स्वरूप कस्तो हुन्छ ?

(च) विषय र आश्रय आलम्बनमा के भिन्नता छ ?

**३. विभिन्न रसहरूको अलग अलग परिचय प्रस्तुत गर्नुहोस् ।**

**४. श्लोकहरूमा कुन रस पाइन्छ ? लेखनुहोस् :**

(क) आमाले साथ माग्दछिन् माटोले रगत माग्दछ
वीरका सन्तान तिमी हौ युगले ब्युँझ भन्दछ ।

(ख) शान्त सौम्य पोखरी म हाँस्छु सुन्दरी सरी
पक्रँदै छ पद्म रूप फैलँदै छ माधुरी ।

# पाठ २ छन्दको सैद्धान्तिक अवधारण

**सक्षमता**

(क) छन्दको परिचय र प्रयोजन बताउन

(ख) लघुगुरु र गणसम्बन्धी अवधारणा प्रस्तुत गर्न

(ग) विभिन्न छन्दका बारेमा उदाहरणसहित बताउन

(घ) लोक छन्द वा लोक लयका बारेमा भन्न

## १. छन्द परिचय

छन्द कविता रचना गर्ने नियम हो । यो अक्षरहरूको सङ्ख्याका आधारमा बनेको हुन्छ । यसलाई वृत्त पनि भनिन्छ । 'छन्द' शब्द संस्कृत भाषाको 'छद्' धातुमा 'असन्' प्रत्यय लागेर बन्दछ । छन्द शब्दको छाँट परेको, सुहाउँदो वा मिलेको भन्ने हुन्छ । यसले कविताका पङ्क्तिहरूलाई निश्चित नियममा बाँध्छ ।छन्दमा कविताको रचना गर्दा अक्षर वा मात्राहरूको सङ्ख्या तथा तिनीहरूको क्रमसम्बन्धी नियम पालना गर्नुपर्छ । लयबद्ध अभिव्यक्ति नै कविताको प्राण भएकाले छन्दमा कविता लेख्दा यति र गतिमा पनि ध्यान दिनुपर्छ । छन्दका कविता वाचन गर्दा पङ्क्तिका निश्चित अक्षरमा विश्राम गर्नु यति हो । विश्राम नगरी निरन्तर वाचन गर्नु गति हो । यिनीहरूले कविता वाचनमा लयको सिर्जना गर्छन् । अक्षर वा मात्रा दुवैका आधारमा लय सिर्जना गर्ने, मात्राका आधारमा मात्र लय सिर्जना गर्ने, गणको व्यवस्थाअनुसार लय सिर्जना गर्ने र वर्ण वा मात्राको स्वतन्त्र प्रयोगबाट लयात्मक रूप सिर्जना गर्ने आधारमा छन्दका प्रकार निर्धारण हुन्छन् ।

छन्दले कविताको भावलाई निश्चित नियममा बाँध्दछ । श्रोता वा पाठकलाई मुग्ध पार्नु नै छन्दोबद्ध कविताको मुख्यध्येय हो । छन्दले कवितालाई ध्वनिहरूको आरोह अवरोहलाई सन्तुलित राखी श्रुति सौन्दर्यमा प्रभावकारिता प्रदान गर्दछ । छन्दोबद्ध कवितालाई सुनेर वा पढेर मिठो आस्वादन लिन सकिन्छ । छन्दमा रचना गरिएका कविता चाँडै बुझ्न, सम्झन र मुखाग्र गर्न सकिन्छ । यसले कवितालाई खँदिलो र स्वादिलो बनाउँछ ।

## २. छन्दका आधारभूत तत्त्व

### २.१ लय

कविता भाषिक लयको विशिष्टतामा रमाउने विधा हो । यसको विधागत धर्म वा पहिचान भन्नु नै लय हो । लयको तात्पर्य मिल्नु, समाहित हुनु भन्ने हुन्छ । लयको

सिर्जना स्वर र व्यञ्जन वर्णको नियमबद्ध प्रयोगले गर्दछ । लोक छन्दका कविताले अक्षर वा मात्रा दुवैका आधारमा लयको सिर्जना गर्छन् । मात्रिक छन्दका कविताले मात्राका आधारमा लयको सिर्जना गर्छन् । वार्णिक छन्दका कविताले गण व्यवस्थाअनुसार लयको सिर्जना गर्छन् । गद्य कविता वर्ण र मात्राको स्वतन्त्र प्रयोग भएर पनि लयात्मक स्वरूपका हुन्छन् ।

## २.२ गण

छन्दोबद्ध कविता रचना गर्दा गणको प्रयोग गरिन्छ । छन्दहरू वर्ण वा मात्राका आधारमा सिर्जना हुन्छन् । वर्ण र मात्राहरूलाई लघु र गुरुमा विभाजन गरिन्छ, जस्तै :

### (क) लघुगुरुको अवधारणा :

लघु भनेको ह्रस्व र गुरु भनेको दीर्घ हो । लघुलाई एक मात्रिक र दीर्घलाई द्विमात्रिक वर्ण भनिन्छ । यिनीहरूलाई सङ्केत चिह्नमा पनि उल्लेख गर्ने गरिन्छ । लघुको सङ्केत चिह्न (I) र दीर्घको सङ्केत चिह्न (S) हो ।

(अ) अ, इ, उ, ऋ यी स्वर वर्णहरूलाई लघु वा ह्रस्व भनिन्छ ।

(आ) उक्त स्वरवर्णसँग जोडिने व्यञ्जन वर्णहरू पनि लघु वा ह्रस्व नै हुन्, जस्तै : क, कि, कु, कृ ।

(इ) चन्द्र विन्दु लागेका वर्णहरू पनि लघु नै मानिन्छन्, जस्तै : सँग, हुँदा आदि ।

(ई) आ, ई, ऊ, ए, ऐ, ओ, औ, अं, अः यी स्वर वर्णहरूलाई द्विमात्रिक वर्ण भनेर भनिन्छ । यिनीहरू दीर्घ वा गुरु हुन् ।

(उ) यी स्वर वर्णहरूसँग जोडिने व्यञ्जन वर्णहरू पनि दीर्घ वा गुरु कहलाउँछन्, जस्तै : का, की, कू, के, कै, को, कौ, कं, क : ।

(ऊ) संयुक्त वर्णभन्दा पूर्वको वर्ण वा मात्रा दीर्घ हुन्छ । यिनलाई पनि गुरु भनिन्छ ।

(ऋ) कविताका पङ्क्तिको अन्तिम अक्षर भने आवश्यकताअनुसार ह्रस्व वा दीर्घ दुवै हुन सक्छ । दीर्घलाई जनाउने सङ्केत चिह्न (S) हो ।

### (ख) गणको अवधारणा

गण भनेको समूह हो । छन्दशास्त्रमा गणले तीन अक्षरको समूह जनाउँछ । यस्ता गणहरू आठओटा परिकल्पना गरिएका छन् । **यमाताराजभानसलगा** भन्ने सूत्रका

अनुसार ती आठओटा गणहरूलाई प्रस्तुत गर्न सकिन्छ । यस सूत्रको प्रारम्भबाट एकपछि अर्को अक्षर गरी तीन तीन अक्षर क्रमशः लिएमा सबै गणहरू बन्छन् । जस्तै :

१. यगण - यमाता (ISS)

२. मगण - मातारा (SSS)

३. तगण - ताराज (SSI)

४. रगण - राजभा (SIS)

५. जगण - जभान (ISI)

६. भगण - भानस (SII)

७. नगण - नसल (III)

८. सगण - सलगा (IIS)

बाँकी 'ल' र 'गा' मध्ये 'ल' ले लघु र 'गा'ले गुरुलाई जनाउँछ । यस रूपमा गणहरू आठओटा हुन्छन् । यी गणहरूलाई तल तालिकामा पनि प्रस्तुत गरिएको छ :

सूत्र : य- मा- ता- रा- ज- भा -न -स- ल- गा

**तालिका**

| **गण** | **गणस्वरूप** | **गणसङ्केत** | **उदाहरण** |
|---|---|---|---|
| यगण | आदिलघु | ISS | विदेशी |
| मगण | त्रिगुरु | SSS | पाल्पाली |
| तगण | अन्तलघु | SSI | वैशाख |
| रगण | मध्यलघु | SIS | वेदना |
| जगण | मध्यगुरु | ISI | किताब |
| भगण | आदिगुरु | SII | बालक |
| नगण | त्रिलघु | III | कलम |
| सगण | अन्तगुरु | IIS | सपना |

श्लोकबाट पनि गणका बारेमा जानकारी हासिल गर्न सजिलो हुन्छ :

'म' मा दीर्घ सबै वर्ण 'न' मा हुन्छन् सबै लघु,

'भ' मा अगाडिको दीर्घ 'ज' भए दीर्घ विचमा ।
'स' मा आखिरको दीर्घ 'य' मा ह्रस्व अगाडिको,
ह्रस्व बिच 'र' मा हुन्छ 'त' भए ह्रस्व अन्त्यको ॥

## २.३ यति

यतिको अर्थ विश्राम हो । यतिले कति कति अक्षरमा विश्राम गर्ने भन्ने कुराको सङ्केत दिन्छ । यतिको प्रयोग कविता वाचनका क्रममा प्रयोग गरिन्छ । यतिको मात्रा ठिक रूपमा मिलाएर वाचन नगर्ने हो भने कविता लयबद्ध हुँदैन । यतिको प्रयोगले कवितालाई लयात्मक र आकर्षक बनाउँछ ।

## २.४ चरण

चरणको अर्थ पङ्क्ति हो । पङ्क्ति पङ्क्तिको योगबाट कविताको एक श्लोक निर्माण हुन्छ । छन्दका आधारमा दुई वा दुईभन्दा बढी चरणहरूको योगबाट कविताको श्लोक बन्दछ । सामान्यतः छन्दोबद्ध कविताहरू चार चरणका एक श्लोक हुन्छन् ।

## ३. छन्दका प्रकार

नेपाली कवितामा शास्त्रीय छन्दको व्यापक रूपमा प्रयोग भएको छ । यिनीहरू मात्रिक र वार्णिक छन्दमा विभाजित हुन्छन् । आधुनिक कालमा भने लोकलय तथा गद्य कविताको प्रचलन बढेर गएको छ ।

### (क) मात्रिक छन्द

मात्राका आधारमा बन्ने छन्द मात्रिक हो । यसमा लघुलाई एक मात्रा र गुरुलाई दुई मात्रा भनी गणना हुन्छ । मात्रिक छन्दका पनि अनेक भेद छन् । आर्य, दोहा, ललित, चौपाई आदि नेपालीमा प्रचलित मात्रिक छन्द हुन् । यसमा मात्राको गणना गर्ने तरिका तल दिइएको छ । जस्तै :

कुन मन्दिरमा जान्छौ यात्री

१-१ २-१-१- २-२ २-२ = १६

कुन मन्दिरमा जाने हो ?

१-१ २-१-१-२ २-२-२ = १४

कुन सामग्री पूजा गर्ने

१-१ २-२-२ २-२ २-२ = १६

साथ कसोरी लाने हो ।

२-२ १-२-२ २-२ २ = १४

मात्रिक छन्दमा मात्राहरूको गणना सुनिश्चिचता हुन्छ । पङ्क्ति वा पाउमा हुने मात्रा सङ्ख्याका आधारमा मात्रिक छन्द मुख्यका तीन किसिमका हुन्छन् । जस्तै :

१. सम सङ्ख्यात्मक मात्रिक छन्द

२.. अर्धसम सङ्ख्यात्मक मात्रिक छन्द

३. विषम सङ्ख्यात्मक मात्रिक छन्द

### १. सम सङ्ख्यात्मक मात्रिक छन्द

सम सङ्ख्यात्मक मात्रिक छन्दका चारओटै चरणमा मात्राहरूको सङ्ख्या समान हुन्छ । यसको उदाहरणका रूपमा चौपाइ छन्दको एक श्लोक तल प्रस्तुत गरिएको छ, जसमा सबै पाउमा सोर सोर मात्राहरू छन्, जस्तै :

पृथ्वीतलमा यौटा सम्म
मानिस बाँकी रहँदासम्म
नाथ ! सुगाको जन्म नहोस्
बल्ल मलाई आयो होस् ॥

*- लेखनाथ पौड्याल*

### २. अर्धसम सङ्ख्यात्मक मात्रिक छन्द

अर्धसम सङ्ख्यात्मक मात्रिक छन्दमा सबै पाउ वा चरणमा मात्राहरूको सङ्ख्या समान हुँदैन । पहिलो र तेस्रो चरण अनि दोस्रो र चौथो चरणमा मात्राहरूको सङ्ख्या समान हुन्छ । उदाहणका रूपमा दोहा छन्दको एक श्लोक तल प्रस्तुत गरिएको छ । तलको श्लोकको पहिलो र तेस्रो पाउमा मात्राहरू सङ्ख्या तेर तेर र दोस्रो र चौथो पाउमा मात्राहरूको एघार-एघार छ, जस्तै :

स्वर्ग छैन टाढा अब
पहाड टाकुरामा
कलेजो रङ हरियो भो
मनको आँकुरामा ।
- लक्ष्मीप्रसाद देवकोटा

### ३. विषम सङ्ख्यात्मक मात्रिक छन्द

विषम सङ्ख्यात्मक मात्रिक छन्दका अधिकांश चरणहरूमा मात्राहरूको सङ्ख्या समान हुँदैन । यसअनुसार तीनओटा चरणमा मात्राहरूको सङ्ख्या असमान वा विषम हुने गर्छ । आर्या छन्दका तलको उदाहरणमा पहिलो र तेस्रो पाउमा मात्राहरूको सङ्ख्या बाह्र बाह्र, दोस्रो पाउमा अठार र चौथो पाउमा पन्ध्रओटा मात्राहरू छन्, जस्तै :

अब हेर ती अघीका

बूढी रुढी कुना कुना भागे

इच्छानुसार सारा

आफ्नै मस्तिष्कमा लागे ।

## (ख) वार्णिक छन्द

वार्णिक छन्दमा अक्षर वा गणको गणना हुन्छ । यसका श्लोकहरू चरणले बनेका हुन्छन् । यसका भेदहरू अनेक छन् । केही वार्णिक छन्दहरूलाई वार्णिक छन्दहरूलाई लक्षण र उदाहरणसहित तल प्रस्तुत गरिएको छ :

### (अ) अनुष्टुप छन्द

अनुष्टुप छन्दका चारै चरणमा आठ आठ अक्षर हुन्छन् सबै चरणमा पाँचौँ लघु, छैठौँ गुरु अनि पहिला र तेस्रामा सातौँ गुरु तथा दोस्रा र चौथामा सातौँ लघु हुनुपर्छ । अरू वर्णहरू लघु गुरु जे भए पनि हुन्छ :

लक्षण तथा उदाहरण :

X X X X ISS X

हारेको छैन हामीले

X X X X ISIX

खै छातीमा कतै पनि

X X X X ISSX

यहाँ गोली म पाउन्नँ

X X X X ISIX

खै म खै कहिले मरेँ

*- बालकृष्ण सम*

**(आ) मन्दाक्रान्ता छन्द**

यसमा १७ अक्षर हुन्छन्, चौथो र दशौँ अक्षरमा विश्राम हुन्छ । लक्षण र उदाहरण :

**म. भ. न. त. त. गु.गु**

SSS SII III SSI SSI SS

चौरालीमा वर पिपलको बोट नौलो लगाऊँ
छहारीको तलतिर बसी गीत यौटा म गाऊँ
आई कैल्यै पनि नसकिने चैत-वैशाख मेरो
लाई कैल्यै पनि नसकिने प्रीती नौलाख मेरो

*- माधवप्रसाद घिमिरे*

**(इ) शिखरिणी छन्द**

यसमा १७ अक्षर हुन्छन्, छैटौँ अक्षरमा विश्राम हुन्छ ।लक्षण र उदाहरण :

(इ) म. न. स. भ. ल. गु

ISS SSS III ISS SII I S

म खाऊँ मै लाऊँ, सुख सयल वा मौज म गरुँ
म बाँचू मै नाचूँ, अरु सब मरुन् दुर्बलहरू
भनी दाह्रा धस्ने अबुझ शठदेखि छक परी
चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरि ।

*- लेखनाथ पौडेल*

**(ई) वसन्ततिलका छन्द**

यसमा १४ अक्षर हुन्छन्, आठौँ अक्षरमा विश्राम हुन्छ ।लक्षण र उदाहरण :

त. भ. ज. ज. गु गु.

SSI SII SIS SIS S S

हे निर्मला ! किन कता भन लौ हरायौ ?

को दुस्मनी मन्ज थे कसरी बिलायौ ?

देख्ता किशोर वयकी रङ रूपसी त्यो

मुस्कानको मुख मिठो तर शत्रु भो को ?

*- पदम दाहाल*

### (उ) उपजाति छन्द

कुनै दुई छन्दका पाउहरू मिलाएर बनाएको छन्द उपजाति छन्द हुन्छ । इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दबाट उपजाति छन्द बन्दछ । यस छन्दमा एघारओटा अक्षर हुन्छन् । लक्षण र उदाहरण :

**त त ज ग ग**

SSI SSI ISI SS

काटेर डाली रुखबाट भाइ

के नीड रच्छौ कुन गीत गाई

*- माधवप्रसाद घिमिरे*

### (ऊ) तोटक छन्द

तोटक छन्द बाह्र अक्षरको हुन्छ । यस छन्दमा तीन र छ अक्षरमा विश्राम हुन्छ । लक्षण र उदाहरण :

स स स स

IIS IIS IIS IIS

सयमा दश पाँच धनी गनिनु

अरूले तिनको करिया बनिनु

विधिको यदि यै छ विधान भने

अब त्यो विधिको पनि आयु पुग्यो ।

*- महानन्द सापकोटा*

## (ग) गजल

गजल शास्त्रीय छन्द नभए पनि वार्णिक छन्द हो । गजलको प्रयोग फारसी उर्दूपछि नेपाली साहित्यमा भएको हो । सर्वप्रथम नेपालीमा गजल लेख्न सुरु गर्ने व्यक्ति माध्यमिक कालका शृङ्गारिक कवि वा युवक कवि मोतीराम भट्ट हुन् । गजलका विशेषताहरू यस प्रकार छन् :

(क) गजलमा दुई पाउको एक श्लोक हो ।

(ख) यसमा प्रायः सोर अक्षरको एक पङ्क्ति हुन्छ ।

(ग) सबै पाउहरू एउटै ढाँचामा हुनु आवश्यक छ ।

(घ) गेयात्मकता र भावाम्भीर्य यसका मुख्य गुणहरू हुन् ।

(ङ) गजलका पाउलाई 'भिसरा' श्लोकलाई 'शेर' र पहिलो श्लोकलाई 'मतला' अनि अन्तिम श्लोकलाई 'यकता' भनिन्छ, उदाहरण :

विजेता आर्यको हो यो पुरानो कीर्तिको स्तम्भ

खडा राखीदिए दुर्गे जगन्माता पछिसम्म ॥

*- लेखनाथ पौड्याल*

## (घ) लोक छन्द वा लोक लय

लोक छन्दलाई लोक लय पनि भनिन्छ । यो विशेष गरेर लोक जीवनमा प्रचलित हुन्छ । नेपाली लोकलयका आफ्ना विशेषताहरू छन् । लोक लयमा ह्रस्वदीर्घ वा लघुगुरुको नियमलाई पालना गर्नुपर्दैन । चरणमा एकदुई अक्षर तलमाथि भए पनि केही फरक पर्दैन । यसमा लयअनुसार स्वतः विश्राम हुन्छ । सेलो, भैलो, सवाई, झ्याउरे, सोरठी, आदि नेपाली लोक छन्द वा लयका उदाहरण हुन् ।

लोक छन्दका रूपमा झ्याउरे छन्द भने नेपाली साहित्यमा निकै लोकप्रिय बनेको छ ।

### झ्याउरे छन्द

झ्याउरे छन्द लोकलयमा आधारित हुन्छ । नेपाली साहित्यमा प्राथमिक कालदेखि नै यस छन्दले प्रवेश पाएको थियो । महाकवि देवकोटाको 'मुनामदन' पछि भने यस छन्दले निकै लोकप्रियता हासिल गरेको छ । देवकोटाबाहेक नेपाली साहित्यका अन्य साहित्यकारले पनि यस छन्दलाई सुन्दर रूपमा प्रयोग गरेका छन् । यस छन्दका विशेषताहरू यस प्रकार छन् :

(क) झ्याउरे छन्दमा दुई पाउको एउटा श्लोक हुन्छ ।

(ख) यो छन्द सामान्यतया सोर वा सत्र अक्षरले बनेको हुन्छ ।

(ग) यसमा अन्त्यानुप्रास हुनु आवश्यक मानिन्छ ।

(घ) सरलता र सरसता यस छन्दका मुख्य विशेषता हुन् ।

(ङ) लयात्मक र गेयात्मक नै यसका मुख्य गुणहरू हुन् ।

(च) यसमा विश्राम वा यतिको आधार लय नै हो ।

झ्याउरे छन्दको उदाहरण :

सिर्जनाभित्र रचना राम्रा नजरका मुहार
ईश्वरको हाँसो पाएका फूल छोएर नमार

*- लक्ष्मीप्रसाद देवकोटा*

×××

सुन हे साथी ! छप्परभित्र कोइली बोलेकी
वसन्त ऋतु आएछ क्यारे हृदय खोलेकी

*- धर्मराज थापा*

**(ङ) मुक्त लय वा गद्य कविता**

गद्य कविताहरू शास्त्रीय छन्दका नियममा बाँधिएका हुँदैनन् । यिनीहरू स्वच्छन्द प्रकृतिका हुन्छन् । गद्य कविताहरूलाई मुक्त लयअन्तर्गत उल्लेख गरिन्छ । यस किसिमका कविताहरूमा कुनै नियमको अनुसरण हुँदैन । पाठक वा श्रोताहरूलाई प्रभाव पार्ने विषयमा बढी जोड दिएको हुन्छ । लय सिर्जना गर्न भने अनुप्रास वा तुकबन्दीलाई अनुसरण गरिन्छ । नेपाली साहित्यमा मुक्त लय वा गद्य कविताको थालनी गर्ने कवि गोपालप्रसाद रिमाल हुन् । आज आएर नेपाली कविताको फाँटमा गद्य कविताले विशेष वर्चस्व कायम गरेको छ ।

कविताका लागि छन्द अनिवार्य हुँदैन । गद्य शैलीमा पनि कविताको रचना हुनसक्छ । कविता भनेको त भाव वा अनुभूतिलाई उपयुक्त शब्द र शैलीका माध्यमले प्रभावकारीरूपमा प्रस्तुत गर्नु हो । कविताका लागि छन्दको बन्धन अनिवार्य होइन । कविताको खास गुण प्रवाह हो । गद्य कवितामा प्रवाहको निर्वाह गर्न सकिन्छ ।गद्य

कविताको रचना गर्न पनि शब्द वा पदावलीको संयोजन, पङ्क्तिहरूको विन्यास, यति विधान आदि पथमा भने विशेष ख्याल गर्नुपर्छ । गद्य कवितामा भावको गहनता र शैलीमा सङ्क्षिप्तता भने अनिवार्य जस्तै हुन्छ । गद्य कविताले पनि पाठकहरूमा विशेष रूपले प्रभाव पार्न सक्छ ।

**गद्य कविताको नमुना**

ज्यापूदाइ,

स्याबास

तिमीले एउटा नयाँ यात्राको सुरुआत गरेका छौ

कसले भन्छ अब

घाम

आकाशमा मात्रै उदाउँछ ?

कसले पत्याउँछ अब

सयपत्री,

शरदमा मात्रै फुल्छ

कसले विश्वास गर्छ अब

वसन्त,रुखका डाली डालीमा मात्रै आउँछ ।

- *दिनेश अधिकारी*

(समयको पनि आँखा हुन्छ)

## अभ्यास

१. **उपयुक्त उत्तर छान्नुहोस् :**

**(क) यात्री कविता कुन छन्दमा छ ?**

(अ) वार्णिक छन्द (आ) मात्रिक छन्द

(ई) झयाउरे छन्द (ई) अनुष्टुप छन्द

**(ख) द्विमात्रिक वर्ण अन्तर्गतको समूह कुन हो ?**

(अ) अ, इ, उ ऋ (आ) क, कि, कु, कृ

(इ) चन्द्रबिन्दु लागेका वर्णहरू (ई) अनुस्वार र विसर्ग लागेका वर्णहरू

**(ग) शिखरिणी छन्दमा कति अक्षर हुन्छन् ?**

(अ) आठ अक्षर (आ) चौध अक्षर

(इ) सोह्र अक्षर (ई) सत्र अक्षर

**(घ) 'विपना' शब्दमा आधारित गणसङ्केत कुन हो ?**

(अ) IIS (आ) III

(इ) SSS (ई) SII

**(ङ) वसन्ततिलका छन्दमा कतिऔँ अक्षरमा विश्राम हुन्छ ?**

(अ) चौथो (आ) छैटौँ

(इ) आठौँ (ई) दशौँ

**२. दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) छन्दलाई निर्धारण गर्ने तत्त्वहरू के हुन्

(ख) गणहरू गणना गर्ने आधार सूत्र कुन हो ?

(ग) वार्णिक छन्दका मात्रिक छन्द र लोक छन्दका बिचमा के अन्तर छ ?

(घ) वसन्ततिलका छन्दका लक्षणहरू के के हुन् ।

(ङ) लघुगुरुको नियमलाई प्रस्ट पार्नुहोस् ।

(च) गजलको सामान्य परिचय दिनुहोस् ।

(छ) लोक छन्दका रूपमा झ्याउरेछन्दका विशेषता वताउनुहोस् ।

**३. दिइएको कवितांशमा प्रयोग भएका छन्दका सङ्केत के के हुन् ? लेख्नुहोस् :**

फुल्दो लता सरि छ यो बुझ जिन्दगानी
थाँक्रो दिएर गतिको अनि अनि शीत पानी

४. **दिइएका कवितांश कुन छन्दमा रचना गरिएको छ ? छन्दको नाम लेख्नुहोस् :**

भनी दाह्रा धस्ने अबुझ शठदेखी छक परी

चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरी ।

पाठ

# अलङ्कार सिद्धान्तको सैद्धान्तिक अवधारणा

**सक्षमता**

(क) अलङ्कारको परिचय दिन

(ख) शब्दालङ्कार र अर्थालङ्कारको सामान्य परिचय दिन

(ग) निर्दिष्ट कविताांशबाट शब्दालङ्कार र अर्थालङ्कार पहिचान गर्न

## १. परिचय

अलङ्कारको सामान्य अर्थ गहना हो । काव्य शास्त्रमा यसले विशेष अर्थ राख्छ । नेपाली बृहत् शब्दकोशअनुसार अर्थगत वा शाब्दिक चमत्कारद्वारा साहित्यलाई सिंगार्ने तत्त्व अलङ्कार हो । अलङ्कारका बारेमा साहित्य शास्त्रका आचार्यहरूको दुई किसिमको धारणा छ । पहिलो धारणा, काव्य सौन्दर्य नै अलङ्कार हो । अलङ्कारले काव्यलाई पूर्णता प्रदान गर्छ । दोस्रो धारणा, काव्यको सौन्दर्य बढाउने उपादान अलङ्कार हो । अलङ्कारले काव्यको शोभा बढाउँछ ।

आचार्य भामहले सौन्दर्यपरक अभिव्यक्तिलाई अलङ्कार मानेका छन् । आचार्य दण्डीले अलङ्कारलाई काव्यको अनिवार्य तत्त्व हो भनेका छन् । विश्वनाथ आदि आचार्यहरू अलङ्कारलाई काव्यको शोभा बढाउने (हुर्काउने) अस्थायी धर्मका रूपमा वर्णन गर्छन् । विश्वनाथसँग सहमति जनाउने मम्मटले अलङ्कारलाई काव्यमा वैकल्पिक मानेका छन् । अर्थात काव्यमा अलङ्कारहरू हुन्छ पनि हुँदैन पनि तर भामहको विचारसँग सहमत हुने जयदेव भने ' अलङ्कार विहीन शब्दार्थलाई काव्य मान्नु आगो शीतल हुन्छ भन्नु जस्तै हो भनी ठोकुवा गर्छन् । यसरी विभिन्न विद्वान्हरूले काव्यको मूल तत्त्व अलङ्कारलाई मानेको पाइन्छ । अलङ्कारले कविता वा काव्यलाई विभूषित गर्छ । अतः कविता विधामा अलङ्कारको विशेष महत्त्व मानिन्छ ।

## २. अलङ्कारको काम वा महत्त्व

१. अलङ्कारले कविताको भावलाई प्रस्ट पार्छ ।

२. यसले कवितामा भावलाई विस्तार गर्छ ।

३. अलङ्कारले कवितामा कुतूहलता सिर्जना गर्छ ।

४. अलङ्कारले कवितालाई रमणीय र रोचक बनाउँछ ।

५. यसले कवितामा जिज्ञासा उत्पन्न गर्छ वा बढाउँछ ।

६. अलङ्कारले कवितामा नवीनता ल्याउँछ ।

७. यसले कवितामा बिम्बको प्रयोगलाई सहज बनाउँछ ।

## ३. अलङ्कारको वर्गीकरण

अलङ्कार शब्द र अर्थ दुवैमा हुन्छ । शब्दालङ्कार र अर्थालङ्कार गरी अलङ्कारका दुई भेद छन् :

### (क) शब्दालङ्कार

शब्दको शोभा बढाउने अलङ्कार शब्दालङ्कार हुन् । शब्दालङ्कारमा वर्ण वा पदको आवृत्तिद्वारा श्रुति सौन्दर्य उत्पन्न हुन्छ ।

#### (अ) अनुप्रास

अनुप्रास शब्दको अर्थ 'फेरि प्रस्टसँग रहनु भन्ने' हुन्छ । 'अनुप्रास' शब्दालङ्कारमा एक पटक प्रयोग भएका शब्द तथा अक्षरहरू दोहोरिएर कविता वा काव्यको सौन्दर्य बढाउँछन् । अर्थात् अनुप्रासका आधारमा शब्दहरूका बिचमा साम्यता वा समानता स्थापित हुन्छ । उही शब्द वा वर्ण पटकपटकहुँदा कविता वा काव्यको श्रुति माधुर्य बढ्छ । यसअनुसारको श्रुति माधुर्य तथा काव्य सौन्दर्यलाई अनुप्रास भनिन्छ । छेकानुप्रासवृत्यनुप्रास, श्रुत्यनुप्रास, लाटानुप्रास, अन्त्यानुप्रास अलङ्कार पाँच प्रकारका हुन्छन् । यहाँ उदाहरणका रूपमा केवल अन्त्यानुप्रासको विशेष उल्लेख गरिन्छ :

**अन्त्यानुप्रास :**

कविताका पङ्क्तिको अन्त्यमा पाइने शब्द वा वर्णहरूको समानतालाई अन्त्यानुप्रास भनिन्छ, जस्तै :

सूर्यास्त कैल्यै नहुने हिमाद्रि

मैलाई खोज्ने युगको म यात्री ।

××××

अहो अविश्रान्त बढेर जाऊ

कहाँ किनारा यसको म पाऊँ ।

*- माधव घिमिरे*

उक्त पङ्क्तिहरूको अन्त्यमा 'रि' तथा 'ऊँ' को समानता छ ।

**(आ) यमक**

यमक भनेको युगल वा जोडी हो । यसमा शब्द वा शब्दांशको अनेक चोटो प्रयोग हुन्छ । यसरी दोहोरिँदा त्यसको अर्थ भिन्न वा निरर्थक पनि हुन सक्छ । जस्तै :

उदय भो जब सन्त बसन्तको

प्रकट भो छवि चित्र-विचित्रको

कम भयो अब शीतल शीतको

रुचिर भो अनि सर्ग-निसर्गको

*- सोमनाथ सिग्देल*

कल-मकल, भुवन-वन, मल-कमल, महक-मह, सुधा-वसुधा, शिशिर-शिर, सुमन-मन आदि युगल शब्दहरू प्रयोग गरेर 'यमक' अलङ्कारमा कविता रचना गर्न सकिन्छ ।

(राम्रो रचना : मिठो नेपाली)

**(ख) अर्थालङ्कार**

अर्थलाई विभूषित पार्ने अलङ्कारहरू अर्थालङ्कार हुन् । अर्थालङ्कारमा कुनै विशेष अभिव्यक्तिद्वारा भावलाई रोचक बनाउने प्रयत्न गरिन्छ । अर्थालङ्कार भनेको बिम्ब विधान हो । यसले अभूर्त भावलाई मूर्त उदाहरणद्वारा आत्मसात गराउँछ वा बुझाउँछ ।

**(अ) उपमा**

यसमा एक-अर्कासँग मिल्ने गुण, धर्म, चरित्र आदिका आधारमा दुई वस्तुका बिचमा तुलना गरिन्छ । जस्तै :

अकेली मुना अत्यन्तै राम्रो कमल झैं फुलेकी
बादलको चाँदी किनारा छोई जून झैं खुलेकी ।

-महाकवि लक्ष्मीप्रसाद देवकोटा

चार तत्त्वहरू उपमासँग सम्बन्धित हुन्छन् । जस्तै :

(क) उपमेयः जसको तुलना हुन्छ , (मुना उपमेय हुन् ।

(ख) उपमानः जोसँग तुलना हुन्छ , (कमल वा जून)

(ग) समान गुणः उपमेय र उपमान दुवैमा पाइने गुण (राम्री

(घ) वाचक शब्दः तुलना गर्ने शब्द (झैँ)

**(आ) रूपक**

यसमा उपमेय र उपमानका बिच अभेद सम्बन्ध रहन्छ । अर्थात् उपमेय नै उपमान हो भनेर किटान गरिन्छ । यसमा उपमा अलङ्कारमा 'झैँ', सरी, जस्तो आदि तुलना वाचक शब्दहरूको प्रयोग हुँदैन, जस्तै :

नाटयशाला छ आकाश नाचने बिजुली नटी
ताल दिन्छ तबल्ची भै मेघ धाकिटि धाकिटि ।

*- लेखनाथ पौडेल*

**(इ) उत्प्रेक्षा**

यसमा एक प्रकारको स्वाभाविक वस्तुलाई अर्कै प्रकारको वस्तु हो भनेर सम्भावना व्यक्त गरिन्छ । यस अलङ्कारमा उपमेय नै उपमान हो कि भन्ने आशङ्का वा अड्कल गरिन्छ । जस्तै :

नीलो सारी सागर धर्के तट चोलो
खोला नाला कम्बरबन्दी चहकीलो ।
ढाका बुट्टे चादर पारी वन भारी
देख्थे यात्री पल्टेरहेकी क्षिति-नारी ॥

*- सोमनाथ सिग्द्याल*

**(ई) दृष्टान्त**

यसमा समान धर्म भएका वस्तुहरूका बिच बिम्ब प्रतिबिम्बको भाव सम्बन्धलाई परस्परमा प्रकट गरिन्छ । जस्तै :

उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र !

*- लेखनाथ पौडेल*

**(उ) अतिशयोक्ति**

कुनै विषयका बारेमा बढाई चढाई गरेर रमणीय पाराले वर्णन गर्दा उत्पन्न हुने अलङ्कारलाई अतिशयोक्ति अलङ्कार भनिन्छ, जस्तै :

वसन्ती निशालाई हीरा जडेको
सुकिलो उपर्ना र तक्मा मिलेको ।
जयन्ती मनाएर चारै दिशाले
सफा फूल लाबाहरू छर्न थाले ॥

*- सोमनाथ सिग्द्याल*

## अभ्यास

१. **उपयुक्त उत्तर छान्नुहोस् :**

**(क) कुन अलङ्कारमा बिम्ब प्रतिबिम्बको भाव झल्किन्छ ?**

(अ) उपमा (आ) दृष्टान्त
(इ) रूपक (ई) उत्प्रेक्षा

**(ख) कुन अलङ्कारमा उपमेयमा उपमानको सम्भावना देखाइन्छ ?**

(अ) अतिशयोक्ति (आ) समासोक्ति
(इ) उत्प्रेक्षा (ई) दृष्टान्त

**(ग) कुन अलङ्कारमा एउटा कथनलाई अर्को कथनले समर्थन गर्छ ?**

(अ) अर्थान्तरन्यास (आ) अपह्नुति

(इ) अतिशयोक्ति (ई) रूपक

**(घ) कुन अलङ्कारमा उपमेय र उपमानमा अभेद सम्बन्ध हुन्छ ?**

(अ) रूपक (आ) उत्प्रेक्षा

(इ) दृष्टान्त (ई) भ्रान्ति

**(ङ) कुन अलङ्कारमा एक वस्तुलाई भ्रमवश अर्को ठानिन्छ ?**

(अ) विरोधाभास (आ) व्याजोक्ति

(इ) भ्रान्ति (ई) समासोक्ति

**(च) कुन अलङ्कारमा रहस्यलाई लुकाउने चेष्टा गरिन्छ ?**

(अ) उत्प्रेक्षा (आ) समासोक्ति

(इ) अतिशयोक्ति (ई) व्योजोक्ति

**(छ) कुन अलङ्कारमा उपमेय र उपमानका बिचमा सादृश्यतता देखाइन्छ ?**

(अ) समासोक्ति (आ) उपमा

(इ) दृष्टान्त (ई) उत्प्रेक्षा

**(ज) कुन अलङ्कारमा प्रस्तुत वा अप्रस्तुको समानता देखाइन्छ ?**

(अ) दृष्टान्त (आ) दीपक

(इ) रूपक (ई) अर्थान्तर न्यास

**(झ) कुन अलङ्कारमा प्रस्तुतमा अप्रस्तुको आरोय गरिएको हुन्छ ?**

(अ) अतिशयोक्ति (आ) अर्थान्तरन्यास

(इ) रूपक (ई) उपमा

२. **दिइएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :**

(क) अलङ्कार केलाई भनिन्छ ?

(ख) अलङ्कारका विशेषता भनेका के हुन् ?

(ग) शब्दालङ्कार र अर्थालङ्कारका बिचमा के अन्तर छ ?

(घ) काव्य वा कवितामा अलङ्कारले कस्तो महत्त्व राख्छ ?

**३. पङ्क्ति कुन कुन अलङ्कारका उदाहरण हुन् ?**

(क) अनन्तवसन्तउमङ्ग र अनङ्ग ल्याउँछ

(ख) शिशिरमा शिरमा गगरी धरी

××                ×

मकलमा कलमात्र हुने भयो

(ग) अडिने साहसै छैन चाहन्छन् सब पल्टनै ।

खुला दोकान को राख्छ ?गले-बन्द भए कुनै ॥

## सन्दर्भ सामग्री


१. उपाध्याय, केशवप्रसाद, (२०३०), साहित्य प्रकाश, काठमाडौँ : साझा प्रकाशन ।
२. उपाध्याय, केशवप्रसाद, (२०५८), नेपाली एकाङ्की भाग ३, काठमाडौँ : साझा प्रकाशन ।
३. उपाध्याय, केशवप्रसाद, (२०६०), एकाङ्कीको परम्परा र त्यसको सैद्धान्तिक विमर्श, समकालीन साहित्य वर्ष १३ अङ्क ४ ।
४. कोइराला, कुमारप्रसाद, (२०६६), केही आधुनिक नाटक र नाटककार, काठमाडौँ : आरिएन्टल पब्लिकेसन ।
५. कोइराला, विश्वेश्वरप्रसाद, (२०५४), दोषी चस्मा, छैटौँ संस्क., काठमाडौँ : साझा प्रकाशन ।
६. गौतम, लक्ष्मणप्रसाद, (२०६०), समकालीन नेपाली कविताः प्रवृत्तिगत सन्दर्भमा, समकालीन साहित्य वर्ष १३ अङ्क ४ ।
७. जोशी, ताराप्रसाद, (२०३८), नेपाली कविता सङ्ग्रह भाग २, काठमाडौँ : रत्नपुस्तक भण्डार ।
८. ठकुरी, माया, (२०६९), प्रियंवदा (कथासङ्ग्रह), काठमाडौँ : रत्न पुस्तक भण्डार ।
९. ढकाल, रजनी, (२०६४), हत्केलामा असार उमारेर, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।
१०. दाहाल, कलानिधि, (२०७३) कलानिधिका चुनिएका कविता, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।
११. नयाँघरे, युवराज, भोटेकोशीको भाले डुङ्गा (अप्रकाशित) ।
१२. न्यौपाने, अमर, (२०६८) सेतो धरती, काठमाडौँ : फाइन प्रिन्ट आइएनसी ।
१३. न्यौपाने, टङ्कप्रसाद, (२०३८), साहित्यको रुपरेखा, काठमाडौँ : साझा प्रकाशन ।
१४. पराजुली, कृष्णप्रसाद, (२०६१), राम्रो रचना मिठो नेपाली, काठमाडौँ : सहयोगी प्रेस ।
१५. पोखरेल, भानुभक्त, (२०५९), सिद्धान्त र साहित्य, काठमाडौँ : साझा प्रकाशन ।
१६. भट्टराई, बदरीनाथ, (२०१०), पौराणिक कहानी, काठमाडौँ : ने. भा. प्र. समिति ।
१७. मैनाली गुरुप्रसाद, (२०२०), नासो (कथासङ्ग्रह तेह्रौँ संस्क.), काठमाडौँ : भारती मैनाली ।
१८. श्रेष्ठ, दयाराम, (२०५६), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, काठमाडौँ : साझा प्रकाशन ।
१९. श्रेष्ठ ईश्वरकुमार, (२०५४), पूर्वीय एवम् पश्चात्य साहित्य समालोचना, काठमाडौँ : साझा प्रकाशन ।
२०. श्रेष्ठ, ईश्वरकुमार, (२०५८), नेपाली नाटकको आधुनिक काल : प्रमुख धारा प्रवृत्तिहरु, समकालीन साहित्य वर्ष १२ अङ्क १ ।
२१. यात्री, शाह कृष्ण, (२०६५) प्रतिनिधि नेपाली बालनाटक, काठमाडौँ : वि.एन.पुस्तक संसार ।
लम्साल, नवराज, फर्कन्छु साथी म त (अप्रकाशित) ।
२२. श्रेष्ठ, तीर्थबहादुर, (२०७७), वन, वनस्पति र प्राणी, ललितपुर : शिक्षक मासिक ।